. In Public Domain. Digitization by eGangotri.Funding: M

नं. ५७४२

वेदान्त-संग्रह

तृतीय भाग

Chat

लेखक र प्रकाशकः—
राम बहादुर गोतामे क्षत्री

१७। १२८ लाजिम्प काठमाडौं
नेपाल
विक्रम सम्वत् २०२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

नं. ४७४२

श्री ५ को सरकार
ज्योति संस्कृत ग्रन्थालय

वेदान्त १४३

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

वेदान्त-संग्रह

तृतीय भाग

(सर्वाधिकार सुरक्षित)

लेखक र प्रकाशक:-

राम बहादुर गोतामे क्षत्री

१७। १२८ लाजिम्पाट, काठमाडौं, नेपाल ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

दुइ कुरा

मैले लेखेको प्रथम तथा द्वितीय भाग वेदान्त-संग्रह पुस्तकलाई सबै सज्जन महानुभावहरूले पढी विशेष रुचाउनु भएको र तृतीय भाग पढ्न पनि इच्छा प्रकट गर्नु भएकोले नै मेरो उत्साह बढ़दै गएकोमा यो पुस्तक लेखेको हुँ । जसरी प्रथम तथा द्वितीय भागलाई रुचाउनु भयो त्यसै गरी यो भागलाई पनि रुचाउनु भएमा चतुर्थ भागको रचनाको निमित्त पनि प्रयत्न गर्ने थिएँ । यो तृतीयभाग प्रथम तथा द्वितीयभाग भन्दा विशेष प्रौढ लेखिएको छ । यसमा केही न केही त्रुटि पर्न गएमा र छापा दुइचार अक्षर अशुद्ध परेकोमा त्यस उपर ध्यान नराखी यस पुस्तकलाई सबैले अध्ययन गरी मेरो उत्साहलाई बढाइदिनु होला भन्ने आशा गर्दछु ।

—लेखक

प्रथमवार १०००
विक्रम संवत् २०२४।५।४।१
सन् १९६७।८।२०।१
मूल्यः—मोरु. ४।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

वेदान्त-संग्रह

तृतीय भाग

(सर्वाधिकार सुरक्षित)

लेखक र प्रकाशक:-

राम बहादुर गौतामे क्षत्री

१७।१२८ लाजिम्पाट, काठमाडौं, नेपाल ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

दुइ कुरा

मैले लेखेको प्रथम तथा द्वितीय भाग वेदान्त-संग्रह पुस्तकलाई सबै सज्जन महानुभावहरूले पढी विशेष रुचाउनु भएको र तृतीय भाग पढ्न पनि इच्छा प्रकट गर्नु भएकोले नै मेरो उत्साह बढ़दै गएकोमा यो पुस्तक लेखेको हुँ । जसरी प्रथम तथा द्वितीय भागलाई रुचाउनु भयो त्यसै गरी यो भागलाई पनि रुचाउनु भएमा चतुर्थ भागको रचनाको निमित्त पनि प्रयत्न गर्ने थिएँ । यो तृतीयभाग प्रथम तथा द्वितीयभाग भन्दा विशेष प्रौढ लेखिएको छ । यसमा केही न केही त्रुटि पर्न गएमा र छाप्दा दुइचार अक्षर अशुद्ध परेकोमा त्यस उपर ध्यान नराखी यस पुस्तकलाई सबैले अध्ययन गरी मेरो उत्साहलाई बढाइदिनु होला भन्ने आशा गर्दछु ।

—लेखक

प्रथमवार १०००
विक्रम संवत् २०२४।५।४।१
सन् १९६७।८।२०।१
मूल्यः—मोरु. ४।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:



श्री ५ बडा माहारानी रत्न राज्य लक्ष्मी देवी शाह सरकारको ४० सौं शुभ जन्मोत्सव महोत्सवको उपलक्षमा मौसूफ सरकारको चिरायुको कामना गर्दै यो वेदान्त संग्रह तृतीय भाग पुस्तक मौसूफको करकमलमा सादर समर्पण गर्दछु ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding: I

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

नारी रत्न

नेपालोत्थान को निम्ति आदि शक्ति महेन्द्रकी ।
आकांज्ञा देशकी देवी ! कला हौ पूर्ण चन्द्रकी ॥

प्रतिभा रत्नमाला जो कविको श्री बढाउंछ ।
रत्नको प्रतिभा माला देशको श्री चडाउंछ ॥

पाषाण रत्न कहिले पहिले गुणयुक्त छ ?
महिषीरत्न कहिले–पहिले गुणयुक्त छ ॥

श्री रत्नराज्यलक्ष्मीको आज जन्महोत्सव ।
वेदान्त पुष्पको हार उपहार गर्यौं सब ॥

तर यी हार हृदय भित्र पैन्हनु पर्दछ ।
किनकि प्रभ्रमा मुक्ता हार बाहिर झल्ल छ ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: I

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:



श्री ५ महेन्द्र

राजा सत्यं च धर्मश्च राजा कुलवतां कुलम् ।
राजा माता पिता चैव राजा हितकरो नृणाम् ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding: I

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

हाम्रो राजा

हाम्रो राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्र मनोवाञ्छित फल दिने कल्पवृक्ष समान होइवक्सिन्छ । मौसूफको समीपमा आउने कसैको पनि विफल मनोरथ हुँदैन । मौसूफको जीवन नै परोपकारमय छ, आफ्नो प्रजालाई पुत्रवत् दृष्टिले नजर हुन्छ । यति भइकन पनि अध्यात्म शास्त्रमा मौसूफको प्रेम हुनु नेपाली मात्रको होइन कि विश्व-का समस्त हिन्दुको महान् भाग्य र ठूलो गौरबको कुरा हो । नेपाल–दार्शनिक–संघलाई बक्सेको शुभ–संदेशमा हुकूम भएको छ— " आध्यात्मिक उन्नति बिना भौतिक उन्नति अधुरा छ " भन्ने वाणीबाट मौसूफको दर्शन शास्त्रमा कस्तो प्रेम रहेछ भन्ने कुरा स्पष्ट झल्किन्छ । श्री ५ सरकारबाट आफ्नो स्व धर्मको रक्षा र संस्कृतिको प्रचार र प्रसार सदा भइने आएको छ । भगवान् श्रीपशुपतिनाथले सदा हाम्रा राजा महेन्द्रलाई चिरायु प्रदान गरून् भनी प्रार्थना गर्दछु ।

–लेखक

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding: N

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

विद्वानको सम्मति

आर्य संस्कृति हिन्दू धर्मको मूलभूत सिद्धान्त वेदान्त दर्शन हो; यो निर्विवाद सिद्धछ। मनुष्य मात्रको कल्याण गर्ने यो वेदान्त दर्शनलाई राम्रो संग संझनु बुझ्नु मानवतावादी सिद्धान्त का अनुयायीहरूको कर्तव्य छ। विशेष गरेर हिन्दू राज्य नेपाल अधिराज्यका निवासीहरूको त एक मात्र परम कर्तव्य, आध्यात्मिक, शैक्षिक, धार्मिक या सामाजिक उन्नतिको लागि, यही नै हो भन्न अत्युक्ति होइन। यही सन्दर्भमा नेपाली राष्ट्र भाषामा सबैले बुझ्ने गरी अनेकौं दृष्टान्त द्वारा वेदान्त दर्शनको सिद्धान्त संझाउन श्री रामबहादुर गोतामे क्षत्रीज्यूले परिश्रम साथ लेख्नु भएको यो वेदान्त संग्रह नामक पुस्तकको तेश्रो भग श्रवण मनन गर्न योग्य छ।

मलाई लाग्दछ आफनो आत्मा जो वास्तवमा परब्रम्ह परमात्मा हो, जो सदासर्वदा साक्षात्कार छ -यस्तो अनुभव प्राप्त गर्न यो पुस्तक मुमुक्षु जनलाई सहायक सिद्ध हुनेछ। अतः लेखकलाई धन्यवाद दिदै पाठक वर्गलाई वेदान्त दर्शनको सिद्धान्त मनन र धारण गर्नामा यो पुस्तक द्वारा सफलता प्राप्त हुओस, यही मेरो सर्वात्मामा प्रार्थना पनि छ।

लोचननिधि तिवारी, कमल पोखरी

०२४।४।१३।६

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: I

श्री राम बहादुर गोतामे क्षत्री लिखित यो "वेदान्त–संग्रह" तृतीय भाग दर्शन तथा धर्ममा आस्था राख्ने सबै पाठकहरूका निम्ति रूचिकर हुने छ भन्ने मलाई आशा छ। सथै यो पुस्तक नेपाली भाषामा लेखिएको हुनाले सबै नेपालीहरूले अध्ययन गर्न सक्ने छन्।

०२४।११।२ प्रधान मन्त्री श्री सूर्य बहादुर थापा

कृतज्ञता

प्राध्यापक पण्डित श्रीजुननाथ शर्मा मीमांसाचार्य, धर्मशास्त्राचार्यज्यूले यो मेरो तृतीय भाग पुस्तकमा समेत संशोधन गरिदिनु भएकोले नै मैले सफलता प्राप्त गर्न सकेको हुँ। यसको निमित्त म उहाँको हृदयदेखि हार्दिक कृतज्ञ र आभारी छु र साथै भगवान् श्रीपशुपतिनाथले दीर्घायु र अरोग्य सदा उहाँलाई प्रदान गरून् भन्ने प्रर्थना गर्दछु।

—लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

लेखक—
श्री राम बहादुर गोतामे क्षत्री
१७ । १२८ लाजिम्पाट काठमाडौं

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

विषय सूची

	विषय	पृष्ठ संख्या
१.	ब्रम्ह–प्रार्थना.....	१
२.	आयुको सदुपयोग.....	४
३.	राजा जानश्रुतिलाई रैक्वको उपदेश.....	९
४.	ब्रह्म ज्ञानी गृहस्थ श्वेतकुतु र उनकी पत्नी सुवर्चला...	१६
५.	लौकिक–धन.....	२४
६.	सत् र असत्को विवेचन.....	४३
७.	इन्द्रिय निग्रह.....	४७
८.	आत्मा हत्यारा.....	५७
९.	जगत् गुरु भगवान् श्रीशङ्कराचार्यको संक्षिप्त जीवन चरित्र	६५
१०.	गुरु र शास्त्र.....	७९
११.	जीवहरूका चौदह श्रेणी.....	९७
१२.	ठग वेदान्ती.....	१०१
१३.	अभ्यास.....	१०४
१४.	गृहस्थाश्रम.....	११०
१५.	ब्राह्मर्पण कर्म.....	१२३
१६.	आफू नै आफ्नो शत्रु र मित्र हो.....	१३७
१७.	देह रामायण.....	१५०
१८.	हाम्रो शरीर.....	१६०
१९.	माया पतिको माया.....	१६५
२०.	अहिंसा.....	१८६
२१.	प्रेमको स्वरूप.....	२०५
२२.	जीवनमुक्त पुरुषको स्थिति.....	२१९
२३.	वेदान्त प्रक्रिया.....	२३०
२४.	आत्मा सम्बन्धी–प्रश्नोत्तर.....	२४१

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Funding

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

ब्रह्म–प्रार्थना

यत्सत्तया सदिदमस्ति यदात्म भासा
प्रद्योतितं जगदशेषमपास्तदोषम् ।
तद्ब्रह्म निष्कलमसंगमपारसौख्यं
प्रत्यग्भजे परममंगलमद्वितीयम् ॥

जसको सत्तालेयो जड चेतानात्मक सब संसार अस्तित्व पाउंछ र जसको प्रकाशले यो प्रकाशित हुन्छ, जो सब प्रकारले निष्कल, सब संगतिदेखि रहित, निर्दोष, अपार सुखागार (सुखको घर) परममगलमय र घट–पटमा ब्याप्त छ त्यस अद्वितीय ब्रह्मको भजन म गर्छु ।

स्फुरन्ति सीकरा यस्मादानन्दस्याम्बरे ऽवनौ ।
सर्वेषां जीवनं तस्मै ब्रह्मानन्दात्मने नमः ॥

जुन प्रत्यगात्माको निरतिशयानन्द–समुद्रबाट आकाशमा देवताहरूमा र पृथ्वीमा मनुष्यादिहरूमा आनन्दका कणहरू फुर्दछन् । त्यो ब्रह्मादि स्तम्बपर्यन्त सबैको सारभूत आत्मतत्व छ । ती परम पुरुषार्थरूप ब्रह्मानन्द स्वरूपलाई नमस्कार छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

नित्यानन्दं निराधारं निखिलाधारमव्ययम् ।
निगमाद्यगतं नित्यं नीलकण्ठं नमाम्यहम् ॥

नित्य – आनन्दरूप आधार रहित र सबका आधार भूत अविनाशी निगमागमबाट नजानिने नित्य शिवस्वरूप परमात्मालाई नमस्कार गर्छु ।

विश्वकर्मन्नमस्ते ऽ स्तु विश्वात्मन् विश्वसम्भव ।
अपवर्गस्थ भूतानां पञ्चानां परतः स्थितः ॥

भगवन् ! यो सम्पूर्ण विश्व तपाईको रचना हो, तपाई समस्त बिश्वको आत्मा र उत्पत्तिस्थान हुनुहुन्छ तथा पांच भूतहरू देखि अतीत हुनाको कारण नित्यमुक्त हुनुहुन्छ । तपाईलाई नमस्कारछ ।

हिरण्यगर्भः समवर्त्तताग्रे भूतस्य जातः पतिरेक आसीत्:
सदाधार पृथिवींद्यामुतेमां कस्मै देवाय हविषाविधेम ॥

जो सब जगत्को मालिक परमेश्वर सबै भन्दा अगाडि थिए, उनै भगवान्ले यी सबै पृथ्वी आकाशादि धारण गरिराखेका छन् त्यस्ता देवलाई हामीहरूले योगाभ्यास द्वारा प्राप्त गरौं ।

येन द्यौरुग्रा पृथिवी च दृढा येन स्वस्तभितं येन नाकः ।
यो अन्तरिक्षे रजसो विमानः कस्मै देवाय हविषा विधेम ॥

जसले सूर्य, आकाश, पृथ्वी आदिलाई नियमरूपले स्थिर राखेका छन् । जसले आकाश र सबलोक लोकान्तरहरूलाई

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

गरि विशेष मानयुक्त गरी राखेका छन्, त्यस्ता भगवान्लाई प्राप्ति गर्नको निमित्त हामीहरू सबै सामर्थ्य लगाई श्रद्ध भक्ति गरौं ।

य एको ऽ वर्णो बहुधा शक्तियोगा-
द्वर्णाननेकान्निहितार्थो दधाति ।
वि चैति चान्ते विश्वमादौं स देवः
स नो बुद्धया शुभया संयुनक्तु ॥

सृष्टिको आरम्भमा जो एक र निर्विशेष भएर पनि आफ्नी शक्तिको बिना कुन प्रयोजनका नै नाना प्रकारका अनेकौं वर्ण धारण गर्छन् तथा अन्तमा जसमा विश्व लीन हुन जान्छ ती प्रकाश स्वरूपपरमात्मा हामीलाई शुभ बुद्धिले संयुक्त गरुन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

आयुको सदुपयोग

मनुष्य–जीवनको आयु अमूल्य छ। आयुको मूल्य न जान्नाको कारण नै मानिसहरूको समय व्यर्थ व्यतीय भइ–रहेको छ। वकील–बालिष्टरहरूले सम्झेका छन् कि हामी ले हाम्रो समय सदुपयोगमा लगाएका छौं। प्रत्येक मिनेटको समेत हामीहरू पैसा लिन्छौ; किन्तु पैसाले मनुष्य–जीवनको वास्तविक ध्येय सिध्द हुंदैन।

क्षणं वित्तं क्षणं चित्तं क्षणिकं च म्वजोवितम्।
यमो ऽ तिनिर्घृणः सोऽ स्ति धर्मं शीघ्रमतश्चरेत्॥

(आनन्दरामायण राज्यकाण्ड उ० १८। ४४)

, धन क्षणस्थायी छ, चित्तवृत्ति क्षणिक छ र आफ्नो जीवन पनि क्षण भंगुर छ। यस कारण जतिसक्यो शीघ्र हुन सक्छ, धार्मिक काम पूर्ण गर्नू पर्छ।

अनित्यानि शरीराणि विभवो नैव शाश्वतः।
नित्यं सन्निहितो मृत्युः कर्तव्यो धर्म संग्रहः॥

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

शरीर नश्वर छ, बैभव पनि सदा रहने कुरा होइन तथा मृत्यु नित्य संगै रहन्छ। यस कारण धर्मको संग्रह गर्नु पर्छ। यो मनुष्य जन्म धारणा गर्नुको कर्तब्य हो।

अतएव जो धन, मान आदिको मोलमा आफ्नो अमूल्य समयलाई बेचदछ, त्यो आफ्नो बिचारमा बुद्धिमान् भएर पनि बास्तवमा बुध्दिमान् होइन। बुध्दिमान् त त्यसलाई भनिन्छ जो जीवनको अमूल्य समयलाई अमूल्य कार्यहरूमा लगाउछ; अमूल्य कार्य पनि त्यसलाई सम्झनु पर्छ, जस द्वारा अमूल्य बस्तुको प्राप्ति हुन्छ। अमूल्य वस्तु त्यो हो–जसलाई पाएपछि फेरि कुनै वस्तु पाउन शेष रहँदैन।

दुःखको कुरा त यो छ कि कतिपय हाम्रा दाजु–भाइ आफ्ना बहुमूल्य आयुलाई ताश, पाशा आदि खेलमा र सांसारिक भोगविलाशमा र न चाहिने बेकारको कुरा गरेर नष्ट गरिरहेका छन्।

मनुष्यको कर्तव्य यो हो कि निरन्तर ईश्वर स्मरण तथा प्रत्येक श्वास श्री भगवान्को नामो चारणमा नै लगाओस्। भगवान्को नामको उचारणाने कण्ठ आर्द्र र शरीर शीतल हुन्छ इन्द्रियहरूले आफना-आफ्ना व्यवहार भूलदछन्। यो मधुर सुन्दर नाम अमृतलाई पनि माथ गर्छ। यो नामले क्षण मात्रामा त्रिविध तापलाई नष्ट गरिदिन्छ।

आज भाडाको मोटर अथवा साइकल चढ़ेर गइरहेको कुनै मानिसले मार्गमा आफ्नो मित्रलाई भेट्यो भने मित्र संग धेरै समय कुरा गर्न चाहाँदैन। किनभने उसको मनमा त

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

समय धेरै जाला र भाडा बढला भन्ने भइरहेको हुन्छ। दुइ आना चार आना ज्यादा खर्च होला भनी पैसाको मायाले मित्र संग ज्यादा कुरा गर्दैन । एक लाख रुपैयाँमा पनि न पाइने प्रत्येक आफ्नो श्वासलाई व्यर्थ खर्च भएको थाहा छैन। यदि थाहा भएको भए त्यो आफ्नो श्वास भन्दा दुइ आनालाई ठूलो मान्दैन थियो। रुपैयाँ संग्रह गरेर वा खर्च गरेर वितेको आयु पुनः प्राप्त हुने भएको भए आज कुनै पूजिपति अथवा राजा महाराजाहरू कोही वृध्द पनि हुने थिएन र सदा जीवित नै रहन्थेहोलान । इत्यादि कुराको विचार गरी आफ्नो आयुलाई व्यर्थ समाप्त गर्नु ठीक छैन।

दृष्टान्त — कुनै नदीको किनारमा एउटा किसानको खेत थियो। रोपेको बाली पाक्न लागेपछि त्यसको रक्षाको लागि उहीं सानो छाप्रो बनाएर बस्ने गर्द थ्यो। एक दिन त्यो किसान नदीको किनारामा शौच गर्न भनी गएको थियो, त्यहाँ उसले माणिकले भरिएको एक घडा पायो तर उसले नचिनेको हुंदा त्यसलाई दुङ्गा नै सम्झेको थियो। छाप्रोमा ल्याएर राख्यो । जब – जब पक्षी बाली खान आउदथे तब–तब त्यो किसान गुलेलीमा एउटा माणिकको गेडा राखेर पक्षीलाई हान्दथ्यो, पक्षी उडेर जान्थे माणिक नदीमा पर्दथ्यो । एकदिन उसकी स्वास्नीले सानो छोरालाई समेत लिई पतिलाई खाना पुऱ्याउन गएकी थिई। त्यस समयमा किसानले सम्पूर्ण माणिक समाप्त गरिसकेको थियो, त्यस मध्ये शेष एउटा मात्र रहेको रहेछ सानो छोरालाई रामो लागी खेल्न भनी घर लिएर आएको रहेछ । एकदिन किसानकी स्वास्नी भात पकाई रहेकी थिई, तरकारी मा हाल्न नून नपाएकी हुनाले उसले बिचार गरी यो

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

दुङ्गा रामो छ पसलेलाई दिए त केही नून देला कि भनीं पसलमा लिएर गएछ। पसलेलाई भनी— साहूजी ! यो दुङ्गा अति रामो छ तपाईको केटाकेटीलाई खेल्न हुन्छ, यो लिएर मलाई केही नून दिनु होस्। संयोगवश पसल अगाडी एकजना जौंहरी उभिरहेको रहेछ। उसले त्यो माणिक लाई लिएर त्यो किसानकी स्त्रीलाई एक रुपैयाँको नून किनी दिई भनेछ — म यसको मूल्य भोलि पठाई दिनेछु। भोलि पल्ट जौंहरीले एक लाख रुपैयाँ पठाई दिएछ। किसान की स्त्रीले त्यो रुपैया मध्ये पच्चीस हज़ार खर्च गरी एउटा रामो घर बनाई र बाँको ७५ हजार रुपैयाँ खूब हिपाजात संग राखी। तत्पश्चात् एक दिन स्त्रीले खेतमा गएर आफ्नो पतिलाई भनी— तपाई यहाँ बस्नु भएको धेरै दिन भइसक्यो, आज घरमा हिड्नु होस्। मैले खेतको रक्षा गर्नको निमित्त यहाँ बस्नलाई अरू नै मानिसलाई राख्ने प्रबन्ध गरिसकेकी छु। आफ्नी स्त्रीको यो कुरा सुनी किसान स्त्रीको साथ घरमा आयो। स्त्रीले नयाँ भवनमा आफूलाई लिएर जानलागेको ले किसानले भन्यो — मलाई कहाँ लिएर जान लागिस् यो त कुनै महाजनको भवन हो। स्त्रीले भनी स्वामी ! यो कुनै महाजनको भवन होइन, — तपाई कै घर हो। किसानले भन्यो — यस्तो सुन्दर भवन हामी गरीब किसान को कसरी हुन सक्छ ? स्त्रीले भनी — तपाईले गुलेलीले पक्षीलाई हान्ने गर्नु भएको माणिक मध्ये छोराले एउटा लिएर आएको थियो, त्यसैको रुपैयाँले यो घर तयार भएको हो र त्यसको अतिरिक्त अरू पनि धेरै रुपैयाँ मेरा साथमा छ। यो कुरा सुनेर किसान पश्चाताप गर्न लाग्यो हाय ! यस्ता प्रकारका मेरा साथमा असंख्य रत्न थिए। परन्तु मैले

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Funding

तिनलाई नचिनेर दुङ्गा सम्झी पक्षीलाई उडाउनमा नै समाप्त गरें। यसरी आफ्नो पति साह्रै चिन्ता गरी रुन कराउन लागेकोले स्त्रीले पतिलाई सम्झाउदै भनी-- नाथ ! नफर्कने चार कुरा छन् – मुखबाट निस्केका कुरा, छूटेका तीर, वीतेका आयु र नाश भइसकेका अज्ञान। जुन वस्तु तपाईको हातबाट छटेर सदाका लागि अदृश्य भइसके तिनका निमित्त शोक गर्नु त एउटा मूर्खपना मात्र हो, वास्तवमा ती वस्तु प्राप्त हुदैनन् ।

न बाल्यं यौबने लभ्यं यौवनं स्थाविरे तथा ।
मृतः पिता पुनर्नास्ति नायात्येव गत दिनम् ॥

युवावस्थामा बालपन मिल्दैन तथा वृद्धावस्तामा जवानी मिल्दैन, मरि सकेको पिता फेरि रहँदैन, गइसकेको दिन पनि आउँदैन ।

शेष जो जति बाँकी बचेको धन छ त्यसैलाई मात्र अब रामो संग सत् मार्गमा प्रयोग गर्न सके पनि हाम्रो जीवन सुखपूर्वक व्यतीत हुने छ ।

सिध्दान्त -- यो हो कि यस शरीररूपी घडामा श्वास रूपी माणिक भरिएका छन् । जीवात्मा कामरूपी गुलेली द्वारा माणिकरूपी श्वासलाई विषयरूपी पक्षीहरू उडाउनमा (विषय भोगमा)व्यर्थ नष्ट गर्दै जान्छ । जति माणिक अर्थात् आयु विषय भोगमा समाप्त भइसके ती पुनः प्राप्त हुँदैनन्, जो अहिले शेष बचेको आयु छ त्यसलाई अब सत्कर्ममा व्यय गर्नाले पनि अत्यन्त उत्तम छ ।

काल करे सो आज कर, आज करे सो अब ।
अवसर बीतो जात है, बहुरि करोगे कब ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

राजा जानश्रुतिलाई रैक्वको उपदेश

जनश्रुतका पनाति जानश्रुति राजा थिए । उनी अत्यन्त दानी हुनाको कारण उनको नाम दानशील भन्नेमा प्रख्यात थियो । ती राजाको दरवारमा गरीवहरूका निमित्त धेरै अन्नहरू पाक्दथ्यो । उनले अनेकौं धर्मशाला आदि आफ्नो राज्यमा बनाएका थिए । धर्मशालामा आई बस्ने यात्रीहरूलाई पनि ती राजाको अन्न खान दिइन्थ्यो ।

गर्मीको समय भएको हुनाले एक रात राजा आफ्नो दरवारको कौशीमा बसिरहेका थिए । त्यसै समयमा हाँसका बथान उडेर गये । राजाको अन्नदान सम्बन्धी गुण हरूद्वारा सन्तुष्ट भएर ऋषि अथवा देवताहरूले नै हंसकोरूप लिएर उडेको हुन् । ती हाँस मध्ये एउटा हाँसले अर्को हाँसलाई भन्यो । –हे भल्लाक्ष ! हेर, जानश्रुतिको तेज द्युलोकको समान फैलिएको छ; तँ त्यस ज्योतिको स्पर्श नगर, त्यो ज्योतिले तँलाई भस्म नगरोस् ।

त्यस हंसलाई अर्कै अगाडि उड्ने हंसले भन्यो—अहो ! यी विचारा राजा त धेरै नै तुच्छ छन् । कुन महत्वले यी राजाको प्रति तँ यस्तो प्रकारको अत्यन्त सम्मान पूर्ण शब्द

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

भन्दछस्— के तँ यी राजालाई गाडीवान् रैक्वको समान बताउदछस् ? यो कथन राजाको अनुरूप छैन । यो कुरा सुनेर अर्कै हंसले भन्यो–जमको विषयमा तै ले प्रशंसा गरिस् त्यो गाडीवान् रैक्व कस्तो छ ? भल्लाक्षले भन्यो—त्यो रैक्व कस्तो छ सुन ।

जुन प्रकार लोकमा द्यूतक्रीडाको समय जो चारअङ्क भएको कृतनाम गरेको पासा प्रसिद्ध छ, जब द्यूतमा प्रवृत्त भएका पुरुषहरूलाई त्यो कृतनामक पासाले जय प्राप्त गराउछ । जय प्राप्त गर्ने पुरुषको अधीनमा शेष तीन पासा पनि हुंन्छन् । त्यस्तै प्रकार प्रजाहरू लोकमा जुन धर्म-कर्म गर्दछन, ती सबै रैक्वको धर्ममा मिल्दछन् । तात्पर्य यो हो की समस्त प्राणीहरूका धर्मफल उनको धर्मफलको अन्तर्गत हुन जान्छन् । जुन कुरा ती रैक्व जान्दछन् त्यस वस्तुलाई अरू कोही पुरुष जान्दछन् भने तिनलाई रैक्व को समान समस्त प्राणीहरूका धर्मसमूह र त्यसको फल प्राप्त हुन जान्छ ।

कौशीमा स्थित राजा जानश्रुतिले आफ्नो निन्दा र रैक्व आदि कुनै अन्य विद्वत्को प्रशंसारूप हंसको कचन सुने । हंसको वचनलाई स्मरण गर्दा-गर्दा राजा निधाए । भोलि-प ट विहान वन्दिहरूले स्तुतियुक्त वाक्यहरूद्वारा राजालाई निद्राबाट जगाए, राजाले जागा भएपछि सेवकलाई भने -हें भाइ हो ! तिमीहरूले गाडीवान् रैक्वको समान मेरो स्तुति किन गर्दछौं ? स्तुति गर्न योग्य त उनी नै छन्,म छैन । राजा को अभिप्रायलाई जान्ने ती सेवकहरूले रैक्वलाई त्याउनको इच्छाले सोधे-ती गाडीवान् रैक्व कस्ता छन् तिनको यथार्थ

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

परिचय हुक्कम होस् ? तब राजाले ती सेवकहरूलाई भल्लाक्ष हंसले बताएका सबै कुरा सुनाइदिए ।

राजाको कथनलाई ध्यान राखेर ती सेवकले रैक्वलाई नगर र ग्रामहरूमा खोजे तर पाउन सकेनन् र फर्की आई हामीले फेला पार्न सकेनौं भनी राजालाई बिन्ती गरे । तब राजाले सेवकलाई भने जहाँ एकान्त जङ्गल, नदीको तीर आदि शून्य स्थानहरू छन् तिनै ठाऊमा ब्रम्हवेत्ताहरूको खोजी गरिन्छ । त्यसै स्थानमा गएर खोजी गर । राजाको एउटा सेवकले निर्जन स्थानमा गएर खोजी गर्दा एउटा गाडाको तल खन्न लागेको मानिसलाई देखेर विचार गऱ्यो कि निश्चय पनि रैक्व भनेका यिनै हुन् । त्यस्तो निश्चय गरी त्यो सेवक नम्रतापूर्वक उनको समीपमा गएर बस्यो र उसले भन्यो –हे भगवन् ! गाडीवान् रेक्व भनेको तपाई नै हो कि ? उनले भने हो, मै नै हुँ । यस्तो प्रकारले सेवकले रैक्व-लाई चिन्यो र राजा कहाँ आयो ।

सेवकका वचनले ऋषिको गृहस्थाश्रम–सम्बन्धी अभि–प्राय र धनको इच्छालाई जानी जानश्रुतिले ६०० गाई, एक हार एक रथ लिएर उन कहाँ गए र भने –हे रैक्व ! यी ६०० गाई, हार र खच्चरको रथ मैले तपाईकोलागि ल्याएको छु । तपाई यस धनलाई स्वीकार गर्नु होस् र मलाई त्यस देवताको उपदेश सुनाउनु होस्, जसलाई तपाई उपालना गर्नु हुन्छ ।

राजालाई रैक्वले भने–हे शूद्र ! यी गाईहरू सहित रथ र हार तिमी आफैं राख । तब ती जानश्रुतिले एक

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

सहस्त्र गाईहरू, खच्चरहरूका रथ, आफ्नी कन्या र धनलाई लिएर पुनः उनी कहाँ गए। जानश्रुति राजा क्षत्री हुन्। किन्तु बिना शुश्रूषाद्वारा थोरै धनले वशगरेर विद्या प्राप्त गर्न खोजेकाले क्रोधवश शूद्र शब्दको प्रयोग गरेका हुन्।

तब ऋषिको अभिप्रायलाई सम्झेर राजा जानश्रुतिले पहिलेको भन्दा ज्यादा गाई, रथ र ऋषिको निमित्त आफ्नी कन्या लिएर गए। राजाले रैक्वलाई भने–हे रैक्व! यी एक महस्त्र गाईहरू, यो हार, खच्चरहरूले युक्त रथ र यो तपाईकी भार्याकोलागि आफ्नी कन्या ल्याएको छु; तथा जसमा तपाई बस्नु भएको छ त्यो गाऊ पनि मले तपाईको–लागि अर्पण गरिदिएको छु। हे भगवन्! यी सबलाई ग्रहण गरी मलाई उपदेश गर्नु होस्।

राजाले यस्तो भनेपछि भार्याको खातिर ल्याएको राज-कन्याको सुन्दर मुखलाई हेरेर ठूलो त्याग पूर्ण आग्रहलाई विद्यादानको द्वार अर्थात् तीर्थ सम्झी ग्रहण गरे र रैक्वले भने— तिमीले यी जुन गाईहरू तथा अन्य धन ल्यायौ, त्यो ठीक छ। तिमी यस विद्याग्रहणरूप पुत्रीको मुख द्वार देखि नै मबाट सम्भाषण गर्ने छौ। जहाँ ती रैक्व रहेका थिए त्यो रेक्वपर्णनामक ग्राम महावृष देशमा छ। यस्तो प्रकारले धन दिनेवाला ती राजालाई रैक्वले विद्याको उपदेश गरे।

वायुर्वाव संवर्गो यदा वा अग्निरुद्वायति वायुमेवाप्येति यदा सूर्यो ऽ स्तमेति वायुमेवाप्येति यदा चन्द्रो ऽ स्तमेति वायुमेवाप्येति।

(छान्द. ४।३।१)

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

वायु नै संवर्ग (ग्रास गर्ने) हो। जब अग्नि निब्द छ त वायुमा नै लीन हुन्छ, जब सूर्य अस्त हुन्छन् त वायुमा नै लीन हुन्छन् र जब चन्द्रमा अस्त हुन्छन् अनि वायुमा नै लीन हुन जान्छन्।

यदाप उच्छुष्यन्ति वायुमेवापियन्ति वायुर्ह्येवैतान् सर्वान्संवृङ्क्त इत्यधिदैवतम्।

(छा. ४।३।२)

जुन समय जल सुख्तछ त्यो वायुमा नै लीन हुन जान्छ। वायुले नै यी सबै जललाई आफूमा लीन गर्छ। यो अधिदैवत-देवताहरूमा सवर्गदृष्टि भनिएको छ।

अथाध्यात्मं प्राणो वाव संवर्गः स यदा स्वपिति वागप्येति प्राणं चक्षुः प्राणं श्रोत्रं प्राणं मनः प्राणो ह्येवैतान्सर्वान्संवृङ्क्त इति।

(छा० ४।३।३।)

अब अध्यात्मदर्शन भनिन्छ — प्राण नै संवर्ग हो। जुन समय यो पुरुष सुत्तछ. प्राणमा नै वाक् इन्द्रिय मिल्दछ; एवं चक्षू श्रोत्र र मन प्राणमा गएर मिल्द छन्। प्राण नै यी सबलाई यसरी आफूमा लीन गर्छ।

तौ वा एतौ द्वौ संवर्गौ वायुरेव देवेषु प्राणः प्राणेषु।

(छा० ४।३।४)

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

त्यो यो दुइ नै संवर्ग हो – देवताहरूमा वायु र इन्द्रिय-हरूमा प्राण ।

अथ ह शौनकं च कापेयमभिप्तारिणं च काक्षसेनिं परिविष्यमाणौ ब्रह्मचारी बिभिक्षे तस्मा उ ह न ददतुः ।

(छा० ४।३।५।)

एक समय कपिगोत्रज शौनक र कक्षसेनको पुत्र अभि-प्रतारी दुवै भोजनको लागि बसेका थिए । भान्सेले भोजन पसकिरहेको थियो । एक ब्रह्मचारी आई भिक्षा मागे; किन्तु उनीहरूले भिक्षा दिएनन् ।

स होवाच महात्मनश्चतुरो देव एकः कः स जगार भुवनस्य गोपास्तं कापेय नाभिपश्यन्ति मर्त्या अभिप्तारिन्बहुधा वसन्तं यस्मै वा एतदन्नं तस्मा एतन्न दत्तमिति ॥

(छा० ४।३।६)

ती ब्रह्मचारीले भने — हे महात्मन् ! भुवनहरूका रक्षक ती एक देव प्रजापतिले चार महात्माहरूलाई ग्रास गरेका छन् । हे कापेय ! हे अभिप्तारिन् ! मनुष्य अनेक प्रकारले निवास गरेर पनि ती एक देवलाई देख्दैनन् ; तथा जसको लागि यो अन्न हो उसैलाई नै दिएनौ ।

तदु ह शौनकः कापेयः प्रतिमन्वानः प्रत्येयायात्मा देवानां जनिता प्रजाना ँ हिरण्यद ँ ष्ट्रोबभसो

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

ऽ नसूरिर्महान्तमस्य महिमानमाहुरनद्यमनो पदनन्नमत्तीति वै वयं ब्रह्मचारिन्नेदमुपास्महे दत्तास्मै भिक्षामिति ॥

(छा० ४।३।७।)

त्यस वाक्यलाई कपिगोत्रोत्पन्न शौनकले मनन गरे र फेरि ती ब्रह्मचारीको समीप आएर भने — जो देवताहरूका आत्मा,प्रजाहरूका उत्पत्तिकर्ता, हिरण्यदंष्ट्र (कहिले न भाँ - ने दारा) भक्षणशील र मेधावी (बुद्धिमान्) हुन् जसको ठूलो महिमा बताइएको छ, जो स्वयं अरू खान नसक्ने र जुन वस्तुतः अन्न होइन त्यसलाई पनि भक्षण गर्दछन्, हे ब्रह्मचारिन् ! त्यसको म उपासना गर्छु । यस्तो भनेर उनले सेवकहरूलाई आज्ञा दिए कि यी ब्रह्मचारीलाई भिक्षा देऊ ।

तस्मा उ ह ददुस्ते वा एते पञ्चान्ये पञ्चान्ये दश सन्तस्तत्कृतं तस्मात्सर्वासु दिक्ष्वन्नमेव दश कृत ँ सैषा विराडन्नादी तयेद ँ सर्व दृष्ट ँ सर्वमस्येदं दृष्टं भवत्यन्नादो भवति य एवं वेद य एवं वेद ।

(छा० ४।३।८।)

तब उनले ब्रह्मचारीलाई भिक्षा दिए । त्यो यो अग्न्यादि र वायु यी पाँच वागादि देखि अन्य छ तथा यिनीहरूदेखि वागादि र प्राण यी पाँच अन्य हुन् । यस्तै प्रकारले यी सबै गरी दश हुन्छन् । यी दश कृत (कृतनामक पासाले उपलक्षित द्यूत) हुन् । यी विराट् ने अन्नादि भक्षण गर्ने वाला हुन् । उनैको द्वारा यी सबलाई देखिन्छ । जो यस्तो जान्द छ उसको द्वारा यी सबलाई देखिन्छ र त्यो अन्न भक्षण गर्ने वाला हुन्छ ।



epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

ब्रह्म ज्ञानी गृहस्थ श्वेतकेतु र उनकी पत्नी सुवर्चला

गृहस्थाश्रममा पत्नी सहित आफू ब्रह्मज्ञानी भई गृहस्थाश्रमको धर्म पूर्ण गर्नु यो जस्तो ठूलो कुरा अन्य के होला ? साधारण गृहस्थहरू आफ्नी पत्नी, पुत्रादिका असल स्वभाव भएमा आफूलाई स्वर्गमा रहेको आनन्द भोग गरिरहेछु भनी मान्दछन् भने ब्रम्हज्ञानी पति पत्नीको आनन्दको विषयको कुरा के यो कलमले लेख्न समर्थ होला ?

ब्रम्हर्षि देबलकी एक पुत्री थिइन्, उनको नाम थियो सुवर्चला। सुवर्चला विवाह योग्य जब भएकी थिइन्, तब उनको पिताले वरको निमित्त श्रोत्रिय ब्रम्हणको खोजी गर्न थाले। यो कुरा थाहा पाई सुवर्चलाले पितालाई भनिन् –पिताजी ! तपाई मलाई यस्तो पतिको साथ विवाह गरिदिनु होस् जो अन्धा होस् र आँखा भएको पनि होस्।

ब्रम्हर्षि देवल भन्दछन्-पुत्री ! तिम्रो यो प्रार्थना पूर्ण होला जस्तो मलाई लाग्दैन, किन भने एकै व्यक्तिमा अन्धो र अन्धो नहुनु कसरी सम्भव होला ? तिम्रो यो पागलको जस्तो कुरा सुनेर मेरो मनमा दिक लागेको छ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

सुवर्चला भन्दछिन्–पिताजी, म बौलाएकी छैन, मैले जुन कुरा गरें त्यो अत्यन्त विचार पूर्वक गरेकी छु। तपाई विद्वान् ब्राम्हणहरूलाई यहाँ उपस्थित गराउनु होस्। अनि म आफ्नो इच्छानुसार योग्य पति वरण गर्ने छु।

ऋषिले पुत्रीको यो कुरा सुनी आफ्ना शिष्यहरूलाई शुभ लक्षणले युक्त, नीरोगी, बुद्धिवान्, निर्दोष कुलको जन्म, वेदविद्याले सम्पन्न आदि गुणले युक्त भएका ब्राम्हणहरू लिएर आउनु भनी आज्ञा दिइपठाए। ऋषि कुमारहरू पनि महर्षि देवल र उनकी कन्याको प्रभावलाई जानेर आए।

सुवर्चलाले पिताको आज्ञा पाई विद्वान् ऋषि कुमारहरू बसेको ठाउँमा गई हात जोरी भनिन्—जो ब्राम्हण अन्धो छ र आँखा भएको पनि छ त्यही संग मेरो विवाह हुनेछ। यो कुरा सुनी उपस्थित भएका ऋषि कुमारहरूले कुराको रहस्य बुझ्न नसकी कन्यालाई नै अबोध रहिछिन् भन्ने ठानी केही नबोली आफ्ना–आफ्ना आश्रमको बाटो लागे।

केही दिन पश्चात् वेद-वेदाङ्ग पारङ्गत श्वेतकेतुले पनि यो समाचार सुनी देवल ऋषिको आश्रममा गए। उद्दालक पुत्र श्वेतकेतुलाई देवलले अत्यन्त स्वागत गरे। श्वेतकेतुले ऋषि कन्याले राखेको प्रस्तावलाई थाहापाई त्यसको उत्तर दिनलाई आफूलाई समर्थ जानी आएका थिए।

श्वेतकेतु भन्दछन्–हे शुभ लक्षण सुन्दरी! म अन्धो पनि छु र साथै संदेहरहित हुनाको कारण विशाल नेत्रले युक्त पनि छु। जुन परमात्माको शक्ति पाएर जीवात्मा सब

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

थोक देख्तछ, ग्रहण गर्छ, तत्त्वको मनन गर्छ र बुद्धिद्वारा निश्चय गर्छ, त्यही ज्ञान नेत्र हो। ज्ञान नेत्रले युक्त हुनाको कारण नेत्रवान् हुँ। जुन लौकिक चक्षु आदि इन्द्रिय जनित वस्तुहरूमा मेरो कुनै सम्बन्ध छैन, यस कारण म नेत्रले युक्त भएर पनि अन्धो हुँ। ज्ञानकोद्वारा अमृतमय परमात्मालाई साक्षात्कार गरिसकेकों छु र प्राब्धवश जुन सुकै प्रिय–अप्रिय पदार्थ प्राप्त हुन्छ, त्यसलाई समानभावले देख्तछु र म ईर्ष्या द्वेषले रहित भएर रहेको छु। यस कारण तिमी म संग विवाह गर भन्दा ती कन्याले स्वीकार गरिन् र मुनिवर देवलले आफ्नी कन्या श्वेतकेतुलाई विवाह गरिदिए।

श्वेतकेतु आफ्नी पत्नीको साथ गृहस्थाश्रममा रहन लागे। श्वेतकेतु भन्दछन–मेरी सहधर्मचारिणी बनी तिमी वेदमा जुन शुभ कर्महरूको विधान छ त्यो सब गर। परन्तु यो सब क़र्म मेरो होइन र यसको कर्ता पनि म होइन भन्ने भावले कर्म गरी ज्ञानाग्निद्वारा सर्व कर्मलाई भस्म गर। श्रेष्ठ पुरुष जुन–जुन आचरण गर्दछन्, त्यस्तै अरूहरूले पनि गर्दछन्, अतः लोकव्यवहारको सिद्धि तथा आत्मकल्याणको निमित्त हामी दुवैले कर्मको अनुष्ठान गरेर रहनु पर्छ। यस्तो प्रकारले दुवै पति–पत्नीले गृहस्थ धर्म पालन गरी सुखपूर्वक रहन लागे केही दिन पछि महाज्ञानी श्वेतकेतुले सुवर्चलाको गर्भ देखि अनेक पुत्र उत्पन्न गरे।

एक दिन सुवर्चलाले आफ्नो पति श्वेतकेतुलाई सोधिन् – द्विजश्रेष्ठ ! तपाई को हुनुहुन्छ, यो मलाई बताउनु होस् ?

श्वेतकेतु– तिमीले मलाई द्विजश्रेष्ठ भनी सम्बोधन गरी

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

बोलेपछि त तिमीले मेरो विषयमा यथार्थ जानेकी रहिछ्यौ फेरि त्यस द्विजश्रेष्ठ सिवाय अन्य कसलाई सोध्यौ ?

सुवर्चला– नाथ ! मैले हृदय–गुफामा शयन गर्ने भएको आत्माको विषयमा सोधेकी हुँ ।

श्वेतकेतु—भामिनि ! त्यो केहीं भन्दैन । यदि आत्मालाई नाम र गोत्रले युक्त मान्दछ्यौ भने तिम्रो यो मिथ्या धारणा हो; किन भने नाम–गोत्र हुनाले नै शरीर बन्धनमा प्राप्त हुन्छ । आत्मामा अहम् (म हुं) यो भाव स्थापित गरिएको छ । तिमीमा पनि त्यही भाव छ । तिमी पनि अहम्, म पनि अहम् र यो सब अहम्को नै रूप हो । यसमा त्यो परमार्थतत्त्व छैन ।

सुवर्चला — ब्रम्हर्षे ! यो शब्द तपाईले कसलाई भन्नु भएको हो । त्यो मैले शब्द सुने मलाई बोध भयो इत्यादि केही पनि उत्तर दिंदैन । त्यस कारण तपाईले कसलाई भन्नु भएको हो र त्यसको अर्थ के हो ? मलाई ती दुवैंको आकृति (आकार) र लक्षणको निर्देश (देखाउनु संकेत गर्नु) गरेर त्यसलाई पृथक्–पृथक् वर्णन गरी बताउनु होस् ।

श्वेतकेतु –– अकार आदि वर्णहरूको समुदायको क्रम अथवा व्यतिक्रम (उल्टो पाल्टो) देखि उच्चारण गर्दा खेरी जो ध्वनि प्रकाशित हुन्छ, उसलाई शब्द जान्नु पर्छ र त्यस शब्द देखि जुन अभिप्राय प्रतीति हुन्छ, त्यसको नाम अर्थ हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Funding

सुवर्चला -- यदि शब्द हुनाले नै अर्थको प्रतीति हुन्छ भने शब्द र अर्थमा कुनै सम्बन्ध छ कि छैन ?

श्वेतकेतु -- शब्द र अर्थमा एक प्रकारले कुनै नियत सम्बन्ध छैन । कमलको पातमा स्थित जलको समान शब्द एवं अर्थको अनियत सम्बन्ध छ ।

सुवर्चला -- अर्थमा नै शब्दको स्थिति छ, अन्यथा उसको स्थिति हुन नै सक्दैन । यदि बिना अर्थको कुनै शब्द छ भने त्यसलाई बताउनु होस् । अर्थको साथ शब्दको वाचकत्वरूप सम्बन्ध छ र त्यो सम्बन्ध नित्य छ । यदि शब्द छ भने त्यसको अर्थ पनि सदा नं छ । विपरीत क्रमले उच्चारण गर्दा खेरी पनि शब्दको केही न केही अर्थ हुन्छ । शब्द अर्थात् वेदको आधार हो र अर्थभूत परमात्मा अर्थ को आधार नलिईकन त शब्द रहनै सक्दैन । परन्तु तपाई त यिनमा कुनै नित्य सम्बन्ध नै मान्नु हुँदैन, अतः तपाई को कथन प्रसिद्धिको (लोक प्रख्यातको) विपरीत छ ।

श्वेतकेतु — मैले प्रसिद्धिको बिपरीत केही पनि भनेको छैन । हेर, आकाशको बिना पृथ्वी अथवा प्रार्थिव जगत् रहन सक्तैन तथापि यिनमा कुनै नित्य सम्बन्ध छैन । शब्द र अर्थको सम्बन्ध पनि त्यस्तै नै मान्नु पर्छ ।

सुवर्चला — यो अहम् शब्द सदा नै आत्माको अर्थमा स्पष्टरूपले प्रयुक्त हुन्छ परन्तु "**यतो वाचो निवर्तन्ते अप्राप्य मनसासह**" यस श्रुतिको कथन अनुसार त्यहाँ वाणी पुग्न सक्तैन तथा मनको द्वारा पनि त्यो अप्राप्य छ । यसबाट

Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

यो थाहा हुन्छ कि आत्माको लागि 'अहम्' पदको प्रयोग पनि मिथ्या नै हुन्छ ।

अहंशब्दो ह्यहंभावो नात्म भावे शुभवृते ।
न वर्तन्ते परे ऽ चिन्त्य वाचः सगुणलक्षणाः ।

श्वेतकेतु — शुभवृते ! अहम् शब्दको आत्मा भावमा प्रयोग हुँदैन; परन्तु अहम्भावको न आत्म भावमा प्रयोग हुन्छ, किनभने सगुण पदार्थको बोधक वचन अचिन्त्य परब्रम्ह परमात्माको बोध गराउनामा असमर्थ छ ।

जस्तै माटाको घडामा मृत्तिकाको भाव हुन्छ, उस्तै प्रकार परमात्मावाट उत्पन्न भएका प्रत्येक पदार्थहरूमा परमात्म भाव अभीष्ट छ; अतएव अचिन्त्य परब्रम्ह परमात्मामा अहम्भाव नै आत्मभाव हो र त्यही यथाथ छ । म, तिमी र यो — यी सब नाम परब्रम्ह परमात्मामा हामीहरू द्वारा कल्पित गरेका हौं, वास्तवमा छैन, अतः त्यस परमात्मा सम्म वाणीको गति पुग्न सक्तैन भन्ने श्रुतिको यस कथनमा कुनै विरोध छैन । ब्रम्हको साथ जगत्को जो सम्बन्ध छ, त्यस सम्बन्धले यो उसकै कार्य भन्ने जानिन्छ । जस्तो जगत् आकाशदेखि पृथक् छ ता पनि उसैको विकारहरूको सम्बन्ध हुनाको कारण सदा उसैमा मिश्रित भएर नै रहन्छ, उस्तै प्रकार जगत् देखि ब्रम्हको कुनै सम्पर्क छैन ता पनि उसैदेखि उत्पन्न हुनाको कारण तद्रूप मानिन्छ । त्यो ब्रम्ह परम शुद्ध र उपमारहित छ; अतः वाणीद्वारा उसको वर्णन गर्न सकिदैन । चर्मचक्षुद्वारा उसलाई देख्न सकिदैन तथा ज्ञानदृष्टिले उसलाई साक्षात्कार गर्न सकिन्छ भन्ने मेरो यस्तो मत छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

सुवर्चला— उसो भए यस्तो मान्नु पर्छ कि जुन प्रकार निर्विकार, निराकार, निःसीम र सर्वव्यापी आकाशको सर्वदा दर्शन हुन्छ, उसको समान ज्ञानस्वरूप आत्माको पनि दर्शन हुन्छ ?

श्वेतकेतु — मनुष्य त्वचाद्वारा आकाशमा भएको वायु-लाई बारंबार स्पर्श गर्छ, नाकद्वारा आकाशवर्ती गन्धलाई बारंबार सूँघदछ र नेत्रद्वारा आकाशस्थित ज्योतिको दर्शन गर्छ। यसको अतिरिक्त अन्धकार, किरणसमूह, वर्षा तथा तारागणको पनि बारंबार दर्शन गर्छ; परन्तु आकाश-दृष्टि-गाचर हुँदैन। सत्स्वरूप परमात्मा त्यस आकाशको पनि आकाश हुन्, अर्थात् त्यसलाई अवकाश दिने भएका महा-काश हुन्, यो निश्चित छ कि उनैकोद्वारा यस सम्पूर्ण जगत् को सृष्टि भएको हो। भगवान्को जो गुण-सम्बन्धी नाम छ, त्यो परमात्माको औपचारिक (लाक्षणिक) छ। नेत्र, मन तथा अन्य कुनै इन्द्रियद्वारा पनि त्यस सर्वव्यापी पर-मात्मालाई ग्रहण गर्न सकिदैन। केवल सूक्ष्म बुद्धिद्वारा त्यसको चिन्तन एवं साक्षात्कार गर्न सकिन्छ।

न च स्त्री न युमांश्चैब तथैब न नपुंसकः।
केवलं ज्ञानमात्रं तत् तस्मिन् सर्वं प्रतिष्ठितम् ॥

त्यो परमात्मा न स्त्री हो, न पुरुष हो र न नपुंसक नै हो, केवल ज्ञान स्वरूप छ। त्यसैको आधारमा यो सम्पूर्ण जगत् प्रतिष्ठित रहेको छ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

श्वेतकेतुले यस्तै प्रकारको अनेकौं उपदेश गरे पछि सुवर्चला आनन्दले मग्न भइन् । श्वेतकेतु आफ्नी ब्रम्हज्ञानी पत्नीको साथ आनन्द पूर्वक रही गृहस्थ धर्मको पालनको साथ साथै ब्रम्ह चिन्तनमा मग्न भइरहे ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

लौकिक—धन

संसारमा आज जो जति मनुष्य छन् ती सबै जसोले लौकिक—धनार्जन गर्नमा रातो-दिन आपना मन, बुद्धि र विचार लगाएका छन् । धनार्जन गर्नमा तत्पर भएका ती मानिस जुन सुकै कष्ट—साध्य कर्म गर्न पनि तयार रहन्छन् । तिनकालागि कुन नीचकर्म-कुन उच्चकर्म, कुन पापकर्म-कुन पुण्यकर्म, कुन जात कुन-कुजात. कुन भक्ष्य—कुन अभक्ष्य, कुन कर्तव्य-कुन अकर्तव्य इत्यादि कुनैको ख्याल हुंदैन । येन केन उपायले धनार्जन गर्नलाई नै मनुष्य जीवनको सार र सर्व श्रेष्ठ पुरुषार्थ मानेका छन् ।

रामोरी विचार गरी हेर्ने हो भने धनको इच्छा गर्दा दिन—पर—दिन दुःख बढ्दै जान्छ, धनलाई प्राप्त गर्न पनि अत्यन्त कठिन पर्छ यदि कुनै प्रकारबाट प्राप्त भइहाल्यो भने पनि आत्माकोलागि त यो मृत्यु स्वरूप नै छ । जो धन कमाउने कोशिशमा लागेको छ त्यसले आफूलाई आफैले समेत भुलेको हुन्छ । यस्तै प्रकार घर, पुत्र-पुत्री, पशु धन आदि अनित्य नाशवान् धनलाई जम्मा गर्ने पूर्वका मानिस—लाई नै सुख भो न त पछिकालाई नै सुख हुने छ ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

सम्पदः प्रमदाश्चैव तरङ्गोत्तुङ्गभङ्गुराः ।
कस्तास्वहिफणाच्छत्रच्छायासु रमते बुधः ॥
अर्थोपार्जन रक्षाणां जानन्नपि कदर्थनाम् ।
यः करोति स्पृहां मूढो नृपशुं तं न सस्पृशेत् ॥

(योगवासिष्ठ नि० प्र० उ० ४७।४९-५०)

अर्थ (सम्पत्ति) र नारी यी दुइ नै उत्ताल तरङ्गको सरह क्षणविध्वंसी छन् र सर्पको फनको छत्रछायाको तुल्य छन्, अतः कुन विद्वान् त्यसमा मन लगाउछ । धनको उपार्जन र रक्षामा जो यातनाहरू भोग्नु पर्छ, त्यसलाई जानेर पनि जो मूढ़ धनको अभिलाषा गर्छ, त्यो मनुष्य होता पनि पशु तुल्य नै हो; अतः त्यसलाई स्पर्श सम्म गर्न पनि ठीक छैन ।

आपातमात्रमधुरा दुःखपर्यवसायिनी ।
मोहनायैव लोकस्य लक्ष्मीः क्षणविलासिनी ।

(योगवासिष्ठ नि० प्र० उ० ९३।८२)

जो आरम्भमा मधुर लाग्छ, परन्तु अन्तमा दुःख नै दिने हुन्छ, त्यो लक्ष्मी (लौकिक सम्पत्ति) ले गर्दा जगत्-लाई मोहमा नै पार्छ ।

यावद् भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम् ।
अधिकं यो भिमन्येत स स्तेनो दण्डमर्हति ॥

(भागवत. ७ १४।८)

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

मनुष्यहरूको अधिकार केवल त्यति नै धनमा छ, जतिले उनीहरूको भोक मेटिन्छ। यसदेखि ज्यादा सम्पत्ति-लाई जो आफ्नो मान्दछ, त्यो चोर हो, त्यसलाई दण्ड दिनै पर्छ।

नाच्छित्वा परमर्म्माणि नाकृत्वा कर्म दारुणम्।
नाहत्वा मत्स्यघातीव प्राप्नोति महतीं श्रियम्॥

(मा० भा० आ० १३९।७७)

माछा मार्नेको जस्तो अर्काको मर्म विदीर्ण नगरी कन, अत्यन्त क्रूर कर्म नगरी कन तथा धेरैको प्राण नलिईकन धेरै संपत्ति प्राप्त गर्न सकिदैन।

जुन पुरुषले धनको गुण दोषलाई यथार्थरूपले बुझेको छ; त्यसले स्वप्नामा पनि धनको इच्छा गर्दैन।

दृष्टान्त- कुनै एउटा ज्ञानी महात्मा हुनुहुंन्थ्यो। एउटा राजाले रुपैयाँका धेरै थैली लिएर ती महात्माको दर्शन गर्न गए। महात्माले राजालाई भन्नु भो- रुपैयाँ उठाई वक्स्योस्। किन भने यस रुपैयाँ देखि दुर्गन्ध आइरहे-को छ। राजाले भने रुपैयाँबाट पनि कहिले गुर्गन्ध आउछ? यस्तैमा ती महात्माले राजा संग कुरा गर्दा-गर्दै राजालाई समेत सार्कीहरूले जुत्ता सिउन लागेको ठाऊमा पुराउनु भो। छालाको दुर्गन्धले गर्दा राजाले रुमालले आफ्नो नाक थूने र महात्मालाई भने-यस्तो दुर्गन्ध भएको स्थानमा मलाई किन ध्याउनु भो? महात्मा-दुर्गन्ध आएको

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

भए सार्कीहरू पनि त नाक थून्ने थिए ? राजा–उनीहरूलाई नित्य काम गर्दा वानी भइसकेको हुँदा दुर्गन्ध थाहा हुँदैन । महात्माले भन्नु भो त्यस्तै प्रकार रुपैयाँबाट आएको दुर्गन्ध हजूरले थाहा पाइवक्सेन । किन भने हजूरले नित्य आफ्नो साथमा रुपैयाँलाई राखिवक्सेको छ । इत्यादि भनी महात्माले रुपैयाँ सहित लिई राजालाई आफ्नो दरवारमा जान आज्ञा दिनु भो ।

चीरार्णि किं पथि न सन्ति दिशन्ति भिक्षां
नैवाङ्घ्रियाः परभृतः सरितो ऽप्यशुष्यन् .
रुद्धा गुहाः किमजितो ऽवति नोपसन्नान्
कस्माद् भजन्ति कवयो धनदुर्मदान्धान् ॥

(श्री भद्भागवत. २।२।५)

के लगाउनको लागि बाटोमा भूत्रो कपडा छैन ? भोक लाग्दा खेरी अर्काको निमित्त शरीर धारण गर्नै भएका वृक्षले के फल–फूलका भिक्षा दिदैनन् ? जल चहानेहरूका निमित्त के नदीहरू सुके ? बस्नको लागि के पहाडका गुफाहरू बन्द गरिदिएको छ ? हे भाइ ! सबथोक नहोस् लौ, के भगवान्‌ले पनि आफ्नो शरणागतहरूका रक्षा गर्नु हुन्न ? यस्तो स्थितिमा बुद्धिमान् मनुष्यहरू धनको नशामा चूर घमण्ड गर्ने धनीहरूका पिछा किन पर्छन् ?

नायतः समयो रहस्यमधुना निद्राति नाथो यदि
स्थित्वा द्वाक्ष्यति कुप्यति प्रभुरिति द्वारेषु येषां वचः

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

चेतस्तानपहाय याहि भवनं देवस्य विश्वेशितु-
र्निदौवारिकनिर्दयोक्त्यपरुषंनि सीमशर्मप्रदम् ॥

(वैराग्य शतक. ९७)

हे मन ! जसको द्वारमा,– मालिकको घरमा भेटने अहिले समय छैन, उहाँ यस समय एकान्तमा बस्नु भएको छ, उहाँ यस बखत सुतिरहनु भएको छ, यदि तँलाई यहाँ उभ्भिरहेको देख्नु भो भने रिसाउनु हुने छ । यस्तो कुरा सुन्नमा आउछ, त्यस पूजिपतिको द्वारमा जान छोडेर विश्वेश्वर को शरणमा जाऊ, जसको द्वारमा रोक्ने कुनै द्वारपाल छैन, जहां निर्दय र कठोर वचन कहिले पनि सुनिदैन, जो अनन्त र नित्य सुख दिनेवाला हुनुहुन्छ ।

ज्ञानीमा र भक्तमा यति नै फर्क छ–ज्ञानीहरू जन्ममरणदेखि सदाकोलागि छुटन चाहन्छन् र भक्तहरू भने मोक्षको पनि इच्छा नगरी भगवान्को भक्तिरसमा नै रमाउछन् ।

प्रभु – भक्त लौकिक – धनको आशा गर्दैनन् । उनी भन्दछन् कि - अर्जुनको रथको शोभा बढ़ाउनेवाला भक्तवत्सल श्याम सुन्दर प्रभु भगवान् श्रीकृष्ण नै मेरो अक्षय्य आनन्दप्रद एव अनन्त धन हुनुहुन्छ । उहां नै गोपिनीहरूका प्यारा, भक्तहरूका नयनको तारा, श्रीकृष्ण नें सब भन्दा ज्यादा धनो हुनुहुन्छ । उहांको अलिकता मात्र कृपा हुँदा भक्तलाई कसैको अगाडी दीन हुनु पर्दैन । लौकिक – तुच्छ धन प्राप्त हुनाले त मोह बढ़द छ, परन्तु

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

श्रीकृष्णरूपी धनको लाभले मोह हजारौं कोस पर भाग्दछ। लौकिक – धनले बुद्धि मलिन हुन्छ र श्रीकृष्णरूपी धनले बुद्धि निर्मल हुन्छ। अर्थात् लौकिक – धन दूषणरूप छ र ईश्वर भक्तिरूपी धन भूषण रूप छ, यस कारण विवेकी विरक्त भक्त अलौकिक – दिव्य – धनलाई छोडेर लौकिक –तुच्छ धनको पछाडि किन पर्दथे अर्थात् कदापि पर्ने छैनन्।

वाञ्छामि नाहमपि सर्वधनाधिपत्यं,
स्वर्गेन भूमिमचलां न पदं विधातुः ।
भूयो भवामि यदि जन्मनि नाथ नित्यं,
त्वत्पादपङ्कजलसन्मकरन्दभृङ्गी ॥

हे भगवान् ! मलाई कुवेरको पद पनि चाहिदैन, स्वर्ग पनि जान्न; मलाई अचल पद मोक्षको पनि इच्छा छैन। मलाई त यस्तो इच्छा लाग्छ चाहें जति जन्म भए पनि मेरो मनरूपी भँमरा प्रभुको चरण कमलको रस सदा पान गर्न– मा लागू परोस्।

अरथ न धरम न कामरुचि, गति न चहौं निरवान।
जनम जनम रति रामपद, यह वरदान न आन ॥

(तु० रा अयो. दो २०५)

मेरो अभिलाषा धनार्जनमा छैन, धर्मार्जनमा पनि छैन, काम भोगमा पनि छैन, मुक्तिपद पनि म चाहन्न; जन्म–ज– न्मन्तरमा रामजीको चरणको प्रेम लागोस्, मलाई यही वरदान दिनुहोस्, अरू चाहिदैन।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

त्यज्यन्ते दुःखमर्थाहि पालने न च ते सुखाः ।
दुःखेन चाधिगम्यन्ते नाशमेषां न चिन्तयेत् ॥

(मा० भा०शा०प्र० ३३०।१८)

धन खर्च गर्नै बखतमा अति दुःख हुन्छ । त्यसको रक्षा मा पनि सुख हुँदैन र प्राप्तिमा पनि अति नै कष्ट हुन्छ, अतः धनलाई प्रत्येक अवस्थामा दुःखदायक सम्झेर त्यसको नष्ट हुँदा चिन्ता गर्नु हुँदैन ।

यत् पृथिव्यं व्रीहियवं हिरण्यं यशवः स्त्रियः ।
सर्वं तन्नालमेकस्य तस्माद् विद्वाञ्छमं चरेत् ॥

(मा०भा अनु. प्र० ९३।४०)

यस पृथ्वीमा जति धन, जौ, सुवर्ण, पशु र स्त्रीहरू छन्, ती सब कुनै एक पुरुषलाई प्राप्त होस् ता पनि उसलाई संतोष हुँदैन; यो विचार गरेर विद्वान् पुरुष आफ्नो मनको तृष्णालाई शान्त गरोस् ।

न जातु कामः कामनामुपभोगेन शम्यति ।
हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्द्धते ॥

(मनु० २।९४)

नाना प्रकारको भोगहरूका इच्छा विषयहरूका उपभोगले भोग कहिले पनि शान्त हुँदैन परन्तु अग्निमा घृत हालेको झैं बारंबार ज्यादै नै बढ़दै जान्छ ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

सम्पत्ति प्राप्त हुनु नै आफ्नो सिरमाथि विपत्ति प्राप्त हुनु हो । इत्यादि कुरालाई चिचार न गरी जस्तै नदी हरू सनुद्रक तिर दौडन छन्, त्यस्तै मनुष्यहरू पनि नित्य धन प्राप्ति गर्नमा दौडन छन् । सत्य कुरा त यो छ कि धनले भगवान् प्राप्ति हुनुहुन्न, न त भगवान्को पूजालाई धन खच गर्नु पर्छ ।

धर्मार्थं यस्य वित्तेहा वरं तस्य निरीहता ।
प्रक्षालनाद्धि पंकस्य श्रेयो न स्पर्शनं नृणाम् ॥

(मां० भा० व० २।४९)

जो धर्म गर्नाकोलागि धनोपार्जनको इच्छा गर्छ, त्यस-लाई धनको इच्छा न गर्नु नै ठीक छ । हिलो लगाएर धुनुको अपेक्षा मनुष्यकोलागि त्यसको स्पर्श न गर्नु नै श्रेष्ठ छ ।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥

(गीत ०९ २६)

जो मलाई भक्तिपूर्वक पात, फल, फूल र जल अर्पण गर्छ म त्यो अन्तः करण वशमा भएका व्याक्तिले प्रदान गरेको द्रव्यहरू ग्रहण गर्छु ।

द्रौपदीले र विदुरले भगवान् श्रीकृष्णलाई सागको पात भोजन गराए । गजेन्द्रले कमलको फूलद्वारा विष्णुलाई

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

प्रसन्न गराए । शवरीले आफूले खाएको जूठो बयर भगवान् श्रीरामचन्द्रलाई भोजन गराइन् । ब्रह्माजीले आफ्नो कमण्डलूको जलले वामन भगवान्को पाऊ धुनु भो । यी सबै भक्तले प्रेमले अर्पन गरेका हुनाले भगवान्ले ग्रहण गनुँ भो ।

रत्नाकरस्तव गृहं गृहिणी च पद्मा ।
किं देयमस्ति भवते जगदीश्वराय ॥
राधागृहीतमनसो मनसो ऽस्ति दैन्यम् ।
दत्तं मया मम मनः कृपया गृहाण ॥

हे प्रभु ! रत्नाकर (रत्नको खानी समुद्र) तपाईको घर छ, लक्ष्मी गृहिणी छन्, तपाई स्वयं विश्वको मालिक हुनुहुन्छ, जो तपाई संग छैन त्यस्नो चिज म संग के छ र के चढ़ाऊ ? अँ सम्झे ! एउटा कुरा तपाई संग जरुर छैन, कारण मलाई थाहा छ कि—राधाले तपाईको मन हरण गरेकी छन्, त्यस कारण मन तपाई संग छैन । अतएव मेरो मन तपाईलाइ चढाउछु; कृपया स्वीकार गनुँ होला ।

पन्नगरि ! सुनु प्रेमसम भजन न दूसर आन ।
यह बिचारि मुनि पुनि पुनि करत राम गन गान ॥

(तु० रा० अरण्य० दो० १६)

काक भुशुण्डी भन्दछन् गरुडजी ! सुन्नु होस् प्रेम समान अर्को भजन छैन यो कुरा विचार गरेर मुनिहरू बारंबार रामजीको गुणको कीर्तन गर्दछन् ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

दृष्टान्त–कुनै एक राजा धन धान्यले सम्पन्न र साथै अत्यन्त भोगासक्ति पनि थिए। उनले शाररीक सुखको लागि यथेष्ट दासदासी र मनोरञ्जनका वस्तुहरू सबै जुटाए का थिए। ती राजा यति सोखी थिए कि नित्य पुष्प शय्यामा सुत्तये ।। मालीहरूले राजाको निमित्त नित्य पुष्पको नयां शय्या तयार गर्नु पर्दथ्यो। त्यस्तो कोमल शय्यामा सुत्ता पनि राजालाई रामो निद्रा पर्दैनथ्यो। राजा शय्या तयार गर्ने मालीलाई तैंले तयार गरेको बिछाउनाले मेरो कोमल अङ्ग मा विजाउनको कारण मलाई रामो निन्द्रा पर्दैन भनि हपकाउथे। एक दिन त्यो मालीले विचार गऱ्यो कि मैले त्यस्तो प्रयत्न पूर्वक तयार तुल्याएको बिछाउनाले राजाको गाथमा कसरी विजाउन गयो। राजाले त्यसै दोष दिएको हो कि परीक्ष गरी हेर्नु पऱ्यो भनी ५ मिनेटकोलागि सुत्यो। माली बिछाउनामा सुत्ना साथ उसलाई अत्यन्त आनन्द भयो र निदायो। राजा जब लाफ्नो पुष्प शय्यामा सुत्न भनि गएका थिए त माली आफ्नो बिछाउनामा सुतिरहेको देखे। रालालाई अति क्रोध उत्पन्न भयो र मालीलाई कुटन सम्म कुटे। माली कुटाइको वेदनाले पहिले रोयो र पछि मनमा केही भावना उत्पन्न हुनाको कारण हाँसन लाग्यो। राजाले मालीलाई रुनको र हाँसनको कारण साधे ? माली भन्दछ—सरकार ! मैले आफ्नो बुद्धि—बलले भेटे सम्म अत्यन्त प्रयत्न पूर्वक पुष्पको बिछउना तयार तुल्याउदा पनि प्रभुको कोमल गाथमा के कारणले विजाउन गयो, परीक्षा गरी हेर्नु पऱ्यो भसुनी तेको मात्र थिएँ म निदाइ हालेछु मलाई थाहा नै भएन। त्यो मेरो विराम भनु वा भुल भनौ त्यसकोलागि मैले सय कोर्रा खानु पऱ्यो। त्यो वेदनाले

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

गर्दा म गोएको हुँ, साथै त्यस समयमा मलाई यस्तो लाग्यो कि म केही क्षणको लागि आराम गर्नेले त यतिको दण्ड पाएँ भने हाम्रो राजा नित्य यही विछाउनमा सुकला हुन्छ भने उहाँलाई परमात्माबाट कति दण्ड मिल्ला । यही कारणले गर्दा अर्थात् सरकारको भविष्यलाई संझेर मलाई त्यस्तो कटप्रद समयमा पनि हाँस उठ्यो ।

मालीको कुरा कुनेर राजाको मनमा वैराग्य उत्पन्न भयो र भोलिपल्ट नै उनले आफ्नो लौकिक-तुच्छ धनलाई त्यागी परमात्मा प्राप्तिको मार्गमा लागे । राजालाई पहिले लौकिक-धनले भित्र मनमा कुनै आनन्द प्राप्त भएको थिएन परमात्मा चिन्तनमा लागेपछि उनलाई दिन—प्रति—दिन आनन्द प्राप्ति हुँदै गयो र अन्त्यमा निरतिशय आनन्द समेत प्राप्त भो ।

न चेन्द्रस्य सुखं किंचिन्न सुखं चक्रवर्तिनः ।
सुखमस्ति विरक्तस्य मुनेरेकान्तजीविनः ॥

(भागवत महात्म्य अ. ४ । ७५)

इन्द्रलाई र चक्रवर्ती राजालाई केही पनि सुख छैन सुख त केवल विरक्त, एकान्तजीवी मुनिलाई हुन्छ ।

सुरमंदिरतरुमूलनिवासः, शय्या भूतलमजिनं वासः ।
सर्वपरिग्रह भोगत्यागः, कस्य सुखंन करोति विरागः ॥

(श्रीशङ्कर सूक्तिसुधः चर्पट-पञ्जरिका)

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

एकान्त–देवमन्दिरमा अथवा वृक्षको मूलमा निवास गर्नु, पृथ्वीलाई शय्या बनाउनु एवं मृगचर्मको वस्त्र बनाएर लाउनु र स्त्री, पुत्र, धन, घर आदि सबै प्रकारको परिग्रह–लाई छोडिदिनु, तथा हृदय देखि भोग–वासनालाई सर्वथा परित्याग गर्नु, यही वैराग्यको सच्चा स्वरूप हो। यस्तो निर्मल वैराग्यले कसलाई सुख दिंदैन ?

ऐश्वर्यादि वस्तु ज्ञानीको दृष्टिमा न ग्रहण गर्न योग्य हुन्छ न त्यागन योग्य। जुन ज्ञानी (सम लोष्टा श्म काञ्चन) को स्थितिमा प्राप्त भएको छ उसकोलागि धन भए पनि न भए पनि केही छैन अर्थात् दुवै अवस्थामा उसको एकै स्थिति हुन्छ। केही त्यस्ता ज्ञानीहरूको पनि उल्लेख गर्ने छु। मैले यसै वेदान्त—संग्रहको प्रथम भागमा राजा शिखरध्वजको त्यागको विषयमा लेखेकोछु। शिखरध्वजले सम्पूर्ण परिग्रह–को त्याग गरे तछि आफ्नो देह त्याग्न लाग्दा पनि राजा त्यागी भएनन्। अन्तमा चित्तलाई त्यागे पछि मात्र सर्व त्यागी भए। जति उपदेशहरू र नियमहरू छन् ती सबै साधन अवस्थालाई मात्र भनेको हो साध्यावस्थामा पुगिसके-को ज्ञानीकोलागि होइन। तिनै राजाले ज्ञान प्राप्त गरेर पुनः आफ्नो ऐश्वर्यले पूर्ण भएको राज्य गरे।

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥

(गीत. ६ । ४१)

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Funding

किन्तु यस्तो योग भ्रष्ट योगी ठूला–ठूला पुण्य गर्नेहरूले पाउने स्वर्गादि लोकमा गएर त्यहां धेरै वर्ष सम्म भोग गरेपछि पवित्रात्मा धनवान्को घरमा पैदा हुन्छ ।

अथवा योगिनामेव कुले भवति धीमताम् ।
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥

(गीता० ६।४२)

अथवा ती योग भ्रष्ट पुरुष ज्ञानवान् योगीहरू कै कुलमा जन्म लिन्छन् । यस्तो जो जन्म हो, यो संसारमा अति दुर्लभ छ ।

पवित्रात्मा धनवान् पुरुषलाई भेट्टाउन दुर्लभ छ परन्तु अलभ्य छैन । यहां भगवान्ले दुर्लभ शब्द प्रयोग गर्नु भएकोबाट यो कुराको बोध हुन्छ कि सम्पूर्ण परिग्रहले संपन्न भइकन पनि ज्ञानी भएको पुरुष त विरला नै हुन्छ । चन्दन महगो बेचिन्छ परन्तु किन्न त पाइन्छ ।

एक दिन श्रीशुक देव स्वामी राजा जनक कहाँ ज्ञान सिक्न जानु भएको थियो । देवात, त्यसै समयमा मिथिला पुरीमा ठूलो आगलागी भयो । शुकदेव आफ्नो दण्डा र कमण्डलु आगोले जल्ला भनी टिपन जान लाग्दा राजा जनकले भनेका छन् :—

अनन्तुवत्तु मे वित्तं यन्मे नास्ति हि किञ्चन ।
मिथिलायां प्रदग्धायां न मे दह्यति किञ्चन ॥

Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

मेरो आत्मारूप धन अनन्त छ । त्यसको अन्त कहिले पनि हुन सक्तैन । यो मिथिला जलनाले त मेरो केही पनि जलन सक्दैन ।

राजा अश्वपति वैश्वानरसंज्ञक आत्माको पूरा ज्ञाता थिए । राजा संग त्यो ज्ञान सिक्नको निमित्त उद्दालक मुनि सहित अरू पाँच मुनि प्राचीनशाल, सत्ययज्ञ, इन्द्रद्युम्न, जन, र बुडिल जानु भएको थियो । राजाले ती आगनतु मुनिहरूलाई यथोचित सतकार गरी केही धन दिन लाग्दा मुनिहरूले राजाको धन पवित्र हुँदैन त्यस कारण धन लिन ठीक छैन भनी निश्चय गरी स्वीकार गरेनन् । मुनिहरूले धन ग्रहण गर्न अस्वीकार गरेकाले राजा भन्दछन्—

न मे स्तेनो जनपदे न कदर्यो न मद्यपः नानाहिताग्निर्ना विद्वान्न स्वैरी स्वैरिणी कुतः यक्ष्यमाणो वै भगवन्तोऽहमस्मि याददेकैकस्मा ऋत्विजे धनं दास्यामि तावद्भगवद्भ्यो दास्यामि वसन्तु भगवन्त इति ॥

(छ० ५ । ११ । ५)

मेरो धन राज धन भएर पनि अशुद्ध छैन । किनभने मेरो राज्यमा चोर छैनन् । कृपण पनि छैनन् । मद्य पिउने पनि कोही छैनन् । बिधिवत् अग्निको आधान गरेर हवन नगर्ने पनि कोही छनन् । अविद्वान् पनि छैनन् । कुनै पुरुष पनि व्यभिचारी छैनन् । व्यभिचारिणी स्त्री कहाँबाट हुन् । हे भगवन्तः ! म यज्ञ गर्ने वालाः हुँ जति धन एक-एक ऋत्विक्लाई दिन्छु त्यत्ति नै तपाईहरू प्रत्येकलाई दिनेछु । तपाईहरू सुखले निवास गर्नु होस् ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

जसको हृदय पाषाण तुल्य छ, जो मन्द दृष्टिवाला छ, त्यस्ताको हृदयमा मात्र दयाको अंकर पलाउदैन, त्यस्तै प्रकार प्रचुर भोगहरूमा आसक्त,भौतिक पुरुषार्थ सम्पादनमा मग्न जीविकोपार्जनमा दत्तचित्त तथा इन्द्रिय जयविहीन पुरुषले धन पायो भने त्यो यस्तो गर्छ ।

नदातुं नोपभोक्तुं च शाक्नोति कृपणः श्रियम् ।
किंतु स्पृशति हस्तेन नपुंसक इव स्त्रियम् ॥

कृपणले सुवर्ण हात पऱ्यो भने, त्यो सुवर्ण कसैलाई दिदाँपनि – दिदैन आफूँ पनि त्यसको भोग गर्दैन, केवल हातले नपुंसकले स्वास्नी सुम्सुम्याए झैं सुम्सुम्याई रहन्छ ।

दृष्टान्त— एकदिन लक्ष्मीले मनोहर रूप धारण गरी गाईहरूका बथानमा गइन् । गाईहरूले परम सुन्दरी नारी–लाई देखेर परिचय सोधे । लक्ष्मीले भनिन् – मेरो नाम लक्ष्मी हो, सम्पूर्ण जगत् मेरो कामना गर्दछन् । मेरो आश्रय मा रहेर नै इन्द्र, सूर्य, चन्द्रमा, विष्णु, वरुण तथा अग्नि आदि देवता सदा आनन्द भोगिरहेका छन् । जसकहाँ मेरो वेश हुँदैन, त्यो अत्यन्त दुःखले पीडित भई नष्ट हुन्छ । मेरो प्रभावको जति वर्णन गरे पनि समाप्त हुँदैन । म तिमीहरूका शरीरमा अब निवास गर्छु मलाई स्थान देऊ

गाईहरूले भने — देवी ! तिम्रो अति चञ्चल स्वभाव र स्थिर आसन न हुनाको कारण हामीहरू तिमीलाई आफ्ना शरीरमा स्थान दिदैनौं । लक्ष्मीले ज्यादा नै आग्रह गरिन्

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

त्यो देखि गाईहरूले भने – तिमीलाई हामी आफ्ना शरीर मा त अवश्य पनि स्थान दिने छैनौं, परन्तु तिमीले ज्यादै आग्रह गरेकी हुँदा आजदेखि हाम्रो मल र मूत्रमा निवास गर । लक्ष्मीले गाईको मल र मूत्रमा निवास गर्न पाएकोमा आफूलाई धन्य भाग्य मानिन् ।

यसै कारणले धन प्राप्ति र घर पवित्र होला भन्ने अभिप्राय लिएर दैलो पोत्ने चलन र लक्ष्मीपूजाको दिन बाहिर ढोका देखि भित्र ढुकुटी सम्म गोबरले पोत्ने चलन भएको हो। फेरि अर्को कुरा —

लक्ष्म्याः चित्तस्य चांचल्यं भयं शोकः वधो ऽ पिच ।
भवत्येव महद्दुःखं तस्मात्तां परिवर्जयत् ॥
(आनन्दरामायण सा.३।२१२)

लक्ष्मीदेखि चित्तको चंचलता बढ्दछ, भय बढ्द छ, शोक बढ्द छ, मनुष्यको मरण हुंन्छ र अति ठूलो दुःख हुन्छ । यस कारण लक्ष्मी धन देखि टाढा रहनु पर्छ ।

तितिक्षु ब्राह्मणको दृष्टान्त — प्राचीन कालमा उज्जैनमा बस्ने एक ब्राम्हण थिए । उनले खेती, व्यापार आदि कर्मद्वारा धेरै नै धनको संग्रह गरेका थिए । उनी अत्यन्त कृपण, कामी र लोभी थिए । उनले आफ्नो जाति –बन्धु र अतिथिहरूलाई कहिले मीठो कुरालें समेत प्रसन्न गराएनन्, खवाउनु – पिलाउनुको त के कुरा ? उनको कृपणता र खराब स्वभावको कारण उनको छोरा–छोरी

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

भाइ–बन्धु, पत्नी; नोकर–चाकर आदि सबै दुःखी रहन्थे र मनै–मन अनिष्टचिन्तन गर्दथे । त्यो धनले उनी धर्म पनि गर्दैन थिए न त आफू भोग गर्दथे । उनले यस्तो प्रकारले जीवन व्यातीत गरेकाले केही दिन पश्चात् देवताहरू पनि उनी देखि संतुष्ट न भई उनको धन क्षय् गराउन लागे । ती ब्राम्हणले ठूलो उद्योग र परिश्रमले जम्मा गरेको धन जो थियो , त्यो केही दिनमा नै केही उनका कुटुम्बिहरूले लुटेर लिए, केही चोरले चोरेर लगे, केही आगो लाग्नाले देवी कोपद्वारा नष्ट भो, केही राजाद्वारा हरण भो इत्यादि प्रकारबाट सब धन समाप्त भो । धनका नाशले गर्दा ब्राम्हणलाई ठूलो चिन्ता पऱ्यो । उनको हृदय जलन लाग्यो र साथै मनमा भयानक दुःख उत्पन्न भो । परन्तु यस्तो प्रकारको चिन्ता गर्दा–गर्दै नै उनको मनमा संसारको प्रति महान् दुःख बुद्धि र वैराग्यको उदय भयो ।

ती ब्राम्हण मनै–मनमा भन्न लागे – हाय् ! हाय् ! ठूलो खेदको कुरा हुन गयो, मैले यतिको दिन सम्म व्यर्थ नै आफ्नो बहुमूल्य समय नष्ट गरें । जुन लौकिक–धनको लागि यति परिश्रम गरें, त्यो न त धर्म कर्ममा लगाएँ र न मेरो सुख भोगमा नै काम आयो । प्रायः यस्तो देखिन्छ कि पुरुषलाई धनले कहिले पनि सुख प्राप्त हुँदो रहेनछ । धन कमाउनमा, कमाई सकेपछि, त्यसलाई बढ़ाउनामा, राखनामा एवं खर्च गर्नमा तथा त्यसको नाश उपभोगमा–जहाँ हेऱ्यो त्यहीं निरन्तर परिश्रम, भय, चिन्ता र भ्रमको नै सामना गर्नु पर्छ । चोरी, हिंसा, झूट्टो बोल्नु दम्भ, काम क्रोध, गर्व, अहङ्कार, भेद बुद्धि बैर, अविश्वास, स्पर्द्धा,

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

लम्पटता, जूवा र शराब यी पंद्र अनर्थ मनुष्यमा धनद्वारा नै हुन्छ भनी मानेको छ। यस कारण कल्याणकामी पुरुषले स्वार्थ एवं परमार्थको बिरोधी अर्थनामधारी अनर्थलाई टाडैबाट त्याग गरोस्। भाइ–बन्धु, स्त्री–पुत्र, माता–पिता इत्यादि संग – स्नेहले मेल–मिलापले रहेका हुन्छन्। परन्तु धनकोलागि तिनै एक–अर्काको शत्रु बन्दछन्। केही थोरं धनको निमित्त पनि क्रुद्ध भएर मनुष्य आफ्ना माता, पिता, पुत्र, भाइ, मित्र, स्वामी र सहोदरहरूलाई समेत मार्दछन्। देवताहरूले पनि प्रार्थनीय मनुष्यजन्म उसमा पनि सर्व श्रेष्ठ ब्राम्हणको शरीर प्राप्त गरी कन जो त्यसलाई अनादर गरेर आफ्नो सच्चा स्वार्थपरमार्थलाई नाश गर्छ, त्यो अशुभ गतिमा प्राप्त हुन्छ। यो मानुष्यशरीर मोक्ष र स्वर्गको द्वार हो, यसलाई पाएर पनि यस्तो कुन बुद्धिमान् मनुष्य होला जो अनर्थहरूको धाम धनको चक्करमा पर्छ।

यसमा सन्देह छैन कि अवश्य पनि भगवान् म देखि प्रसन्न हुनु भएछ। त्यसै भएर भगवान्ले मलाई यस्तो अवस्थामा पुऱ्याई दिनु भो र मलाई जगत्को प्रति दुःखबुद्धि र वैराग्य उत्पन्न भो। अब म मेरो शेष आयु परमार्थ चिन्तन मा नै व्यतीत गर्नें छु। इत्यादि कुराको निश्चय गरेर ती तिनिक्षु ब्राम्हण शान्त भएर मौनी संन्यासी बने।

एकः पापानि कुरुते फलं भङ्क्ते महाजनः।
भोक्तारो विप्रमुच्यन्ते कर्ता दोषेण लिप्यते॥

(म०भा०उ० ७।३७।)

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

मनुष्य एकलै पाप गरेर धन कमाउछ र त्यस धनको उपभोग धेरै मानिस गर्दछन् । उपभोग गर्नेहरू ता दोषदेखि छूट्तछन् परन्तु त्यसको कर्ता दोषको भागी हुन्छ ।

नारद मुनि द्वारा वाल्मीकिले यस्तै उपदेश पाएर उनले यही विचार गरे कि म मात्र पापको भागी हुने रहेछु भने अब म पाप कर्म गरी आफ्ना बन्धुवर्गका उदरपूर्ति गराउनको निमित्त लौकिक–धनको संग्रह गर्ने छैन । यही दृढ़ निश्चय उनलाई भयो र उनले तुरुन्त सम्पूर्ण परिग्रहको साथ बन्धुबर्गलाई समेत त्यागी भगवान् श्रीरामचन्द्रको चिन्तनमा लागे र केही कालमा नै उनी ब्रम्ह समान भए । यही कुराहरू सदा काल हामोले पनि आफ्ना हृदयमा धारण गरी तदनुकूल गरेमा ब्रम्ह प्राप्ति मार्ग अति सुगम हुन्छ र केही कालमा नै ब्रम्ह प्राप्ति पनि हुन्छ, यसमा केही संदेह छैन ।



al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

सत् र असत्को विवेचना

सत् उसलाई भन्दछन् जसको अभाव भूत– भविष्य– वर्तमान तीनै कालमा हुंदैन, किन्तु सदा–सर्वदा अखण्ड एक-रूपले रहेको हुन्छ अर्थात् विश्वका जति वस्तुहरू छन् ती सबैको आधाररूपले रहेको मूल–सत्ता नै सत् वस्तु हो। जुन हुनाले नै सबै वस्तुको अस्तित्व छ भन्ने सिद्ध हुन्छ ।

संसारका वस्तुहरू क्षण–परिणामी छन् क्षण–क्षणमा तिनको परिवर्तन भइरहन्छ, पूर्वरूपलाई छोडेर रूपान्तरमा गइरहन्छन्, तिनको नाम र कार्य पनि बदलिन्छ। यसरी दृश्य जगत्को ढाँचा अविरामगतिले बदलिदा पनि नबदलिने सत्ताचैतन्यरूप आत्मा नैं सत् पादार्थ हो।

क्षणपरिणामिनो हि सर्वे भावा ऋते चितिशक्तेः ।

चैतन्यशक्ति बाहेक सबै वस्तुहरू क्षण भङ्गुर छन्। क्षण भङ्गुर वस्तुहरूको स्वतन्त्र सत्ता हुंदैन, यस कारण

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

विचार दृष्टिले हेर्दा तिनको अस्तित्व पनि छैन । जसको स्वतन्त्र अस्तित्व हुँदैन त्यो असत् हुन्छ, असत्वस्तु भूत-भविष्य – वर्तमान तीनै कालमा हुँदैन ।

आदावन्ते च यन्नास्ति वर्तमाने ऽ पितत्तथा ।

जो पहिले थिएन, पछि पनि रहँदैन, माझमा मात्र देखिन्छ त्यसको त्यो देखिनु सत्य होइन, खालि वस्तुको कार्यात्मक परिवर्तन मात्र हो । किन भने त्यस बेलामा देखिएको नाम र रूप स्थायी छैन, किन्तु कालान्तरमा अर्कै रूपमा परिवर्तन हुनेवाला छ । जो दृष्ट–नष्ट स्वभाववाला छ, जसको नाम र रूप बराबर बदलिन्छ, जो एकदम अस्थिर छ, तथा परिणामी प्रकृतिको धारामा द्रुतगतिले बगिरहेको छ, त्यो सत्य हुनसक्तैन, किन्तु जहाँ यो प्रकृतिको नृत्यलीला भइरहेको छ, त्यही ब्रह्म नै सत्य हो । जसको सत्तालै वस्तुमा अस्तित्व आएको छ तथा जसको सत्तालाई पाएर विश्वजननी प्रकृति पनि चेतन जस्तै भएर सबै काम नियमित रूपले गर्दछिन् ।

मानिसको शरीर जन्मे र मरेकोबाट पनि यो सिद्ध हुन्छ कि मानिस जन्मनु भन्दा अगाडि पनि देखिदैन र शरीरको अन्त भएपछि पनि देखिदैन केवल बीचमा मात्र देखिदो रहेछ । परन्तु यस्तो दर्शनशास्त्रको एउटा शिद्धान्त छ कि जुन वस्तु आदिमा र अन्तसम्म रहँदैन केवल बीचमा देखिन्छ भने त्यो नाशवान् हो त्यो सत्य होइन । यस कारण मनुष्य शरीर लगायत सब दृश्य जगत् पनि बीचमा मात्र

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding.

देखिन आएको हुँदा अवश्य पनि नाशवान् हुन् । यिनको अधिष्ठान स्वरूप ब्रम्ह मात्र एउटा सत् छ ।

उक्त विषय अत्यन्तै सूक्ष्म हुनाले कैयौं ठूला–ठूला विद्वान् पनि सत्ता र प्रकृतिको विश्लेषण गर्न नसकी यसमा घुमिरहन्छन् र प्रकृति नै सबै गर्ने गराउने स्वतन्त्र सत्ता हो, यसदेखि पर अर्को छैन भनी भन्दछन् । यसैले भगवान् श्रीकृष्णले भन्नु भएको छ–

नासतो विद्यते भावो ना भावो विद्यते सतः ।
उभयोरपि दृष्टो ऽ न्तस्त्वनयोस्तत्वदर्शिभिः ॥

(गीता० २ । १६)

असत् वस्तु नित्य र एकै रूपमा रहिरहँदैन, सत्को भने कहिले अभाव हुँदैन । सत्–असत् यी दुवैको मर्म तत्व–ज्ञानीले जानेका हुन्छन् ।

जसरी जल तरङ्ग फिंजमा व्याप्त छ, त्यस्तै सत् आत्मा पनि सर्वत्र व्याप्त छ, ऊ नभएको ठाऊ नै काही छैन । यहाँ केही शंका उत्पन्न हुन जान्छ कि सत् स्वरूप आत्मा सर्वत्र व्याप्त छ भने यो दृश्य सांसारिक वस्तु त क्षणिक र नाशवान् भएको हुँदा यसको नाश भएपछि त्यस को पनि नाश हुन पर्ने ? आत्मा निराधार भएको हुँदा उस-को नाश हुँदैन के घर भत्किदैमा घरको पतिको नाश हुन्छ भन्न सकिन्छ, त्यस्तो घर त ऊ जति भए पनि बनाउन सक्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कार्यरूप शरीर नष्ठ हुँदामा पनि कारणरूप जीव रहिनै रहन्छ भने आत्मामा कसैको कार्य र कारणपन दुवै देखिदैन भने दृश्य वस्तुको नाश हुँदा उसको कसरी नाश हुन्छ। अनादि सिद्ध वस्तुको कारण हुंदैन, आत्मा पनि अनादि सिद्ध हुनाले कारण रहित छ; अतएव कारण नाशद्वारा यसको नाश हुंदैन। सच्चिदानन्दस्वरूप आत्माको कार्य छैन, मिथ्याजगत् कार्य हुनै सक्तैन। यसैले कार्य नाशद्वारा पनि आत्माको नाश हुंदैन ॥

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding.

इन्द्रिय निग्रह

प्राचीन कालका ऋषि मुनिहरू विचार र तप अदिले सम्पन्न थिए । त्यस्ता महापुरुषका मनलाई समेत काम र इन्द्रियहरूले आफ्नो वश पारेको थियो । यस कुरामा जैमिनि, पराशर, विश्वामित्र तथा सौभरि आदि ऋषिहरूका कथा प्रसिद्ध छन्, भने जो महात्मा युवतीलाई चेली हुन् भनेर आफ्नो साथैमा राख्तछन् तिनको के गत होला ?

आरूढपतिते दत्तमन्यायोपहृतं च यत् ।

(म० भा० व० २०० । ६)

जो वानप्रस्थ अथवा संन्यास आश्रमबाट पुनः गृहस्थ आश्रममा फर्केर आउछ, त्यसलाई आरुढ–पतित भनिन्छ । त्यसलाई दिएको दान व्यर्थ हुन्छ । त्यो दानले दातालाई केही पनि पुण्य लाग्दैन । महा भारत शान्ति पर्व (२६।२९)

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Funding

मा यस्तो भनेको छ– आफ्नो धर्मदेखि पतित भएको मानिसलाई जो धन दान दिन्छ, त्यो मरेपछि सय वर्ष सम्म विष्टा भोजन गर्छ ।

एतावानात्मविजय : पञ्चवर्गविनिग्रहः ।

(म० भा० शा० ६६ । ५)

श्रोत्र आदि पाँच इन्द्रियहरूलाई वशमा राख्नु नै मन माथि विजय प्राप्त गर्नु हो ।

नोदकक्लिन्नगात्रस्तु स्नात इत्यभिधीयते ।
स स्नातो यो दमस्नात : स बाह्याभ्यन्तरेशुचि ॥

(म० भा० अ० १०८ । ६)

शरीरलाई केवल पानीले भिजाउनाले मात्र स्नान भनिदैन । सच्चा स्नान त उसले गऱ्यो, जसले मन र इन्द्रियको संयमरूपी जलमा गोता लगाएको छ , त्यसलाई नै बाहिर र भित्र पनि पवित्र भएको मानिएको छ ।

नह्यवश्येन्द्रियो राज्यमश्नीयाद् दीर्घमन्तरम् ।
विजितात्मा तु मेधावी स राज्यमभिपालयेत् ॥

(म० भा० उद्योग)

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

गान्धारी आफ्नो पुत्र दुर्योधनलाई भन्दछिन् — जसले आफ्नो इन्द्रियलाई वशमा गरेको छैन, त्यो दीर्घकाल सम्म राज्य उपभोग गर्न सक्तैन । जसले आफ्नो मनलाई जीतेको छ, त्यो मेधाबी पुरुष नै राज्यको रक्षा गर्न सक्छ ।

यततो ह्यपि कौन्तेय ! पुरुषस्य विपश्चितः ।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥

(गीता० २।६०)

हे अर्जुन ! यत्नशील विद्वान् पुरुषका मनलाई पनि बलवान् इन्द्रियहरूले जवरजस्ति खिचेर विषयमा लगेर फसाइदिन्छन् ।

मात्रा स्वस्रा दुहित्रा वा न विविक्तासनो भवेत् ।
बलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति ॥

(भागवत्)

आमा, बहिनी, छोरी भए ता पनि उनीहरूका साथ धेरै दिनसम्म एकान्तमा दुइ जना मात्र नबस्नु, किन भने इन्द्रियका फौज अति बलवान् छन्, विद्वान्हरूलाई पनि तानेर आफ्ना वशमा गराउँदछन् ।

इत्यादि कुराको विचार गर्दा हामीले सर्वप्रथम इन्द्रिय रूपी शत्रुहरू माथि विजय प्राप्त गर्नु परेको छ । केवल बाहिरिया शत्रुहरूलाई मात्र विजय गर्नाले त्यो सर्वजित् हुन सक्तैन । यही कुरालाई लिएर भगवान् भन्नु हुन्छ :—

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

तानि सर्वाणि संयम्म युक्त आसीत मत्परः ।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥

(गीता० २।६१)

योगी पहिले ती सबै इन्द्रियलाई वश गरेर मत्परायण होस्, किन भने जसको इन्द्रिय वश छ, त्यसैको बुद्धि स्थिर हुन्छ ।

आत्मा जेयः सदा राज्ञा ततो जेयाश्च शत्रवः ।
अजितात्मा नरपतिर्विजयेत कथं रिपून् ॥

(म०भा० शां०६९.४)

राजाले प्रथम आत्मा (देह – इन्द्रिय मनको संघात) लाई जित्न पर्छ र त्यसपछि मात्र शत्रुलाई जित्ने चेष्टा गर्नु पर्छ । जसले आफ्नो आत्म जित्न सकेको छन त्यस राजाले शत्रुलाई कसरी जित्न सक्ला ?

दृष्टान्त—अलर्क नाम गरेका एक प्रसिद्ध वीर राजा थिए । उनले आफ्नो धनुषको सहायताले समुद्रपर्यन्त पृथ्वी-लाई जीतिकन अत्यन्त दुष्कर पराक्रम देखाएका थिए । पछि उनले यस्तो विचार गरे कि जब सम्म म आफ्नो मन, बुद्धि र इन्द्रियहरू माथि विजय प्राप्त गर्न सक्तिन, केवल बाहिरीया शत्रुहरू माथि मात्र विजयी हुनाले म कसरी सर्व-जित् हुन सक्छु ? इत्यादि कुराको विचार गरेर उनी सूक्ष्म तत्वको खोजी गर्न लागे । एक वृक्षको मूनि गएर बसी सूक्ष्म तत्वको खोजीको लागि यस्तो प्रकारको चिन्ता गर्न लागे ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

अलर्कले भने—मलाई मनदेखि नै बल प्राप्त भएको हो, अतः त्यही सबभन्दा प्रबल छ। मनलाई जीतनाले मात्र मलाई स्थायी विजय प्राप्त हुन सक्छ। म इन्द्रियरूपी शत्रुहरूद्वारा घेरामा परेको छु, यसकारण बाहिरीया शत्रुहरू माथि युद्ध न गरी भित्री शत्रुहरू माथि नै आफ्नो वाणको निशाना बनाउँदछु। यो मन चञ्चलताको कारण सबै मानिसलाई भिन्न-भिन्न कर्म गराउन लगाउँद छ, अतः अब म मन माथि नै तीखो वाणको प्रहार गर्छु।

मनले भन्यो—अलर्क! तिम्रो यो वाण मलाई कुनै प्रकारले पनि लाग्न सक्तैन। यदि वाणको प्रहार गऱ्यौ भने तिम्रै नै मर्मस्थानलाई छेड्दछ र तिम्रो नै मृत्यु हुन्छ, अतः अन्य कुनै वाणको विचार गर, जसको द्वारा तिमी मलाई मार्न सक्ने छौ। यो कुरा सुनेर अलर्कले केही समय सम्म विचार गरे, त्यस पछि उनले नासिकाको लक्ष्य गरेर भने — मेरो यो नासिका अनेक प्रकारको सुगन्धहरू अनुभव गरेर पनि फेरि निनीहरूको नै इच्छा गर्छ; यसकारण यसलाई तीखो वाणले मार्दछु।

नासिकाले भन्यो— अलर्क! यो वाणले मेरो केही पनि हानि गर्न सक्तैन। यसले त तिम्रो नै मर्म विदीर्ण हुनेछ र तिमी नै मर्नेछौ, अतः मलाई मार्नको लागि कुनै अर्को किसिमको वाणको बन्दवस्त गर।

अलर्कले क्षण भर विचार गरी जिह्वाको लक्ष्य गरेर भने— यो जीभ्रो स्वादिष्ट पदार्थहरूको उपभोग गरेर

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

पनि फेरि तिनलाई नै इच्छा गर्छ । यस कारण अब जीभो माथि तीखो वाण प्रहार गर्छु ।

जीभोले भन्यो-- अलर्क ! यो वाणले मलाई प्वाल पार्न सक्तैन । यसले त तिम्रो नै मर्म स्थानलाई प्वाल पारी तिमीलाई नै मार्दछ; अतः अर्को प्रकारको वाणको प्रबन्ध गर, जसको सहयोगले तिमी मलाई मार्न सक्ने छौ ।

यो कुरा सुनेर अलर्कले केही समय विचार गरी त्वचा माथि कुपित भएर भने— यो छाला नाना प्रकारको स्पर्श-हरू अनुभव गरेर पनि नितीहरूका पुनः अभिलाषा गरेर रहन्छ, अतः वाण प्रहार गरी यसलाई मार्दछु ।

त्वचाले भन्यो-- अलर्क ! यो वाणले मेरो नाश गर्न सक्तैन । यसले त तिम्रो नै मर्म विदीर्ण गर्छ र तिम्रो मृत्यु तुल्याउँछ मलाई मार्नको निमित्त त अर्क प्रकारको वाणको वन्दवस्त गर ।

यो कुरा सुनेर अलर्कले केही समय सम्म विचार गरी नेत्र माथि कुपित भई भने— यो आँखा पनि अनेक पटक सुन्दर-सुन्दर रूपहरूलाई दर्शन गरीकन पनि पुनः तिनी-हरूलाई नै हेर्न इच्छा गर्छ, अतः यसलाई वाण प्रहार गर्छु ।

आँखाले भन्यो-- अलर्क ! यो वाणले मलाई केही हानि गर्न सक्तैन, उल्टो तिम्रो नै मृत्यु हुन जानेछ; अतः अर्को प्रकारको सहायता लिने प्रबन्ध गर, जसको सहायता ले तिमी मलाई मार्न सक्ने छौं ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

तब अलर्कले पुनः विचार गरेर भने– यो बुद्धि आफ्नो प्रज्ञा–शक्तिले अनेक प्रकारको निश्चय गर्छ, अतः यसैको माथि आफ्नो तीक्ष्ण बाण प्रहार गर्छु ।

बुद्धिले भनी— अलर्क ! यो बाणले मलाई स्पर्श पनि गर्न सक्तैन । यसबाट तिम्रो नै मर्मस्थानमा चोट पर्न जान्छ र तिमी नै मर्दछौ । जसको सहायताले तिमी मलाई मार्न सक्तछौ, त्यो बाण त अर्कैं छ । त्यस विषयमा विचार गर ।

तदनन्तर अलर्कले त्यही वृक्षको तल बसेर घोर तपस्या गरे; किन्तु त्यताबाट पनि मन, बुद्धि र इन्द्रियहरूलाई मार्ने योग्य कुनै उत्तम बाण प्राप्त हुन सकेन । तब उनी एकाग्रचित गरेर विचार गर्न लागे । धेर दिन सम्म निरन्तर विचार गर्नाले उनलाई योग भन्दा ठूलो अर्को कुनै कल्याणकारी साधन प्रतीत हुन सकेन । अनि मनलाईएकाग्र गरी स्थिर आसनमा बसी ध्यानयोगको साधन गर्न लागे । यो एक ध्यान बाण प्रहार गरेर उनले इन्द्रियहरूलाई परास्त गरे । ध्यानयोगकोद्वारा आत्मामा स्थित भई मन र बुद्धिलाई समेत परास्त गरी मोक्ष प्राप्त गरे । यस कुराबाट यो ज्ञात हुन्छ कि ध्यान गरेमा मात्र सर्वजित् हुन सकिन्छ र साथै मोक्ष समेत प्राप्त गर्न सकिन्छ ।

अर्को एक दृष्टान्त–एक समय कुनै अपराधमा पकडिएका ब्राम्हणलाई दण्ड दिदै राजा जनकले भने–ब्राम्हण ! तपाई मेरो राज्यदेखि बाहिर गएर बस्नु होस् । यो कुरा सुनेर ती ब्राम्हणले राजालाई उत्तर दिए–महाराज ! भन्नु होस्, तपाईका अधिकारमा कति राज्य छन् ? यस कुरालाई

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

जानेर म शास्त्रको अनुसार तपाईको आज्ञा पालन गर्नको लागि अर्कै राजाको राज्यमा निवास गर्नलाई चेष्टा गर्ने छु ।

ती ब्राम्हणको त्यस्तो कुरा सुनेर राजा जनकले केही उत्तर दिन सकेनन् । केही समय पश्चात् राजाले भने– ब्राम्हण ! यद्यपि बाबु-बाजेको समयदेखि नै मिथिला-प्रान्तको राज्यमा मेरो अधिकार छ तथापि जब म विचार दृष्टिले हेर्दछु त सारा पृथ्वीमा खोजदा खेरी पनि कहीं मलाई आफ्नो राज्य देखिएन । जब पृथ्वीमा आफ्नो राज्यको पता पाउन सकिन अनि मैले मिथिलामा खोज गरें । जब त्यहां– बाट पनि निराश भएपछि आफ्नो प्रजामाथि आफ्नो अधि– कारको पता लगाएँ; किन्तु तिनीहरू माथि आफ्नो अधि– कारको निश्चय भएन । अन्त्यमा मलाई यो निश्चय भयो कि मेरो राज्य कहीं पनि छैन अथवा सर्वत्र मेरं नै राज्य हो । एक दृष्टिबाट यो शरीर पनि मेरो होइन र अर्को दृष्टिबाट सारा पृथ्वी नै मेरो हो । यो जुन प्रकारले मेरो हो त्यस्तै प्रकारले अर्कोको पनि हो; यस कारण अब तपाईको जहाँ इच्छा छ रहनु होस् ।

ब्राम्हणले भने–राजन ! जब बाबु–बाजेको पाला देखिन नै मिथिला–प्रान्तको राज्य माथि तपाईको अधिकार छ भने भन्नुहोस्, कुन विचारले तपाईले राज्यको प्रति ममता त्याग दिनु भयो ? कुन बुद्धिको आश्रय लिएर तपाई सर्वत्र आफ्नो राज्य मान्नु हुन्छ र कुन प्रकारले कहीं पनि आफ्नो मान्नु हुन्न ?

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

जनकले भने–ब्रम्हन् ! यस संसारमा कर्मको अनुसार प्राप्त हुने सबै अवस्थाहरूका कुनै—न—कुनै दिन अन्त हुन जान्छ, यो कुरा मलाई रामो प्रकारले थाहा छ । वेदले पनि भनेको छ— यो कसको वस्तु हो ? यो कसको धन हो ? (अर्थात् कसैको पनि होइन) यस कारण जब म आफ्नो बुद्धिले विचार गर्छु त कुनै पनि वस्तु जान्नमा आउदैन जसलाई म आफ्नो भनौं । यस बिचारले मैले मिथिलाको राज्यमा आफ्नो ममत्व त्याग गरेको छु । अब जुन बुद्धिको आश्रय लिएर म सर्वत्र आफ्नो राज्य सम्झन्छु, त्यो सुन्नु होस् । म आफ्नो नाकमा पर्ने आएको सुगन्ध पनि आफ्नो सुखको लागि ग्रहण गर्न इच्छा गर्दिन । यस कारण मैले पृथ्वीलाई जीतेर लिएको छु र सदा उनी मेरो वशमा रहन्छिन् । मुखमा परेको रसहरूलाई म आफ्नो तृप्तिको आस्वादन गर्न चाहन्न, यस कारण जल–तत्त्व माथि पनि मैले विजय प्राप्त गरेको छु र त्यो सदा मेरो अधीनमा रहन्छ । यस्तै प्रकारले नेत्रको विषयभूत रूप र ज्योति को, त्वक–इन्द्रियलाई प्राप्त भएको स्पर्शको, श्रवणगोचर शब्दहरूका र मनमा आएका मन्तव्य विषयहरूका पनि आफ्नो सुखको लागि अनुभव गर्न चाहन्न । यस कारण मैले तेज, वायु, आकाश र मनलाई पनि जीतेको छु तथा ती सबै मेरो वशमा रहन्छन् । मेरो प्रत्येक कार्यको आरम्भ देवता, पितर र अतिथिहरूका निमित्त हुन्छ ।

राजा जनकको यो कुरा सुनेर ब्राह्मणले भने—राजन् ! अब मलाई निश्चय भयो कि संसारमा सत्त्वगुण रूप घेराले घेरीएको र कहिले पछिल्तिर नफर्किने ब्रह्म–प्राप्तिरूप

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

दुर्निवार–चक्रको सञ्चालन गर्नेवाला एक मात्र तपाई नै हुनुहुन्छ ।

कुनै कविले इन्द्रिय निग्रह गर्ने विषयमा यस्तो भनेका छन्—

मदन परिहर स्थितिं मदीये
मनसि मुकुन्दपदारविन्दधाम्नि ।
हरनयनकृशानुना कृशोऽसि
स्मरसि न चक्रपराक्रमं मुरारेः ॥

हे काम ! भगवान्को चरणकमल रहने ठाऊ मेरो हृदयलाई छोडिदे । शंकरको आँखाबाट निस्केको अग्निको ज्वालाले त्यो दशा भइरहेछ, फेरि भगवान् मुरारिको सुदर्शनचक्रको फेला पर्लास् ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

आत्म हत्यारा

कुनै वस्तु पाएर त्यसलाई सदुपयोगमा लगाउन जो सक्तैन वस्तु प्रति त्यो अनधिकारी र अयोग्य ठहरिन्छ। त्यो पुरुषलाई अन्य मूल्य हीन वस्तु दिइन्छ र कम श्रेणिमा राखिन्छ। त्यस्तै सर्व श्रेष्ठ मनुष्य शरीर पाएर पनि परमात्मालाई प्राप्त गर्न प्रयत्न गर्दैन भने त्यो मनुष्य देहको अयोग्य हो र त्यसलाई कुकुर, शूकर आदि योनिमा भगवान्‌ले नियुक्त गर्नु हुन्छ।

लब्ध्वा कथञ्चिन्नरजन्म दुर्लभं
तत्रापि पुंस्त्वं श्रुतिपारदर्शनम्।
यः स्वात्ममुक्तौ न यतेत मूढ धीः
स ह्यात्महा स्वं विनिहन्त्यसद्ग्रहात्॥

(विवेक-चूडामणि. ४)

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

कुनै प्रकारले यस दुर्लभ मनुष्य—जन्मलाई पाएर त्यसमा पनि जसमा श्रुतिको सिद्धान्तको ज्ञान हुन्छ यस्तो पुरुषत्व पाएर, जो मूढबुद्धि आफ्नो आत्माको मुक्तिको प्रयत्न गर्दैन, त्यो निश्चय पनि आत्मघाती हो; त्यो असत्—संसारमा आस्था राख्नको कारण आफूलाई नष्ट गर्छ।

आह्लादरूपता यस्य सुषुप्ते सर्वसाक्षिक।
तत्रोपेक्षा भवेद्यस्य तदन्यः स्यात् पशुःकथम् ॥

(वेदान्तसिद्धान्तमुक्तावली ३६)

जसको आनन्दरूपता सुषुप्तिमा सबलाई प्रतीत हुन्छ, त्यस आत्मालाई जो उपेक्षा गर्छ, त्यस भन्दा अर्को पशु को होला।

एक मेवामुना साध्यं ज्ञानं यत्स्वस्वरूपदृम्।
तद्विनातु पशुभ्यश्च नरो हीनतरो मतः ॥

(आनन्दरामायण म०क. ४।१३६)

यस शरीरलाई आत्माको स्वरूप चिन्नको साधनमा लगाउन सकिन्छ यदि यो काम गरिएन भने त्यो मनुष्य—लाई पशु भन्दा पनि हीन मानिन्छ।

अद्वितीयब्रह्मतत्वं न जानंति यदा तदा।
भ्रांता एवाखिलास्तेषां क्व मुक्तिः क्वेह वा सुखम् ॥

(पंचदशी० ६।२१७)

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

जबसम्म अद्वितीय ब्रह्मतत्व जान्दैन तबसम्म सब भ्रांत नै हो, त्यसको मुक्ति कहाँ ? अथवा यस लोकमा सुख कहाँ ?

ये कैवल्यमसम्प्राप्ता ये चातीताश्च मूढताम् ।
त्रैवर्गिका ह्यक्षणिका आत्मनं घातयन्ति ते ॥

(भागवत० ११।५।१६)

जुन मानिसहरुले आत्मज्ञान सम्पादन गरेर कैवल्य-मोक्ष प्राप्त गरेका छैनन् र जो पूरा-पूरा मूर्ख पनि छैनन्, ती अधूरा न यताका न उताका । तिनीहरु धर्म, अर्थ, काम—यी तीनका पुरुषार्थमा भुलेरहेका हुन्छन्, एक क्षणको निमित्त पनि तिनलाई शान्ति मिल्दैन । तिनीहरू आफ्ना हातले आफ्ने गोडामा हानिराखेका छन् । यस्ता मानिसहरूलाई आत्माघाती भनिन्छ ।

जो न तरै भवसागर, नर समाज अस पाइ ।
सो कृत निंदक मंदमति, आत्माहन-गति जाइ ॥

(तु० रा० उ० दो० ६७)

जो यस्तो दुर्लभ नर देह पाएर पनि भवसागर बाट पार हुनलाई प्रयत्न गर्दैन भने त्यो जस्तो अर्को मूर्ख को होला ? शास्त्रले यस्तो मनुष्यलाई कृतघ्न र आत्महत्यारा बताएको छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

मनुष जन्महि पायके, चुके अवकी घात ।
जाय परे भवचक्रमे, सहे घनेरी लात ॥

मनुष्य जन्म पाइएको यो समयमा पनि परमात्मालाई यदि प्राप्त गर्न सकिएन भने चौरासी योनिमा परी अनेकौं कष्ट भोग्नु पर्ने छ ।

नृदेहमाद्यं सुलभं सुदुर्लभं
प्लवं सुकल्पं गुरुकर्णधारम् ।
मयानुकूलेन न भस्वतेरितं
पुमान् भवाब्धिं न तरेत् स आत्महा ॥

(भागवत० ११ । २० । १७)

यो मनुष्य शरीर समस्त शुभ फलहरूलाई प्राप्ति गर्नमा मुख्य छ र अत्यन्त दुर्लभ भएर पनि अनायास सुलभ भएको छ । यस संसार–सागरदेखि पार जानको लागि यो एउटा सुदृढ़ नौका हो । जसमा गुरु कर्णधार (माँझी) छन् तथा जो मेरो अनुकूलतारूपी हावाले प्रेरित छ । यस अवस्थामा जसले संसार–समुद्र तर्दैन, त्यो आत्मघातीहो ।

योऽन्यथा सन्तमात्मानमन्यथा प्रतिपद्यते ।
किन्न तेन कृतं पापं चौरेणात्मापहारिणा ॥

जो अन्य प्रकार (निर्विकार) ले रहेको आत्मालाई अन्य प्रकार (सविकार) रूपले जान्दछ, त्यो आत्मापहरी (आत्मालाई सत्य पथबाट खसाल्ने) चोरले के पाप गरेन ?

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

अतः आत्मोद्धारै परम कर्तव्य हो, आफूलाई जान्नु नै सबै भन्दा ठूलो पुण्य हो, आफूलाई नजान्नु नै सबै भन्दा ठूलो पाप हो ।

बृद्धिको अंतमा क्षय, उन्नतिको अंतमा पतन, संयोग-को अंतमा वियोग, प्रेमको अंतमा तिरस्कार रागको अंतमा विराग तथा जन्मको अंतमा मरण, यही नै संसारको व्यवस्था हो भन्ने कुरालाई जानेर, सुनेर, पढ़ेर पनि सदाको लागि जन्म—मरणदेखि छुटनको खोजी गर्दैन भने त्यो भन्दा मूर्ख अर्को ससारमा कोही छैन ।

दृष्टान्त-कुनै राजा अत्यन्त दयावान्, धनवान् तथा प्रजा पालनमा कुशल थिए । ती राजादेखि सबै प्रजा खूब खुसी थिए । त्यत्रो ठूलो सम्पत्तिको मालिक भएर पनि सन्तान न भएकोले उनलाई अति शोक थियो ।

धिग्जीवितं प्रजाहीनं धिग्गृहं च प्रजांविना ।
धिग्धनं चानपत्यस्य धिक्कुलं संतति विना ॥

(भागवत महात्म्य अ० ४ । २९)

पुत्रहीनलाई उत्तम गति प्राप्त हुँदैन भन्ने इत्यादि कुरालाई थाहा पाएका हुँदा, उनले पुत्र प्राप्तिको निमित्त देवताको प्रार्थना र पुत्रेष्टियज्ञ समेत गरे। उनको वृद्धाव-स्थामा एक पुत्रको जन्म भो । पुत्र जन्मेको खुसियालीमा

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

उनले ब्राम्हण, गरीब, आफ्ना नोकर-चाकर आदिलाई खूब धन दिए। यहाँ सम्म भो कि नगरमा निर्धन नै कुनै भएनन् ।

जब राजाले सबैलाई धन दिइसकेका थिए, तब राजा-को एक जना च्यामे राजाको अगाडि आयो र दण्डवत् गऱ्यो। त्यो नत्थूराम च्यामेलाई देखेर भने— के तँले इनाम पाइनस ? नत्थूराम च्यामेले भन्यो— सरकार ! प्रभु-बाट मलाई कुनै इनाम निगाह भएको छैन, यो कुरा सुनेर राजा तुरुन्त खोपी भित्र गएर एउटा सुनको बाटा जसमा हिरा मोती जडिएका थिए, त्यो ल्याएर च्यामेलाई दिए। च्यामेले त्यो अमूल्य बाटा पाएकोमा अत्यन्त हर्षित भई राजालाई दण्डवत् गरी घर आयो र त्यो बाटा आफ्नी स्वा-स्नी च्यामिनीलाई दियो। च्यामिनीले त्यस्तो रामो बाटा पाएकोमा अत्यन्त प्रसन्न भई त्यसले भनी आज भने एक घार्नी वोजन भएको टोकरी पाइयो। त्यसले विचार गरी अब यसै टोकरीमा राज दरवारको मलमूत्र फोहर आदि उठाई हाल्ने छु। यस्तो विचार गरी त्यो च्यामिनीले त्यस बाटामा प्रतिदिन मलमूत्र उठाई हाल्न प्रारम्भ गरी। जुन बखतमा त्यो च्यामिनी त्यस बाटालाई शिरमा राखी हिड्द थी, त्यस बखत त्यो आफ्नो कमर मरकाएर हिडद थी। च्यामिनीलाई यस्तो घमण्ड थियो कि जुन टोकरी म सग छ, त्यस्तो प्रकारका टोकरी आज कुनै ससारका च्या-मिनीहरू संग छैन। केही दिन पश्चात् राजाले अचानक

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

आफ्नो अगाडि दीन हीन अवस्थामा त्यो च्यामेलाई देखेर राजाले भने-- नत्यूराम ! अझ पनि तँ कंगाल नै छस् यो किन ? भले त तँलाई एउटा यस्तो बाटा दिएको थिएँ, जसको कीमतले तँ र तेरा समस्त परिवारलाई जीवन भर आनन्दले बसी-बसी खान पुग्ने थियो । च्यामेले भन्यो-- ठीक हो महाराज हजूरले निगाह भएको बाटा अति सुन्दर र खूब बलियो छ म र मेरी स्त्रीले त्यस बाटालाई मलमूत्र उठाउने काममा प्रयोग गरेका छौं । जुन दिन हजूरबाट निगाह भएको बाटालाई काममा प्रयोग गरूँ, त्यस दिनदेखि अन्य कुनै टोकरीको नै जरुरत परेको छैन, तर केही पुरानो भने अवश्य भएको छ । राजालाई यति बिन्ती गरी च्यामे च्यामिनीले बडारि राखेको ठाऊमा गयो र त्यो बाटा लिई पुनः राजाको समीपमा आयो र बिन्ती गऱ्यो । सरकारबाट निगाह भएको टोकरी यही हो । राजाले हीरा मोतीले जडेको सुवर्णको बाटामा मलमूत्र हाली वस्तुको दुरुपयोग गरेको देखेर विचार गरे कि यसले माल पाएर पनि चाल पाएन भने यो वस्तुको अनधिकारी हो भनी बाटा च्यामेको हातदेखि खोसेर लिए र त्यसको सट्टा टोकरी दिए ।

सिद्धान्त-परमात्मा रूपी राजाले जीवरूपी च्यामेलाई बहु मूल्य बाटा रूपी सर्व श्रेष्ठ मनुष्य देह परमात्माप्राप्त गर्ने साधनमा लगाओस् भनी दिएका हुन् । परन्तु त्यस मानवले कायारूपी बाटालाई केवल विषय भोग राग, द्वेष आदि मलमूत्रमा मात्र भुलेर जीर्ण तुलाई सकेको र परमात्मा प्राप्ति

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

साधनमा न लगाएको देखेर राजाले त्यो जीवलाई तँ मनुष्य योनि धारण गर्न योग्य रहिन्छस । तेरो योग्य शरीर त कुकुर शूकर आदि मात्र हो भनी बाटा रूपी सर्व श्रेष्ठ मनुष्य शरीर लिएर तुच्छ टोकरी रूपी कुकुरको योनिमा नियुक्त गर्दछन् ।

मानिसको शरीर नै सम्पूर्ण साधनाको धाम हो यो नर शरीरले जुन सुकै साधना पनि गर्न सक्छ । जति साधनहरू छन् यही नरदेहमा नै रहन्छन्,अन्य देहमा होइन । नर देह नै मोक्षको द्वार हो र त्यस द्वार भित्र प्रवेश गर्ने सामर्थ्य नर देहलाई नै छ । प्राचीन कालदेखि लिएर आज सम्म जसले इन्द्रपद प्राप्त गरे, अष्टसिद्धि प्राप्त गरे, सप्तर्षिको पदमा पुगे, चिरञ्जीवि बने, चारै प्रकारका मुक्तिलाई समेत हाँशिल गरे भने यस्तो शक्तिशाली साधनाको घर नर देह पाएको समयमा पनि हामीले परमात्मालाई प्राप्त गराउने साधना आदिलाई भुलेर कुकम गर्नमा नै प्रवृत्त हुन्छौं भने हामा जस्तो आत्म हत्यरा अर्को को होला ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

जगद्गुरु भगवान् श्रीशङ्कराचार्यको संक्षिप्त-जीवन-चरित्र

दक्षिण देशको सुरम्य केरल प्रदेशको अन्तर्गत कालटी नामको ग्राममा बस्ने शिव भक्त, धर्मनिष्ठ, वेदशास्त्र-पारङ्गत 'शिवगुरु' ब्राम्हण उहाँको पिताजीको नाम हो र माताको नाम सती देवी हो।

भगवान् श्रीशङ्कराचार्यजीले एक वर्षको आयुमा नै आफ्नो मातृ—भाषा संस्कृतमा कुराकानी गर्नु भो, दुइ वर्षको आयुमा माताको शिक्षाले समस्त पुराण एवं महा भारत आदि शास्त्रलाई कण्ठस्थ पार्न लाग्नु भो, पाँच वर्षको आयुमा उपनयन कर्म भयो र उहाँ गुरु संग वेदादि शास्त्र-हरूको अध्ययन गर्नको निमित्त जानु भो।

दुइ वर्षमा नै समस्त वेदशास्त्रहरूको अध्ययन समाप्त गर्नु भो र अनेकौं छात्रहरूलाई विद्या पढ़ाउन लाग्नु भो।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

केरल देशको राज़ाले उहाँको कीर्ति सुनेर मन्त्रीको हातमा धेरै धन भेट दिई पठाएर आफू कहाँ डाकेका थिए, परन्तु उहांले त्यो सब धन फर्काएर पठाइदिनु भो, तर आफू जानु भएन। राजा स्वयं श्रीशङ्कराचार्य कहाँ गएर शिष्य बने।

आठ वर्षको उमेरमा नै उहाँले संन्यास लिने विचार गर्नु भो र माता संग आज्ञा माग्नु भो, परन्तु माताले आज्ञा दिनु भएन। एक दिन उहां आफ्नी माताको साथ नदीमा स्नान गर्न भनेर जानु भो, र त्यहाँ आफ्नो अद्भुत योग-शक्तिले एउटा विचित्र दृश्य देखाउनु भो, कि एउटा ग्राहले आफ्नों खुट्टामा समातेर पानीभित्र तानिराखेको, आफू भने डूबन लागेको। त्यस समयमा शङ्करले आफ्नी आमालाई भन्नु भो कि–हे माता ! यदि तपाईले मलाई संन्यासी हुन आज्ञा दिनु भो भने म ग्राहबाट छुटकरा पाउन सक्छु। आफ्नो एक मात्र पुत्रको मृत्युको भयले गर्दा माताले तत्का-लमा नै पुत्रलाई संन्यास लिन आज्ञा दिनु भो। शङ्करले किनारा माथि आएर आफ्नी मातालाई उपदेश दिनु भो, त्यो यही हो।

प्रबलानिलवेगवेल्लित ध्वजचीनांशुककोटिचञ्चले अपि मूढमति : कलेवरे, कुरुते क : स्थिरबुद्धिमम्विके कति नाम सुता न लालिताः, कति वा नेह वधुरभञ्जिहि क्कनु ते क्क च ता : क्क वा वयं, भवसङ्गःखलु पान्थसङ्गमः भ्रमतां भव-वर्त्मनि भ्रमा न्नहिकिञ्चत्सुखमम्ब ! लक्षये तदवाप्य चतुर्थं-माश्रमं, प्रयतिष्ये भवबन्धमुक्तये ॥

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

माता ! प्रवल वायुका वेगले हल्लिएको ध्वजाको रेशम क़पडाको टुप्पो झैं चञ्चल शरीरलाई पनि कुन मूर्खले स्थिर हो भन्ने संझला। कति छोराहरू हुर्काइयो, कति बुहारीहरू ब्यहोरियो तर ती छोरा बुहारी कहाँ गए। हामीहरू कहाँ ? संसारको भेट-घाट बटुवा सितको जस्तो हो। माता ! संसारमा भ्रमबाट चक्कर खाइरहेकालाई केही सुख देखिदैंन। त्यस कारण संसारको बन्धन छटाउन संन्यास आश्रम लिएर यत्न गर्छु

यस्तो प्रकार संग आफ्नी मातालाई उपदेश दिएर, एवं माताको योगक्षेम (न भएको वस्तु दिने र भएको वस्तुको रक्षा गर्ने) प्रबन्ध गरी विदा लिएर नर्मदातटनिवासी श्रोत्रिय—ब्रम्हनिष्ठ श्रीगोविन्द भगवत्पादाचार्यजीको समीपमा गएर संन्यासको दीक्षा लिनु भो। गुरुले उहाँको नाम श्रीशङ्कर राख्नु भो।

केही समय सम्म उहाँ गुरुको सेवामा रहनु भो र गुरुले बताएको योगसाधन गरी पूर्ण सिद्धयोगी हुनु भो। एक दिन उहाँको गुरु समाधिमा हुनुहुन्थ्यो, त्यसै समयमा ठूलोवर्षा हुनाको कारण नर्मदातटका वासिन्दाहरूका गृहतथा आश्रम समेत पानीले डुबाउन लागेको थियो, लोक डरले व्याकूल भई त्राहि-त्राहि भनी कराउन लागेका थिए। त्यस अवसरमा शङ्कराचार्यले दुनियाँको दुःख हटाउनको निमित्त सानो कमण्डलुमा सबै जल भर्नु भो। जब वहांको गुरु समाधिबाट उठनु भो, तब शङ्करको दिव्यप्रभावलाई देखेर अति प्रसन्न हुनु भो। गुरुले योगदृष्टिद्वारा देख्नु भो कि साक्षत् भगवान् महादेव नै अवतार लिएर मेरो शिष्य बन्नु

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

भएको रहेछ। गुरुले त्यस दिन देखि आफूलाई धन्य समझनु भो।

शङ्कराचार्यले गुरुको आज्ञाले ब्रम्हसूत्र (वेदान्तदर्शन) को अद्वैत शारीरिक-भाष्यको रचना गर्नु भो। त्यसपछि उहाँ विश्वनाथपुरी काशी जानु भो र त्यहाँ वैदिक धर्मको विरोधिहरूलाई हराएर वैदिक अद्वैत-सिद्धान्तको प्रचुर-प्रचार गर्नु भो, जो कि आज पनि त्यो सिद्धान्त काशीमा अक्षुण्णरूपले विद्यमान छ। एक दिन भगवान् श्रीविश्व-नाथजी चाण्डालको भेष लिई उहाँको अगाडि प्रकट हुनु भो र उहाँ संग वादविवाद गर्नु भो। उहाँले भेषधारी भगवान् विश्वनाथलाई चिन्नु भो। अनि भगवान् विश्वनाथले उहाँ-लाई अफ्नो स्वरूपको दर्शन दिएर समस्त भारत वर्षमा वैदिक-धर्म प्रचार गर्ने आज्ञा दिनु भो।

त्यस्तै किसिमले विष्णुको अवतार भगवान् वेदव्यासले उहाँको अगाडि ब्राम्हाणको रूपमा प्रकट भएर उहाँ संग शास्त्रार्थ गर्नु भो, पश्चात् जब आफ्नो योगदृष्टिद्वारा व्यास-जीलाई चिन्नु भो र उहाँको स्तुति गरी शङ्कराचार्यले आफूले रचना गरेको ब्रम्हसूत्र-भाष्यलाई देखाउनु भो। व्यासजी पनि अत्यन्त प्रसन्न भएर भन्न लाग्नु भो कि-साक्षात् शङ्कर महादेवको अतिरिक्त मेरो कठिन ब्रम्हसूत्रको वास्तविक आशयलाई अरू कसैले जान्न सक्तैनन्, अतः यस्तो प्रकारको यथार्थ भाष्य लेख्ने तपाई साक्षात् महादेवको अवतार श्रीशङ्कर हुनुहुन्छ। तत्पश्चात् व्यासजीले ब्रम्ह-सूत्रको अद्वैत भाष्य प्रचार गर्ने आज्ञा दिनु भै शङ्करको

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

आयु १६ वर्षबाट ३२ वर्ष सम्म को आयु वरदान दिएर अन्तर्ध्यान हुनु भो ।

तत्पश्चात् शङ्करले समस्त भारत वर्षको कुना–कुनामा भ्रमणगरेर नास्तिक मतलाई खण्डन गरी वदिक अद्वैत सिद्धान्तको प्रचार गर्नु भो र त्यसको अतिरिक्त चारै कुनामा चार विभिन्न मठ स्थापना गर्नु भो, एवं काशी–काञ्ची आदि स्थलहरूमा पनि मठहरू स्थापना गर्नु भो ।

केही समय शङ्कर वदरिकाश्रमको ज्योतिर्मठमा रहनु भो । त्यहाँ गौडपादाचार्यको दर्शन गर्नु भो । उनैको आज्ञाले शङ्करले ईश, केन, आदि दश उपनिषद्, गौडपादकारिका तथा श्रीमद्भागवदगीताको अद्वैत भाष्य लेख्नु भो । त्यसको अतिरिक्त विष्णुसहस्त्रनाम भाष्य, सनत्सुजातीय भाष्य एवं उपदेशसाहस्त्री, विवेक–चूडामणि आदि अन्य ग्रन्थ तथा कति रोचक स्तोत्र लेख्नु भो । जो आज पनि जगत्मा सूर्यका समान विद्यमान र चम्किरहेछन्; जसद्वारा मनुष्य जातिको महान कल्याण भइरहेकोछ ।

शङ्कर संग सैकडौं, संन्यासी, ब्रम्हचारी आदि अद्वैत भाष्यहरूको अध्ययन गर्दै थे । त्यस समय शङ्करको शिष्य–मण्डलीमा एक सनन्दन नामका प्रधान शिष्य थिए, जसलाई उहाँले आफ्नो समग्र भाष्यहरू तीनपटक पढाउनु भएको थियो । एक दिन उहांले गङ्गापारी बस्ने त्यस सनन्दन शिष्यलाई शीघ्र नै आफू कहाँ आउन डाक्नु भो । त्यस समय गुरुकहाँ जानको लगि नौका आदि केही पनि साधन थिएन, अनि अ-

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

नन्य गुरु भक्त सनन्दनले आफ्नो मनमा यस्तो प्रकारको विचार गर्न लागे—

संतारिका ऽ नवधिसंसृतिसागरस्य,
किं तारयेन्न सरितः गुरुपादभक्तिः ।

बिशाल भवसागरबाट पार लगाउन सक्ने गुरु भक्तिले के नदीबाट पार लगाउन सकोइन ?

यस्तो दृढ निश्चयगरेर तत्काल नै ती शिष्य गङ्गाजीमा हामफाले , भगवती गङ्गाजीले पनि ती शिष्यको विशुद्ध– गुरु भक्ति एवं अपूर्व साहसलाइ देखेर प्रसन्न हुनु भो , र तिनको प्रत्येक पादहरूको तल स्वर्णमय कमल लगाई दिनु भो । तिनले ती कमलहरू माथि टेकेर निर्विघ्न साथ गुरुदेव कहाँ पुगे । गुरुदेव भगवान् शङ्करस्वामी शिष्यको अलौकिक श्रद्धा भक्तिलाई देखेर अति प्रसन्न हुनु भो । त्यस दिनदेखि ती शिष्यको नाम पद्मपाद राख्नु भो । तिनै शिष्य पछि गोवर्धन पीठको प्रधान पदमा आरूढ भएर पञ्चपादिका आदि ग्रन्थ– हरूको रचना गरेर पद्मपादाचार्य नामले प्रसिद्ध भएका थिए ।

तत्पश्चात् शङ्करले पुनः भारतमा भ्रमण गरी, शेष रहेको आफ्ना विरोधी द्वैतवादिहरूलाई शास्त्रार्थमा हराई केवल अद्वैत सिद्धान्त एवं भग बद्भक्ति प्रचर प्रचार गर्नु भो ।

एक दिन शङ्कर भिक्षा माग्नको निमित्त नगरमा गइरहनु भएको थियो, त्यहां एक बूढ़ा ब्राह्मणले व्याकरणको

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

'डुकृञ् करणे' धातु कण्ठस्थ पारिरहेको देख्नु भो। त्यसै समय तीं ब्राह्मणलाई उपदेश दिन लाग्नु भो। उहाँले उपदेश गर्नु भएका श्लोकहरू जम्मा १६ छन्, तिनमा यहाँ एकै श्लोकको मात्र वर्णन गरिन्छ।

प्राप्ते सन्निहिते मरणे, नहि नहि रक्षति डुकृञ् करणे
भज गोविन्दं भज गोविन्दं, गोविन्दं भज मूढमते ! ॥

हे मूढ बुद्धिवाला ! अब तँ बूढो भईस्, मृत्यु पनि समीप नै आइसकेको छ, मृत्युको समयमा 'डुकृञ् करणे' धातुले तेरो रक्षा गर्दैन। अतः तँ यो व्यर्थको लटपट तिर नलागेर भगवान् श्रीगोविन्दको एकाग्र मनले निरन्तर भजन गर।

त्यस समय नर्मदातट निवासी एक मण्डनमिश्र नामका बडा भारी विद्वान् थिए। उनी पूर्वमीमाँस शास्त्रको पूर्ण विद्वान् र अनुयायी थिए। उनले बनाएका (विधिविवेक) आदि ग्रन्थरत्न आज पनि विद्यमान छन्। उनलाई आफ्नो पाण्डित्यको पूरा अभिमान थियो, उनी समझन्थे कि–म समान पृथ्वीमा अरू कोही पनि विद्वान् छैनन्।

यस वृत्तान्तलाई सुनेर शास्त्रार्थकेसरी आचार्य शङ्कर–स्वामी तत्काल नै आफ्नो योगसिद्धिको प्रभावले आकाशमार्ग द्वारा उनको बन्द गृहको भित्र पुग्नु भो। मण्डनमिश्र भित्र श्राद्ध गरिरहेका थिए। शङ्कराचार्यले उनी संग शास्त्रार्थको भिक्षा माग्नु भो। उनी पनि त्यस्तै चहान्थे। दुवैमा यो प्रतिज्ञा भयो कि शास्त्रार्थमा जो पराजित हुन्छ त्यो विजेता-

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

को शिष्य बन्ने, दुवैमा शास्त्रार्थ हुन निश्चित भयो र दुवैको सम्मतिले मिश्रकी धर्मपत्नी प्रसिद्ध विदुषी सरस्वतीलाई मध्यस्थ पदमा नियुक्त गरे । जो साक्षात् सरस्वतीको अवतार थिइन् । दुवैको कण्ठमा पुष्प–माला पइराई कन सरस्वती भन्न लागिन कि—जो हार्दछ उसको कण्ठको माला सूकेर जान्छ । शास्त्रार्थ प्रारम्भ भो । मण्डनमिश्र द्वैतवादलाई अनेक प्रमाण एवं युक्तिहरूद्वारा सिद्ध गर्दथे, र श्रीशङ्करस्वामी त्यसलाई खण्डन गरी अद्वैतवादलाई प्रबल–अकाट्य—युक्ति—तर्क प्रमाणादिले समर्थन गर्दथे । आखिर सात दिन पछि मण्डनमिश्रको कण्ठको माला सूकन गयो । मण्डनमिश्रले आफ्नो हार स्वीकार गरी द्वैतवादलाई छोडने निश्चय गरे । आफ्नो प्रतिज्ञाको अनुसार उनी श्रीशङ्करस्वामीको संन्यासी शिष्य बने । शङ्करले उनलाई संन्यासाश्रमको (सुरेश्वर) यस्तो नाम राख्नु भो । उनले गुरुदेवको आज्ञाले बृहदारण्यकोपनिषत् आदिको अद्वैत शङ्कर—भाष्यहरू माथि विद्वत्तापूर्ण बृहत्–वार्तिक ग्रन्थ लेखे, तथा नैष्यकर्म्य–सिद्धि आदि अनेक अद्वैत–वेदान्तको स्वतन्त्र ग्रन्थ पनि रचना गरे । जसको आज पनि सर्वत्र प्रचार छ तिनै पश्चात् शृङ्गेरी पीठको प्रधान पदमा आरूढ़ भएर ! सुरेश्वराचार्य वार्तिककार विश्वरूप भारती आदि नामले प्रसिद्ध भए ।

त्यस समय सरस्वतीको साथमा पनि शङ्करको शास्त्रार्थ भयो, ता पनि परकायाप्रवेश आदि योगसिद्धिहरूको प्रभावले शङ्करले सरस्वतीलाई समेत परास्त गराउनु भो ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

यस पछि शङ्कराचार्यको समीप गिरि नाम गरेका साधन चतुष्टय सम्पन्न एक शिष्य आए। उनलाई संन्यास-दीक्षाको समयमा शङ्करको महावाक्यको उपदेश सुन्ना साथ नै समाधि लागेको थियो। उनी गुरु सेवाको समयमा समाधि देखि जागा हुन्थे एवं अन्य समयमा भने प्रायः समाधिस्थ नै भइरहन्थे। यद्यपि उनले प्रथम विशेष केही पढ़े लेखेका थिएनन्, तथापि गुरुको दिव्य कृपा-कटाक्षले नै सम्पूर्ण वेद-शास्त्रहरूमा पारङ्गत धुरन्धर विद्वान् हुन गए। उनले बनाएका तोटक आदि ग्रन्थ आज पनि विद्यमान छन्। पश्चात् उनी ज्योतिः-पीठको प्रधान पदमा आरुढ़ भएर 'तोटकाचार्य्य' 'आनन्दगिरि' 'सिद्धगुरु' आदि नाम ले प्रसिद्ध भए।

भारतको यस यात्रामा एक दिन शङ्कर एक ठाऊमा समाधिमा बस्नु भएको थियो, त्यस समय उहाँलाई योगदृष्टि द्वारा यस्तो भान हुन गयो कि आफ्नी वृद्धा-माताको मृत्यु समय निकट आइसकेकोछ, माताले मलाई सम्झिरहनु भएको छ, अतः माताको समीप जानु मेरो परम आवश्यक कर्म हो। यस्तो विचार गरेर उहाँले आफ्नो मण्डलीको कार्य भार पद्मपादाचार्यजीलाई सुम्पेर शीघ्र नै आकाशमार्ग द्वारा माताको समीपमा पुग्नु भो। मातालाई नमस्कारादि गरेर माताको इच्छानुसार उहांले भगवान् विष्णुको साक्षात्कार गराई दिई मातालाई सदाको लागि वैकुण्ठ-धाममा पठाइ-दिनु भो। अनि आफू आफ्नो मण्डलीमा आउनु भो।

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

प्रभाकर नाम गरेका धर्मज्ञ एवं शास्त्रज्ञ ब्राह्मण थिए। उनको हस्तामलक नाम गरेका पुत्र थिए। ती बालक जन्म देखिन नै जडको समान थिए। जब आचार्य श्री शंकर स्वामी आफ्नो मण्डलो सहित भ्रमण गर्दै श्रीबली ग्राममा पुग्नु भो, तब प्रभाकरले आफ्नो जड पुत्र हस्तामलकलाई लिएर शंकर कहाँ गए। ती बालकको शिर समाती शंकरको चरणमा ढोगाई दिए। बालक चरणमा नै पडिरहे, उठेनन्। जब श्रीशंकरले बालकको हात समातेर उठाउनु भो, तब प्रभाकर भन्न लागे— हे भगवन्! यो मेरो पुत्रलाई जडता किन प्राप्त भयो? यसको जन्म भएको १३ वर्ष भइसक्यो,तथापि यो अझ केही पनि बुझ्दैन। यसले न त वेदादि शास्त्र नै पढ्यो, न त कुन अक्षर नै लेख्न जान्द छ। तै पनि मैले यसको यज्ञोपवीत गरी दिएँ। केटा केटीहरूले खेल्न बोला— उँदा पनि खेल्न जाँदैन। धेरै जसो केटा केटीहरूले यसलाई जड देखेर कुटदछन्, तै पनि यसलाई क्रोध आउँदैन। सदा प्रसन्न रहन्छ। कहिले भोजन गर्छ र कहिले गर्दैन। मैले भनेको मान्दैन, स्वेच्छाचारी भई मस्त रहन्छ र आफ्नो प्रारब्धले बढ्द छ।

बालकको मौन, प्रसन्न एवं योगमयी मुखद्रालाई देखेर श्री शंकरले उनलाई सम्बोधन गरेर सोधनु भो—

कस्त्वं शिशो ! कस्य कुतो ऽ सि गन्ता,
किं नाम ते त्वं कुत आगतो ऽ सि ।
एतन्मयोक्तं वद चार्भक ! त्वं,
मत्प्रीतये प्रीतिविवर्धनो ऽ सि ॥

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

हे शिशु ! तिमी को हौ ? कसको बच्चा हौ ? कहाँ जान्छौ ? तिम्रो नाम क्या हो ? कहाँबाट आयौ ? मेरो प्रसन्नताको लागि मैले गरेका यी पश्नहरूको उत्तर देऊ, तिमी मेरो प्रसन्नता।लाई बढ़ाउनेवाला हौ ।

शङ्करको प्रश्नको उत्तरमा ती बालकले १४ श्लोकहरू–द्वारा आफूलाई शुद्ध स्वरूपको परिचय दिए । त्यस मध्ये एक श्लोकको मात्र यहाँ वर्णन गरिन्छ ।

ना ऽ हं मनुष्यो न च देवयक्षौ,
न ब्राम्हणक्षत्रियवैश्यशूद्राः ।
न ब्रम्हचारी न गृही वनस्थो,
भिक्षु र्न चाहं निजबोधरूपः ॥

म मनुष्य होइन, देवता र यक्ष पनि होइन, ब्राम्हण, क्षत्रिय, वैश्य एवं शूद्र पनि होइन, ब्रम्हचारी, गृहस्थ, वान-प्रस्थ एवं संन्यासी पनि होइन, किन्तु ज्ञानस्वरूप, असङ्ग, आत्मा हुँ । यस कारण म कसैको पनि होइन, म देखि अतिरिक्त अरू केही छैन, अचल व्यापक—स्वरूप मेरो चेतनमा आउनु–जान पनि कहाँ ? नाम रहितको नाम पनि कहाँ ? यही उत्तर तपाईको प्रसन्नताको कारण हुनेछ ।

बालकले उत्तर दिएका ती श्लोकहरू आज पनि (हस्तामलकस्तोत्र) को नामले प्रसिद्ध छन् । आफनो पुत्र-को अद्भुत चमत्कारलाई देखेर पिता प्रभाकरले पुत्रलाई शङ्करको चरणमा समर्पण गरे । शङ्करले ती बालकलाई

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

पूर्ण सिद्धयोगी भनी जानेर संन्यास–दीक्षाले विभूषित गरि दिनु भो । तिनै बालक पश्चात् शारदपीठको प्रधान पदमा आरूढ़ भएर हस्तामलकाचार्य्य नामले विख्यात भए ।

एक दिन शङ्कर कहाँ एक तान्त्रिक कापालिक आयो । एकान्तमा त्यसले उहाँ संग याचना गऱ्यो कि हे भगवन् ! हे स्वामिन् ! मेरो एक प्रार्थना छ त्यो तपाई पूर्ण गरिदिनु होस् । तपाई मनोवाञ्छित फल दिने कल्पवृक्ष हुनुहुन्छ । तपाईको समीपमा आएर कोही पनि विफल मनोरथ हुँदैनन् । तपाई परमोदार महाविरक्त एवं जगद्गुरु हुनुहुन्छ, तपाईको परोपकारमय जीवन छ, अतः मलाई पूर्ण विश्वास छ कि–मेरो अभिलाषा तपाई बाट अवश्य पनि पूर्ण हुनेछ ।

कापालिकाको प्रार्थना सुनेर श्रीशङ्कर स्वामीले उसलाई भन्नु भो कि– भन तिम्रो के अभिलाषा छ ? तब कापालिकले भन्न लाग्यो कि – कृपानिधान ! म यस जीवित देहले महाकैलास जान चाहन्छु । यस कारण मैले एउटा याग (यज्ञ) गरेको छु । त्यो याग तब सिद्ध हुन सक्दछ कि–– जब एक चक्रवर्ती राजाको शिर अथवा पूर्ण सिद्ध–योगीश्वर महापुरुष को शिरको बलि दिनु पर्छ । हे करुणा सागर ! म जस्तो दीनको लागि चक्रवर्ती राजाको शिर प्राप्त हुनु सर्वथा असम्भव छ । मलाई यो पूर्ण विश्वास छ कि–तपाई जस्तो पूर्ण योगीश्वरले नै मेरो यस कठोर प्रार्थनालाई स्वीकार गरी मेरो मनोरथलाई सफल गराउन सक्नु हुने छ । किन भने तपाई जस्तो महापुरुषको दृष्टिमा यो देहादि प्रपञ्च तुच्छ एवं मिथ्या छ । मैले सुनेको छु कि– तपाईको

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

सदुपदेश पनि यस्तै नै हुन्छ, मैले तपाईको समान अरू कुनै पूर्ण सिद्धयोगीश्वर छन् भनी न सुनेको छु न त देखेको नै छु. अतः मेरो यो अभिलाषालाई तपाईल अवश्य पूर्ण गरिदिनु हुंन्छ भन्ने आशामा छु। यति भनी कापालिक चुप लाग्यो।

कापालिकको यस दीनतामयी प्रार्थनाले याचक कल्पतरु दयालु भगवान् श्रीशङ्कर स्वामीजीको कोमल हृदयद्रवीभूत भो।

उहाँले तत्काल नै परम-निर्भयताको साथ भनिदिनु भो कि—हुन्छ, तिमी भोलि प्रातः काल तीन बजे यहाँ चुप-चाप आउनु र मेरो शिरलाई काटेर लिएर जानु। खूब होसियारी रहू कि – मेरा यस शिष्य मण्डलमा थाहा न होस्, नत्र भने तिनीहरूले विघ्न गर्नेछन्।

शंकरको यस्तो परमोदार वचनहरूलाई सुनेर कापालिक अत्यन्त प्रसन्न भयो, र त्यो भोलिपल्ट ठीक नियत समयमा उहाँकहाँ पुग्यो। त्यस समयमा उहाँले सिद्धासन लगाएर सम्पूर्ण इन्द्रिय तथा प्राणलाई रोकेर निर्विकल्प समाधिमा रहनु भएको थियो, त्यो कापालिक शस्त्र उठाएर उहाँको शीर काटनको लागि तयार भएको थियो। त्यो समयमा उहाँको शिष्य पद्मपादाचार्य्य नृसिंह भगवान्को ध्यान गरिरहेका थिए. ध्यानको समयमा उनलाई यस्तो भान भयो कि-मेरो गुरुदेवको शिर कापालिकले काटन लागेको छ, शीघ्र नै उनी गुरुदेवको समीपमा पुगे, र त्यहाँ त्यस्तो नै दृश्य देखे। तत्काल नै पद्मपादाचार्य्यजीले

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

(लक्ष्मीनृसिंह मम देहि करावलम्बम्) इत्यादि १३ श्लोक-हरूले नृसिंह भगवान्को स्तुति गरे। त्यो स्तोत्र (लक्ष्मी-नृसिंहस्तोत्र) को नामले आज पनि प्रसिद्ध छ। यस स्तोत्रको अनुष्ठानले महान् भन्दा पनि महान् सङ्कटलाई नाश गर्छ। स्तुतिको प्रभावले भगवान् नृसिंह तुरुन्त प्रकट हुनु भो, र कापालिकालाई नै मारिदिनु भो, पश्चात् पद्मपादाचार्य्यजीले समाधिबाट गुरुलाई जाग्रत गरे। यो वृत्तान्त जानेर शंकर (हरे रिच्छाबलीयसी) यस्तो भनेर चुप हुनु भो।

शंकर आफ्नो मण्डली सहित बदरीको आश्रममा जानु भो। शिष्य मण्डलोलाई उहाँले आफ्नो यो अन्तिम प्रस्थान को समय हो भनी पहिले नै सूचना दिनु भएको थियो। भारतका संन्यासी, ब्राम्हण, क्षत्रिय, राजा, महाराजा, सेठ, साहूकार पादि यत्र–तत्रबाट शंकरको अन्तिम दर्शन गर्नको लागि गएका थिए। सबैका हार्दिक अन्तिम् सदुपदेशको जिज्ञासाको प्रार्थना सुनेर शंकरले (वेदोनित्यमधीयताम्) आदि पाँच श्लोकको उपदेश गरी सबैको समक्ष आफू अन्तर्ध्यान हुनु भो ,जुन सदुपदेश आज पनि (उपदेश-पञ्चक) को नामले संसारमा सर्वत्र प्रसिद्ध छ।



al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

गुरु र शास्त्र

प्राचीन कालदेखि लिएर आजसम्म जो ज्ञानी र जीवन मुक्त भए, ती गुरु कृपा र शास्त्र कृपाद्वारा नै भएका हुन् । पारसमणिले केबल फलामलाई सुन तुल्याउन त सक्तछ परन्तु आफू जस्तो पारसमणि नै तुल्याउने शक्तिउसमा छन। गुरुले शिष्यलाई आफू समान गुणवान्, शीलवान्, ज्ञानी इत्यादि तुल्याउन सक्नको कारण गुरु पारसमणि भन्दा पनि श्रेष्ठ हुन्।

भगवान् श्रीरामचन्द्र र भगवान् श्रीकृष्णचन्द्रले समेत गुरुकुलमा बसी विद्या अध्ययन गर्नु भो। राम र कृष्णले गुरुको आज्ञा पालन गर्न र सेवा गर्नमा कुनै कुरा पनि बाँकी राख्नु भएन। सत्यकाम, उपकोसल, पद्मपादाचार्य आदि गुरु भक्तहरूले गुरुको सेवा र आज्ञा पलन गरेर नै गुरुद्वारा जीवन्मुक्त हुने ज्ञान प्राप्त गरेका हुन्।

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

गुरुर्ब्रम्हा गुरुर्विष्णु र्गुरुर्देवो महेश्वरः ।
गुरुःसाक्षात् परब्रम्ह. तस्मै श्रीगुरवे नमः ॥
अखंडमण्डलाकारं व्याप्तं येन चराचरम् ।
तत्पदं दर्शितं येनतस्मै श्रीगुरुवे नमः ॥

ब्रम्हा, विष्णु, महेश्वर र ब्रम्ह मबै गुरु नै हुन्. ती गुरुलाई नमस्कार छ। जा अखण्ड मण्डलाकार आत्माले सम्पूर्ण चराचरलाई व्याप्त गरेको छ, त्यो पदको दर्शन गराई दिने ती गुरुलाई मेरो नमस्कार छ।

पितृवृत्या त्विमं लोकं मातृवृत्या तथा परम् ।
ब्रम्हलोकं गुरोर्वृत्या नियमेन तरिष्यसि ॥

(म०भा०शा० १०८।८)

पिताको सेवाले यस लोकलाई जीत्न सकिन्छ, माताको सेवाले परलोकलाई तथा नियमपूर्व गुरुको सेवा गरेकोबाट ब्रम्हलोकलाई समेत नाघन सकिन्छ।

गुशब्दस्त्वन्धकारो ऽस्ति रुशब्दस्तन्निरोधकः ।
अन्धकारनिरोधित्वाद्गुरुरित्यभिधीयते ॥

(अद्वयावतारकोपनिषद्)

गु अर्थात् अंधकार र रु अर्थात् त्यसको नाश गर्ने भएको प्रकाश गुरु भनिन्छ। ती गुरु नै अंधकारलाई नाश गर्दछन्।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

वेदान्ते परमं गुह्यं पुराकल्पे प्रचोदितम् ।
नाप्रशान्ताय दातव्यं नापुत्रायाशिष्याय वा पुनः ॥
(श्वेताश्वत ६।६ २२)

उपनिषद्हरूमा परमं गुह्य यस विद्याको पूर्वकालमा उपदेश गरिएको थियो । जसको चित्त अत्यन्त अशान्त (रागादिमलसहित) छ त्यस पुरुषलाई तथा जो पुत्र या शिष्य न होस त्यसलाई दिन हुँदैन ।

यस्य देवे परा भक्तिर्यथा देवे तथा गुरौ ।
तस्यैते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः ।
प्रकाशन्ते महात्मनः ॥
(श्वेताश्वत ६।६।२३)

जसको परमेश्वरमा अत्यन्त भक्ति छ र जस्तै परमेश्वर मा छ उस्तै नै गुरुमा पनि छ भने त्यस महात्मा प्रति मात्र नै यी तत्वहरूका प्रकाश हुन्छन् ।

गुरु बिनु भवनिधि तरै न कोई । जौं विरंचि संकर सम होई
(तु. रा. उत्तर. दो. १४३।५)

संतारिका ऽनबधिसंसृतिसागरस्य
किं तारयेन्न सरितं गुरुपादभक्तिः ।

विशाल भवसागरबाट पार लगाउन सक्ने गुरु भक्तिले के नदीबाट पार लगाउन सकोइन ?

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

ॐ सुकेशा च भारद्वाजः शैब्यश्च सत्यकामः
सौर्यायणी च गार्ग्यः कौसल्यश्चाश्वलायनो भार्गवो
वैदर्भिः कबन्धी कात्यायनस्ते ब्रह्मपरा ब्रह्मनिष्ठाः
परं ब्रह्मान्वेषमाणा एष ह वै तत्सर्वं वक्ष्यतीति ते
ह समित्पाणयो भगवन्तं पिप्पलादमुपसन्नाः ॥

(प्रश्नोपनिषद् ० १।१)

भरद्वाजनन्दन सुकेशा, शिबिकुमार सत्यकाम, गर्गगोत्र मा उत्पन्न भएका सौर्यायणि, अश्वलकुमार कौसल्य, कबन्धी र भार्गव—यी अपर ब्रह्मको उपासना गर्ने भएका तदनुकूल अनुष्ठानमा तत्पर छ ऋषिगण परब्रम्हको जिज्ञासु भएर भगवान् पिप्पलादले हामीलाई उक्त विषयमा सबै थोक बताई दिनु हुनेछ भनी हातमा समिधा लिएर गए।

तान्ह स ऋषिरुवाच भूय एव तपसा ब्रम्हचर्येण
श्रद्धया संवत्सरं संवत्स्यथ यथाकामं प्रश्ना
न्पृच्छत यदि विज्ञास्यामः सर्वं ह वो वक्ष्याम इति ॥

(प्रश्नोपनिषद् ० १।२)

तिनीहरूलाई, ती ऋषिले भने— तिमीहरू तपस्या, ब्रम्हचर्य र श्रद्धाले युक्त भएर एक वर्ष यहाँ वस,अनि आफ्ना इच्छानुसार प्रश्न गर्नु, यदि मैले जानेको भए तिमीहरूलाई सबै बताई दिनेछु।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥

(गीता० ४।३४)

त्यो ज्ञान जान्नको निमित्त ज्ञानीहरूलाई प्रणाम गर, उनीहरूको सेवा टहल गर, श्रद्धापूर्वक उनीहरूलाई सोध पूछ गर । त्यसो गऱ्यौ भने तत्व जान्ने ज्ञानी मुनिहरूले तिमीलाई अवश्य ज्ञानको उपदेश गर्नेछन् ।

दुर्वारसंसारदवाग्नितप्तं दोधूयमानं दुरदृष्टवातैः ।
भीतं प्रपन्नं परिपाहि मृत्योः शरण्यमन्यं यदहं न जाने ॥

(विवेक—चूडामणि ० ३८)

जसद्वारा छुटकारा पाउन अति कठिन छ त्यस संसार–दावानलदेखि दग्ध तथा दुर्भाग्यरुप प्रबल प्रभञ्जन (आँधी) ले अत्यन्त कम्पित र भय भीत भएको म शरणागतलाई तपाई मृत्युदेखि रक्षा गर्नु होस्; किन भने यस समयमा मलाई शरण दिनीवाला अरू कोही जान्दिन ।

कथं तरेयं भवसिन्धुमेतं का वा गतिर्मे कतमोऽस्त्युपायः ।
जाने न किञ्चित्कृपयाव मां भोः संसारदुःखक्षतिमातनुष्व ॥

(विवेक—चूडामणि० ४२)

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Funding

म यस संसार-समुद्रलाई कसरी तरुँला ? मेरो के गति होला ? त्यसको के उपाय छ ? यो म केही पनि जान्दिन। हे प्रभो ! कृपया मेरो रक्षा गर्नु होस् र मेरो संसार-दुःख-लाई क्षय हुने आयोजन गर्नु होस्।

जबालको पुत्र सत्यकामलाई ब्रम्हचय पूर्वक गुरुकुलमा बस्ने इच्छा भो र आफ्नी मातालाई आफ्नो गोत्र सोधे ? जबालले भनिन्— मैले मेरो युवावस्थामा तँलाई जन्माएको हुँदा मलाई पनि गोत्र थाहा छैन। मेरो नाम जबाला हो र तेरो नाम सत्यकाम हो, यही कुरा गुरुलाई बताइदिनु। सत्यकाम हरिद्रमत गौतम कहाँ गए। गौतमले गोत्र सोधे ? सत्यकामले मातले बताए बमोजिम सत्य कुरा बताइदिए। गौतमले सत्यकाम को सत्य वचन सुनेर ब्राम्हण नै हुंन भनी निश्चय गरेर उपनयन गरिदिए। तत्पश्चात् गुरुले चार सय गाई लिएर वनमा बस्ने आज्ञा दिए। सत्यकामले गाई लिएर जाने समयमा गुरुलाई भने-- गाईको एक सहस्त्र संख्या पूरा न भईकन म फर्कने छैन। जब गाई एक सहस्त्र पूरा भए वायुदेवता सत्यकाम देखि सन्तुष्ट भएर साँडेको रूप धारण गरी भने-- हे सोम्य ! हामीहरूको संख्या एक सहस्त्र पुग्यो अब आचार्यकहाँ लग।

साँडेले ब्रम्हको प्रथम पाद बताए, अग्निले द्वितीय पाद बताए, हंसले तृतीय पाद बताए र मद्गुले चतुर्थ पाद बताए पछि सत्यकाम गुरुकुलमा पुगे · सत्यकामले भने—

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

मलाई देवताहरूले उपदेश दिए ता पनि मलाई भने गुरु वा आचार्यको मुख देखि नै त्यो ब्रम्हविद्या सुन्नलाई अत्यन्त इच्छा छ। गुरुको मुखबाट सुनेको विद्याद्वारा नै साधुतामा प्राप्त होइन्छ। यो कुरा सुनेर गौतमले त्यही विद्याको उपदेश गरे जुन विद्याको उपदेश साँडे, अग्नि आदिले गरेका थिए।

सब संत सद्गुरुस्वरूप नै हुन् तथापी जस्तो सबै स्त्रीहरू माताको समान हुंन् ता पनि स्तनपान गराउने माता एउटी नै हुन्छिन्, त्यस्तै नै सब संत सद्गुरु समान हुन् ता पनि स्वानुभावामृतपान गराउनेवाला ईश्वर–नियुक्त सद्गुरु र माता पनि एउटै नै हुन्छन्। मुमुक्षु शिशु जब भोकले व्याकुल भएर रुन लाग्दछ, तब सद्गुरुमाता एक क्षण पनि बिलम्ब नगरी दौंडेर आई शिशुलाई अमृतपान गराउद छन्।

श्रोत्रिय– ब्रम्हनिष्ठ सद्गुरुको उपदेशले मात्र मुमुक्षु शिष्य ज्ञान प्राप्त गरी जीवनमुक्त हुन सक्छ। जस्तो कि एक थोपामात्र तेल कुनै वस्तुमा पऱ्यो भने त्यसको असर वस्तुमा पर्छ, त्यस्तै श्रोत्रिय –ब्रम्हनिष्ठ गुरुको अलिकति मात्र उपदेशले पनि शिष्यको हृदयमा असर पर्छ। श्रोत्रिय – ब्रम्हनिष्ठ गुरुको विषयमा यसै वेदान्त-संग्रह पुस्तकको पृथम भागमा यथार्थ लेख लेखिएको छ।

दृष्टान्त – मथुरा नगरमा दाशार्ह नाम गरेका एक यदुवंशी राजा राज गर्द थे। यी राजा अत्यन्त गुणवान्, उदार, पूतापी इत्यादि गुणले युक्त थिए। राजाकी स्त्री कलावती

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

पनि श्रेष्ठ गुणले युक्त हुनाको साथै अत्यन्त सुन्दरी थिइन् ।

एक दिन राजा दाशार्हलाई काम भोगको ईच्छा भयो र आफ्नी रानीको खोपीमा गए । रानी त्यस दिनमा शिवजीको व्रत बसेकी थिइन् । यही कारणले गर्दा रानीले कामातुर राजालाई आफ्नो नजिकमा समेत आउन दिइनन् । शास्त्रले व्रतको दिन स्त्री -पुरुषको समागमलाई निषध गरेको छ भनी भन्दा भन्दैमा पनि ती कामातुर राजा हठपूर्वक रानीलाई समात्न के तयार मात्र भएका थिए । रानीको शरीर कोतापले राजालाई जलाउन लाग्यो । तब राजाले आश्चर्य-मापरी रानीलाई तापको कारण सोधे ? रानी भन्दछिन्-महाराज ! मैले शिव मन्त्रको दीक्षा लिएकी हुँदा, त्यसै मन्त्र जपको प्रभावले गर्दा मेरो व्रतको विघ्न गर्न कुनै मानिसमा पनि सामर्थ्य छैन ।

यदि हजूरलाई पनि मन्त्र सुन्ने उच्छा छ भने गर्ग मुनि संग सुन्नुहास् र आफूलाई निष्पाप र सुरक्षित बनाउने कोशिश गर्नु होस् । रानी कलावतीको यो कुरा सुनेर राजा अति खुसी भई गर्ग मुनिको आश्रममा गए । मुनिलाई साष्टाङ्ग प्राणाम गरेर राजाले शिव-षडक्षर मन्त्र सुन्नको लागि प्रार्थना गरे । मुनिले राजालाई यमुनामा स्नान गर्न लगाई शिवको षोडशोपचारले पूजा गराए । त्यसपछि मुनिले राजालाई मन्त्र सुनाए । मन्त्र कानमा पर्ने बित्तिकै राजाको हृदयाकाशमा ज्ञान-सूर्यको उदय भो र राजाको अज्ञान रूपी अन्धकार नष्ट भयो । त्यो मन्त्रले यस्तो विलक्षण प्रभाव देखाइ दियो कि क्षण भरमा नै राजाको सम्पूर्ण पाप उनको शरीर-देखि कागको रूपमा बाहिर निकल्यो । जस्तो प्रकार दावा-

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

ग्निद्वारा कण्टक-वन दग्ध हुन जान्छ त्यस्तै प्रकारले पाप रूप कागहरू भस्म हुन जानाले राजाको हृदय निर्मल भो। राजाले भने– हे मुनि ! एकाएक मेरो शरीर यस्तो दिव्य कसरी भो ? मुनिले भने यी जुन कागहरू तिमी शरीर देखि निसके ती जन्मान्तरदेखि सचित रूपले रहेका पाप हुन्।

श्रोत्रिय – ब्रम्हनिष्ठ सद्गुरुसंग सुनेको मन्त्र र ज्ञानले तत्काले श्रोताको हृदयमा ज्ञान–दीप जगाइदिन्छ यो निश्चय छ।

जुन पुरुष अर्कालाई उपदेश दिन्छन् र सब उपदेश गरेका कुराहरू उनमा चरितार्थ छन् भने ती ब्रह्मनिष्ठ पुरुष हुन्। केवल उपदेश गर्नमा मात्र चतुर छन् र उपदेश गरेका कुराहरू तिनमा कुनै पनि चरितार्थ छैनन् भने नी ता मानौ ग्रामोफोन नै हुन्। जस्तै शिल्पी जीविकाको निमित्त शिल्पकला सिक्तछ, त्यस्तै प्रकार जो मनुष्य केवल शास्त्र अध्ययन गर्छ र त्यसको व्याख्यान समेत गर्छ। परन्तु शास्त्रको कथनानुसार अनुष्ठानमा लाग्नको प्रयत्न गर्दैन भने त्यसको त्यो विद्या अध्ययन र व्याख्यान पनि उदर पूर्ति धनोपार्जनको निमित्त मात्र हो। यस्तो धर्मढोंगीको शब्दज्ञानको मात्र चातुर्य देखाउने पुरुषको उपदेशले श्रोतामा केही असर पर्दैन।

ज्ञानिनैव सदा भाव्यं राम न ज्ञानबन्धुना।
अज्ञातारं वरं मन्ये न पुनर्ज्ञानबन्धुताम् ॥

(योगवासिष्ठ नि० प्र० उ० २१। १)

साधक पुरुषले अहंभावनारूप ग्रन्थिलाई यथार्थ ब्रह्मज्ञानद्वारा भेदन गरेर सच्चा ज्ञानी बन्नु पर्छ, केवल ज्ञान–

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

को उपदेश गरीं ज्ञानबन्धु (नक्कली ज्ञानी) बन्ने होइन। नक्कली ज्ञानी भन्दा त अज्ञानी नै असल हो किन भने त्यसले त आफूलाई तथा अर्कालाई धोखा त दिनैन।

जटिलो मुण्डी लुञ्चितकेशः, काषायम्बरबहुकृतवेषः।
पश्यन्नपि न च पश्चति लोकः, उदरनिमित्तं बहुकृतवेषः॥

श्रीशङ्करसूक्तिसुधा चर्पट-पञ्जरिकामा श्रीशङ्कराचार्यले भन्नु भएको छ -- पेट भरनकोलागि कहिले शिरमा जटा राखेर जटाधरी बन्यो, कहिले शिरको सम्पूर्ण केश मुडाएर मुण्डी बन्यो, कहिले केशलाई तान्नलगाएर जैन-साधु बन्यो, कहिले त गेरु बस्त्र धारण गरेर संन्यासी बन्यो, इत्यादि अनेक प्रकारको विविधभेष धारण गरेर मूढ मनुष्य यस असार संसारको क्षण भङ्गुरतालाई प्रत्यक्ष देखेर पनि मोह ममतामा भूलेर त्यसलाई देख्तैन।

बुद्धाद्वैतसतत्वस्य यथेष्टाचरणं यदि
शुनां तत्वदृशंचैव को भेदोऽशुचिभक्षणे॥

(पंचदशी० ४। ५५)

विद्यारण्य स्वामीं भन्नु हुन्छ-यदि अद्वितीय आत्मत्व जान्नेवाला भएर पनि मन-माने व्यवहार गर्छ भने अपवित्र वस्तु खाने कुकुरमा र तत्त्वदर्शिको बीचमा भेद नै के रह्यो।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

यथाश्वा भषितुं चैव हन्तुं चैवावसज्जते ।
एवं सम्भाषाणार्थाय सर्वशास्त्रवधाय च ॥

(म० भा० अनु० अ० ३७ । १५)

जस्तै कुकुर भूँकन र टोक्नकोलागि नगिच आउदछ, त्यस्तै प्रकार वहस गर्न र शास्त्रहरूको खण्डन गर्नकोलागि मानिस यता–उता हिड-डुल गर्छ ।

चतुर्वेदो ऽ पि यो विप्रः सूक्ष्मं ब्रह्म न बिन्दति ।
वेदभारभराक्रान्तः स वै ब्राम्हणगर्दभः ॥

चारै वेद जानेर पनि विप्रले सूक्ष्म ब्रम्हलाई जानेको छैन भने वेदको भारी बोक्ने त्यो ब्राम्हण पनि गदाहा नै हो

गुणं ममेदं जानातु जनः पूजां करोतु मे ।
इत्यहंकारिणामीहा न तु तन्मुक्तचेतसाम् ॥

(योगवासिष्ठ नि० प्र० उ० १०२ । ३१)

लोकले मेरो यस गुण लाई जानुन् र मेरो पूजा गरुन् भन्ने यस्तो इच्छा हंकारीहरूको हुन्छ । जसको चित्त अहकार देखिमुक्त भएको छ, त्यस्ताको भित्र यस्तो इच्छा उदय हुँदैन ।

अल्प बुद्धि भएका मानिसहरू यस्तो भन्दछन् कि ज्ञानमार्गमा लागेपछि, वेदान्त शास्त्रको अध्ययन गरेपछि कुनै कर्म गर्नु पर्दैन । भगवान् श्रीकृष्ण चन्द्रले गीतामा भन्नु भएको छ —

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कर्मणैव हि संसिद्धिमास्थिता जनकादय :।
लोकसंग्रहमेवापि संपश्यन्कर्तुमर्हसि ॥

(गीता ० ३ । २०)

जनक आदि राजाहरूले पनि कर्म गरेर नै सिद्धि प्राप्त गरेका थिए। दुनियाँको भलाइको विचार गरेर पनि तिमीले कर्म गर्न योग्य छ।

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जन :।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥

(गीता ० ३ । २१)

भलादमी जुन चालमा चल्छ, साधारण मान्छे पनि त्यही चालमा चल्छ। भलादमीले जे मुनासिब ठराउछ, दुनियां त्यही बाटोको अनुसरण गरेर हिड्छ।

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किंचन।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥

(गीता ० ३ । २२)

हे पार्थ ! तीनै लोकमा मैले गर्नु पर्ने कर्तव्य केही छैन अौ मैले पाउन इच्छा गरिने वा पाउन नसकने कुनै वस्तु छैन ता पनि म बराबर कर्म गर्दै छु।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

समाजका रत्न स्वरूप ज्ञानी महात्माहरूले कर्म त्यागेर यसरी संसारबाट उपरत भएपछि समाज अज्ञानको अन्धकारमा डुब्न जान्छ, पथप्रदर्शक न भएपछि दिशा छुट्याउने यन्त्र (कम्पास) न भएको समुद्रको बीचको जहाज जस्तै भएर घोर संकटमा पर्छ। जहाँसम्म ज्ञानीले स्वयं आदर्श बनेर व्यवहार गर्दैन, त्यहाँ सम्म केवल ज्ञानोपदेशले मात्र जनताको कल्याण हुँदैन, यो निश्चय छ।

दृष्टान्त–कुनै एक परिवारमा जम्मा चारजना थिए। एउटी बूढ़ी र उसको छोरा–बुहारी र नाति। त्यो बूढीको उमेर ८५ वर्ष पुगेको हुँदा हिड-डुल गर्न असमर्थ हुनाको कारण एकै स्थान घरको छिडीमा रहन्थी। उसकी बुहारीले नित्य बिहान र बेलुका कतारोमा भात हाली सासूलाई बसेको ठाऊमा नै लगेर दिन्थी। एवं प्रकारबाट यही चाल चलेर गइरहेको थियो। यस्तैमा नातिको पनि विवाह भयो बूढीकी बुहारीले आफ्नी नयाँ बुहारीलाई भनी–तेरी बूढी सासू छिडीमा बस्तछिन्, उनको ज्यादैं वृद्धावस्था भएकोले अन्यत्रकही पनि जान नसकनाको कारण एकै थलामा बसिरहन्छिन्। भोलि देखि तैंले नित्य बूढ़ी सासूलाई कतारोमा भात हाली लगेर दिनु। नयां बुहारीले पनि आफ्नी सासूको आज्ञाले त्यस्तै गरी। महीना दिनपछि नयाँ बुहारीकी सासू एक दिन बुढीयाको छिडीमा पसी। जूठो कतारोको एक राश छिडी भित्र थूपारिराखेको देखेर आफ्नी बुहारीलाई यो जूठो कतारो न फ्याकेर किन यहाँ थूपारेको भनेर हप्काई। नयाँ बुहारीले आफ्नी सासूलाई भनी–केही वर्ष पश्चात् तपाई वृद्धावस्थामा प्राप्त हुनुहुने छ। त्यस समयमा मैले पनि तपाई लाई त्यही छिडीमा राख्नु पर्ने छ र कतारोमा भात पुराउनु पर्ने

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

छ । त्यस अवस्थामा किन अरू कतारो खोजिरऊ भनेर मैले जूठो कतारो जम्मा गरेकी हुँ ।

आफ्नी नयाँ बुहारीको यस्तो प्रकारको कुरा सुनेर सासू चाँहिले विचार गरी कि जुन मले आफ्नी बूढ़ी सासू माथि नीच निन्दनीय व्यवहार गरें त्यसको फल स्वरूप मैले पनि केही वर्षमा भोग्न पर्ने भयो । आफूले खनेको खाल्टोमा म आफै पर्ने भएँ । यसै कारणले होला ज्ञानीले लोक-शिक्षा को हित र भावी सन्तानको कल्याणको उद्देश्य लिएर आफूलाई प्रयोजन नभएको कर्म पनि गरेका ।

शास्त्र भन्नाले चार वेद, छ शास्त्र, अठारह पुराण इत्यादि सबैलाई भनिन्छ । परन्तु सबै यी शास्त्रहरूको अध्ययन र उल्लेख गर्न त कठिन पर्छ । फेरि भनेको पनि छ-

अनन्तपारं किल शब्दशास्त्रं
स्वल्पं तथायुर्बहश्च विघ्नाः ।
सारं ततो ग्राह्यमपास्य फल्गु
हंसैर्यथा क्षीरमिवाम्बु मध्यात् ॥

शब्दशास्त्र, निश्चय पारजान नशकिने छ । त्यस्तै आयु अल्प छ । विघ्नहरू धेरै छन् । त्यस कारण हाँसहरूले पानीको बीचबाट दूध लिए झैं त्यहाँबाट फाल्टु कुराहरू छोडेर सार मात्र लिन पर्छ ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

वेदमा जम्मा १००००० एक लाख मन्त्रहरूछन् । तीन मा कर्मकाण्डमा ८०००० अस्सी हजार, उपासना काण्डमा १६००० सोह्र हचार र ज्ञान काण्डमा ४००० चार हजार मन्त्र छन् । ४००० सजार मन्त्र सर्वश्रेष्ठ, उत्तम र वेदको शीर्षस्थानीय भाग हो र त्यसैको नाम वेदान्त हो । वेदान्त नै ब्रम्हविद्या हो, ब्रम्हविद्याले नै सर्वत्र समत्वहरूको दर्शन गराउछ, ब्रम्हविद्याले नै अज्ञानको ग्रन्थिहरूलाई काटी ज्ञान दीपको प्रकाश गराउछ । ब्रम्हविद्याले नै चित्त अन्तर्मुखी हुन्छ । ब्रम्हविद्याले नै मिथ्या अनुभूतिको विनाश र परम सत्यको उपलब्धि हुन्छ । यसै वेदान्त–संग्रहको द्वितीय भागमा शास्त्रको प्रयोजन भन्ने लेखमा कर्म, उपासना र ज्ञानको कुरा लेखिएको छ उसैमा पढ्नु होला ।

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतो ऽन्यथा ।।

(गीता० १३ । ११)

आध्यात्मिक ज्ञान नै नित्य हो भन्ने विचार र आत्म दर्शन यी सब ज्ञान भनिन्छन् । यिनीहरू भन्दा जो उल्टो छ त्यसलाई अज्ञान भनी जान्नु यस बाट यो कुराको सूचना हामालाई ज्ञात हुन्छ कि आध्यात्मिक शास्त्रदेखि अतिरिक्त अरू सबै शास्त्र उल्टा नै हुन् ।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥

(गीता० १६।२३)

जो शास्त्र बिधिले बताएको बाटो छोडेर मनपरी गरेर हिंडछ त्यसले न सिद्धि,न परंगति, न सुख केहीपनि पाउदैन ।

शास्त्रोक्त कर्ममा प्रवृत्त भएको पुरुषले भोग र मोक्ष दुवै प्राप्त गरेर लिन्छ । जुन प्रकार वनमा कसैलाई चन्दन–काष्ठ, कसैलाई साधारण रत्न र कसैलाई चिन्ता–मणि प्राप्त हुन्छ, त्यस्तै प्रकार पुराण आदि शास्त्र अध्ययन गर्नेलाई धर्म, अर्थ काम प्राप्त हुन्छ । वेदान्त शास्त्र अध्ययन गर्ने मुमुक्षु पुरुषले मोक्ष नै प्राप्त गर्छ । श्रद्धाले संपन्न भएको पुरुषको निमित्त अध्यात्म शास्त्र परमात्मामा विश्राम प्राप्त गराउने कारण बन्न जान्छ । अध्यात्म शास्त्रको बारंबार अभ्यास गर्नाले श्रद्धालुको चित्त विशुद्ध हुंन जान्छ, तब त्यो अनायास शीघ्र नै त्यस पावन परमपदको साक्षात्कार गर्छ । सत्–शास्त्ररूपी उत्कृष्ट जलले अविद्या जनित मललाई धुने पुरुष अचिन्त्य वस्तु–शक्तिको प्रभाले परम शुद्धिलाई प्राप्त गर्छ । जस्तै उखूको रसमा आफ्नै अनुभवले स्वादिष्ट माधुर्यको उपलब्धि हुन्छ, त्यस्तै प्रकर सत् –शास्त्र र सद्गु–रुको उपदेशरूप उपायदेखि (तत्वमसि) आदि महावाक्यार्थको साररूप आत्मज्ञान प्राप्त हुन्छ ।

अन्तिम सिद्धान्त–जस्तै नदी पार जाने इच्छुक पथिकको निमित्त डुङ्गा र केवट (माझी) को अत्यावश्यक पर्छ । त्यस्तै

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

भवसागर पार जाने इच्छुक मुमुक्षु पुरुषको निमित्त पनि गुरु र शास्त्रको अत्यावश्यक छ। जुन प्रकार डुङ्गा र केवटको सहयोग द्वारा मात्र नदी पार गर्न सकिन्छ, त्यस्तै प्रकार भवसागरदेखि सदाको लागि पार भई जानलाई पनि गुरु र शस्त्रको सहयोग चाहिन्छ।

सर्ववेदान्तसिद्धान्तगोचरं तमगोचरम्।
गोविन्दं परमानन्दं सद्गुरुं प्रणतोऽस्महम्॥

सामान्य रीतिले जो जान्न सकिदैन परन्तु वेदान्तको सर्व सिद्धान्तहरूले मात्र जान्न सकिन्छ त्यस्तो वेद वाणीलाई रक्षा गर्ने वाला, परम आनन्दमूर्ति, सद्गुरुलाई म प्रणाम गर्दछु।

एकाऽक्षरप्रदातारं गुरुं योनैवमन्यते।
मृत्वातानभिसंयाति गुरुद्रोहपरोनरः॥
शिवे रुष्टेगुरुस्त्राता गुरौरुष्टेशिवोनहि।
शिवादप्यऽधिकं तस्मात् गुरुं यत्नेनपूजयेत्॥
गुरौविमुखतां याते विमुखाः सर्वदेवताः॥
भवंतिक्रियमाणंच पुण्यंपापंहिजायते॥

(आत्मपुराण .अ .८-)

ब्रम्हविद्याको एक अक्षर मात्र पनि उपदेश गर्ने जो गुरु हुन् ती गुरुलाई न मान्ने मूढ पुरुष जगत्को प्रलयपर्यन्त रौरवनाम नरकमा पर्दछ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

शिवजी क्रुद्ध हुनु भयो भने पनि अधिकारी पुरुषलाई गुरु रक्षा गर्न सक्दछन् । गुरु क्रोधित भए भने शिवजी पनि रक्षागर्न सक्नु हुन्न । यस कारणले शिवको पूजा भन्दा पनि गुरुकोज्याद पूजा गरोस् ।

ब्रम्हविद्याको उपदेश गर्ने भएका जो गुरु हुन् ती गुरुदेखि जब पुरुष विमुख हुन्छ । गुरु विमुख पुरुषदेखि सबै देवता विमुख हुन्छन् । गुरु विमुख पुरुषले पुण्य कर्म गरे पनि त्यो पापरूपनै हुन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

जीवहरूका चौदह श्रेणी

सात्त्विक, राजस र तामस भेदले सबै जीव उत्तम, मध्यम र अधम यी तीन श्रेणीहरूमा विभक्त हुन्छन् । यिनी-हरूका जुन यता–उता विभिन्न भुवनहरूमा उत्पत्तिहरू बताइएका छन्, तिनका विभाग यस प्रकारका छन् । जुन जीवलाई आफ्नो पूर्वजन्ममा शम, दम आदि सम्पूर्ण साधन तथा गुण–सम्पत्ति प्राप्त हुँदा पनि ज्ञान भएन, त्यो जीव यस जन्ममा ज्ञान लाभको योग्य बनेर उत्पन्न हुन्छ; अतः यही उसको प्रथम जन्म हो । त्यस श्रेणीको जीवको जन्म 'इदं प्रथम' नामले विख्यात हुन्छ । यो इदम्प्रथमता पूर्वजन्म को शुभ अभ्यासले प्रकट हुन्छ । त्यही इदम्प्रथमता यदि पूर्वजन्ममा वैराग्यको कमीको कारणले शुभ लोकहरूको कामना गरिरहेको छ भने भोगहरूद्वारा नै वासनाको क्षय भएपछि केही जन्महरूमा नै मोक्षको प्राप्ति हुन्छ । अतः शान्ति आदि गुणहरूले युक्त हुनाको कारण त्यस दोश्रो जीव–जातिलाई, गुण– 'पीवरी' भनिन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

नाना प्रकारको सुख—दुःखरूपी फलहरू दिनमा कारणभूत पूर्वजन्मका पुण्य र पापहरू जुन जीवहरूका श्रेणीमा उपलब्ध हुन्छन्, त्यसलाई पुण्यात्मा पुरुषहरूले 'ससत्त्वा' भनेका छन् किन भने त्यो सत्त्वगुणको वृद्धि को द्वारा मोक्षको भागी हुन्छ । जुन जीवश्रेणी विचित्र संसारको वासनाहरूले युक्त भएर अत्यन्त कलुषित भइसके-को छ अर्थात् पूर्वजन्ममा संचित गरिएको ज्यादा दुष्कर्म-जनित दुर्वासानाहरूले मलिन भएको छ र अनेक-अनेक प्रकारको असल-खराब फल प्रदान गर्नमा मुख्य कारणभूत पूर्वजन्मको धर्म र अधर्मको अनुमान गराउने भएकोछ, । त्यो सहस्त्रौं जन्महरूमा ज्ञानको भागी हुन्छ । त्यही जीवश्रेणी यदि अध्यात्म-शास्त्रदेखि विमुख हुनाको कारण असंख्य, अनन्त जन्महरूको पश्चात् वर्तमान जन्ममा पनि त्यसलाई मोक्षमा संदेह नै रहन गयो भने त्यललाई 'अत्यन्त तामसी" भनिन्छ । जीवको जुन उत्पत्ति पूर्वजन्मको वासना-हरूको अनुरूप नै आचार व्यवहार गर्ने भएर तथ दुइ-तीन जन्मको अनन्तर जसलाई मनुष्य जन्म प्राप्त भएको हो र त्यस्तै नै कार्य गरिरहेको छ भने, त्यो 'राजसी' भनिन्छ । जमको लागि ज्ञान-प्राप्तिको योग्य जन्मलाई पाउन टाडा छैन, जब जीवलाई यस्तो उत्पत्ति सुलभ हुन जान्छ, तब त्यस जन्ममा मृत्यु हुनाले मात्र उसमा मोक्ष -प्राप्तिको योग्यता आइहाल्दछ । त्यस जन्ममा त्यसको द्वारा त्यस्तै नै कार्य हुनाले जुन अनुमान हुन्छ, त्यसको आधारमा नै मुमुक्षुहरूले त्यस अवस्थालाई 'राजस-सात्त्विकी' भनेका छन् । त्यही उत्पत्ति यदि पूर्वोक्त मनुष्य – जन्महरू देखि भिन्न, अलिकति मात्र (देवता आदि) जन्महरू क्रमशः

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

ज्ञान–प्राप्तिको द्वारा मोक्षको भागी भएको भए त्यस्तो उत्पत्तिलाई त्यसको ज्ञाता विद्वान् 'राजस–राजसी' भन्दछन् त्यही यदि राजस–राजसीको अपेक्षा चिरकालमा मोक्षको इच्छाले सम्पन्न भएर सैकडौं जन्महरूको पश्चात् मोक्ष–प्राप्ति को अधिकारी भो र यस्तै कार्यहरूको आरम्भ गरोस् जसद्वारा राजस एवं तामस कर्मजनित फलहरूको प्राप्ति होस् त त्यो जीव जाति या जीव–श्रेणीलाई सज्जन पुरुषहरू ले ' राजस–तामसी ' भनेका छन् । यदि त्यही उत्पत्ति यस्तो कार्यहरूको आरम्भ गरोस्, जसबाट सहस्त्रौं जन्महरूको पश्चात् पनि मोक्ष प्राप्त गर्नमा संदेह नै हुन गयो भने त्यसलाई ' राजसात्यन्तामसी ' भनिएको छ ।

सर्गको आदिमा हिरण्यगर्भ, ब्रह्मादेखि मनुष्यहरूको उत्पत्ति भएको हो । त्यहाँदेखि सहस्त्रौं जन्म भोग गर्नको पश्चात् पनि यदि धेरै जन्महरूको पछि चिरकालमा मोक्ष प्राप्ति हुने सम्भावना हुन गएको छ भने महर्षिहरूले त्यसलाई 'तामसी' उत्पत्ति भनेका छन् । त्यो तामस उत्पत्ति यदि तामस योनि भएरपनि मोक्षको सम्भावनाले युक्तभएर त्यस्तै नै कर्म-हरूको आयोजनलेसु शोभित हुन्छ भने त्यसलाई विद्वान् पुरुषले ' तामससत्त्वा ' भनेका छन् । तामस–राजस गुणहरूले सम्पन्न कतिपय जन्महरूमा नै जहाँ मोक्ष–प्राप्तिको सम्भा-वना हुन्छ, त्यस उत्पत्तिलाई ' तमोराजसरूपिणी ' भनिए-को छ तथा जो उत्पत्ति पहिलेको हजारौं जन्महरूदेखि लिएर फेरि हुने सैकडौं जन्महरूसम्म पनि मोक्ष–प्राप्तिको योग्यता देखि रहित रहन्छ, त्यसलाई उत्पत्तिको श्रेणीको विभाजन गर्ने र जान्ने विद्वान्हरूले ' तामस–तामसी ' भनेका छन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

जुन उत्पत्तिमा अतीतकालको लाखौं जन्महरूदेखि लिएर भविष्यकालको लाखौं जन्महरू सम्म मोक्ष प्राप्त गर्नमा संदेह नै रहन्छ, त्यसलाई ' अत्यन्त तामसी ' भनिएको छ ।

प्राणीहरूका यी सम्पूर्ण श्रेणीहरू पूर्वकर्मानुसार ब्रम्हदेखि उत्पन्न हुन्छन् — ठीक त्यस्तै प्रकार जसरी केही चञ्चल भएको समुद्रबाट तरङ्गहरू उठदै रहन्छन् । जीवहरूका यी सम्पूर्ण श्रेणीहरू त्यस्तै प्रकार ब्रम्हबाट उत्पन्न भएका हुन्, जसरी प्रज्वलित अग्निदेखि झिल्का प्रकट हुन्छन् । जसरी सुवर्णबाट बाला, बन्दी, कानपासा आदि आभूषण प्रकट हुन्छन्, त्यस्तै प्रकार ब्रम्हबाट सम्पूर्ण–जीव—श्रेणीहरू पूर्ववासना र कर्महरूका अनुसार उत्पन्न हुन्छन् । जस्तो घटाकाश, स्थाल्याकाश र छिद्राकाश आदि आकाशको नै कल्पित रूप हुन्; त्यस्तै प्रकार अजन्मा परब्रम्हको पनि सम्पूर्ण प्राणिवर्गका रूपमा कल्पना भएको छ । अतः यी सब प्राणी ब्रम्हको नै रूप हुन् । जस्तै जलबाट भूमरी, छाल र फोका आदि प्रकट भएर पनि ती सब जलरूप नै हुन्, त्यस्तै प्रकार सम्पूर्ण लोक–रचनाहरू परब्रम्ह पदबाट नै प्रकट भएका हुन्, अतः ती सब ब्रम्हस्वरूप नै हुन् ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

ठग वेदान्ती

कुनै एकजना ब्राम्हण थिए। उनले केही वेदान्त प्रक्रियाहरूको अध्ययन गरेका हुँदा उनलाई इन्द्रियका अधिष्ठाता देवताहरूका नामको संझना थियो। परन्तु उनी ठूला विद्वान् न भएता पनि धनवान् थिए। यही कारणले गर्दा गाऊ-घरमा उनी प्रतिथिष्ट तथा सुयोग्य व्यक्ति मानिएका थिए। उनले बोलेका वचनलाई सबैले ठीक मान्दथे। यही सिद्वान्त अनुसार–

यस्यास्ति वित्तं स नरः कुलीनः, स पंडितः स श्रुतिमान् गुणज्ञः।
स एव वक्ता स च दर्शनीयः, सर्वे गुणाः काञ्चनमाश्रयन्ते ॥

जसको साथमा धन छ त्यही मानिस नै कुलीन, पंडित, श्रुति जान्ने, गुणवान्। त्यही नै वक्ता, त्यही नै दर्शनीय, संपूर्ण गुण धनमा नै आश्रित रहन्छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

ती ब्राम्हणलाई बगैचाको अत्यन्त ठूलो सोक हुनाको कारण उनले धेरै नै मालीहरूलाई वेतन दिई राखेका थिए, ति ब्राम्हणले ठूलो परिश्रम गरी एउटा बगैचा तयार गरेका थिए। त्यस बगैचामा उनले एक पट्टी बिभिन्न थरीका फूल लगाएका थि, अर्को पट्टी भागमा अनेक जातका फलका वृक्ष लगाए का थिए। एक दिन एउटी गाई बगैचामा पसी भर्खर पालुवा आउन लागेका आंपका साना वृक्षहरूलाई खाइदिछन्। ब्राम्हणलाई गाईमाथि अत्यन्त क्रोध उत्यन्न भयो र उनले कुटन सम्म कुट्दा गाईको मृत्यु समेत भयो। गाऊ घरका सबै मानिसहरूलाई ब्राम्हणले गाई कुटेर मारे भन्ने कुरा थाहा भएपछि उनीहरूले आएर भने– पण्डितजी तपाईले गौ हत्या गर्नु भो, गौ हत्या जस्तो महान पाप अर्को कुनै छन। यस पापबाट छुटनको निमित्त प्रायश्चित कर्म गर्नु होस्। त्यस कर्म गर्दा धेरै धनको खर्च गरी ब्राम्हण भोजन र सुवर्ण दान समेत गर्नु पर्छ। यो कुरा सुनी ती ब्राम्हणले भने–मैले गौ हत्या गरेको छैन, मेरो हातले भने गरेको हो; हातको देवता इन्द्र हुन् अतएव सब अपराध इन्द्रको हो, उनी नै प्रायश्चित कर्म गरुन्। ब्राम्हण भोजन र सुवर्ण दान उनी नै गरुन्, म त एक पैसा पनि खर्च गर्ने छैन।

इन्द्रले स्वर्गमा बसेर सबै ब्राम्हणको कुरा सुनिरहेका थिए। इन्द्रले एक साधुको भेष धारण गरी त्यस ठग ब्राम्हण कहाँ आएर भने – ब्राम्हण देव! यो बगैचा कसको हो? ब्राम्हणले भने – यो बगैचा मेरो नै हो। साधुले भने – यो

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

बगैचा अति सुन्दर रहेछ, फूल र फलका वृक्षहरू साह्रै विचित्र ढंगले लगाइएका रहेछन्, थाहा हुन्छ कि यसको माली अत्यन्तै निपुण रहेछ। ब्राम्हणले भने–माली र यसको कर्ता–भोक्ता मलाई नै समझनु होस्, किन भने मले नै मेरा नोकर-हरूलाई विचित्र ढंगले रोप्न लगाएको हुँ। साधुले भने–यति राम्रो यो घर कसको हो? ब्राम्हणले भने—यो घर पनि मेरै हो र स्वयं मैले बनाएको हुँ। तब इन्द्र देवताले आफ्नो रूप प्रकट गरेर भने – ब्राम्हण देवता! यी सब थोक त तपाईंले बनाउनु भएको रहेछ र मालिक पनि तपाईं नै हुनुहुंदो रहेछ। जो जत्ति शुभ कर्म गर्नुभो ती सबैका कर्ता-भोक्ता पनि आफैलाई मान्नु हुन्छ; परन्तु गौ हत्याको पाप भन्ने मेरो शिरमा राख्नचाहनु हुन्छ। इत्यादि बाट यो कुरा थाहा हुन्छ कि तपाईं त साचिकैको वेदान्ती पो हुनुहुदो कहेछ। इन्द्रको यो कुरा सुनेर ब्राम्हण चुप लागे र आफैलाई गौ हत्याको अपराधी मनी प्रायश्चित कर्म समेत गरे।

यो एउटा ब्राम्हणको दृष्टान्त मात्र होइन कि हाम्रो हिजो आजको समाजमा पनि यही रीती प्रचलितछ। आफू भन्दा तल्लो श्रेणीका कुनै मानिसले असल लाभदायक काम गरे भने इनाम पाउन र मान बढाउनको निमीत्त अध्यक्षजी मैले गरेको हुँ भनी अगाडि सर्दछन्। आफनो भुलले कुनै खराब काम हुन गयो र जसबाट हानि हुने रहेछ भने अर्कालाई दोष दिन्छन् ॥

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

अभ्यास

अभ्यास जस्तो ठूलो साधन अर्को कुनै छैन । जुन सुकै कष्टसाध्य कार्य पनि निरन्तरको अभ्यासले गर्दा सफल हुन्छ। सत्पुरुषहरूका गुण, आचरण र उनीहरूले दिएका शिक्षालाई मनन एवं सत्-शास्त्रहरूका अभ्यास गर्दै रहनाले एक दिन आफू पनि त्यही स्थितिमा पुगिन्छ ।

कसै – कसैको यस्तो भनाइ छ कि अहिले देखि नै भगवान्‌को पूजा गर्नु, ध्यान गर्नु र नामको उचारण गर्नु केही जरुरत छैन । अजामिलले अन्तकालमा नारायणको नाम उच्चारण गरेर परम गति प्राप्त गरे । भगवान् श्री कृष्ण चन्द्रले पनि यस्तै नै उपदेश गर्नु भएकोछ ।

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम ।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥

(गीता० ८ । ५)

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

जो मानिस मरण कालमा केवल मलाई सम्झँदै शरीर त्यागेर जान्छ त्यो मेरो भावमा पुग्दछ , यसमा सन्देह छैन ।

भगवान्‌ले भन्नु भएको कुरालाई ठीक छैन भनी कसले मानेको र भनेको छ ? भगवान्‌ले अहिले देखी मलाई भजनु पर्दैन केवल अन्तकालमा मात्र मलाई सम्झे पुग्छ भनी भन्नु भएको पनि त छैन । भगवान् फेरि भन्नुहुन्छ—

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥

(गीता ८ । ७)

त्यस कारण हरबखत मलाई सम्झ औ साथै युद्धरूपी स्वधर्मलाई पनि पालन गर । एवंप्रकार मन र बुद्धि ममा अर्पण गरेपछि तिमी पनि मैमा प्राप्त हुनेछौ ।

यावत्स्वस्थमिदं शरीमरुजं यावज्जरा दूरतो ।
यावच्चेन्द्रियशक्तिरप्रतिहता यावत् क्षयो नायुषः ॥
आत्माश्रेयसि तावदेव विदुषा कार्यः प्रयत्नो महान् ।
संदीप्ते भवने तु कूपखननं प्रत्युद्यमः कीदृशः ॥

(वैराग्य शतक. ८८)

जब सम्म आफ्नो शरीर पुष्ट र नीरोग होस् र वृद्धावस्था आउन धेरै बाँकी भएको होस्, इन्द्रिय हरूका शक्ति

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

पनि घटेको न होस् र आयु पनि क्षीण भएको न होस्, त्यसै समयमा बुद्धिमान् पुरुषले आफ्नो कल्याणको यत्न रामो प्रकारले गर्न उचित छ, जब घर बल्न लाग्छ तब कूप खन्ने उद्योग ले के हुन्छ ?

बानी भन्नु र अभ्यास भन्नु एकै कुरा हो। आचार्य पास गरेका पण्डितलाई यदि प्रवचन. गर्ने बानी परेको छैन भने जनसमुहमा प्रवचन गर्दा ठाऊ-ठाऊमा रोकिन्छन्। अन्त-कालमा परमेश्वरको चिन्तन गर्ने व्यक्ति परमेश्वरमै प्राप्त हुन्छ, यसमा केही सन्देह छैन ; तर अन्तकालमा भगवच्चिन्तन दृढ हुनलाई उसको अगाडिदेखिनको अभ्यास दृढ हुनु पर्छ। हाम्रो उखानै छ नानीदेखी लागेको बानी कहिले छुट्छ भन्ने। मृत्यु कालमा हजार बिछीले टोकेको डाहा भन्दा बढी डाहा भएको समयमा भगवान्लाई सम्झनु त अत्यन्त गाह्रो कुरा हो। किन भने मृत्युरूपी भीषण संकटको बेलामा चित स्वभावैले दुर्बल भएको हुन्छ, त्यस अवस्थामा उसलाई जीवन भरमा ज्यदा जुन कुराको प्रभाव परेको हुन्छ त्यसै को संस्कारले अरू साधारण संस्कारलाई दबाएर स्वयं प्रबल हुन्छ। यही अभिप्रायले भक्त भगवान् संग प्रार्थना गर्दछन् –

कृष्ण ! त्वदीयपदपङ्कजपञ्जरान्ते
अद्यैव मे विशतु मानसराजहंस :।
प्राणप्रयाणसमये कफवातपित्तै :
कण्ठावरोधनविधौ स्मरणं कुतस्ते ॥

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

हे कृष्ण ! तपाईंको चरणकमलरूपी पिञ्जडामा मेरो मन–रूपी राजहंस अहिले नै प्रवेश गरोस् । किनभने प्राण निक्लने वेलामा कफ - वात-पित्तले मेरो गला रोकिनेछ, त्यस भीषण संकटमा मबाट तपाईंको स्मरण पनि हुनसक्ने छैन ।

अभ्याससदृशं नैव लोके ऽस्मिन्हितसाधनम् ।
अत : स एक : कर्तव्य : सर्वदा साधु वर्त्मना ॥

करत करत अभ्यास के, जड मति होत सुजान ।
रसरी आवत जात तें, सिल पर होत निसान ॥

दृष्टान्त — प्राचीन कालमा एक बोपदेव नाम गरेका ब्राह्मण थिए । उनी पाठशालामा पढ्न जान्थे । गुरुले पाठ सोधदा कहिले पनि पाठ बुझाउन सक्दैन थे । एक दिन त उनी देखि गुरुलाई साह्रै नै रिश उठेछ र पाठशालाबाट निकाली दिए छन् । गुरुले पाठशालाबाट निकाली दिएकोमा बोपदेवलाई साह्रै नरमाइलो लागे छ र बरू मर्नु नै उचित छ भनी डूबन तलाउमा गए छन् । उनले तलाऊको किनारा मा एउटा धारा देखे छन् । धारामा धेरै स्वास्नी मानिसहरूले माटाको घडामा पानी भरिरहेका देखे । त्यो माटाको घडा राखेको ढुङ्गा समेत खिएको देखेछन् र उनले विचार गरे छन् कि नित्य एकै ठाऊमा माटाको घडा राख्दा ढुङ्गा समेत खिदो रहेछ भने मैले पनि नित्य पाठकों अभ्यास गरें भने कसो न आउला ? यस्तो विचार गरी उनी घर फर्केछन् र खूब मन लगाई अध्ययन गर्न लागेछन् । आफ्नो पाठहरू

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

आए पछि गुरुलाई सबै सुनाए छन् । त्यस दिन देखि गुरुहरू उनीदेखि पनि प्रसन्न भए थोरैनै दिनमा विद्याध्ययन समाप्त गरी संस्कृतमा ठूला विद्वान् बने । बोपदेवले लेखेका व्याकरणको प्रशंसा आज पनि ठूला-ठूला विद्वान्हरू गर्दैछन् ।

दृष्टान्त — सोम शर्मा नाम गरेका कुनै एक ब्राह्मण थिए । उनले भिक्षा मागेर नै आफ्नो जीवनोपार्जन गरेका थिए । एक दिन उनी डुलिरहेका थिए परन्तु देवसंयोगवश कुवामा खसेछन् । ब्राम्हण कुवामा खसे भन्ने कुरा थाहा पाएर धेरै मानिस जम्मा भए । एक जना मानिस कुवा भित्र गएर ती ब्राम्हणलाई भने –बाजे ! तपाईको हात दिनु होस् म समातेर माथि तान्दछु । ब्राम्हणले डुबदै गई मृत्युको मुख मा पस्न तयार भइसकेको अवस्थामा पनि हात समात्न दिनलाई माथि न उठाएको देखेर त्यहाँ उपस्थित भएका सबै सज्जनलाई अत्यन्त आश्चर्य लाग्यो । ती दर्शकमा एकजना मानिस खूब बुद्धिमान थिए । उनले कुवाभित्र ब्राम्हणलाई तान्न गएको मानिसलाई भने — यी ब्राम्हणलाई भिक्षा माग्दा-माग्दा यस्तो अभ्यास परिसकेको छ कि उनी लिन मात्र जान्दछन् दिन जान्दैनन् । यस कारण तिमी यस्तो भन कि ' लाऊ मेरो हात समात ' तब उनी हात समात्ने छन् । कुवामा पसेका मानिसले ब्राम्हणलाई भने —बाजे ! लाउनुस् मेरो हात समात्नु होस् भनी आफ्नो हात दिए । तब ती सोम शर्माले तुरुन्त हात समाते र कुवा बाहिर निसके ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

यही दृष्टान्त अनुसारको हाम्रो पनि ती ब्राम्हणको जस्तो अन्तकालमा गति होला भनी निश्चय गरी आजै देखि नरक-रूपी रोगको चिकित्सा गर्न थालौ, जुन औषधिको अभावमा शून्य प्रदेश(परलोक)मा पुग्दा त्यस रोगले पीडित हुँदा हाम्रो सहायता गर्ने त्यस ठाऊमा कुनै पुरुष हुने छैनन् । जुन ठाऊमा हामी अहिले बसेकौछौं, त्यहीनै परमात्मालाई प्राप्त गराउने स्थान हो । यहाँ बाट जब हामी परलोक जान्छौं, यहीं कमाएको पुण्यरूपी धन खर्च गर्दछौं । त्यहाँ कुनै धन कमाउने साधन छैन ।



epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

गृहस्थाश्रम

सम्पूर्ण चाराचर विश्वका प्राणीहरू र सर्व वर्णाश्रम धर्मीहरूको रक्षा गृहस्थाश्रमद्वारा नै हुने भएकोले अन्य आश्रम भन्दा यो आश्रम ठूलो र महत्व पूर्ण मानिएको हो ।

यथा नदीनदाः सर्वे सागरे यान्ति संस्थितिम् ।
एवमाश्रमिणः सर्वे गृहस्थे यान्ति संस्थितिम् ॥

(म० भा० शा० २९५।३९)

जसरी सम्पूर्ण नदीहरू र खोला समुद्रमा गएर मिल्द छन्, त्यस्तै प्रकार समस्त आश्रम गृहस्थको नै साहारा लिन्छन् ।

यथा वायुं समाश्रित्य वर्तन्ते सर्वजन्तवः ।
तथा गृहस्थमाश्रित्य वर्तन्ते सर्व आश्रमाः ॥

(मनुस्मृति अ० ३।७७)

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

जस्तै वायुको सहारालै सबै जीव जीवित रहन्छन्, त्यस्तै प्रकार गृहस्थको सहारालै सब आश्रमवासी रहेका हुन्छन् ।

यस्मात्त्रयो ऽप्याश्रमिणो ज्ञानेनान्नेन चान्वहम् ।
गृहस्थेनैव धार्यन्ते तस्माज्ज्येष्ठाश्रमो गृही ।।

(मनुस्मृति अ० ३।७८)

किन भने तीनै आश्रमवालाहरू नित्य ज्ञान तथा अन्न गृहस्थहरूद्वारा नै प्राप्त गरेर जीवित रहन्छन् अतएव सर्व श्रेष्ठ आश्रम गृहस्थको नै हो ।

कमिला देखि लिएर देवता पर्यन्त सबै गहस्थी संग केही न केही आशा गर्दछन् । अतः यथा शक्ति सबैलाई सन्मान गर्नु पर्छ । घरमा आएका अतिथिलाई अन्न, जलले तृप्त गराउनुको साथै बस्नलाई आसन दिई मधुर वाणीले सत्कार गर्नु पर्छ । जस्तो सुकै निर्धनले पनि अरू थोकले नभए पनि बस्नलाई आसन, पिउनलाई पानी र मधुर वाणीद्वारा हर्षित तल्याउन सक्छ ।

व्यासजीको आज्ञाले शुकदेव राजा जनक कहाँ गए जनकले शुकदेव सित सोधे—"किन आयौ" ? शुकले भने ज्ञान पाउनको लागि । कसले पठायो ? व्यासदेवले । कहाँबाट आयौ ? आश्रमबाट । आउँदा खेरि यहाँ बजारमा के के देख्यौ ? चारैतिर एकै शक्खरको मिठाई सजेको देखियो । अरू के देख्यौ ? हिडडुल गर्ने शक्खरको

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

पुतलीहरू देखें। फेरि के देख्यौ ? यहाँ आउँदा शक्खरका सारा सीढीहरू भेटें फेरि के पाइयो ? शक्खरको चित्र यहाँ पनि सर्वत्र देखें। अब के देखिरहेछौ शक्खरको एउटा पुतली शक्खरको अर्को पुतलीसित कुरा गरिरहेको छ। जनकले भने—जाऊ तिमीले सबै ज्ञान पाइसक्यौ ? शुकदेवलाई जनकबाट उनको हस्ताक्षरको जो प्रमाणपत्र चाहिएको थियो त्यो पाए। सिद्धान्त यो हो कि कर्मयोगी गृहस्थ राजा जनकले संन्यासी शुकदेवलाई शिष्यको रूपमा पास गरिदिए।

जरत्कारु नाम गरेका ऋषि थिए। उनले ब्रम्हचर्य व्रत समाप्त गरेर पनि विवाह गरेनन्। उनी तीर्थयात्राको निमित्त पृथ्वीमा भ्रमण गर्दथे। एक दिन घूमदा उनले एक अन्ध कूप देखे। त्यस कूप भित्र एक वृक्ष थियो, त्यस वृक्षमा धेरै शाखाहरू थिए शाखामा केही मानिस तल टाउको माथि खुट्टा गरी उल्टो झुण्डिरहेका थिए।

महामुनि जरत्कारुलाई तिनीहरू माथि अत्यन्त दया लाग्यो र उनले सोधे—तपाईहरू को हुनुहुन्छ र यहाँ यस्तो उल्टो परेर किन झुण्डिरहनु भएको छ ? उनीहरूले भने—हामीहरू यायावर नामका तपस्वी हौं, हाम्रो वंश लुप्त नै हुन लाग्यो। जुन दिन हाम्रो वंश लुप्त हुन जान्छ, त्यसै दिन हामीहरू यस शाखाबाट अन्ध कूमा खस्ने छौं अर्थात् नरक पर्ने छौं।

महामुनि जरत्कारुले सोधे-तपाईहरूका वंशमा कोही छन् कि ? निराशको स्वरमा ती पितरगणले भने—हुनु

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

र नहुनु बराबर छ । एक महामूर्ख जरत्कारु नाम गरेको हाम्रो वंशमा शेष एउटा व्यक्ति छ, त्यो सदा तपस्यामा नै लागिरहन्छ, अगाडि वंश परमपरा बढ़ाउन प्रयत्न गर्दैन । जब उसको मरण हुन्छ तब हाम्रो वंश नष्ट हुन्छ, अनि हामीहरू पिण्ड–जल बिना तल खस्ने छौं । यो पापले गर्दा त्यो पनि नरकमा पर्छ । हात जोडेर जरत्कारु मुनिले भने—पितरगण! मेरो नै नाम जरत्कारु हो, तपाईहरू मलाई के आज्ञा दिनु हुन्छ ?

पितरहरूले भने—नानी छोरा ! तिमी हाम्रो उद्धार गर्न चाहन्छौ भने विवाह गरेर वंश परमपरा बढाउनलाई प्रयत्न गर ।

नहि धर्मफलैस्तात न् तपोभिः सुसंचितैः ।
तां गतिं प्राप्तुवन्तीह पुत्रिणो यां व्रजन्ति वै ॥

(म० भा० अनु० १३।२५)

हे बाबु छोरा ! भएका मानिस यस लोकमा जुन उत्तम गतिमा प्राप्त हुन्छन्, त्यसलाई अन्य धर्म रूपी फल दिने भएका संचित गरिराखेका तपले पनि पाउन सकिन्न ।

जरत्कारु मुनिले भने ठीक कुरा हो, तपाईहरूको यस्तै आज्ञा छ भने म विवाह गरुँला । परन्तु यति कुराले पूर्ण न भई अन्यथा म विवाह गर्ने छैन ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कन्याको नाम पनि मेरो नाममा मिल्ने हुनु पर्छ, म कन्या माग्न जान्न, म त्यसको भरण-पोषण गर्ने छैन, कुनै मेरो आज्ञाको एक मात्र विरुद्ध कार्य गरी भने म त्याग गर्नेछु । इत्यादि सबै कुराले पूर्ण भए पछि त्यो संग विवाह गरी पुत्र उत्पन्न गर्नेछु ।

वासुकि नागकी बहिनीको नाम जरत्कारु थियो, उनले आफ्नो प्रयोजन सिद्ध गर्नको निमित्त सबै शर्त स्वीकार गरी बहिनी जरत्कारु मुनिलाई दिए । पछि आस्तीक नामको पुत्र उत्पन्न भयो ।

अगस्त्य मुनिको पनि पितरहरूको यस्तै गति भएकोले मुनिले राजा बिदर्भनरेशकी पुत्री लोपामुद्रा संग विवाह गरी दृढ़स्यु नाम गरेको पुत्र उत्पन्न गरे । पछि दृढस्यु इध्मवाह नामले प्रख्यात भए ।

(प्रजातन्तुं मा व्यवच्छेत्सीः ।) प्रजारूपी तन्तुलाई न चुडाँल ।

गृहार्थी सदृशीं भार्यामुद्वहेदजुगुप्सिताम् ।
यवीयसीं तु वयसा तां सवर्णामनुक्रमात् ॥

(भागवत ११ । १७ । ३९)

प्रिय उद्धव ! यदि ब्रम्हचर्याश्रमको पछि गृहस्थाश्रम स्वीकार गर्नु छ भने ब्रम्हचारीले आफ्नो अनुरूप एवं

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

शास्त्रोक्त लक्षणहरूले सम्पन्न कुलीन कन्या संग विवाह गरोस् । त्यो अवस्थामा आफू भन्दा कम उमेर भएकी र आफ्नै वर्णकी हुनु पर्छ ।

अस्ति पुत्रो वशे यस्य भृत्यो भार्या तथैव च ।
अभावे सति सन्तोष : स्वर्गस्थो ऽ सौ महीतले ।।

जसको पुत्र, सेवक र पत्नी उसको वशमा छन् अथवा केही नभए पनि सन्तोष छ भने त्यो पृथ्वीतलमा छ ता पनि स्वर्गमा रहेको हो ।

सानन्दं सधनं सुताश्च सुधियःकान्ता न दुर्भाषिणी
सन् मित्रं सधनं स्वयोषिति रति श्चाज्ञापराःसेवकाः ॥
आतिथ्यं शिवपूजनं प्रतिदिनं मिष्टान्नपानं गृहे ।
साधोःसङ्ग मुपासते हि सततं धन्यो गृहस्थाश्रम : ॥

आनन्ददायक घर होस्, छोरा पनि विद्वान् होस् स्वास्नी पनि मीठो कुरा बोलने होस् । असल मित्र होस्, धनवान् होइओस्, आफ्नी स्त्रीमा प्रेम होस् र सेवक पनि आज्ञा मान्ने होस् । अतिथि सतकार र प्रतिदिन शिवको पूजा गरी मिष्टान भोजन खाई घरमा रहन पाइयोस् र साधुहरूको संङ्गत हरवखत गर्न पाइयो भने त्यो गृहस्थाश्रम धन्य हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कुनै अंग्रेजी विद्वानले पनि भनेका छन्–

To be happy at home is the ultimate result of all ambitions.

घरमा सुखी हुनु नै मेरो प्रत्येक आकाँक्षाको अन्तिम ध्येय हुन्छ ।

यो भर्ता वासितातुष्टो भर्तु र्तुष्टा च वासिता ।
यस्मिन्नेवं कुले सर्वं कल्याणंतत्र वर्तते ॥

(म० भा० अनु० १२२ । १७)

जुन कुलमा पति आफ्नी पत्नी संग र पत्नी आफ्नो पति संग संतुष्ट रहन्छे उहाँ सदा कल्याण हुन्छ ।

जुन पुरुषकी स्त्री पतिको अनुकूल मुताविक़को कर्म गर्छे अर्थात् पतिको भगवान् प्राप्तिको साधानमा समेत सहयोगिनी छ त्यस्तो स्त्रीलाई त्यागी पुरुषलाई संन्यास ग्रहण गर्न कुनै आवश्यकता छैन । मुख्य कुरा त यो छ कि जसको चित्त शान्त छ, त्यसा पुरुषको निमित्त घर नै निर्जन वन हो । परन्तु जसको चित्त शान्त भएको छैन, त्यस पुरुषको लागि निर्जन वन पनि जन समुदायले भरिएको नगर हो ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

दृष्टान्त – राजा जनकलाई संसारदेखि दृढ वैराग्य उत्पन्न भो र उनले स्त्री, परिवार, धन, आदि सबै प्रकारको परिग्रहलाई त्यागी संन्यास लिने विचार गरे। एक दिन रातमा आफ्नो हातले आफ्नै शिर मूडी गेरू वस्त्र धारण गरेर रानीको खोपीको अगाडि 'नारायण हरे' शब्द बोल्दै मिथिला स्वामी जनक नकली संन्यासीको भेष गरेर खडा भए।

राजाको यस्तो विपरीत आचरणलाई देखेर रानी कौशल्या अति दुःखित भइन्। राजाको समीप आएर भनिन् – महाराज! यो तपाईंले के गर्नु भएको? परमात्माको वचनलाई किन उलङ्घन गर्नु हुन्छ? तपाईं क्षत्री हुनुहुन्छ, प्रजापालनादि कर्म गर्नको लागि जन्मनु भएको छ, सन्यासीहरूका झैं भिक्षा माग्नको लागि तपाई जन्मनु भएको होइन। फरि यो विपरीत आचरण किन? तपाईंलाई जुन ज्ञान प्राप्त भएको छ, जसद्वारा सत् र असत्लाई रामो प्रकारले जान्न सक्नु हुन्छ, आश्रमको धर्म पनि यथार्थ जान्नु हुन्छ, तर कर्मलाई त्याग गर्नको लागि ज्ञान प्राप्त गर्नै होइन। परन्तु कर्म गर्दै रहँदा जो आत्मनिष्ठा प्राप्त भएको छ, त्यसको द्वारा परम पद पाउनको अधिकारी बन्नको निमित्त हो। के गेरू वस्त्र लगाई भिक्षा मागनाले अथवा वनचरको झैं वनमा घुम्नाले मात्र नै परम तत्व प्राप्त गर्न सकिन्छ? त्यसो होइन। जसलाई शुद्ध आत्मनिष्ठा प्राप्त भएको छ,

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

ती कर्म तथा अकर्म को विचार गरेर स्वभावप्राप्त कर्म-लाई त्याग गर्दैनन् ।

हे स्वामीनाथ ! तपाईंले त नित्यकर्म र आश्रमको धर्म गर्नै पर्छ । किन भने कमलाई त्याग गर्नुको अपेक्षा कर्म गर्दै रहनु र त्यसमा लिप्त न हनु श्रेष्ठ छ । कर्म न गर्नालि त तपाईंको शरीरको निर्वाह पनि हुन सक्तैन र उल्टो भ्रष्ट हुनुहुन्छ । हे महाराज के को निमित्त तपाईंले एकदम राजपाट छोडेर, योगीको भेष धारण गर्नु भो ? केवल भिक्षा मागेर जीवन निर्वाह गर्नको लागि मात्र तपाईंको जन्म भएको होइन । राजाको धर्म त प्रजाको पालन पोषण गर्नु हो, त्यसको अतिरिक्त, देव, ऋषि तथा पितर यी सबलाई आदार, सत्कार पूजादि गर्नु पर्छ; यी सबै थोक गर्नैलाई अलिकति भिख मागेर ल्याएको अन्नले कसरी पूर्ण गर्न सक्नु हुन्छ ? तपाईं ऋग्यजुः साम वेदलाई जान्नेवाला र करोडौं ब्राम्हाणहरूलाई पोषण गर्नेवाला हुनुहुन्छ । अहो यस्तो गेरू वस्त्र धारी राजन् ! यस राजलक्ष्मीलाई त्यागेर कुकुरको तुल्य पेट भर्नमा तथा अधम पुरुषहरूको मुख हेर्नमा के तपाईं आनन्द मान्नु हुन्छ ? तपाईंको जन्म अरूको अन्न खाएर पेट भर्नको लागि भएको होइन अरूलाई पालन गर्नको निमित्त जन्म भएको हो । हे भगवान् ! आजदेखि मेरी पूज्य सासू वंध्या स्त्री सरह हुनु भो, पितरहरू रुने भए र म पनि पति हीन नारी झैं भएँ । हे भेषधारी राजन् ! तपाईं राजः

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

हुनुहुन्छ , हजारौं मानिस तपाईंको अगाडि हात जोडेर खडा रहन्छन् । परन्तु ती सबैलाई जब केही पनि फल मिल्दैन तब निराश हुनेछन् , तिनीहरूले तपाईंलाई कुनै आशीर्वाद दिदैनन् अनि तपाईंको कल्याण कसरी हुन्छ ? यसमा तपाईंलाई पाप लाग्ने छ । यस्तो प्रकारले तपाईंको जस्तो आश्रम त्याग गर्ने वालालई यो लोकपनि हुने छैन र परलोक पनि हुने छैन । गृहस्थ भएर , राजा भएर , जो आफ्नो धर्मको त्याग गर्छ , त्यो दुवै लोकदेखि भष्ट हुन्छ । त्यसमा पनि तपाईं यस्तो ज्ञानी भएर , आफ्नी धर्मपत्नीलाई त्याग गरेर , घर–घर भीख मागेर आफ्नो जीवन रक्षा गर्ने हुन्छ ; यस विपरीत कर्मको पाप त अत्यन्त ठूलो छ । साधुपन धारण गर्नाले पनि , त्यागी भेष बनाउनाले पनि , तपाईंको यो भिक्षापात्र खप्पर , त्रिदण्ड र यस गेरू वस्त्रलाई जब कोही हरण गरेर लान्छ तब तपाईं त्यसमा दुःख न मानी रहन सक्नु हुन्न । चाहे साधु संन्यासी वनी , चाहे जोगी वैरागी वनी , स्त्री , धन , कीर्ति आदिलाई हठ पूर्वक त्याग्नु भएता पनि किन्तु उदरूपी खाल्टोलाई त भरन छोंडनु हुने छैन । विना पेट न भरी कन कसैको पनि काम चल्दैन । पेट भर्नको लागि दुर्जनहरूका अगाडि हात जोडेर खडा रहँदा तपाईलाई दुःख नै लाग्ला । जस्त काकले स्नान गऱ्यो भने जान्नु कि अब दुष्काल समीपमा नै आयो तथा काकले मैथुन गरेका देखियो भने जान्नु कि अनर्थको मूल अब भोग्न पर्ने हुन आयो । त्यस्तै दुर्जनहरूबाट मुठ्ठीभर अन्नको आशा गर्नु , यही त्याग र सत्को प्राप्तिको योग्य साधन कसरी होला ? तपाईले द्वैतलाई त्याग गर्नु

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

भएको छ, रज, तमलाई पनि त्याग गर्नु भएको छ, आसुरी संपत्तिमाथि विजय प्राप्त गर्नु भएभको, छ शुद्ध सत्वगुणी बन्नु भएको छ, अभेदमा लीन हुनु भएको छ, फेरि ममा र तपाईंमा तथा यी प्रजामा के भेद छ ? म र तपाईं एकै नैं हो भने तपाईं मलाई कसरी त्याग्नु हुन्छ र म कसरी त्यागिन्छु ? हे पतिदेव ! जुन ज्ञानको अभिमानले सत्को भान भूले र वेर्थ तपाईं जो कृत्य गर्नु हुन्छ, त्यस सत् ज्ञानमा चिदाभासमा हामी सबै एकै हौं। हे राजन् ! गृहस्थाश्रमलाई त्याग गरेर जो त्यागी भएका छन् वास्तवमा गृहस्थाश्रमको आश्रय ले नै जीवित भएका छन् । सच्चा त्यागी त त्यही हो जो आफ्नो आश्रम धर्ममा परायण रहेर, जलमा रहेको कमलको समान निर्लेप रहेर व्यवहार गछ। जुन पुरुष ज्ञान, दान, समानताले युक्त भएर अनेकौंको प्राणदाता बन्दछ तथा संसारको कुनै पनि वासनाले जसलाई बाधा गर्न सक्तैन, त्यही पुरुष यस लोक तथा परलोकमा परमात्माको सांनिध्यको मुक्त दशाको अधिकारी हुन्छ। परन्तु जो गेरू वस्त्र धारण गरेर, आफ्नो पेट भर्नको लागि आचार्य वा गुरु, सद्गुरु, बाबा वा साधुको छायाको तल बसी, दाम र कामको बन्धनमा पडी, अनेक पुरुषलाई तार्न सक्ने आफूमा अधिकार प्राप्त भएको मानी संन्यासको स्वांग धारण गर्दछन्, ती यस जगत्लाई ठगनेवाला बगुला भक्त हुन्, पाशले बाँधीएका पशु नै हुन्। तो आफ्नू र अरूको लोक र परलोकलाई बिगारनेवाला हुन् । कारण के भने मठ,

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

शिष्य, पुस्तक , उदर भर्नाको चिन्ता तथा धनको लालसाले गर्दा ती मुक्त हुँदैनन् । हे महाराज ! यो काषाय वस्त्रलाई र त्रिदंडलाई त्याग गरी राजदंड ग्रहण गर्नु होस् । जहाँ सम्म परम पुरुषार्थ सिद्धि हुँदैन तबसम्म धर्ममा अनुरक्त रहेर निरंतर प्रजापालन तथा तपश्चर्या गर्नको लागि तत्पर रहनु होस् । परमात्माको सेवन, भजन,पूजन, दर्शन यो सब काषाय वस्त्र धारण गर्नाले मात्र सिद्धि हुंन्छ , यस्तो होइन । तपाईंको समान पुरुष त यसै शरीले जीवन्मुक्त अवस्थाको आनन्दलाई भोगद छन् । यस कारण यो भेषलाई त्यागी क्षत्रियोचित धर्ममा रहेर तथा द्वैतलाई भेदन गरी अद्वैतमा प्रवेश गर्नु होस् । जो गेरू वस्त्रलाई धारण न गरी कन अन्तः करणमा रहेर चिदानंदमा लीन भई संकल्पलाई संन्यास , गर्छ त्यही विशुद्ध संन्यासी हो र त्यसैले नै परमपदलाई प्राप्त गर्छ ।

आफ्नी पटरानीको यस्तो सद्बोधक वचन सुनेर, तत्ववेत्ता महात्मा जनकले आफ्नो स्वरूप लाई चिने , रानीलाई आशीर्वाद दिई, आफ्नो संन्यासी भेषलाई उतारी राज भवनमा पुनः प्रवेश गरी उत्तम रीतिले राजकाज गर्न लागे ।

जुन सुकै आश्रममा रहेता पनि आश्रम अनुसारको धर्म पाल्न गर्नाले जीवलाई सत् गति प्राप्त हुन्छ भन्ने यस अभिप्रायलाई विर्सन हुन्न । भगवान् श्रीकृष्णले गीतामा कहीँ कर्मलाई ठूलो , कहीँ उपासनालाई कहीँ ज्ञानलाई,

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कहीँ योगलाई, कहीँ सन्यासलाई, कहीँ गृहस्थाश्रम अनुसार धर्म पालन गर्नलाई श्रेष्ठ बताउनु भएको छ। यी सबै बताउनुको मुख्य अभिप्राय यो हो कि जुनलाई इच्छा लाग्छ त्यसैलाई नै ग्रहण गरुन् भन्नाको लागि हो ॥

जनक राजाकी पत्नी सुनयना हुन्। परन्तु गृहस्थाश्रम धर्मको उदेदेश गर्ने राजा जनककी पत्नीको नाम कौशल्या हो भनी महाभारत शान्तिपर्व १८। १२ मा लेखिएको छ ॥

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

ब्रह्मार्पण कर्म

कर्मको प्रति अहं भाव नगरी आफूले गरेको कर्मलाई ब्रह्मार्पण गर्ने मुक्तात्माहरूला शुभाशुभकर्मका फलले स्पर्श गर्न सक्तैनन् । उनीहरूलाई कुनै इष्ट कर्मद्वारा स्वार्थ सिद्धि गर्ने भावना हुँदैन । किन भने सब दोषहरूको मूल स्वार्थ हो, यसैबाट संसारमा नाना दोषहरू उत्पन्न हुन्छन् । स्वार्थ न भएपछि जो जति कर्म गरिन्छ त्यो कर्म ब्रम्हमा अर्पण हुन्छ ।

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा ।
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥

(गीता ० ३ । ३०)

अध्यात्मबुद्धिले सम्पूर्ण कर्म ममा अर्पण गरेर कर्म फलको आशा छोडेर, ममता त्याग गरेर तथा शोकरहित भएर युद्ध गर ।

ब्रम्हार्पणं ब्रम्ह हविर्ब्रम्हाग्नौ ब्रम्हणा हुतम् ।
ब्रम्हैव तेन गन्तव्यं ब्रम्हकर्मसमाधिना ॥

(गीता ० ४ । २४)

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

यस ब्रह्मार्पण यज्ञमा अर्पण क्रिया, अर्पण गरिने द्रव्य, जसमा अर्पण गरिन्छ त्यो र जो अर्पण कर्ता हो यी सबै एउटै ब्रम्ह हुन् । एवं प्रकार जसको बुद्धिमा सम्पूर्ण कर्म ब्रह्ममय छन् त्यसलाई ब्रह्म नै मिल्दछ ।

वाणी मौनमयी गति : स्थितिमयी निद्रामयोजागर : ।
निद्रा बोधमयी निशा दिनमयो नक्तंमयो वासर : ।।
कर्म ब्रम्हमयं जगत्सुखमयं किञ्चि ज्जकिञ्चिन्मयम् ।
दुर्लङ्घ्यंगु णवर्त्म लङ्घितवतो वार्ता कथं वर्ण्यताम् ॥

जसको बोल्नु मौन बराबर , हिड्नु स्थिरता जस्तो , जाग्रत् निद्रा जस्तो , निद्रा जाग्रत् जस्तो , रात दिन जस्तो , दिन रात जस्तो , तथा कर्म ब्रम्हरूप , जगत् सुखरूप ' जो केही द्वैत - अद्वैत छ , त्यस्ता दुर्लङ्घ्य (नाघन नसकिने) गुणमार्गलाई नाघेका पुरुषको वयान कसरी गर्नु । यस अवस्थामा जो जति कर्म हुन्छन् ती सबै ब्रह्ममय हुनाले बन्धनकारक हुँदैन् ।

मुक्ताभिमानी मुक्तो हि बद्धो बद्धाभिमान्यपि ।
किंवदंतीसु सत्येयं या मति : सा गति भवेत् ॥

(अष्टावक्रगीता ० १०)

मुक्ताभिमनी मुक्त हुन्छ र बद्धाभिमानी निश्चय बद्ध नै हुन्छ । जसको जस्तो मति छ उस्तै गति हुन्छ , यसमा प्रसिद्ध विद्वत्जनहरूको श्रुति सत्य छ ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥

(गीता० ५ । १०)

जो मानिस सब कर्म परमेश्वरमा अर्पण गरेर गर्छ त्यो पानीले भिजाउन न सकेको कमलको पातझैं पाप द्वारा लिप्त हुँदैन ।

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥

(गीता ० ५ । १३)

जितेन्द्रिय पुरुष सम्पूर्ण कर्मलाई केवल मन ले त्यागेर नौ ढोका भएको देहनगरीमा आँफू पनि केही नगरी, अर्कालाई पनि केही नगराई सुखपूर्वक बसिरहन्छ ।

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥

(गीता ० ९ । २७)

हे अर्जुन ! जे कर्म गर्छौ, जे खान्छौ जे हवन गर्छौ, जे दिन्छौ, र तपस्या गर्छौ त्यो सब मलाई अर्पण गर ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायण : ॥

(गीता ० ९ । ३४)

मन रातदिन मैमा लाऊ , मेरो भक्त होऊ , मेरो पूजा गर, मलाई नमस्कारगर । यस्ता प्रकारले मेरो शरणमा परेर तिमीले चित्त ममा लगाएपछि मलाई नै पाउने छौ ।

यस्तै प्रकारबाट सम्पूर्ण कर्महरू परमेश्वर लाई अर्पण गनलि अन्तमा साधक शुभाशुभ कर्मका फलरूप पुण्य – पाप दुबैबाट मुक्त हुन्छ । वास्तवमा शुभाशुभ फल नै जीवका बन्धन हुंन् कर्म होइनन् । इत्यादि प्रकारबाट आफूले गरेका कर्मलाई ब्रम्हर्पण गर्नु भनेको हुँदा आज समेत हामीहरू प्रत्येक शुभाशुभ कर्मका समाप्तिमा यस्तो प्रयोग गर्दछौं—

कायेन वाचा मनसेन्द्रियैर्वा
बुद्धयात्मना वा नुसृतः स्वभावंत् ।
करोति यद्यत्सकलं परस्मै
नरायणायेति समर्पयेत्तत् ॥

(भागवत ० ११ : २ । ३६)

मनुष्यले मन , वाणी शरीर , इन्द्रिय , बुद्धि, आत्मा तथा प्रकृतिद्वारा प्राप्त स्वभावले –जे कर्म गर्छ , त्यो सबै नारायणलाई समर्पण गरोस् ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

दृष्टान्त–भगवान् श्रीकृष्ण चन्द्र एक दिन वंशी बजाई यमुनाको किनारमा रहनु भएको थियो। श्रीकृष्णको मधुर ध्वनि सुनेर पशु पक्षी पनि त्यस धुनमा लवलीन थिए। वृक्ष समेत त्यस मधुर ध्वनि श्रवणमा मस्त-भई जडवत् भएर रहेका थिए।

यस्तो प्रभुको सेवा गर्नको लागि वृन्दावनको गोपिनीहरू नित्य उत्सुक रहन्थे। जुन गोपिनीहरूको हृदय क्षण भर मात्र श्रीकृष्णलाई नदेख्दा टुकरा–टुकरा हुन्थ्यो। भगवान्को वंशीको नाद सुनेर गोकुलको गोपिनीहरू विह्वल भइसकेका थिए, किन भने गोपिनीहरू श्रीकृष्ण चन्द्रको अनन्य भक्त थिए। आफ्ना पति पुत्रादिको स्नेहलाई तोडेर उनीहरू एक श्रीकृष्णमानै लीनथिए। गोकुल वृन्दावनको गोपिनीहरूले आफ्ना प्राण भन्दा ज्यादा प्रिय मानेका श्रीकृष्णलाई अर्पना घरमा जुन उत्तम–उत्तम पदार्थ छन्, ती भोजन गराउनमा, उहाँको सौन्दर्यलाई चातकको समानपान गर्नमा, आफ्ना तन, मन अर्पण गर्नमा केवल प्रेमले विह्वल भएका थिए। प्रेम नै सर्वोत्तम स्थानलाई प्राप्त उराउनेवाला कल्याणको दाता छ। यस्तो प्रेमले गोपिनीहरू पूर्ण बनिसकेका थिए।

एक दिन गोकुल वृन्दावनको गोपिनीहरूले आफूसमा यो विचार गरे कि आज हामीहरू कृष्णको लागि उत्तम –उत्तम भोजन तयार गरौं र आफ्ना हातले भोजन गराऊं। यस्तो भावनाले सबै गोपिनीहरूले भोजन तयार पारी यमुना-

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

जीको किनारामा जहाँ श्रीकृष्ण बस्नु भएको थियो उहाँ गएर कृष्णलाई भने– हे नंदलाल ! हे कन्हैया ! तपाईं हाम्रो हातले तयार गरेको उत्तम भोजनलाई खाएर हाम्रो मनलाई संतोष गराउनुहोस् ।

श्रीकृष्णले भन्नु भो–हे गोपिनीहरू हो ! आज त मैले पिता नंदको साथ भोजन गरेर आएको छु, यस कारण मलाई इच्छा छैन, मेरो पेटमा तिलको गेडा अटाउने जति पनि ठाऊ खाली छैन , यस कारण म भोजन गर्दिन । यदि तिमीहरूको इच्छा मलाई सन्तोष गराउन मा छ भने कुनै उत्तम ब्राम्हणलाई यो भोजन गराउनाले म प्रसन्न हुनेछु ।

गोपिनीहरू श्रीकृष्णको प्रेममा यस्तो लुब्ध बनिसकेका थिए कि कृष्णको एक वचन पनि उल्लंघन गर्दैनथे । संसारमा उनीहरूको लागि कोही थियो त एक श्रीकृष्ण नै हुनुहुन्थ्यो । ती गोपिनीहरूले प्रसन्नता पूर्वक भने–हे कृष्ण ! हामीहरू कुनब्राम्हणलाई यो भोजन गराऊ ? हामी सब तपाईंको दासी हौं । तपाईं जसलाई भन्नु हुन्छ उसैलाई नै हामी उत्तम भोजन गराउने छौं ।

आफ्नो आज्ञालाई रामो प्रकारबाट पालन गर्नमा तत्पर भएका गोपिनीहरूको प्रेमले संतोषो बनो , श्रीकृष्णले भन्नु भो – हे गोपिनीहरू हो ! यमुनाजीको पारी पट्टी किनारामा दुर्वासा मुनि बस्नु भएको छ, उहाँलाई नै भोजन गराऊ ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

वृजसुन्दरीहरूले भने– नन्दनंदन ! यमुनाजी जलले पूर्ण छन् । यहाँ कुनै नौका पनि छैन , कसमा बसो पार गई हामीहरूले मुनिलाई भोजन गराऊ ?

भगवान् श्रीकृष्णले भन्नु भो – हे गोपिनीहरू हो ! तिमीहरूलाई यति पनि ज्ञान रहेनछ कि जसलाई स्पर्श न गरी कन नै पार सजिलै संग जान सकिन्छ । यमुना संग भन कि श्रीकृष्ण सदा बालब्रम्हचारी हुनुहुन्छ भने तिमी हामी– लाई जान मार्ग देऊ । प्रार्थना गर्नको साथै नै तिमीहरूलाई मार्ग सहजैप्राप्त हुन जानेछ । यसमा कठिनाई के छ ?

जुन श्रीकृष्णले अनेक गोपिनीहरूको साथमा क्रीडा गर्नु भो , रास लीला गर्नु भो , अनेकको आत्मालाई संतुष्ट गर्नु भो । जुन कृष्णले अनेक गोपिनीहरूको छातीमा रमण गर्नु भएको छ , यस्तो गोपिनीहरूको धारणा छ, फेरि उनै कृष्ण सदा नै बालब्रम्हचारी हुनुहुन्छ भन्ने यस्तो वचन सुनेर गोपिनीहरूलाई अत्यन्त हाँसो उठ्यो । तथापि श्रीकृष्णमाथि प्रीति गर्ने गोपिनीहरूले उहाँको आज्ञानुसार यमुनाको किनारामा खडा भएर प्रार्थना गर्नको साथै यमुनाको दुवै तिर जलस्थिर हुन गयो र बीचमा खाली स्वच्छ मार्ग देखिन गयो । गोपिनीहरू साह्रै आश्चर्यले चकित भएर पारी गए तथा पछिलतिर फर्केर हेर्दा गोपिनीहरूले यमुनाजीको जल- लाई पूर्ववत् बगेको देखे ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

सर्व गोपांगना दुर्वासा मुनिको आश्रममा गए र श्रीकृष्णको आज्ञानुसार प्रत्येकले आफ्नो – आफ्नो भोजनले भरिएको थाल मुनिलाई टक्र्याए। हजारौं हाइन, लाखौं गोपांगनाको थालमा रहेको भोजनलाई क्षणभरमा दुर्वासा मुनिले खाएर समाप्त तुल्याउनु भो। यस्तो देखेर सब गोपिनीहरू चकित परे। यस पछि मुनिले गोपिनीहरूलाई आशीर्वाद दिएर जाने आज्ञा दिनु भो। यमुनाजीको जल पूर्ववत् ठूलो बेगले बगि– रहेको देखेर पार जान असमर्थ जानी गोपिनीहरू चिन्ता गन लागे। तब दुर्वासा मुनिले सोधनु भो – गोपांगनाहरू हो ! तिमीहरू किन खडाभइरहेका छौ ? तिमीहरूलाई कुन कुराको चिन्ता पऱ्यो।

गोपिनीहरूले भने-मुनिराज ! यस यमुनाको जललाई स्पर्श न गरी हामीहरू पार जान सकौं, यस्तै मार्ग बताउनु होस्।

क्षणभर मौन रहेर दुर्वासा मुनिले भन्नु भो – हे गोपां-गनाहरू हो ! जुन रीतले आयौं, त्यही रीतिले जाऊ ! यमु–नाजीलाई गएर भन कि दुर्वासा मुनि जो सदैका निराहारी (उपवासी) हुन् भने हामीलाई मार्ग देऊ।

अनेक प्रकारको क्रीडा गर्नेवाला श्रीकृष्ण 'सदाको बालब्रम्हचारी' र क्षण भरमा नै लाखौं गोपिनीहरूको थालको भोजन खानेवाला दुर्वासाजी 'सदाको निराहारी' यो आश्चर्यलाई देखेर सबै गोपिनीहरूले भने– हामीहरूका साथमा रमणगर्नेवाला श्रीकृष्ण बालब्रम्हचारी कसरी त्यस्तै नै यसरी भोजन गर्नेवाला तपाईं उपवासी कसरी हुनु भो ?

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

दुर्वासा मुनिले भन्नु भो – हे गोपिनीहरू हो ! म शब्दादि गुणहरूदेखि तथा आकाशादि पञ्चमहाभूतहरूदेखि भिन्न पनि छु तथा तिनको भित्र पनि छु । तिनीहरूले मलाई जान्दैनन् । तिनहरू अंतमा पनि छैनन् । म सर्व संगरहित आत्मा हुँ, त्यस कारण कसरी भोक्ता हुन सक्छु ? व्यवहार दशामा नै मन विषयलाई ग्रहण गर्छ, किन्तु परमार्थ दशामा जब सर्वत्र आत्मा नै छ तब कुन विषयलाई मनले मनन गरोस् ? कुन विषयमा मन लिप्त होस् ? श्रीकृष्ण पनि दुवै शरीरको कारणदेखि रहित हुनुहुन्छ । जो इच्छाले विषयको सेवन गर्छ त्यही नै कामी हो, जो निरिच्छाले अथवा इच्छाको पूर्ण अभावले विषयको सेवन गर्छ त्यो सदा नै अकामी हो, सदा नै निष्कामी हो, सदा नै ब्रम्हचारी हो, सदा नै निराहारी हो । जो आफूले गरेको शूभाशुभ कर्मलाई परमात्मामा अर्पण गरेर विषयलाई तुच्छ जानी भोग गर्छ, त्यो सदा ब्रम्हचारी र निराहारी हो ।

दुर्वासा मुनिको यस वचनले गर्दा गोपिनीहरूको मनमाभएका शंकाको समाधान भयो । जुन प्रकार कृष्ण कहाँबाट जललाई स्पर्श नगरी दुर्वासा कहाँ पुगेका थिए उस्तै प्रकारले जललाई स्पर्श नगरी कनै दुर्वासा कहाँबाट श्रीकृष्णजी कहाँ आइपुगे ।

त्यस दिनदेखि श्रीकृष्णको बालब्रम्हचर्य व्रतलाई जानेर पूर्वको अपेक्षा अरू ज्यदा प्रेम गर्न लागे ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

भगवान् श्रीकृष्ण चन्द्रले गीतामा जुन जुन कुरा भन्नु भो त्यो कुरा यहाँ दुर्वासा मुनिले भनेको र कृष्णले भनेको कुरा बालब्रम्हचारी र निराहारी पनको प्रत्यक्ष दर्शन गराएकोमा यथार्थ मिल्दछ ।

कर्मण्यकर्म य : पश्येदकर्मणि च कर्म य :।
स बुद्धिमान्मनुष्येषु स युक्त : कृत्स्नकर्मकृत् ॥

(गीता ० ४ । १८)

जो कर्ममा अकर्म, तथा अकर्ममा कर्म देख्छ, त्यो मनुष्यहरूमा बुद्धिमान् हो, त्यो योगी हो औ सम्पूर्ण कर्मको कर्ता हो ।

यस्य नाहंकृतो भावो बुद्धिर्यस्य न लिप्यते ।
हत्वापि स इमाँल्लोकान्न हन्ति न निबध्यते ॥

(गीता० १८ । १७)

जुन मानिसलाई म कर्ता हुँ भन्ने अहंकार छैन तथा उसको बुद्धि शुभाशुभ कर्ममा लिप्त हुँदैन, त्यो यी सब लोकहरू-लाई मारेर पनि मार्दैन , बद्ध पनि हुँदैन ।

निवृत्तिरपि मूढस्य प्रवृत्तिरुपजायते ।
प्रवृतिरपि धीरस्य निवृत्तिफलभागिनी ॥

(अष्टावक्र गीता ० ६१)

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

मूर्खको त्याग पनि कर्म हुनजान्छ, पण्डितको कर्म पनि निवृत्ति फलदायक हुन्छ।

अर्को एक दृष्टान्त –पाण्डवको अश्वमेधयज्ञको घोडाको रक्षक भई अर्जुन र कर्ण पुत्र वृषकेतु गएका थिए। जुन–जुन देशमा त्यो यज्ञको घोडा गयो, त्यस–त्यस देशको राजाहरूमा कसैले अर्जुन संग युद्धगरी पराजय भएर शरण परे, कसैले युद्ध नगरी कनै अर्जुन को शरण परे। एवं प्रकारले त्यो घोड घुम्दै मणिपुरको राजा बभ्रुवाहनको देशमा पुग्यो राजा बभ्रुवाहनले आफ्नो पिता अर्जुन अश्वमेधयज्ञको घोडाको साथ आफ्नो देशमा आएको थाहापाई दर्शन गर्न गए।

अर्जुनले दर्शन गर्न आएका बभ्रुवाहनलाई भने–तँ मेरो कहाँको छोरा होस्। मेरो छोरा त वीर अभिमन्यु हो, जसले बालककालमा नै चक्रव्यूहलाई नष्ट गऱ्यो। यदि तँ मेरो छोरा भएको भए युद्ध गर्न भनी हिडेको पिताको दर्शन युद्धद्वारा नै गर्ने थिइस्। तँ मा यस्तो नामर्दपना हुने थिएन। फेरि तेरी आमा चित्राङ्गदा पनि कहाँ मेरी स्त्री हो। त्यो त एउटी नाच गान गर्ने नटी पो हो।

वीर बभ्रुवाहनले अर्जुनले आफूलाई र आफ्नी मातालाई गरेको अवहेलन सहन सकेनन् र युद्ध गरे। पिता र पुत्रमा घनघोर युद्ध भयो। अन्तमा अर्जुनको र वृषकेतुको मृत्यु बभ्रुवाहनको हातद्वारा भयो। अर्जुनको मृत्युको समाचार सुनेर उनकी माता चित्राङ्गदा र सौतिनी

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

माता नाग कन्या उलूपी दुबैले ठूलो विलाप गरेर रुन लागे। चित्राङ्गदाले पुत्रलाई भनिन् –हे पापिष्ट पिता घातक ! जुन बाणले आफ्नो पिताको घात गरिस्, त्यही बाणले मलाई पनि मार। यस्तो प्रकारको विलाप गरी पुत्रलाई भनिन्–जहाँ मेरो पतिको मृत शरीर छ मलाई पनि उहाँ पुऱ्याई दे ! बभ्रुवाहनले यो कुरा सुनी दुबै मातालाई अर्जुनको मृत शरीर भएको ठाऊमा पुऱ्याई दिए। आफ्नो पतिको मृत शवलाई देखि दुबै माताले ठूलो शोक गरे। यस्तैमा उलूपीले भनिन्–हे पुत्र बभ्रुवाहन ! मेरो पिता शेषनाग कहाँ मणि छ त्यो ल्याएर अर्जुनलाई र वृषकेतुलाई स्पर्श गराए देखी बाँचने छन्। आफ्नी सौतिनी माताको यो कुरा सुनी बभ्रुवाहन म गई शेष संग युद्ध गरी त्यो मणि लिएर आउछु भनी जान तयार भएका थिए, उलूपीले भनिन्–नाग संग युद्ध गरी जितन कठिन पर्छ तिमी न जाऊ, यति भनेपछि उलूपीले आफ्नो मन्त्री नाग पुण्डरीकलाई शेषनाग कहाँ मणि लिन पठाइन्। पुण्डरीकले नाग राजा शेषलाई भने–तपाईंको ज्वाइ अर्जुन को युद्धमा पुत्र बभ्रुवाहनद्वारा मरण भएको छ र तपाईंकी पुत्री उलूपीले मलाई मणि लिन पठाउनु भएको हो भनी संपूर्ण कुराको वर्णन गरे।

नागराज शेषले अर्जुनको मरण भएको कुरा सुनेर शोक गरे। अर्जुन र वृषकेतुलाई जीवित तुल्याउनको निमित्त मणि दिनलाई मञ्जूर गरेका थिए। परन्तु उनको मन्त्री धृतराष्ट्र भन्ने नागले मणि दिन हुन्न, यही मणिद्वारा नै नागहरू अभय र अमर भएका छन् भनी इत्यादि कुरा गरेकोले शेषले मणि दिएनन्। पुण्डरीकलाई

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

मणि न दिई त्यसै फर्काई पठाएको मा बभ्रुवाहनलाई नाग माथि अत्यन्त रिस उठ्यो । उनले आफ्नी दुबै माताहरूलाई मृत अर्जुनको शवको रक्षाको निमित्त राखी आफू नागहरू सग युद्ध गर्न गए । युद्धमा नागहरूको हार भयो र मणि दिन मञ्जूर भए । पहिले मणि दिनहुन्न भन्ने जुन धृतराष्ट्र नाग थियो,त्यो युद्धमा सान्है घायल भयो । त्यसले आफ्नो छोरा दुर्बुद्धिलाई भन्यो कि युद्ध हुनु भन्दा पहिले नै शेषले मणि दिई पठाउन लागेका थिए मैले रोकें । अब त अवश्य बभ्रुवाहनले लाने भए भन्दा दुर्बुद्धिले भन्यो-पिताजी ! तपाईं चिन्ता नगर्नु होस्, त्यसको उपाय म गर्ने छु भन्यो ।

बभ्रुवाहन नागहरू भन्दा पहिले नै हिडे । नागहरू पनि मणि लिएर मृत अर्जुनको शव भएको ठाऊमा आइरहेका थिए । बभ्रुवाहन र नागहरू आइपुग्नु भन्दा अगाडि नै धृतराष्ट्र नागको छोरा दुर्बुद्धिले अर्जुनको शिर चोरेर लग्यो । जुन दिन युद्धमा अर्जुनको मृत्यु भएको थियो त्यसै रातमा कुन्तीले अत्यन्त न रामो स्वप्ना देखिन् । स्वप्नाको लक्षणबाट कुन्तीलाई अवश्य पनि युद्धमा अर्जुनको मृत्यु भो भन्ने निश्चय भो । कुन्तीले यो कुरा श्रीकृष्णलाई बिन्ती गरिन् । कृष्णले गरुडको सम्झना गर्नु भयो । गरुड तुरुन्त आइपुगे । त्यसैमा बसेर कुन्ती, देवकी, यशोदा र भीमसेन समेत कृष्ण अर्जुनको मृत शरीर भएको ठाऊमा जानु भो । चित्राङ्गदा र उलूपीको साथ हजारों स्त्रीहरू अर्जुनको लाशको

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

वरिपरि खडा थिए । त्यसै लाशको समीपमा कर्ण पुत्र वृषकेतुको मृत लाश पनि थियो । परन्तु अर्जुनको शिर भने थिएन । अर्जुन र वृषकेतुको मृतक लाशलाई देखी कुन्ती आदि स्त्री समेत भीमसेन र कृष्ण पनि ठूलो शोक गरी रुन लाग्नु भो । बभुवाहानले आफूले अर्जुन लाई र वृषकेतुलाई युद्धमा मारेको यथार्थ हाल र मणि लिएर नागहरू आउन लागेको कुरा कृष्णलाई बताए । नागहरू संग युद्ध गरी म आई पुग्नु भन्दा अगाडि अर्जुनको शिर कसले चोरेर लगेछ त्यो मलाई थाहा छैन भने । त्यसै औसरमा श्रीकृष्णले भन्नु भो—सबै जना मेरो कुरालाई सुनून् । यस पृथ्वीतलमा अवतार लिएको दिनदेखि आजसम्म मैले आफ्नो ब्रह्मचर्य व्रत-लाई अखण्डित राखेकोरहेछु र सो व्रतबाट भ्रष्ट भएको रहेनछु भने त्यसै व्रतको पुण्यले गर्दा अर्जुनको शिर जहाँ छ ता पनि अहिल्यै मेरो अगाडि तुरुन्त आइपुगोस् सो शिर जुन दुष्टले चोरेर लगेको छ त्यो पनि मेरो आज्ञाले शिर फुटेर मरोस् ।

कृष्णले भनेको जस्तै भएर अर्जुनको शिर आइ-पुग्यो । त्यस पछि कृष्णले वृषकेतु र अर्जुनलाई त्यसै नागमणिद्वारा जीवित गराउनु भो ।

जुन कुरा यस लेखमा लेखिएको छ, त्यस्तै प्रका-रले हामीले पनि कर्म गऱ्यौं भने हामी पनि बालबह्म-चारी र निराहारी बन्न सक्ने छौं ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

आफू नै आफ्नो शत्रु र मित्र हो

संसारमा जन्म लिनु भन्दा अघि कोही कसैका शत्रु र मित्र हुदैनन्, जन्म भएपछि आफ्ना इन्द्रिय, मन, राग र द्वेषहरू नै भावनानुसार फल दिने शत्रु र मित्र हुन्छन्। सत् मार्गमा लागेका मन, बुद्धि आदि नै मित्र हुन् र कुमार्गमा लागेका मन, बुद्धि नै शत्रु हुन्।

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥

(गीता ० ६ । ५)

मनुष्यले आफूलाई आफैले उद्धार गर्नु पर्छ, आफ्नो अधोगति गराउन हुँदैन । किन भने वास्तवमा अफ्नो शत्रु र मत्र आफै हो ।

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मनाजितः ।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥

(गीता ० ६ । ६)

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

जसले आफूले आफैलाई जितेको छ, त्यस को आत्मा आफै आफ्नो बन्धु हो । किन्तु जसले यस्तो गर्न सकेको छैन, त्यसको आत्माले त्यसलाई शत्रु जस्तो भएर मौकामा धोका दिन्छ ।

समुद्धरन्ति ह्यात्मानमात्मनैवाशुभाशयात् ।
आत्मनो गुरुरात्मैव पुरुषस्य विशेषतः ॥

(भगवत ११ । ७ । १६)

कुशल व्यक्ति अशुभ वासनाबाट आफूले आफूलाई स्वयं बचाउँदछन्; किन भने विशेष गरेर मनुष्य आफ्नो गुरु आफै हुन्छ ।

शुश्रूषुरपि दुर्मेधाः पुरुषो ऽ नियतेन्द्रियः ।
नालं वेदयितुं कृत्स्नौ धर्मार्थाविति मे मतिः ॥

(म० भा० सौ० ५ । १)

कृपाचार्य भन्नुहुन्छ–अश्वत्थामा ! मेरो विचार यो छ कि मनुष्यको बुद्धि दुर्भावना युक्त छ तथा जसले आफ्नो इन्द्रियलाई वशमा राखेको छैन, उसले धर्म र अर्थको कुराहरू सुन्नको इच्छा गरेता पनि उसले पूर्णरूपले संझन सक्तैन ।

यस्य नास्ति स्वयं प्रज्ञा शास्त्रं तस्य करोति किम् ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

लोचनाभ्यां विहीनस्य दर्पण : किं करिष्यति ॥

(सामान्यनीति० २८)

जसको आफ्नो दुद्धि छैन त्यसलाई शास्त्रले के गर्छ, आँखै न भएको मानिसलाई ऐनाले के गर्छ ?

फूले फरै न वेत, जदपि सुधा वरषहिं जलद ।
मूरख हृदय न चेत, जौं गुर मिलहिं विरंचि सम ॥

(तु०रा०लंका०सोरठा:—२४)

यद्यपि मेघले पानी त के अमृतै वर्षाओस् न, तथापि वेत फूल्दा पनि फूल्दैन, फल्दा पनि फल्दैन, त्यस्तै ब्रम्हाजी जस्तो गुरु पाए पनि मूर्खको हृदयमा ज्ञान हुँदैन ।

धामांशभागस्य तथा हि वेदा
यथा च शाखा हि महीरुहस्य ।
संवेदने चैव यथा s s मनन्ति
तस्मिन् हि सत्ये परमात्मनो s र्थे ॥

(म० भा० उ० ४३ । ५५)

द्वितीयाको चन्द्रमाको सूक्ष्म कलालाई बताउनकोलागि जस्तै वृक्षको शाखाको तिर संकेत गरिन्छ, त्यस्तै प्रकार त्यस सत्यस्वरूप रपमात्माको ज्ञान गराउनकोलागि नै वेद-हरूको पनि उपयोग गरिन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कुनै एउटा दुबै आंखाले रहित भएको अन्धो आफ्नो अभीष्ट ठाऊ भनौं वा निर्दिष्ट ठाऊ भनौं त्यहाँ पुग्नको लागि दण्डा टेकेर वा अन्य मानिसको हात समातेर साहारा लिएर आफ्नै खुट्टाले हिडेर पुगेको हो, यस कार्यको निमित्त पुग्दछ । त्यो अन्धो त्ययाँ पुगेको खुद लठ्ठी र अन्य पुरुष कार्योपयोगी मात्र हुन् । यस्तै यहाँ गुरु र शास्त्र पनि परमपद जाने इच्छुक भएका मुमुक्षु पथिकका निमित्त पथप्रदर्शक मात्र हुन् । गुरु र शास्त्रले देखाएका मार्गमा प्रवेश गरी पार हुनलाई मुख्य कारण त साधकको विचारलाई नै मानिएको छ । जुन पुरुष सात्विक कर्मको अनुष्ठान गर्छ, सत्य व्यवहार गर्छ स्वात्विक आहरको सेवन गर्छ, सत्वगुणमा स्थित रही सत् वस्तुको प्राप्तिको–लागि प्रयत्न गर्छ भने त्यसलाई वस्तु उपलब्धिको ज्ञान प्राप्त हुन्छ । यस्तो प्रकारले परमात्मा प्राप्तिको विचारमा लागे–को पुरुषको मन, बुद्धि नै आफ्नो परम मित्र हो । जुन पुरुष-ले तमोगुणको आश्रय ग्रहण गरेको छ र काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि दुर्गुणस्वरूप शत्रुको वशमा परी आफ्नो अधःपतन गरेकोछ यस्तो मन, बुद्धि नै पुरुषको महान शत्रु हो ।

संसारमा कोही कसैको सुख–दुःखको दाता, शत्रु–मित्र, लाभ—हानि गराउने हुँदैनन् । यो सबैमा दोषी र सुयोग्य बन्नुमा त मुख्य कारण आफै छ ।

आत्मा प्राप्तिको विचार गर्नाले बुद्धि तीव्र भएर परम

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

पदको साक्षात्कार गर्छ। संसाररूपी महासागरको निमित्त विचार नै महौषध हो। लौकिक दुःख देखि पार हुनकोलागि विद्वान्हरू संग विचारको अतिरिक्त अन्य कुनै साधन नै छैन। सद्विचारपरायण मनुष्य अत्यन्त विस्तृत महान् आपत्तिहरू आइपरे पनि मोहित, हुँदैनन् जस्तै सूर्य अन्धकारमा डूबदैनन्। संसारका पदार्थहरू तब सम्म सत्य प्रतीत हुन्छन्, जब सम्म विचार गरिदैन। दत्तात्रेयले चौवीस गुरु तुल्याएका पनि आफनै सद्विचारद्वारा नै हुन्। योगवासिष्ठमा वसिष्ठले भन्नु भएको छ—

मोक्षद्वारे द्वारपालाश्चत्वारः परिकीर्तिताः।।
शमो विचारः संतोषश्चतुर्थः साधुसंगमः ॥

(योगवासिष्ठ मुमुक्षु प्र. ११।५९)

मोक्षको द्वारमा निवास गर्ने चारजना द्वारपाल छन्, शम, विचार, संतोष र साधुसंगम। यस लेखमा अरूको वर्णन न गरी विचारको मात्र वर्णन गरिएको छ।

संतोषः परमोः लाभः सत्संगः परमः धनम्ः।
शमः सुखं हि परमं विचारो ज्ञान मुत्तमम् ॥

अतः बिना विचार ज्ञानको उदय हुँदैन, बिना ज्ञान जीवन-मुक्त हुँदैन।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

(वस्तुसिद्धिविचारेण) वस्तुको सिद्धि त विचार देखि मात्र हुन्छ । इत्यादि कुराको विचार गर्दा यो जीवात्मा आफु नै आफ्नो तारक, आफू नै आफ्नो मारक छ र आफूनै आफ्नो उद्धारक छ ।

दृष्टान्त—एक दिन कैकेयीले रामको समीप मा गएर भन्न लागिन्–हे कमलपत्रको समान नेत्रवान् राम ! मैले पहिले तिमी माथि अज्ञानवश जो अपराध गरेँ, त्यो सब क्षमा गर । हे जगत्पते ! म तिम्रो शरणमा आएकी छु । मलाई यस्तो उपदेश देऊ, जसद्वारा मेरो अज्ञान नष्ट होस् । रामले भन्नु भो–हे माता ! तपाईंले मेरो कुनै अपराध गर्नु भएको छैन । त्यस समयमा मेरै इच्छाले सरस्वतीले तपाईंको मुखमा बसेर वर मागन लगाएकी हुन् । यस कारण तपाईं देखि म संतुष्ट नैं छु । भोलि लक्ष्मणले तपाईंलाई कही लगेर तपाईंको अज्ञान नष्ट हुने ज्ञान प्राप्त गराई दिने छन् । यस्तो कुरा गरी रामले कैकेयीलाई विदा गर्नु भो र लक्ष्मणलाई भन्नु भो कि मेरो कथनानुसार भोलि कैकेयीलाई नगरको बाहिर सरयूको किनारामा जहाँ कि भेडाहरू रहन्छन्, त्यहां लगेर भेडाको मुखले भनेको केही उपदेशमय वाक्य सुनाएर म कहाँ लिएर आऊ । रामको आज्ञानुसार भोलिपल्ट बिहान सवेरै लक्ष्मणजी भरतको भवनमा जानु भो । कैकेयीलाई पालकीमा चढ़ाई त्यहाँबाट लिएर आयोध्या शहर बाहिर सरयूको किनारामा जहाँ कि भेडाहरू थिए, त्यहाँ पुगेपछि कैकेयीलाई पालकीबाट ओराली भन्नु भो–हे

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

माता ! अगाडिको भेडाको बथानलाई हेर्नु होस । रामचन्द्रजीले आदर पूर्वक तपाईलाई भेडाले बताएको उपदेश सुनाउनु भन्नु भएको छ । लक्ष्मणको यो कुरा सुनेर कैकेयीलाई सा-है आश्चर्य लाग्यो र उनी आफ्नो मनमा विचार गर्न लागिन् — के रामले मलाई यहाँ पठाएर धोखा त दिएको होइन । यस्तो प्रकारको तर्क –वितर्क गरी उनी क्षण भर चुपचाप बसिन् । तब उनी ले धेरै पटक भेडारूहले मुखले (मे–मे) गरी कराएको शब्द सुनिन् । त्यो शब्द सुनेर कैकेयीले विचार गरिन् कि यी भेडाहरूले बारं–बार (मे–मे) गरी किन कराए । यसमा केही न केही गुप्त रहस्य लुकेको हाला । इत्यादि विचार गरी आँखा बन्द गरेर त्यो भेडाको शब्दलाई ध्यानपूर्वक खूब विचार गर्न लागिन् । तत् कालमा नै उनलाई त्यो भेडाको शब्दको गोप्य रहस्य बोध भयो र अत्यन्त प्रसन्न भई लक्ष्मणलाई भनिन् — वत्स ! मलाई ज्ञान प्राप्त भयो। अब मलाई राम कहाँ लग । कैकेयीको आज्ञानुसार लक्ष्मणले राम कहाँ पुऱ्याए । कैकेयीले रामलाई प्रणाम गरेर भनिन् — हे राम ! तिम्रो कृपाले मैले भेडाहरूका वाक्य द्वारा सद्ज्ञान प्राप्त गरें । मेरो मोह नष्ट भो। अब मलाई तिम्रो उपदेशको कुनै आवश्यकता छैन । हे राघव ! अब म सदाको लागि जीवन मुक्त भएँ । यस्तो प्रकारको कैकेयी को कुरा सुनेर केही हाँसी रामले भन्नु भो — माता

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

तपाईलाई ज्ञान कसरी प्राप्त भो ? त्यो मलाई यथार्थ बताउनुहोस् । कैकेयी भन्छिन्—हे राम ! सुन, मलाई जुन प्रकारले ज्ञान प्राप्त भो। भेंडाका बथानमा पुगेर मैले तिनका मुखबाट निकलेका (मे-मे) शब्द सुने । तत्पश्चात् केही समय सम्म हृदयमा विचार गरें । अनि मलाई यस्तो निश्चय भो कि भेडालें (मे-मे) गरेर मलाई यस्तो सुनाएको हो कि संसारका मानिसहरू सदैवा आफ्ना बालबच्चा, घरद्वार, पशु आदिमा यो मेरो हो-यो मेरो हो यस्तो भ्रममा परेर आफ्ना सर्वस्व नष्ट गर्दछन् । यो ठीक होइन । यस कारण हे राम ! अबदेखि म यस्तो ममताको बन्धनमा कहिले पर्ने छैन । धेरै दिनदेखि मैले यो मेरो छोरा हो, यो मेरो सुन्दर दरबार हो, यो मेरो राज्य हो, यो मेरी सौता हो, यो सौताको छोरा हो, यो सुन्दर शरीर मेरो हो, यो दिव्य अलंकार मेरो हो इत्यदि प्रत्येक वस्तुमा मेरो भन्ने ममताको जञ्जालमा परेर फसेकी थिएँ । भेडाहरूले मलाई उपदेश दिए कि ममतालाई त्याग गर। पूर्वजन्मको ममताबुद्धिले नै हामीलाई भेडाको शरीर मिल्न गयो । अतएव तिमीलाई ममता त्याग गर्नाले परम कल्याण हुनेछ । यो मेरो हो भन्ने यस्तो बुद्धिले नै हामीहरू यो गतिमा प्राप्त भएका छौं, तिमी योगति न होस् । यस्तो प्रकारले ती भेडाहरू लोकको लागि उपदेस गरिरहेकाछन् । परन्तु सांसारिक विषय जालमा भुलेका मानिसलाई तै पनि ज्ञानको उदय उदैन । हे राम !

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

तिम्रो दयाले र भेडाको शब्दले गर्दा मेरो ममताबुद्धि नष्ट भो। यस कारण म मुक्त भएँ। यो मेरो देह हो भन्ने विचारले म आसक्त थिएँ। त्यो दुःखदायिनी आसक्ति नष्ट भएपछि अब अरू वाँकी नै के रह्यो। अब यो देह रहोस् या नष्ट नै होस् मलाई कुनै चिन्ता छैन। यहाँ को कसको पुत्र, को कसको माता ? सब सच्चिदानन्दमय ब्रम्हका रूप हुन्। यसमा कुनै संशय छैन। मैं नै परब्रम्ह हुँ। मदेखि पर केही पनि छैन। हे राघव ! संसारमा यो जा देखिएको, सब तिम्रो माया मात्र हो। कैकेयीले बताएको यो कुरा सुनेर रामले भन्नु भो। आमा तपाईंले भेडाको शब्द सुनेर खूब रामा विचार गर्नु भएछ। त्यहि ब्रम्हज्ञान हो र तपाई अब जीवनमुक्त हुनु भो। कैकेयी पनि रामलाई प्रणाम गरी भरतको भवनमा गइन् र कुनै वस्तुमा उनीलाई आसक्ति भएन।

एक दिन रामचन्द्रजी एकान्तमा बसिरहनु भएको थियो। सुमित्रा गइन् र भनिन्–हे राम ! म तिमी संग प्रार्थना गर्छु कि मलाई कुनै उपदेश देऊ। रामले सुमित्राको कुरा सुनेर भन्नु भो कि माता पहिले मलाई यो बताउनु होस कि तपईं को हुनुहुन्छ ? अहिले जानोस् र खूब विचार गरी भोलि म कहाँ आउनु होस्। त्यस समयमा म तपाईंलाई उपदेश दिनेछु, जसद्वारा तपाईं अत्यन्त प्रसन्न हुनुहुनेछ। कस्तो प्रकारको रामको आज्ञा

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

सुनेर सुमित्रा फर्की आइन्। एकान्तमा बसेर रामले तिमी को हौ भनेर सोधेको प्रश्नलाई विचार गर्न लागिन्। यमको के उत्तर दिऊँ। आखिर म देवी हुँ दानवा हुँ, राक्षसी हुँ, या मानुषी हुँ, के हुँ ? यदि राम कहाँ गएर भनू कि मानुषी हुँ, तै पनि ठीक हुने छैन। किन भने यस्तो भन्नाले त मैले नाटकको पात्रको झैं अनेक रूप धारण गर्न पर्ने हुन्छ। यसबाट यो निश्चय हुन्छ कि म न मानुषी हुँ न अरू कुनै नै हुँ। पूर्वकथित मानुषी, राक्षसी आदि सबै संज्ञाहरू यही शरीरको नै हो र देह नाशवान् पदार्थ हो। यसबाट यो कुराको ज्ञात हुन्छ कि यो शरीरदेखि पृथक नै म कुनै हुँ र पृथ्वीमा तरह-तरहको रूप धारण गर्छु। परन्तु त्यो जो म हुँ यो जान्दिन। अँ, अब यो ज्ञात भो। जुन प्रकार भगवान् अनेक रूप धारण गरेर यस पृथ्वीमंडलमा आउनु हुन्छ, म पनि भगवान्को जस्तै नै गरेर आएकी हुँ। भगवान् पनि मत्स्य आदि अनेक अवतार धारण गरेर आउने-जाने गर्नुहुन्छ। ममा र विष्णु भगवान्मा अन्तर नै के छ र ? अन्तर यो छ कि विष्णु स्वाधीन हुनुहुन्छ र म विष्णु भागवान्को अधीन हुँ। अतएव यो निश्चित भयो कि विष्णु भगवान्की एक कला हुँ। अब यो पनि निश्चित भयो कि ममा र भगवान्मा केही भेद छैन। जुन प्रकार गङ्गाको जल गंगाको प्रवाहरूपमा रहुंदा पनि गङ्गाजल नै हुन्छ। यसको सार यही निस्क्यो कि ममा र भगवान्मा कुनै अन्तर छैन। भगवान् र म एउटै नै हुँ। जब म स्वयं विष्णु भगवान् नै रहेछु त बाँकी के रहयो, फेरि राम संग के सोध्नु। म त जीवनमुक्त हुँ। यस्तो प्रकारको विचार गर्नाले सुमित्राको अज्ञान नष्ट

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

भयो र भोलिपल्ट बिहान सबेरै राम कहाँ गइन् । रामलाई प्रणाम गरेर भन्न लागिन्—हिजो तिमीले मलाई तिमी को हौ भनी सोधेका थियौ । त्यो कुराको ध्यानपूर्वक विचार गर्दा मलाई थाहा भयो कि म साक्षत् ब्रम्ह हुँ । अब मलाई तिमी संग सोध्न पर्ने कुनै कुरा छैन । किन भने म तिमी देखि पृथक् छैन । यो कुरा सुनेर रामले भन्नु भो–हे माता ! तपाईले खूब राम्रो विचार गर्नु भएछ । अब तपाईं जीवन्मुक्त हनु भो । अब आनन्दले आफ्नो भवनमा निवास गर्नु होस् । सुमित्राको मोह नष्ट हुनाको कारण राम तथा सीता दुबलाई प्रणाम गरी लक्ष्मण कहाँ गइन् ।

एक दिन रामचन्द्र सीताको साथ एकान्तमा बसिरहनु भएको थियो, त्यसै समय माता कौसल्या राम कहाँ गइन् । रामलाई विष्णु भगवान् संझेर प्रणाम गरेर भनिन्—हे महाबाहो राम ! मलाई केही उपदेश देऊ । तिम्रो उपदेशले मलाई शुभ ज्ञान प्राप्त हुनजानेछ । माताको यो कुरा सुनेर रामजीले केही हाँसेर भन्नु भो कि भोलि बिहान सबेरै तपाईं गौशालामा जानुहोस् र त्यहाँ केही क्षण बसी बाछाहरूका शब्दलाई सुनेर त्यसलाई राम्रा संग विचार गर्नु होस् र फेरि म कहाँ आउनु होस् । त्यस बखतमा म तपाईंलाई उपदेश दिउला । रामको आज्ञा सुनेर कौसल्याले रामलाई प्रणाम गरी विस्मित भावले आफ्नो महलमा फर्केर आइन् । त्यस पछि रात समाप्त भयो र अरुणोदय हुन लागेको बखतमा गौशाला पुगिन्, त्यहाँ केही समय सम्म बाछाहरूका आवाजलाई सुनिन् । बाछाहरू "अहंमा-अहंमा" गरी कराइराखेका थिए र कौसल्या शान्त चित्तले त्यसलाई सुनिरहेकी थिइन् । बाछाहरूका शब्दलाई सुनेर उनीले आफ्नो मनमा

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

विचार गरिन् कि बारं-बार बाछाहरू "अहंमा-अहंमा" भनी कराइराखेका छन्, यसको के मतलब हो। यस्तो भनेर कौसल्या केही समय सम्म ध्यानपूर्वक त्यस शब्दको विचार गर्न लागिन्, जसदेखि क्षण भरमा नै उनको अज्ञान नष्ट भयो र प्रसन्न मनले राम कहाँ पुगिन् र रामलाई प्रणाम गरी भन्न लागिन्—हे रमानाथ! हे राम! हे विष्णो! तिमी कथनानुसार मैले बाछाहरूका बोली सुनें। जसद्वारा मेरो अज्ञान नष्ट भयो। अब मलाई तिमी उपदेश सुन्न इच्छा छन। यस्तो प्रकारको ज्ञान मलाई भएको हुँदा तिमीमा र ममा केही भेद देखदिन। आफ्नी माताको यस्तो कुरा सुनेर रामले भन्नु भो कि बाछाहरूका शब्दले तपाईं लाई ज्ञान कुन प्रकारले प्राप्त भो, त्यो मलाई बताउनु होस्। कौसल्याले भनिन् कि बाछाका "अहंमा—अहंमा" शब्दले मलाई जिज्ञासा भयो कि यी बाछाहरू आफ्ना वाक्यहरू द्वारा कुन कुराको ज्ञान गराइराखेका छन्। अनि क्षण भर सम्म मैले आफ्नो मनमा विचार गरें। तब मलाई त्यसको अर्थ ज्ञात भयो। जसको तात्पर्य यो थियो कि (हे संसारीजनहो! 'अहं मा वद' मैं हुँ,) यस्तो अहंकार नगर। ती बाछाहरू सदा लोकहरूलाई यस्तो उपदेश दिइराखेकाछन्। तैं पनि दुनियाले बुझ्न सकेन। जब मले यो रहस्य सम्झें कि यो (अहं) शब्द देहमा सम्बन्ध राख्तछ—आत्मा संग होइन। तब मले (अहं) शब्द लाई परित्याग गरी दिएँ। यस्तो गर्नले मेरो यो देहबुद्धि नष्ट हुन गयो, कि म देहवती हुं। जब कि देहबुद्धि नष्ट हुन गयो, तब फेरि बाँकी नै के रहयो। हेर रघूत्तम! मले सम्झेकि संसारिक सुख-दुःख यस देहको निमित्त हो, आत्माको लागि होइन। भोगहरूको आश्रयरूपी यो काया रहोस् या नष्ट होस् कुनै चिन्ता छैन। हे राम! वास्तवमा तम

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

तिम्रो एक अंश हुँ माता शब्द त केवल उपाधिमात्र हो मै नै ब्रम्ह हुँ । यस्तो प्रकार को माताको कुरा सुनेर केही हाँसो रामले भन्नु भो–हे माता ! तपाईं आज मुक्त हुनु भो । यसमा केही पनि संशय छैन । तपाईले बाछाहरूका शब्द लाई खूब रामो विचार गर्नु भएछ । अब जानुहोस्, आनन्दले घरमा रहेर आफ्नो यस बुद्धिलाई दृढ बनाएर राख्नु होस् । हे माताहरू हो ! जब तपाईहरूले म संग उपदेश सुन्न इच्छा गर्नु भएको थियो र मले आफूले केही पनि उपदेश नगरी सत् बुद्धि प्रदान गरी अरूद्वारा उपदेश दिएँ, त्यस कारण सुन्नु होस् । यसमा यो भेद छ कि उपदेश दिनेवाला गुरु हुन्छ, किन्तु म तापाईहरूका छोरा हुँ । यस कारण मैले उपदेश न गरेको हुँ । शास्त्रले पनि भनेको छ कि–

स्त्रीणां पतिर्गुरुर्ज्ञेयः स्त्रीभिर्नान्योगुरुः कदा ।
कार्यस्तस्मान्मया नैव युष्मान् स्वास्योपदेशितम्

(आनन्दरामायण मनोहरकाण्ड .२ । १४८)

स्त्रीको गुरु एकमात्र पति हुन्छ, स्त्रीको उपदेष्टा अरू कोही पनि हुन सक्तैन । स्त्रीहरूलाई चाहिएको पनि यही हो कि पतिको सिवाय अरू कसैलाई आफ्नो गुरु न बनाउन् ।

यस्तो प्रकारको उपदेश प्राप्त गरी तीनै माताहरूले आनन्दपूर्वक आफ्ना जीवन बिताउन लागे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

देहरामायण

मनुष्य देह नौ द्वार भएको एउटा नगर हो, त्यस नौ द्वारमा दुइ द्वार तलतिर पर्छन् जसको नाम हो गुदा र लिङ्ग बाँकी अरू सात द्वार माथि पर्छन् जसको नाम हो मुख, कानका प्वाल दुइ, नाकका प्वाल दुइ र आँखका प्वाल दुइ हुन् ।

यस देह रूपी नगरमा जीव र ईश्वर निवास गर्छन् ।

द्वा सुपर्णा सयुजा सखाया
समानं वृक्षं परिषस्वजाते
तयोरन्यः पिप्पलं स्वाद्वत्त्य-
नश्नन्नन्यो अभिचाकशीति ॥
(मु० ३ । १ । १)

साथसाथ रहने तथा समान आख्यावान दुइ पक्षी एकै वृक्षको आश्रय गरेर रहन्छन् । तिनमा एउटा चाहिं स्वादिष्ट मधुर पिप्पल (कर्मफल) को भोग गर्छ र अर्को चाहिं भोग नगरी केवल हेरेर प्रकाशित रहन्छ ।

नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥
(गीता० ५ । १३)

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

नौ द्वार भएको देहनगरीमा आफूँ पनि केही नगरी, अर्कालाई पनि केही नगराई सुख पूर्वक बसिरहन्छ ।

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।

(गीता ० १३ । १४)

सबै इन्द्रियका विषयलाई थाहा पाउछ तर स्वयं इन्द्रियका गुण देखि रहित छ ।

एको देवः सर्वभुतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा ।
कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी चेता केवलो निर्गुणश्च ॥

(श्वेता ० ६ । ११)

त्यो एकै देव सब प्राणिहरूमा स्थित छ, सर्वव्यापक, समस्त भूतहरूका अन्तरात्मा, कर्महरूका अधिष्ठाता, समस्त प्राणिहरूमा रहेको छ, सबका साक्षी, सबलाई चेतनत्व प्रदान गर्नेवाला, शुद्ध र निर्गुण छ ।

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥

(गीता ० १३ । ३१)

हे कुन्तीपुत्र ! अनादि औ निराकार हुनाले यो अविनाशी परमात्मा शरीरमा रहेर पनि केही कर्म गर्दैन औ कुनै कुरामा लिप्त पनि हुँदैन ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

देहो देवालयः प्रोक्तो, देही देवो निरञ्जनः ।
अर्चितः सर्वभावेन, स्वानुभूत्या विराजते ॥

(सदाचारानुसन्धानम् ० ११)

यस नर देहलाई नै देवालय भनेको छ, यसमा देह-द्रष्टा निरञ्जन आत्मा नै देव हो, त्यो सर्व भावद्वारा पूजित भएर स्वानुभवद्वारा सदा विराजमान छ ।

तीर्थे दाने जपे यज्ञे काष्ठे पाषाणके सदा ।
शिवं पश्यति मूढात्मा शिवे देहे प्रतिष्ठिते ॥

(त० नि० प्र० प्र० १४२)

तीर्थमा, दानमा, जपमा, तथा काठ या पाषाणको प्रतिमा पूजनमा त अज्ञानी मन्द बुद्धि पुरुष नै शिव (परम-तत्त्व) लाई खोज्द छन् । वास्तवमा त शिव शरीर रूपी मंदिरमा साक्षात् विराजमान छन् ।

परमात्मा देह नगरीमा यस्तो प्रकारले रहेंका रहेछन् भन्ने कुराको त केही ज्ञात भयो अब जीवको विषयमा पनि वर्णन गरिन्छ-देह रूपी घरको पंच ज्ञानेन्द्रिय द्वार हुन्,पंच कर्म –इन्द्रिय सेवक हुन् । पंच अन्तः करणले इन्द्रियलाई कर्म गर्न आज्ञा गर्छन् र इन्द्रियद्वारा गरिएका कर्महरूमा हर्ष शोक गर्छन् । पंच प्राण पंच अन्तः करणका बाहान हुन् र पंच विषय भोग हुन् । जीव यिनीहरू सबै भन्दाश्रेष्ठ भई देह रूपी घरमा बसेको छ । अरू द्वारा भएका सम्पूर्ण कर्महरू मैले नै गरेको

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

हुँ भनी भन्ने भएकोले कर्ता–भोक्ता र कर्तृत्व भोक्तृत्वको अभिमान गर्ने जीव नै हो। जीव स्थूल शरीरको आधारमा रहने हुनाले यसलाई घर भनेको हो।

जुन स्थूल शरीरलाई सबैले देखेका छन् त्यो पंचतत्ववाट बनेको छ, कारण भएको पंचतत्व त जड छ भने कार्य भएको स्थूल शरीर पनि जडै हुन्छ। कर्ता–भोक्ताको अभिमान गर्ने यसै शरीरमा रहने प्रतिबिम्बित चैतन्य हो, यस कारण यही नै कर्ता–भोक्ता हो। सामान्य भावबाट यसलाई जीव पनि भन्दछन्।

कार्यकरणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते॥

(गीता० १३।२०)

कार्य र करणको उत्पत्तिमा हेतु प्रकृतिलाई नै भनिन्छ। सुख दुःखको भोगमा हेतु पुरुषलाई भनिन्छ।

दृष्टान्त — एक दिन सीताजीले रामचन्द्रलाई भन्नु भो—हे प्रभो! म तपाईं संग केही सोधन चाहन्छु। सीताजीको वाणी सुनेर रामचन्द्रजीले भन्नु भो–हे प्रिये! जुनसुकै कुराको इच्छा भए पनि त्यो तिमी आनन्दपूर्वक सोध। पतिको यस्तो आज्ञा सुनेर सीताजीले भन्नु भो–हे महाबाहो राम! मलाई तपाईं कुनै यस्तो उपदेश दिनुहोस् कि जसद्वारा म तपाईंलाई रामो संग चिन्न सकौं। यो

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कुरालाई सुनेर रामले सीतालाई भन्नुभो–हे देवि सीते! तिमीले अत्यन्त नै रामो कुरा सोध्यौ। म आफ्नो वास्तविक तत्व तिमीलाईरामो प्रकारले समझाउछु,एकाग्र मन गरेर सुन। आत्मज्ञान –प्राप्तिकोलागि म तिमीलाई कौतूहलजनक कुराहरू बताउने छु। रामचन्द्रजीले भन्न लाग्नु भो—सत्, चित्, आनन्दरूप एक महान सागर छ। त्यसको इच्छारूपी तरङ्गबाट एक परम पबित्र आत्मास्वरूप बिन्दु निसक्यो। त्यसको नामआत्मा रहयो। त्यसकी माता बुद्धि भई। शुद्ध र सत्वमय अन्तःकरण त्यसको पिता भयो। आत्माको चार भेदभए। तिनै आत्माको चार भाइ हुन गए। तिनीहरू मध्ये श्रेष्ठ चाँही तरीया वस्था, त्यस भन्दा केही न्यून जाग्रदावस्था, अनि स्वप्नावस्था र सब भन्दा निम्न श्रेणीको सुषुप्ति अवस्था भयो। यी सबको रहने स्थान हृदयाकाश हो र मनोवेगले यी अवस्थाहरू कहिले केही कहिले केही हुन जान्छन्। मनको दुर्वृत्तिहरूको खण्डन, मनको आवेगमाथि आघात र मायाको योगले पूर्वसंस्कारको दमन गर्नु पर्छ। यदि बुद्धि कुनै तरहले दूषित भयो भने संसाररूपी घोर जङ्गलमा धेरै दिन आत्माले घुम्नु पर्छ। त्यस समयमा पञ्चभूतात्मालाई स्थिर गरेर दम्भलाई निग्रह गर्नुको आवश्यकता पर्छ। केवल आत्मरूप नै एउटा यस्तो पर्णकुटी छ, जहाँ कि शान्ति मिल्द छ। अन्यत्र सबै ठाऊमा क्लेश नै क्लेश छ। त्यस पर्णकुटीमा काम, क्रोध, लोभ, मोहादि शत्रु जान पाउदैनन्। आशाको पनि त्यहाँ गति छैन। त्यहाँ मोहको पनि निग्रह हुन जान्छ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

त्यहाँ नै शुद्ध सात्विक मायाको आश्रय प्राप्त हुन्छ । त्यस समय जब कि रजोगुणमयी माया जठराग्निमा रहन्छे तब तमोगुणमयी मायाको वियोग हुन जान्छ । यसमा सुखको नाम नै रहदैन र चारै तिर दुःखले घेरिएको मात्र देखिन्छ । त्यसको अगाडि शोकनाशको दर्जा आउछ । त्यसै समय मा विवेक उत्पन्न हुन जान्छ । साथै नै भक्तिको पनि उद्रेक हुन्छ । अज्ञान नष्ट हुन्छ । उत्साहले स्नेह हुन जान्छ । तीन गुणमय यस शरीरको सब भन्दा प्रधान कर्त्तव्य यो हो कि जुन प्रकारले भए पनि अज्ञानदेखि जीवलाई छुटाउनको–लागि चेष्टा गर्नु पर्छ । जब प्राणी मदको निग्रह गर्छ, तब त्यो लिङ्गनिग्रही कहलाउन लाग्छ । मदको निग्रह गरेर मात्सर्यको र मात्सर्य पछि अहङ्कारको निग्रह गर्नु पर्छ । जुन समय साधक लिङ्गनिग्रही हुन जान्छ अर्थात् मदलाई वशमा गरिलिएको हुन्छ, त्यसै समयमा मायाको परास्त हुने समय आउछ । वास्तवमा माया भनेको अरू कुनै होइन र, यिनै काम-क्रोध आदि दुष्टहरूको संगले मायाको निर्माण हुन जान्छ । यिनीहरूलाई परास्त गरिसकेपछि प्राणीहरूलाई आनन्द नै आनन्द हुन्छ । जब मायालाई त्याग गरिन्छ, त्यस समयमा सात्विकी मायाबुद्धिको प्रादुर्भाव हुन्छ । त्यस सात्विकी मायाको साथमा प्राणी उत्तम हृदयाकाशको सुख अनुभव गर्न लाग्छ । त्यस भन्दा पनि उत्कर्ष भएपछि महाकाशको निर्माण हुन्छ । सत् चित्, आनन्द यी तीनै त्यहीं नै सदा विद्यमान रहन्छन् । यिनै महान् समुद्रमा

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

हामफाल्नुलाई नै आत्माको कल्याणदायिनी मुक्ति भनिन्छ। चार प्रकारका मुक्तिहरू मध्ये यसलाई सायुज्य मुक्ति भनिन्छ। हे सीते ! तिम्रो हितको लागि मैले यो ज्ञानको वाकस खोलेर राखिदिएँ। यो वेदको सारले परिपूर्ण छ र यसैद्वारा मेरो मुख्य तत्वलाई तिमीं जान्न सक्ने छौ। राम-को कुरा सुनेर सीताले त्यस ज्ञानको बाकसलाई आफ्नो हृदयमा राख्नु भो। फेरि त्यसलाई खोलेर बुद्धिदृष्टिले केही समय हेर्नु भो। तत्कालमा नै सीतालाई यथार्थ रहस्य ज्ञान भो र केही हाँसेर रामचन्द्रलाई प्रणाम गर्नु भो। सीताजी-लाई त्यस समयमा एक महान आनन्दको अनुभव भो।

यस्तो प्रकारको सीतालाई आनन्दित देखेर रामचन्द्र-ले सोध्नु भो—सीते ! तिमीले त्यस संज्ञानपेटिकामा कुन—कुन तुष्टि दायक चीजहरूलाई देख्यौ ? जसद्वारा तिमीलाई यस्तो प्रसन्नता प्राप्त भयो। के, अब त तिम्रो अज्ञान नष्ट भो ? लौ, अब बताऊ कि म को रहेछु। तिमीले आफ्नो मनमा के समझ्यौ। तिमीले मलाई चिन्यो कि चिनिनौ ? यस्तो प्रकारको रामचन्द्रजीको कुरा सुनेर सीताजी अरू ज्यादा आनन्दित हुनु भो र रामलाई भन्न लाग्नु भो—हे रघुनन्दन ! तपाईले मलाई ज्ञानको जो वाकस दिनु भो, त्यसकाई मैले आफ्नो ज्ञानदृष्टिले खूब गौर गरेर हेरें र मलाई तपाईको ज्ञान प्राप्त भयो। तपाईं निर्गुण र निराकार हुनुहुन्छ। मेरो साथ संसारमा जो—जो

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

लीलाहरू भो, ती सबका उद्देश्य एकमात्र लोकहित गर्नु हो । मैले वाकसमा जुन-जुन थोक देखें, त्यो बतलाउद छु । त्यसबाट संसारको समस्त अज्ञानिहरूको उपकार हुनेछ अर्थात् तिनीहरूलाई पनि ज्ञान प्राप्त हुन जानेछ ।

सच्चिदानन्द स्वरूप विष्णु भगवान् नै सागर हो । भगवान् जब पृथ्वीको भार उतारनलाई इच्छा गर्नु हुन्छ, त्यही सागरको तरंग हो । त्यसको नै एक विन्दु आत्मांशरूप भएर बाहिर आउछ । त्यसैलाई आत्मा भनिन्छ । त्यसकी बुद्धिरूपी जननी कौसल्या हुन् । शुद्ध र सत्वगुणमय अन्तः करण त्यस आत्माको पिता हो, ती साक्षात् श्रीदशरथ हुन् । त्यस आत्माको जो चार भेद तपाईंले बताला उनु भो, त्यो यिनै चार भाइ राम, लक्ष्मण, भरत, शत्रुध्नरूप भएर विद्यमान छन् । अवस्थाहरूमा तुरीयावस्थालाई श्रेष्ठ बताउनु भएको थियो । चार भाइ नै चार अवस्था हुन् । यी भाइमा सब भन्दा श्रेष्ठ र जेठो हुनाको कारण तपाईं नै तुरीयावस्था हुनुहुन्छ । जाग्रदवस्था स्वरूप लक्ष्मणजी हुन्, स्वप्नावस्थारूप भरत तथा सुषुप्ति अवस्थास्वरूप शत्रुध्न हुन् । हृदयाकाश स्थान जो तपाईंले बताउनु भएको थियो, त्यो यही अयोध्या हो मनोवेगदेखि टाढ़ा रहनु भनी जो तपाईंले बताउनु भएको थियो, त्यो हो विश्वामित्रको साथ तपाईं जानु । मनको दुर्वृत्तिहरूको घात नै ताडका वध गर्नु हो । मनोवेगको भंजन गर्नु नै जनकपुरमा धनुष भाचनु हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

उहां मेरो पाणि ग्रहण हुनु नै मायाको योग हो । परशुराम-को दर्पभञ्जन नै पूर्व संस्कारको निग्रह हो । यसको अनन्तर कुबुद्धिरूपिणी कैकेयीको वरदानले तपाईको दण्डकारण्यमा घूमनु नै भवारण्यमा भुङ्नारिनु हो । दम्भलाई रोकनु नै विराध वध हो । पञ्चभूतात्मक आत्मरूपिणी पर्णकुटी जो तपाईंले बलाउनु भो, त्यो यही शरीर नै हो । जुन तपाईं-लाई विहार गर्नकोलागि एक उपयुक्त स्थान हो । कामलाई निग्रह नै खर राक्षसको वध हो र क्रोधलाई निग्रह दूषणको वध हो । लोभलाई निग्रह गर्नु नै त्रिशिराको वध हो । आशाको विच्छेद जो तपाईंले बताउनु भएको थियो, यही नै शूर्पणखाको विरूप गर्नु हो । मारीच मृगको वध गर्नु नै मोहको निग्रह हो । दण्डकवनमा तपाईंले जो सत्वगुणमयी मलाई आफ्नो वामभागमा रहनलाई भन्नु भएको थियो, त्यही नै शुद्ध मायाको आश्रय हो । रजोगुणरूपले मैले अग्निमा प्रवेश गर्नु नै तामसी मायाको वियोग हो । तमोगुणरूपले मेरो रावणद्वारा हरण हुनु नै सुखाभाव हो । तपाईंमा र ममा वियोग हुन जानु नै महाक्लेश हो । यसपछि कवन्धलाई वध गर्नु नै शोक भङ्ग हो । सुग्रीव संग मित्रता हुनु नै विवेकको आश्रय हो । हनुमान्जी संग भेट हुनु नै भक्तिको लाभ हो । वालिलाई वध गर्नु नै अज्ञानलाई वध गर्नु हो । विभीषण सँग मैत्री हुनु उत्साको सङ्ग हो । समुद्रको सेतु-बन्धन नै अज्ञानबाट पार हुने उपाय हो । तपाईंले त्रिकूट पर्वतमा डेरा गर्नु नै लिंगात्मक देहमा त्रिगुणको आश्रय

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

गर्नु हो । कुम्भकर्णको वध नै मदको निग्रह हो । मेघनादको वध मात्सर्यको निग्रह हो । तपाईंले जो रावणलाई वध गर्नु भो, त्यो अहंकारको नाश हो । मायाको एकता जो तपाईंले बताउनु भएको थियो, त्यो हामी तीनजना एकत्र हुन जानु हो । लङ्कालाई त्याग्नु नै लिंगदेहको वियोग हो । फेरि अयोध्यामा फर्केर आउनु नै हृदयाकाशको गमन हो । तपाईंले राज्यको भोग गर्नु नै एकमात्र आनन्दको अनुभव गर्नु हो । फेरि मायाको त्याग जो तपाईंले बाताउनु भएको थियो, त्यो भविष्यमा वाल्मीकिको आश्रममा मलाई त्याग गर्नु हुनेछ । सात्विकी मायाको ग्रहण भनेको तपाईंले मलाई पुनः ग्रहण गर्नु हुनेछ । सात्विकी मायाको साथ उद्योग भनेको त्यो मेरो साथमा तपाईंले विहार गर्नु हो । हृदयाकाशलाई महाकाशमा मिलाई दिनु भन्नु भएको थियो, त्यो हो तपाईले अयोध्यालाई समेत आफ्नो साथमा वैकुण्ठ लिएर जानु । यस स्वरूपलाई परित्याग गरेर तपाईले आफ्नो विष्णुस्वरूपलाई धारण गर्नु सच्चिदानंद सागरमा गोता लगाउनु हो । नररूपलाई छोडेर विष्णुरूपमा देखिनु नै आत्माको सायुज्य मुक्ति हो । यस्तो प्रकार हे रामचन्द्रजी ! तपाईंले यस संसारमा जुन—जुन कर्म गर्नु भो, त्यो सब लोकहरूलाई ज्ञानी बनाउन र तिनलाई कल्याण गर्नकोलागि गर्नु भएको हो । यसको अतिरिक्त तपाईंले जो जति कर्म गर्नु भो त्यो सबै ठीक छ । जुन पुरुष यो देहरामायणको अध्ययन र रामो संग विचार गर्छ त्यो पुरुष क्षणमात्रमा जीवन मुक्त हुन्छ ❀

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

हाम्रो शरीर

हाम्रो शरीर एक रथ हो, जसमा इन्द्रियरूपी घोडा हरू जोतिएका छन् । घोडाहरूमा मनको लगाम लगा-इएको छ, लगाम सारथि बुद्धिको हात छ, परम पदको पथिक आत्मा यस रथमा चढ़ेको छ । रथको स्वामी पथिकले सारथिलाई आज्ञा दिए कि अमुक स्थानमा प्रस्थान गर्नु परेको छ । सारथिले लगामलाई झटका दियो । घोडाहरूले संकेतलाई सम्झे र जुन मार्गबाट हिड्न पर्ने हो त्यही मार्गबाट हिड्न निश्चय गरे । यस प्रकार रथ स्वामीको अधीन छ त्यस्तै शरीर आत्माको अधीन छ । परन्तु यहाँ कर्म उल्टा हुन गयो । स्वामी चाहिँने सुत्यो, सारथिले किंकर्तव्य विमूढ़ भएर लगामलाई खुकुलो पारेर छोडिदियो । घोडाहरूमा कुनै अंकुश न रहनाको कारणले गर्दा रथ कहिले कता—कहिले कता गयो र अन्त्यमा खाल्टोमा खस्यो । यहाँ त यस्तो भन्नु पर्ने भो कि रथ स्वामीको वशमा न भएर स्वामी रथको वशमा छ, शरीर आत्माको शासनमा छैन, आत्मा शरीरको शासनमा छ ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

जुन पुरुषले आफ्नो जीवनको बागडोर वा मनलाई खूब बुद्धिमान् विवेकी पुरुषको संचालनमा सुम्पेको छ भने उसको जीवनमा उसले कुनै दुःखको सामना गर्नु पर्दैन । अर्जुनले विचार गरे कि धनुषधारीमा म सर्व-श्रेष्ठ छु, मलाई जति सुकै फौज हुनता पनि कसैको जीत्ने सामर्थ्य छैन । परन्तु युद्धमा मलाई असल सल्लाह दिने बुद्धिमान् पुरुषको जरुरत छ । म भन्दा श्रीकृष्ण ज्यादा बुद्धिमान् हुनुहुन्छ उहाँलाई सारथि तुल्याउन पाए अर्थात् उहाँको आज्ञानुसार मैले युद्ध गर्न पाएँ भने म अवश्य पनि विजयी हुनेछु । यही विचार गरेर नै अर्जुनले कृष्णको फौज न लिई केवल कृष्णलाई मात्र लिएका हुन् । अर्जुनले कृष्णलाई केवल घोडाको लगाम मात्र सुम्पि दिएको होइन कि आफ्नो जीवन रथको बागडोर समेत सुम्पि दिएका छन् । अर्जुन भन्दछन्:—

सारथ्यं तु त्वया कार्यमिति मे मानसं सदा ।
चिररात्रेप्सितं कामं तद् भवान् कर्तुमर्हति ॥

(म० भा० उ० ७।३७)

मेरो मनमा धेरै दिन देखि यो अभिलाषा थियो कि तपाईलाई आफ्नो सारथि बनाऊँ र आफ्नो जीव-नरथको बागडोर तपाईको हातमा सुम्पिदिऊँ । मेरो यस चिरकालिक अभिलाषालाई तपाई पूर्ण गर्नु होस् ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु ।
बुद्धिं तु सारथिं विद्धि मनः प्रग्रहमेव च ॥

(कठो० १।३।३)

तिमी आत्मालाई रथी जान, शरीरलाई रथ सम्झ बुद्धिलाई सारथि जान र मनलाई लगाम सम्झ।

यस्त्वविज्ञानवान्भवत्ययुक्तेन मनसा सदा ।
तस्येन्द्रियाण्यवश्यानि दुष्टाश्वा इव सारथेः ॥

(कठो० १।३।५)

किन्तु जो बुद्धिरूप सारथि सर्वदा अविवेकी एवं असंयत चित्तले युक्त हुन्छ उसको अधीनमा इन्द्रियहरू यस प्रकार रहदैनन् जस्तो सारथिको अधीन दुष्ट घोडाहरू ।

यस्तु विज्ञानवान्भवति युक्तेन मनसा सदा ।
तस्येन्द्रियाणि वश्यानि सदश्वा इव सारथेः ॥

(कठो०१।३।६)

परन्तु जो बुद्धिरूपी सारथि कुशल र सर्वदा समाहित चित्तले युक्त हुन्छ उसको अधीन इन्द्रियहरू यस प्रकारले हुन्छन्, जस्तो सारथिको अधीन असल घोडा।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

दृष्टान्तः— कुनै एक जना साधारण महात्मा तपस्या गर्छु भनी वनमा गएका थिए । ती महात्माले न इन्द्रियलाई आफ्नो वशमा राख्न सकेका थिए न त मनलाई। वनबाट दुइ दिनमा नै फर्की नगरमा आइरहेका थिए। भोक–प्यास र थकाइले उनलाई अत्यन्त सतायो। उनलाई नगर सम्म पुग्न पनि कठिन पर्न लाग्यो । त्यस्तैमा ती महात्माले भगवान्को प्रार्थना गरेर भने—हे भगवान् ! मलाई आफ्नो तपस्वी भक्त संझी कृपा गरेर एउटा घोडा पठाइदिनुहोस् । घोडा चढ़न पाए म तुरुन्त नगर मा पुग्ने थिएँ र मेरो भोक–प्यास निवृत्त हुने थियो । त्यही वनमा एउटा राजाको सवार ठूलो अरबीघोडी चढी भ्रमण गरिरहेको रहेछ । त्यसै समयमा उसले चढ़ेको घोडीले बच्चा पाई । त्यो सवारले घोडी र उसको बच्चालाई नगर सम्म पुऱ्याउन असमर्थ्य देखि बच्चालाई बोक्ने मानिस खोज्न थाल्यो । परन्तु वनमा कुनै मानिसलाई पनि फेला पार्न सकेन, अन्तमा घोडा चढन पाँऊ भनी ईश्वरको प्रार्थना गर्ने त्यही महात्मालाई फेला पाऱ्यो । सवारले भन्यो जुन मैले चढ़ेर आएको घोडी हो, राजाको हो । यसको बच्चालाई बोकाएर लैजानको लागि अन्य मानिस खोजे तर पाउन नसकी मैले ईश्वरको प्रार्थना गरेको थिएँ, भगवान्ले तिमीलाई पठाई दिनु भएछ । यति भनी महात्मालाई घोडाको बच्चा बोकायो । महात्मा मन–मनमा भन्दछन्–घोडा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

चढ़न पाँऊ भनी भगवान्को प्रार्थना गरेको त भगवान्ले उल्टो म माथि घोडालाई चढाइदिनु भो ।

सिद्धान्त–यहां महात्मा भनेको जीव हो र घोडा भनेको इन्द्रिय हो । जुन जीवले इन्द्रिय माथि विजय प्राप्त गर्न सकेको छैन केवल भगवान्को प्रार्थना गर्नाले मात्र उसको इच्छा पूर्ति हुँदैन । जुन पुरुषले इन्द्रिय माथि विजय प्राप्त गरेको छ र साथै भगवान्को प्रार्थना पनि गर्दछ भने त्यसको इच्छा पूर्ण हुन्छ ।



epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

माया पतिको माया

स्व स्वरूपको अज्ञान नै मायाको स्वरुप हो। जसलाई परमेश्वरको, ब्रम्हको, जीव तथा शिवको अभेद र संसारको अनित्यताकी वोध भएको छ त्यही पुरुष नै माया देखि पार हुन सक्ने हुन्छ ।

जब फलाम एक पटक पारसमणिलाई छोएर सुन हुन्छ, तब त्यसलाई कोही माटोको भित्र गाडोस या त हिलामा नै फ्याकी दियोस् । त्यो जहाँ रहे पनि सुनै हुन्छ, फलाम हुँदैन । यस्तै प्रकार जुन पुरुषले आनन्द स्वरूप भगवान्लाई प्राप्त गरेको छ त्यो पुरुष चाहे घरमा रहोस् चाहे वनमा त्यो पुरुषलाई मायाको कुनै असर समेत पर्दैन ।

तारा तबसम्म जगमगाउदछन् जब सम्म सूर्यको उदय हुँदैन, यस्तै प्रकार जब सम्म ज्ञानको उदय हुँदैन तबसम्म मनुष्य माया जालमा परेको हुन्छ ।

यन्नास्ति तस्य सद्भावप्रतिपत्तिरुदाहृता ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मायेति सा परिज्ञानादेव नश्यत्यसंशयम् ॥
(योगवसिष्ठ ६-१,३,२)

जुन वस्तु छैन त्यो वस्तु छ भनी स्वीकार गर्नु माया हो त्यो माया ज्ञानले नाश हुन्छ । अहंकारको तत्त्व अज्ञान हो । स्वात्मज्ञानले अहंकार निवृत्ति हुन्छ।

जहाँ द्वैतको नाश हुन्छ, त्यहाँ माया शक्तिको आवरण पर्न सक्दैन (मा-होइन, या-जो) माया मिथ्या छ छाया र माया दुवै एकै हुन् । जस्तै चटक गर्नै ज्यादुकारले चटक देखाउछ, त्यो देखनमा सत्य झैं भए ता पनि वास्तवमा मिथ्या नै छ । अज्ञानले गर्दा डोरीमा सर्प देखिन्छ, त्यस्तै जगदीश्वरलाई नजान्दा माया देखिन्छ। यस्तो ज्ञान पुरुषलाई जब साक्षात्कार हुन्छ, तब उसको भ्रम नष्ट हुन्छ, जब भ्रम नष्ट हुन्छ अनि भ्रममा देखिने सर्प र माया आफैं नष्ट हुन्छ ।

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥
(गीता ७।१४)

किन कि मेरो यो त्रिगुणात्मिका, दिव्य माया दुस्तर छ । जो मेरो शरणमा अउदछन्, ती यस मायाबाट तर्दछन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भगवान्को भनाइ अनुसार यो कुराको ज्ञात हुन्छ कि जो भक्त र ज्ञानी हुन उनीहरू त भगवान्को शरण पर्दछन्, भगवान्को स्वरूपलाई जान्दछन् र मायादेखि मुक्त हुन्छन् । जस्तै डोरी बाटदा तीनौटा डोरी मिलाएर एउटा डोरी बाटेको हुन्छ, त्यो चूडाल्न कठिन पर्छ । भगवान्ले पनि सत्त्व, रज र तम तीन गुणको रचना गरीमायारूपी डोरी बाटनु भएको छ, त्यो हमेसी कसैले पनि पारपाउन न सकिनेछ । यस्तो होता पनि मायाले जीवलाई समात्न जान्न, जीवले नै मायालाई समातेको हुन्छ । माकुराको जालमा आँफै आएर झिँगा परेको दे-खिन्छ । अफूले समातिराखेको माया छोडन यो जीव अत्यन्त गान्हो मान्छ। मायालाई छोडेको र समातिराखेको दृष्टान्त हेर्नु होस् ।

दृष्टान्त—कुनै समयमा एक ब्राम्हण गएर राजा ज-नकलाई भने-हे महाराज ! मलाई शुभ कर्म अर्थात् आत्मो-न्नति गर्ने अति ठूलो इच्छा छ तर मायाले समाती रहेको हुनाले असमर्थ भएर रहेको छु । हजूरलाई यस विषमा कुनै मार्ग थाहा छ भने मेरो कल्याण गरि-दिनुस् । राजा जनकले तुरुन्त एउटा खम्बालाई समाती भन्नुभयो यदि यो खम्बाले छोडयो भने म तपाईंको प्रश्नको उत्तर दिनेथिएँ । ब्राम्हणले भने-हजूरले कस्तो मूर्खको जस्तो कुरा गरिरक्सेको । खम्बाले हजूरलाई समातेको छ

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

कि हजूरले नै खम्बालाई समाती वक्सेको छ । जब सम्म हजूर खंबालाई छोडिवक्सिन्न तबसम्म त्यसबाट कसरी छुटी वक्सिन्छ ?

राजा जनकले हाँसेर भने–यो खम्बाको समान माया पनि जड छ । जड माया आत्मालाई कसरी समात्न सक्छे ? मैले जसरी यो खंबालाई समातिरहेको छ, ठीक त्यस्तै प्रकारले मायालाई पनि तपाईंले समातिरहनु भएको छ । यदि तपाईं आफूले समातिरा खेको मायालाई छोडी दिनुहोस् त मुक्त हुनुहुने छ; जबसम्म छोडनु हुन्न तबसम्म बाँधिएर रहनु हुन्छ । मन जड माया तुल्य छ त्यसलाई शुभ कर्ममा र कुकर्ममा लगाउन तपाईको अधीनमा छ । मलाई मायाले समातिराखेकी हनाले मैले कुनै शुभकर्म गर्ने समय प्राप्त गर्न सकिन भनी केबल मायालाई दोष दिनु मूर्ख अज्ञानीको कुरा हो ज्ञानी को होइन ।

दृष्टान्त—एक दिन नारदजीले भगवान् विष्णुलाई भने तपाईंको मायालाई जीतन कठिन छ भन्दछन् । हे कृपासिन्धु ! आफ्नी मायाको स्वरूपलाई देखाउनु होस् । भगवान्ले भन्नु भो–हे नारद ! तिमीलाई मेरी मायाको स्वरूप हेर्ने तीव्र इच्छा छ भने जंबूद्वीपको भरत खण्डमा जाऊ । त्याहाँ एक प्रतिष्ठान नाम गरेको सुन्दर नगर छ । त्यस नगरमा मायाशंकर नाम गरेको गुणवान्, विद्वान र नीतिमान तथा सर्व शास्त्रका ज्ञाता भएर

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पनि मायामा अत्यन्त लुब्ध एक ब्राम्हण रहन्छन् । उहाँ गएर मेरी मायाको स्वरूपलाई हेर र ती ब्राम्हणलाई पनि मायादेखि मुक्त गराएर यहाँ म कहाँ लिएर आउन सक्यौ भने तिम्रो ठूलो पराक्रम समझने छु । तिमीलाई पनि मेरी माया कस्ती दुरत्यय छ भन्ने कुरा थाहा हुनेछ ।

परमात्माको आज्ञा पाएर नारदजी माया शंकरलाई भेटन भनी हिंडे । नारदले आफ्नो स्वरूपलाई बदलेर संतको स्वरूप धारण गरेका थिए । केही क्षणमा उनी मायाशंकरको घर पुगे । मायाशंकरलाई अतिथिसत्कार गर्नु गृहस्थको परम धर्म र कर्तव्य हो भन्ने कुराको ज्ञानथियो। त्यस कारण उनले द्वारमा आएर नारदलाई सतकार गरी आफ्नो घर भित्र लगे ।

यस्तैमा ती गृहस्थकी दुर्मुखी नाम गरेकी स्त्री त्यहाँ आएर क्रोध गरेर बोली–हे बूढा ! तिमी ले यो कहाँको संतलाई आफ्नो घर भित्र डाकी ल्ययौ । यो जोगीको पेट भर्नको लागि डेड सेर भोजन कस्ले पकाउछ ? म त अहिले महादेवको दर्शद गर्न जान्छु र कथा न सुनी कन त्याहाँबाट फर्केर आउन्न । तिमीलाई ख्वाउन मन लागे आफै पकाएर ख्वाऊ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यस्तो भनेर त्यो दुर्मुखी घरबाट हिडी । नारद लाई भने आश्चर्य लाग्यो र मनमा विचार गर्न लागे कि–परमात्माले मलाई मायाको स्वरूप हेर्न पठाउनु भएको ठीक हो। यस जगत्को माया क़स्तो दुस्तर रहेछ । स्त्रीहरूलाई यज्ञ, देवदर्शन, व्रत, उपवास अथवा परपुरुषदेखि कथा श्रवण गर्नु, सांसारिक अथवा त्यागी गुरुको सेवा गर्नु, यो कुनै पनि फलदायक छैन र न उनीहरूलाई कल्याण गर्छ। स्त्रीले त पतिसेवा द्वारा नै सत्यलोकलाई प्राप्त गर्न सक्दछन् । स्त्रीहरूको सत्य धर्म त पतिसेवा नै हो । स्त्रीहरूको लागि सबै देवता भन्दा ठूलो देवता पति नै हो । पतिसेवादेखि अतिरिक्त अन्य जुन सुकै धर्म कर्म गर्नाले पनि स्त्रीजातिलाई कल्याण हुँदैन, यो वेदको वचन हो।

त्यो दुर्मुखी नारीले आफ्नो विद्वान् गुणसंपन्न पति मायाशंकर संग नै कथा श्रवण गरी आत्माको कल्याण गर्नु पर्नेमा उल्टो महादेवको दर्शन र कथा सुन्न भनी गई । विद्या पढ़ेर जसले प्रभुलाई जानेन, शिष्य भएर गुरुलाई संतुष्ट तुल्यायन र पत्नी भएर पतिको आज्ञा-लाई पालन गरिन, त्यो विद्या, शिष्यपन र पत्नीपना वृथा नै हो ।

मायाशंकर आफ्नो नित्यकर्ममा प्रवृत्त भए । नित्य-कर्मदेखि निवृत्त भएर ईश्वरको प्रार्थना गर्न लागे कि हे

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

दीनदयालु ! हे भक्तप्रतिपालक ! यस दास माथि दया गरेर यस स्त्रीदेखि मलाई छटाऊ अब म तिम्रो शरणमा आएको छु । हे कृपासिंधु ! अब मलाई यस भवसंकटबाट पार तुल्याऊ । यस्तो ती गृहस्थको प्रार्थना सुनेर नारदजीले संझेकि यी ब्राम्हण त संसारदेखि दुःखित भइसकेका जस्ता छन्, यिनमा कुनै पनि मायालुब्धपना देखिदैन । यस्तै विचार गरेर नारद बसिरहेका थिए, त्यस्तैमा त्यो दुर्मुखी घरमा आइपुगी । त्यसकी बुहारीले खाना तयार पारिराखेकी थिई । दुर्मुखीले खाना पसकी र आफ्नो पतिलाई दिए पछि नारदको अगाडि पनि खाना राखिदिई । जोड संग राखिदिएकोले भात दाल उछिट्टिएर नारदलाई पोल्यो ।

नारदले भने मलाई केही भएको छैन, अर्को दाल ल्याएर हालिदेऊ । दुर्मुखीले दाल लिएर आउदा त्यो दाल सबै आफ्नो खुट्टामा पोखियो र अइया मरें भनी थुचुक बसी । मायाशंकरले तुरुन्त पानी ल्याएर ला खुट्टा धो भनी दिए । पानी जब के खुट्टामा हालेकी मात्र थी, झन त्यसलाई अति डाहा भयो र चिच्याई आफ्नो पतिलाई भनी के मलाई मार्न आटेको ? यस्तो भनी आफ्नो बूढा पति मायाशंकरलाई जोर संग लात्तिले हानी, बूढाको टाउको भित्तामा ठूलो जोर संग ठोकिनाको कारण टाउकोबाट रगतको धाराबग्यो । यस्तो हुँदामा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पनि दुर्मुखीले झन उल्टो पतिलाई गाली गरी । परन्तु मायाशंकरले भने आफ्नी पत्नीलाई केही पनि भनेनन् । उनले त आफ्नी स्त्रीलाई बोकी माथि कोठामा लगी विच्छाउनमा सुताई खुट्टामा औषधि लगाई दिए । माया-शंकर त माया शंकर नै थिए । बाहीरबाट हेर्दा मायालाई त्याग गरेका जस्ता थिए, परन्तु भित्रबाट त उनी मायाको रागी थिए । दिन-प्रतिदिन स्त्रीको रोग बढदै गएको देखेर मायाशंकर मायाको वशमा परी रुन लागे-ओहो ! मेरो घर नष्ट हुन लाग्यो । हे राम ! वृद्धावस्थामा मैले दुःख पाउन लागें । अब मेरो कस्तो दशा होला ? इत्यादि भनी ज्यादा कराइ-कराइ रुन लागे ।

नारदले भने—हे ब्राम्हण ! तिमी त नित्य नै परमात्मा सँग प्रार्थना गर्दथ्यौ कि यस स्त्रीदेखि मेरो वियोग होस् । त्यो तिमीले गरेको प्रार्थना ईश्वरले सुन्नु भो । आज भगवान्ले तिमीमाथि ठूलो कृपा गर्नु भो । संसारमा जन्म लिएपछि एक दिन सबले मृत्युको मुखमा पर्नु पर्छ । यो अनिर्वाय र अपरिहार्य कुरा हो, यस विषयमा तिमीले शोक गर्नं योग्य छैन । फेरि तिम्री स्त्रीले तिमीलाई कुन दुर्वचन बोल्न बाँकी राखेकी छ र कुन कर्म द्वारा तिमीलाई संतुष्ट नं तुल्याएकी छ । परमेश्वरले स्त्री र संसारदेखि मुक्त गराउनको लागि तिमीलाई जो यो शुभ योग दिनु भो यो कुराको विचार गरेर शोकलाई

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

छोडी हर्षित होऊ, र आफ्नो आत्माको कल्याण गर।

मायाशंकरले रुदै भने-हे महाराज ! तपाईंको ब्रम्हज्ञानलाई अहिले रहन दिनोस् । मेरी स्त्रीलाई निको भो भने १०० ब्राम्हणलाई भोजन गराउने छु, त्यसको साथै सहस्त्र गोदान समेत गर्ने छु । हे महात्मा ! तपाईं संग बरू कुनै जडी-बूटी छ भने त्यो दिएर मेरी स्त्रीलाई मृत्युदेखि बचाउनु होस् । नारदजीले भने—हे मूढ ! मृत्युदेखि बचाउन कसको सामर्थ्य छ ? यस्तो प्रकारको उपदेश नारदले घेरै दिए, तर ती माया लुब्ध गृहस्थको हृदयमा त्यसको कुनै असर परेन । जब उनकी स्त्रीको मृत्यु भो तब ती ब्राम्हण पागल तुल्य भए । कस्तो माया जुन स्त्रीले जीवन भर पतिको हृदयमा आनन्द हुने शब्द मुखबाट एउटा पनि निकालिन । त्यस्ती दुर्मुखी स्त्रीको मृत्यु भो भनी मायाशकरले शोक गर्नु वृथा हो ।

दुर्मुखी स्त्रीको मृत्यु भएको महीना दिन पछि नारदले उनलाई भने —हे ब्राम्हण ! स्त्रीको मृत्यु हुनु नै भागवान्ले तिमीमाथि ठूलो कृपा गर्नु हो । अब तिमी संन्यास धारण गर, घरवारलाई त्याग गरेर आत्मसेवन गर । तिम्रो अवस्था पनि संन्यास ग्रहण गर्न योग्य भएको छ ।

मायाशंकरले भने-महाराज ! तपाईले मेरो कल्याणको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

लागि अत्यन्त ठीक कुरा गर्नु भो । परन्तु मेरो ठूलो छोरा त आफ्नो कार्य सम्हालन सक्ने योग्य भो तर यी दुइ साना छोरा कसका आश्रयमा रहन्छन् ? फेरि यिनलाइ कसले हेरविचार गर्छ । ठूलो छोराको विवाह भएको पनि धेरै वर्ष भएको छैन । त्यो नयाँ बुहारीलाई घरको कार्य भार राम्रो थाहा छैन । यदि मैले घरको स्थिति नचलाये रुपैयाँ पैसा ढुङ्गा माटो झैं उडाएर केही दिनमा नै समाप्त गर्नै छन् । संन्यास लिनलाई अहिले धेरै समय बाँकी छ । मेरा दुइ छोराका विवाह गरिसकौं र नाति पनि केही ठूलो होस् अनि मात्र संन्यास ग्रहण गरौंला ।

नारदजीले भने मूर्खानन्द ! जो जीव इन्द्रियहरूको विषय भोग भोग्दछ त्यो मूढ़ात्मा कहिले पनि आत्मा कल्याण गर्न सक्तैन । तिमी आफैलाई समालन अशक्त छौ, फेरि तिमी बालकहरूलाई र अरूलाई कसरी समालन सक्लाऊ ? जो अनंतको अनंत छ, समर्थको समर्थ छ, त्यही सबैलाई समालन समर्थ छ र त्यसैले नै सबैलाई समालेको छ । यस मूर्खतालाई छोडेर परमात्माको शरण पर । छोरा—छोरी, नाति–नातिनी, धन इत्यादिले तिम्रो कल्याण गर्दैनन्, उल्टो अधोगतिमा पुऱ्याउछन् । तिमीले धेरै शास्त्र पढेका र सुनेका छौ, यो देह नाशवान छ भन्ने कुरा पनि तिमीलाई यथार्थ

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

ज्ञात छ तैं पनि विषयमा नै भूलेका छौ । यो सबैको संबन्ध जोडिरहनाले त तिमी आफ्नो कल्याण कहिले पनि गर्न सक्ने छैनौ । यस कारण तिमी सबै वस्तुको माया मोहलाई त्याग गर र मेरो साथमा हिड, म तिमीलाई वैकुण्ठमा लिएर जान्छु ।

ब्राम्हणले भने—महाराज ! तपाईले भन्नु भएको कुरा ठीकै हो तर मेरो विचारमा त यहाँ भन्दा सुख वैकुण्ठमा के होला जस्तो लाग्छ ? यहाँ मैले आफ्ना छोराहरू, बुहारी, तथा नातिहरु संग बसी, नातिहरूले तोते बोलीले बोलेको सुनी अत्यन्त आनन्द भोगिरहेछु त्यो म त्यहाँ भोग्न पाउन्न । यसकारण मलाई यहाँ नै आनन्द छ । जब समय आउला अनि वैकुण्ठ जाउला अहिले नै के हतार छ । यस्तैमा नाति आयो र बूढ़ाको काखमा बस्यो र खेल्दा-खेल्दा बूढ़ाको नाकमा कचौराले हान्यो । नाकबाट रगतको धारा बग्यो ।

नारदले भने—हे ब्राम्हण ! यही नै न हो तिम्रो नातिमाथि प्रेम । साँचिनै यस्तो सुख त वैकुण्ठमा छैन ।

ब्राम्हणले भने—हे महाराज ! जसको नाति छ त्यसले हान्यो त के भो, जसको छैन त्यसले कहाँ पाएर हान्न पाओस् । यस्तै कुरा हुदै थियो त्यस्तैमा बूढ़ाको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

बुहारी आई र भनी—भात पाकेर हिऊ जस्तो चिसो भइसक्यो अझ पनि घिचन आउनु पर्दैन भनी यस्तो प्रकारको अनेकौं गालीं गरी ।

मायाशङ्करको नाकमा जुन घाऊ भएको थियो त्यो पाकेर कीरा पऱ्यो । तब नारदले भने—हे भाइ ! अब त केही विचार भयो होला ? हिड, म तिमीलाई वैकुण्ठमा लिएर जान्छु ।

ब्राम्हणले भने—हे महाराज ! यस घर बार, बगैंचा खेत आदिको कसले रक्षा गर्छ ? तपाई देखनु हुन्न यी सबै अहिले बालक नै छन् । यो नाक त दुइ दिनमा नै ठीक हुन जान्छ, अनि पछि विचार गरौंला कि कहिले वैकुण्ठ गए ठीक पर्छ ।

मायाशङ्कर त मायामा नै अत्यन्त लुब्ध थिए । उनी पुत्र, पौत्र, रुपैयाँ र कीर्तिमा मोहित थिए । यस्ता पढ़े-लेखेका मूर्ख अज्ञानीलाई नारदजीले के बोध गराउन सक्तथे । ब्रम्हा, विष्णु, महेश्वर, शेष, सनकादिक ऋषिहरूको, समेत सामर्थ्य हुदैन भने नारदजीको के कुरा विष्टाको कीरा विष्टामा नै रमाउछ ।

मायाशङ्करको नाकको घाऊ दिन—प्रतिदिन बढदै गयो र खाना पीना समेत बन्द भो । उनको काल

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आयो, परन्तु उनकी मायाको भने काल आएन । उनको मृत्यु भो तर उनकी मायाको मृत्यु भएन । उनले मायालाई आफ्नो साथमा नै लिएर गए । यो संसारको प्रीति साँह्रै विचित्र छ । ईश्वरी लीला अगाध छ पुत्र, धन, स्त्रीमाथिको मायामा आसक्त हुनाको कारण मायाशङ्कर आफ्नो पुत्र कहाँ गोरू भएर जन्म लिए तिनको यस्तो करूणाजनक स्थितिलाई देखेर नारदजी उनको कल्याण हेतु पुनः उनी कहाँ गए । उनको पीठमा हात राखेर भने—हे वृषराज ! मलाई चिन्द छौ के ? अब पनि आफ्नो कल्याणको लागि वैकुण्ठ जान इच्छा भए म संग हिड ।

नारदजीको हस्तस्पर्शले गर्दा त्यस गोरूलाई मानिसको समान बोल्ने शक्ति प्राप्त भो । त्यसले भन्यो—हे भगवान् ! तपाई को हुनुहुन्छ ? मलाई प्रथम बताउनु होस् । नारदजीले आफ्नो नाम बताए ।

वृषरूप ब्राम्हणले भने—अहो नारदमुनी ! तपाईको दर्शन पाएर अत्यन्त हर्ष लाग्यो, परन्तु एउटा कुरामा मलाई क्षमा गर्नु होला । तपाई त सदा अविवाहित कुमार हुनुहुन्छ, यसकारण स्त्री, बालबच्चा र परिवारको सुख कस्तो हुन्छ त्यसको ज्ञान तपाईलाई छैन । पहिलेको मेरी दुर्मुखी स्त्री पनि पतिलाई दुर्वाच्य बोलनको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

कारण गाई भएर जन्म लिई । आज मेरी त्यही दुर्मुखी स्त्रीको साथ संबन्ध भएको छ । गाईको साथ रहन पाउदा र पुत्र पौत्रले खेलेको देख्न पाउदा आज मलाई जो आनन्द प्राप्त भएको छ त्यो तपाई के जान्न सक्नु हुन्छ । फेरि अर्को कुरा म न भए मेरो छोराको खेतको रक्षा को गर्छ ? यो सुख केही वर्ष भोगी सकेपछि म तपाईको साथ वैकुण्ठ जान विचार गरुला ।

यस्तैमा गाई आई र ती वृषरूप ब्राम्हणलाई सींगले जोर संग हानी पेट नै प्वाल पारिदी । त्यस्तैमा तिनका फहिलेका पुत्र पौत्र आइ पुगे र त्यो पेटको घाउमा लट्ठीले घोची खेल्न लागे । त्यो कष्ट सहन न सकी ती वृषरूप ब्राम्हण यत्र तत्र दौडन लागे । त्यो कष्ट भोगेको देखेर नारदजीले भने—हे मूढ ! आनन्द भोगेको यही हो । यही सुख भोग्नको लागि तिमी वैकुण्ठ जान इच्छा गर्दैनौ होइन ?

ब्राम्हणले भने–महाराज ! यो त सब शरीरको दुःख हो ! आत्मालाई के छ ? आत्मामा त दुःख र सुख दुवै छैन । म त ब्रम्ह हुँ, मलाई यस दुःख को साथ केही पनि लिनु दिनु छैन । जीव आफै नै ब्रम्हरूप छ । ब्रम्ह क्रियारहित छ, सुख दुःख देखि रहित छ, शुद्ध स्वरूप छ र निर्विकार छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

वृषरूप मायाशंकरको यस्तो वचन र उनको (अह ब्रम्हास्मि) पनालाई देखेर नारद खूब संग हाँसे र भने यो तिम्रो आत्मज्ञानको उपदेश त खूब रामो छ। यस्तो आत्मज्ञानलाई भस्म गरिदेऊ, यो नरकको यातनालाई सुख मान्नु तिम्रो मूर्खता हो । हे मायाशंकर ! यो तिम्रो आफ्नो आत्मज्ञानलाई तथा आफ्नो सुखलाई पातालमा दबाइदेऊ र मेरो साथ वैकुण्ठ हिड र त्यहां सुख भोग ।

जसलाई सात्विक आत्मज्ञान भएको छैन उसको यही व्यवस्था हुन्छ । आत्मालाई नाश गर्नेवाला मलिन वासना, काम तथा लोभ हो, यस काम र लोभको जवसम्म त्याग भएको हुँदैन र सात्विक भावना दृढ़ हुन पाउदैन, तबसम्म आत्मा निर्विकार हुँदैन। जसलाई सात्विक भावना उद्भव भएको छैन, त्यसलाई शान्ति हुँदैन, जसलाई शान्ति छैन, उसलाई परम सुख हुँदैन; किन्तु परम दुःख नै भोग्नु पर्छ । वृषलाई जो घाऊ भएको थियो, त्यसको, पीडाले केही दिनमा मरण भो ।

मायाशंकर वृषको तेश्रो जन्म कुकुर योनिमा भयो। आफ्नो छोराको घरमा पहरा दिन लागे । बुहारीले जो जति जुठो भात दिन्थी त्यो खाएर निर्वाह गर्दथे । जब उनी कहिले काँही घर भित्र भाँच्चामा जान्थे तब उनको पुत्र पौत्रकी स्त्रीले दाउराले ठटाउद थे । कुकुर

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

रूप मायाशंकर घू–घू गरेर भाग्दथे र फेरि घरै आउद थे । साना केटाकेटीले कुटदा पनि तिनको साथ आनन्द मानी खेल्द थे । नारदमुनिले त्यहाँ गएर भने—हे मायाशंकर श्वान ! तिमीलाई अब पनि वैकुण्ठ जान इच्छा हुन्छ कि हुँदैन ?

श्वानले क्रोध गरेर भन्यो—नारदजी ! तपाई यहाँ बाट जानुहोस् । जहिले पनि वैकुण्ठको मात्र के कुरा गरेको । मलाई कुकुरनीहरू संग बस्ता जो सुख प्राप्त भएको छ, त्यो तपाईलाई के थाहा ? यदि म तपाईको साथमा वैकुण्ठ जाऊ त मेरो पुत्रको घरको रखवाली को गर्ला ? चारजना चोरहरू मेरो छोराको धन चोर्न आएका थिए । यदि म नभएको भए चोरले सबै धन चोरेर लैजान्थे र मेरो छोराले भिखारी बन्न पर्ने थियो । म तपाईको साथमा गएको भए मेरो छोराको के हालत हुने थियो ।

नारदले भने—मायाशंकर ! कसको छोरा र कसकी छोरी, तिमी कुकुर उनीहरू मानिस । तिम्रो र उनीहरूमा के संवन्ध छ ? तिम्रो अनेक जन्म भइसक्यो । तिमी भने अझ पनि मेरो पुत्र मेरी बधू, मेरो पौत्र, मेरो धन इत्यादि भन्दै छौ । तिम्रो र यिनीहरूको संवन्ध छ भने यो तिम्रो छोराले तिमीलाई के पिता मान्द छ ?

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

तथा के तिम्रो पौत्रले तिमीलाई बाजे मान्दछ ? तिमीले जुन धनलाई रक्षा गरेर रहेका छौ त्यस धनबाट एक पैसा पनि कोही तिमीलाई दिदैनन् भने फेरि त्यो धन तिम्रो कसरी भो ? जुन घरलाई पहरा दिन्छौ त्यस घर भित्र पस्नलाई समेत तिम्रो अधिकार छैन भने फेरि तिम्रो घर कसरी भो ? तिमी त विद्वान् थियौ, लोकलाई उपदेश गर्दथ्यौ । तिम्रो त्यो उपदेश तिम्रो लागि केही पनि फलदायी भएन । तिमीले धेरैलाई उपदेश दिएको थियौ कि परमात्मालाई जान, भज, उनै सर्व सुखका दाता हुन्, उनैमा यस सब लोकलाई तारने सामर्थ्य छ । यो संसार दुःखरूप छ । यसको ममता छोड । यसमाथि मोह न राख । यस मोहले नरकमा लैजान्छ । एक अद्वितीयलाई भज, सर्व धर्मलाई परित्याग गरेर एक उनैको नै शरण पर । उनै नै सब पापहरूलाई निवृत्त गर्नेवाला हुन् । यो तिम्रो उपदेश तिमीलाई केही पनि फलदायी भएन । तिमी श्रुतिवचन बोल्दथ्यौ कि जो जस्तो आचरण गर्छ त्यो त्यस्तै नै हुन्छ, यस वचनलाई तिमीले कहिले पनि सार्थक गरेनौ । यस्तो दुर्गति हुँदा पनि अझ तिमी मायादेखि छुट्न सकेनौ ।

मायाशंकर श्वानले भन्यो—महाराज ! तपाईले भन्नु भएको अति ठीक छ, परन्तु मैले भनेको कुरामा तपाईले केही

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पनि विचार गर्नु भएन । म वैकुण्ठ नाऊ त मेरो पुत्रको घरको रक्षा को गर्छ ? कसैले चोरेर वा लूटेर लगे भने म के गरूँ ?

नारदले भने–हे मूढ ! तिम्रो पुत्र कहाँ र तिम्रो कुटुम्ब कहाँ ? तिम्रो पुत्र तथा तिम्रो कुटुम्ब त यो श्वान र शुनी हो ।

श्वानले भन्यो––परन्तु पूर्वजन्मको यो मेरो पुत्र र कुटुम्ब हो कि होइन ?

नारदले भने––किन्तु यस जन्ममा तिम्रो उनीहरू संग के संबन्ध छ ? यस्तो त अनेक जन्ममा तिम्रो कति पुत्र र परिवार भए, जसको तिमीलाई आज स्मरण छैन, फेरि यस पुत्र परिवारको मात्र तिमी किन स्नेह गर्दछौ ? तिमी स्वयं आज आफ्नो मलिन वासनाको योगले नरकमा नै परेको छौ र नरकको सुख तिमीलाई आनन्द लाग्छ ।

मायाशंकर श्वानले भने––नारदजी ! तपाईलाई यस जगत्को लीलाको केही पनि खबर थाहा छैन । यो स्नेहको शृंखला जंजीर कहिले पनि भाँचेर भाँचिदैन र छोडेर छोडिदैन । यो स्नेहलाई म त्याग गर्न सक्तिन ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

इत्यादि कारणले गर्दा अहिले मेरो वैकुण्ठ जाने इच्छा छैन, फेरि पछि इच्छा भयो भने जाउँला ।

मायाको यस्तो प्रबलता देखेर नारदजीलाई अत्यन्त आश्चय लाग्यो परमात्माकी मायाको कत्रो शक्ति रहेछ । मायाको पाशले बाँधिएको जीव म जस्तो संग समागम हुँदा पनि मायादेखि छूट्न संकल्प गर्दैन ।

यस्य नास्ति विवेकस्तु केवलं यो बहुश्रुतः ।
स न जानाति शास्त्रार्थान् दर्वी पाकरसानिव ॥

जसको विवेक अर्थात् विचारशक्ति छैन । खालि धेरै पढेको मात्र छ । डाडूले पाकरस न जाने झैं त्यसले शास्त्रको रहस्य जानेको हुँदैन ।

केही दिन अनंतर मायाशंकर नामक जीव, श्वान देहदेखि मुक्त भए । उनले जरायुज योनि त्याग गरेर अण्डज योनिमा नरकको कीरा भएर जन्म लिए । यस्तो योनि प्राप्त हुँदामा पनि मायाशंकर कीराहरूका साथमा आनन्द मानी रहन लागे । फेरि नारदजी आइपुगेर त्यस कीरामाथि पवित्र जल छर्किदिई करुणादृष्टिले भने—हे दुरात्मा मायाशंकर । यस नरकमा पर्दा पनि तिमीलाई झझ आनन्द हुन्छ कि कसो ? अब तिमी चाहे जस्तो भन, परन्तु मैले निश्चय गरेको छु कि अहिलेको पटक

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

त म तिम्रीलाई बलात्कारले पनि वैकुंठमा लिएर जानेछु र तिम्रो अनात्मा-बुद्धिको नाश गराई आफ्नो दर्शनको यथार्थ फल दिने छु । यस स्थितिमा तिमीलाई रहन दिने छैन ।

कीरारूप मायाशंकरले भने-यहाँ मलाई यस्तो कुन दुःख छ कि तपाईं मलाई वैकुंठमा लिएर जान इच्छा गर्नु हुन्छ । यस विष्ठामा कीराको रूपले रहेको छु । आफ्नो पुत्रको खेतमा मल भरेर विशेष उपजनी गराउन चाहन्छु । यो काम मलाई पूर्ण गर्न दिनुहोस् ।

नरकको दुःख र विशेष कष्टदायी कीराको देहमा पनि उनको मायिक बासानालाई देखेर नारदजीलाई ठूलो खेद भयो । परन्तु मायाशंकर कीराको कुनै पनि कुरा न सुनी नारदले बलात्कार योगसिद्धिद्वारा उठाएर त्यस कीरालाई गंगाजलमा डुबाई दिए । गंगाजलको स्पर्श हुना साथ मायालुब्ध जीव मायाशंकरको मायाको विनाश भयो । तत्पश्चात् उनसाई साथमा लिएर नारद वैकुण्ठमा परमात्माको दर्शन गर्न गए । नारदजीले भगवान्लाई प्रणाम गरेर भने-हे जगदीश्वर ! हे महाप्रभु ! साँचैनै हजूर मायापति हुनुहुन्छ । मैले हजूरकी मायालाई यथार्थ दर्शन गरें । जो हजूरको शरणमा प्राप्त भएको छ त्यसले नै दुस्तर मायालाई पार गर्न सक्छ । आफ्नो स्वरूपको सहजानन्दमा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

सदा विहार गर्ने योगीजनमा नै मायामाथि विजय प्राप्त गर्ने शक्ति हुन्छ । मायादेखि पार हुनलाई स्वस्वरूपको ज्ञान विना अशक्य नै छ । इत्यादि कुरा भनी नारदजी परमात्माको भजन गर्दै संमारमा विचरण गर्नको लागि हिडे ।

जन्तुर्वै भव एतस्मिन् यां यां योनिमनुव्रजेत् ।
तस्यां तस्यां स लभते निर्वृतिं न विरज्यते ॥
नरकस्थोऽपि देहं वै न पुमांस्त्यक्तुमिच्छति ।
नारक्यां निर्वृतौ सत्यां देवमायाविमोहितः ॥
(भागवत० ३ । ३० । ४-५)



Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

अहिंसा

अहिंसा परमो धर्मः ।
अहिंस नै परम धर्म हो ।
बीजैर्यज्ञषु यष्टव्यमिति वै वैदिकी श्रुतिः ।
अजसंज्ञानी बीजानि च्छागं नोहन्तुमर्हथ ॥

(म. भा. शा. ३३७ । ४)

यज्ञमा अन्नको बीजद्वारा यजन गर्नु पर्छ, यस्तो वैदिक श्रुतिमा छ । तउम्ने बीजको नाम हो अज; अत बोकालाई वध गर्नामा उचित हुँदैन ।

अभयस्य हि यो दाता तस्यैव सुमहत् फलम् ।
न हि प्राणसमं दानं त्रिषु लोकेषु विद्यते ॥

(म. भा. शा. ७२ । २४)

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

जो अभयदान गर्छ उसलाई महान फल प्राप्ति हुन्छ; किन भने तीनै लोकमा प्राण दानको समान अर्को दान छैन ।

बलयः सह पुष्पैस्तु देवानामुपहारयेत् ।
दधिदुग्धमयाः पुण्याः सुगन्धाः प्रियदर्शनाः ॥

(म. भा. अ. ९८ । ६०)

देवताहरूलाई जो बलि दिइन्छ, त्यो दही–दूध ले बनेको परम पवित्र, सुगन्धित, दर्शनीय र फूलहरूले सुशोभित हुनु पर्छ ।

यद् घ्राणभक्षो विहितः सुराय-
स्तथा पशोरालभनं न हिंसा ।

(भागवत० ११ । ५ । १३)

सौत्रामणी यज्ञमा पनि सुराको सूँघनको मात्र विधान छ, पीउनको होइन । यज्ञमा पशुलाई स्पर्शमात्र गर्नु भनेको छ, हिंसा होउन ।

प्रसन्न ह्वौ हेजगदम्बिके ! भनी.
काटी ऊनैकै सुत निर्दयी बनी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

कबाफ खाईकन भाईको हरे,
चिन्हिन्न आत्मकन आज क्यै गरे ॥

यो विश्वमा जति प्राणी छन् ती सबै एकै माता पिताका सन्तान हुन् । आफू भन्दा साना भाइको हत्या गर्नलि माता पिता अवश्य पनि खुसी हुने छैनन्; ती अज्ञान बालकको रक्षा गर्नलि मात्र सदा खुसी हुन्छन् ।

सर्वयोनिषु कौन्तेय मूर्तयः संभवन्ति याः ।
तासां ब्रम्ह महद्योनिरहं बीजप्रदः पिता ॥

(गीता १४ । ४)

हे कुन्ती पुत्र ! सबै योनिमा जो मूर्ति उत्पन्न हुन्छन् तिनीहरूको योनि महत् तत्व हो औ म बीज दान गर्ने पिता हुँ ।

समो ऽहं सर्वभूतेषु न मे द्वेष्यो ऽस्ति न प्रियः ।

(गीता. ९ । २९)

म सब प्राणीमा समान भावले रहन्छु । मेरा लेखा न कोही मन परेको छ न कोही मन न परेको छ ।

समं पश्यन्हि सर्वत्र समवस्थित मीश्वरम् ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥

(गीता. १३ । २८)

सब ठाऊमा एकनासले रहेको ईश्वरलाई एकनास देखने मान्छे आफूले आफूलाई नष्ट गर्दैन । यसरी त्यो परम गतिमा प्राप्त हुन्छ ।

यथा अहं तथा एते यथा एते तथा अहम् ।
अत्तानं उपमं कत्वा न हनेय्यं न घातये ॥

(सुत्त निपात नालक सुत्त २)

जस्तो म त्यस्तै यिनीहरू, जस्ता यनीहरू त्यस्तै म, यसरी आफ्नो उपमा गरेर कसैलाई मार्दा पनि मार्दिन, मार्न पनि लगाउन्न ।

भो भोः प्रजापते राजन् पशून् पश्य त्वयाध्वरे
संज्ञापिताञ्जीवसङ्घान् निर्घृणेन सहस्रशः ॥
एते त्वां सम्प्रतीक्षन्ते स्मरन्तो वैशसं तव ।
सम्परेतमयः कूटैश्छिन्दन्त्युत्थितमन्यवः ॥

(भागवत. ४ । २५ । ७-८)

देवर्षि नारदजी भन्दछन्–प्रजापालक नरेश ! हेर हेर, तिमीले यज्ञमा निर्दयताको साथ जुन हजारौं पशुहरूको बलि दिएका थियो, तिनलाई आकाशमा हेर । ति सब

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

तिमोद्वारा भएको कष्टलाई संझी त्यसको बदला तिमी संग लिनको लागि तिम्रो बाटो हेरिरहेका छन् । जब तिमी मरेर परलोकमा जान्छौ, तब अत्यन्त क्रोधले पूर्ण भई आफ्ना फलाम तुल्य सिंगले छेदन गर्ने छन् ।

परमात्मा सारा विश्वमा व्याप्त हुनुहुन्छ, यस कारण सबै प्राणीको सेवा गर्नु नै परमात्माको सेवा गर्नु हो; अतएव मनुष्यले परम सिद्धि प्राप्तिको निमित्त सम्पूर्ण जीवहरूलाई ईश्वररूप सम्झेर आफ्नो न्याययुक्त कर्तव्य कर्मद्वारा हित गर्नु पर्छ ।

अनुमन्ता विशसिता, निहन्ता क्रयविक्रयी ।
संस्कर्ता चोपहर्ता च, खादकश्चेति घातकाः ॥

(मनुस्मृति अ॰ ५ । ५१)

बोका आदि जोव मार्नलाई सल्लाह दिने, त्यस को अङ्ग काटी टुक्रा-टुक्रा पार्ने, मार्ने, बेचने, किन्ने पकाउमे पस्कने, खाने यी आठ कर्म गर्ने लाई पशु घातक मानिएको छ ।

यो भक्षयन्ति मांसानि, सत्वानां जीवितैषिणाम् ।
तैर्देयो भक्षीतैः सर्वै, रिति ब्रूम्हा ब्रवीद् द्विज ॥

ब्रम्हाजी भन्नुहुन्छ-सबै जीवहरू वाचन कै इच्छा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भएका छन् । परन्तु तिनीहरूलाई नाहकमा मारी कन तिनको मांस जो खान्छन्, ती जीवहरूले पनि पुनर्जन्ममा बदलारूप आफ्ना मांस खानेहरूका मांसलाई खान्छन् ।

स्वमांसं परमांसेन, योऽवर्द्धयितुमिच्छति ।
नारदः प्राह धर्मात्मा, नरकैः सहपच्यते ॥

धर्मात्मा नारदजी भन्नुहुन्छ–जो अरू जीवलाई वध गरीकन मांस खाई आफ्नो मांस बाढउन इच्छा गर्छ त्यो अवश्य नरकमा पर्छ पार पाउदैन ।

यो ऽहिंसाकानि भूतानि, हिनस्त्यात्म सुखेच्छय ।
कृष्णद्वैपायनप्राहः स्थावरत्वं स गच्छति ॥

व्यासजी भन्नुहुनुहुन्छ–जो अहिंसक पशु, मृग, बोका, खसी आदिलाई खानको निमित्त जिव्रोको स्वादले मार्दछ त्यो स्थावर योनिमा जान्छ, अर्थात् जड स्वाभाव भएको उष्मज योनिमा जन्म लिन्छ ।

सन्तप्यते ततो ऽजस्रं भजते च ददातिसः ।
मधुमांस निवृत्तोयः प्रोवाचेदं बृहस्पतिः ॥

देवगुरु बृहस्पतिजी भन्नुहुन्छ-जो मनुष्य मांस मधु खादैन त्यो सर्वदा तप गर्छ । यज्ञ र दान पनि गर्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यावज्जीवतियोमांसं विषवत् परिवर्ज्जयेत् ।
वसिष्ठो भगवानाह स्वर्गलोकं स गच्छति ॥

ऋषि वसिष्ठजी भन्नुहुन्छ–मनुष्य जबसम्म बाँच्दछन् तबसम्म मांस नखाउन्, विष जानी कन त्याग दिउन्, त्यसलाई स्वर्ग प्राप्ति अवश्य हुन्छ ।

यो भक्षयित्वा मांसानि, स्वतश्चापि निवर्तते ।
जमदग्निर्यमाहैनं सो ऽपिस्वर्गमवाप्नयात् ॥

ऋषि जमदग्निजी भन्नुहुन्छ–जो मांस खाएकोमा स्वयं विचार गरीकन अथवा कसैले भन्दा खेरी मांस खानालाई छोडीकन फेरि मृत्यु पर्यन्त खाँदैन भने त्यो पनि स्वर्गमा अवश्व जान्छ ।

सुवर्णदानं गोदानं, भूमिदानं तथैव च
नोत्तमं प्राणदानाच्च, पराशर वचोयथा ॥

पराशरजी भन्नुहुन्छ– सुनदान, पृथ्वीदान, गाईदान, यी सबै श्रेष्ठ दान हुन् । परन्तु जीवलाई प्राणदान दिनु सबै भन्दा सर्वोत्कृष्ट दान हो, अर्थात् सबै भन्दा ठूलो त्यही हो ।

१—दृष्टान्त–नर्मदाको किनारामा माहिष्मती नाम गरेको एउटा नगर छ । त्यहाँ माधव नाम गरेका एक ब्राम्हण

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

रहन्थे । उनी वेद–वेदाङ्गहरूको तत्त्वज्ञ थिए र अतिथि–हरूको पनि ज्यादै नै सतकार गर्दथे । उनले विद्याको द्वारा धेरै धन कमाए र एक महान् यज्ञको अनुष्ठान आरम्भ गरे । त्यस यज्ञमा बलि दिनको लागि एउटा बोका ल्याए । जब बलि दिनको लागि बोकालाई पूजा गरिसकेका थिए, तब त्यो बोकाले हाँसेर उच्च स्वरमा सबैले सुन्ने गरी भन्यो–ब्रम्हन् ! यो यज्ञद्वारा के लाभ छ ? यसको फल त नष्ट हुन जान्छ तथा यो जन्म, जरा र मृत्युको पनि मूल कारण छ । यस्तै सब प्रकारको यज्ञादि कर्म गर्नाले मेरो जो वर्तमान दशा भएको छ, यसलाई हेर्नुहोस् । बोकाको यस्तो अत्यन्त कौतूहलजनक वचनलाई सुनेर यज्ञमण्डपमा रहने सबै मानिस आश्चर्यले चकित परे । तब ती यजमान ब्राम्हणले हात जोडी बोकालाई प्रणाम गरेर श्रद्धा र आदरको साथ सोधन लागे ।

ब्राम्हणहरूले भने–तपाईं कुन जातिको हुनुहुन्थ्यो ? तपाईंको स्वभाव र आचरण कस्तो थियो ? तथा कुन कर्म गर्नाले तपाईंलाई बोकाको योनि प्राप्त भो ? यो सबै हामीलाई बताउनु होस् ।

बोकाले भन्यो–ब्रम्हन् ! म पूर्वजन्ममा ब्राम्हण को अत्यन्त निर्मल कुलमा उत्पन्न भएको थिएँ । समस्त

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यज्ञहरूको अनुष्ठान गर्ने वाला र वेद—विद्यामा प्रवीण थिएँ । एक दिन मेरी स्त्रीले भागवती दुर्गाको भक्तिले विनम्र भएर आफ्नो बालक पुत्रको रोगको शान्तिको लागि बलि दिनको निमित्त मलाई एउटा बोका ल्याइदिनु होस् भनी, मैले ल्यादिएँ । तत्पश्चात् जब चण्डिकाको मन्दिरमा त्यो बोकालाई मार्न तयार गरिएको थियो, त्यस समयम। त्यसकी आमा (बाख्रीले) मलाई शाप दिई—हे ब्राम्हणहरूमा नीच, पापी ! तिमीले मेरो छोरालाई वध गर्न लाग्यौ; यस कारण तिमीले पनि बोकाको योनिमा जन्म लिनुपरोस् । हे द्विज श्रेष्ठ ! सुन्नु भयो –तब कालवश मृत्युमा प्राप्त भएर मैले यो बोकाको जन्म लिनु पऱ्यो ।

बोकाको मुखदेखि यस्तो कुरा सुनेर ती माधव ब्राम्हणले त्यस बोकालाई वध नगरीकन छोडिदिए ।

२–दृष्टान्ट—चित्रकेतु राजाका धेरै रानीहरू थिए, एउटीमा पनि सन्तान थिएनन्। अङ्गिराऋषिले वरदान दिंदा सब भन्दा कान्छी चाहिनेले छोरा पाइन् र राजा तिनै रानीमा ज्यादा प्रेम गर्न लागे। अरू रानीहरूलाई ईष्या डाह हुन लाग्यो र मौका पारेर विष खुवाई त्यो बालकलाई मारिदिए । राजा र ती रानीलाई त बज्रपातै पऱ्यो, अलाप–विलाप गर्न लागे । कसैले संझाउदा पनि

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आर्तरोदन बन्द भएन र नारदमुनिले आएर संझाए तै पनि राजा को चित्त बुझेन र त्यो बालकको प्रेतात्मालाई बोलाए । त्यो प्रेतात्मा आफ्नो मृत शरीरमा प्रवेश गरेर राजा रानीलाई उपदेश गर्न लाग्यो–को बाबु ? को छोरा ? अघिल्ला जन्ममा म पनि राजाथिएँ । बिरक्त भएर वनमा तपस्या गर्ग लागेको बेलामा एउटी स्त्रीले मलाई एउटा फल दिई, त्यो फल काँचो रहेछ, मैले आगामा फालें । त्यसमा लाखौं कमिला रहेछन् सबै मरे, अहिले तिनै कमिला राजाका लाखौं रानि भएका छन् । जसले त्यो फल मलाई दिएको हो ती स्त्री अहिले मेरी आमा भएकी हुन् । मैले अनाजानमा भनौं वा भूलले भनौं अग्निमा हाली लाखौं कमिलाको वध गरेको हुँदा लाखौं कमिला म संग बदला लिन को लागि मेरी सौतिनी आमा भई मलाई विष खुवाएर मारे । अब म बस्तिन जान्छु भनी त्यो प्रेतात्मा बालकको शरीरलाई छोडेर गयो ।

३–दृष्टान्त—एउटा देवीको मन्दिरमा धेरै मानिसहरू देवीलाई भोग चढाउनको लागि एक-एकौटा बोका डोऱ्याई जानलागेका थिए । एकजना महात्माले बोका डोऱ्याई जानलागेका मानिसहरूलाई सोधनु भो—तपाईंहरू यतिका पशुलाई डोऱ्याएर कहाँ जान लाग्नु भएको छ ? मानिसहरूले भने—महात्माजी ! तपाईंलाई यति कुरा पनि थाहा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

रहेनछ । हामीहरूले यी पशुहरू देवीलाई चढाउनको लागि लिएर आएको हौं । यही पूजाको नाम क्षमा पूजा हो र यस पूजादेखि देवी प्रसन्न हुन्छिन र मानिलाई रोग, शोक, अकाल मृत्यु आदि हुँदैन । तपाईं त हामीहरू भन्दा ज्ञानी माहात्मा हुनुहुन्छ यसकारण तपाईंले हम्रो भन्दा देवीलाई ठूलो बोका चढाउनु पर्छ ।

महात्माले यस्ता मूर्खलाई कसरी बोध गराउने हो भनी केही क्षण विचार गरी हुन्छ भन्नु भो । अनि महात्माले पनि एउटा माटाको बोका बनाई देवीलाई लगेर चढ़ाउनु भो यो देखेर सबैले भने—हामीले सजीव बोकालाई चढ़ायौं तपाईले निर्जीव बोकालाई चढाउनु भो के तपाईं देखि देवी प्रसन्न हुनुहोला ? महात्माले भन्नु भो—देवी पनि माटाकी हुन् र मैले चढाएको बोक़ा पनि माटाकै हो, यही पूजा ठीक छ । यदि तिमीहरूले देवीलाई जगज्जननी मानेका छौ भने बोका पनि उनै देवीका पुत्र हुन् । संसारमा को यस्ती आमा होली जो आफ्नो पुत्रको शिर काट्दा प्रसन्न हुन्छे । माता त आफ्नो पुत्रमाथि प्रेम गर्ने , पुत्रलाई लालन —पालन गरिदिने र पुत्रको हित चिन्तन् गरी रक्षा गरिदिने माथि नै प्रसन्न हुन्छिन्, पुत्रको वध गर्ने माथि कदापि प्रसन्न हुन्नन् ।

जगज्जननी देवीले अवतार लिएको कारण पनि यो

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

हो–ब्राम्हण, गाई, तपस्वी, साधु–सन्त, पशु, पक्षी आदिलाई राक्षसले वध गरे अर्थात् आफू भन्दा कम बल भएकालाई वध गरे । यी सबैको रक्षाको लागि राक्षसहरूलाई मार्नु भो । राक्षस भनेको त्यसको नाम हो जो प्राणीको हत्या गर्छ । प्राणीको हत्या गर्ने मानव होइन दानव हो । देवीको आगाडि लगेर तिमीहरू बोकाको वध गदर्छौं भने तिमीहरू राक्षस ठहरिन्छौ र देवीले हातमा लिएको खड्ग तिमीहरूमाथि प्रहार गर्न लिएको ठहरिछ ।

माहात्माको वचन सुनेर ती मानिसहरूले आफ्नो भूल तथा अज्ञानलाई संझे । ती सबै वैष्णव बने र देवीलाई सात्विकी पूजा गर्न लागे ।

४–दृष्टान्त—माण्डव्य नाम गरेका यशस्वी ब्राम्हण थिए । उनी सान्हे नै धैर्यवान्, धर्मज्ञ एवं तवस्वी थिए । उनी आफ्नो आश्रमको अगाडि हात माथि तिर उठाएर तपस्या गरिरहन्थे । एक दिन धेरै चोरहरू धन –दौलतहरू लिई ऋषिको आश्रममा आए । राजाका सिपाहि हरू पनि चोरहरूलाई लखेडदै पछि–पछि आइरहेका थिए । आफूहरूलाई लखेडदै सिपाहिहरू आएका देखेर चोरहरूले त्यो धनलाई आश्रममा राखी आफूहरू पनि त्यही भित्र लुके । सिपाहिहरू माण्डव्य ऋषिको आश्रममा आइपुगे र ऋषिलाई सोधे–चोरहरू भागेर यता तिर

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आएका थिए कता लागे के तपाईंले देख्नु भो ? ऋषिले कुनै उत्तर दिएनन् । सिपाहिहरूले आश्रमको तलाशी गर्दा धन र चोर दुबै फेला पारे । सिपाहिले चोर सहित ऋषिलाई पनि समाती राजा काहाँ ल्याए । राजाले चोर सहित ऋषिलाई पनि शूलीमा चढाउन लगाए । चोरहरू सबैको मृत्यु भो तर अन्न जल रहित धेरै दिन शूलीमा चढ़ेर पनि ऋषिको मृत्यु भएन ।

ऋषिको मृत्यु न भएको थाहा पाई परम सिद्ध जानी राजा शरणमा परे । ऋषिलाई प्रयत्न संग शूलीबाट निकाल्दा पनि शूली भाँचिई टुक्रा पेटमा नै रह्यो । यस्तो भए ता पनि ऋषिले राजा माथि क्षमा गरे ।

माण्डव्य ऋषिले धर्मराजको सभामा गएर सोधे-मैले कुन पाप गरेको थिएँ र त्यसको फल मलाई भोगाउनु भो ? धर्मराजले भने—तपाईले केटा-केटीमा फटेङ्ग्राको गुदद्वारमा सिन्काले घोच्नु भएको थियो, त्यो त्यसको बदला दिएको हो । जस्तै थोरै दानको अनेक गुना पुण्य प्राप्त हुन्छ, त्यस्तै थोरै अधर्मको पनि अनेक गुना पाप प्राप्त हुन्छ ।

५-दृष्टान्त—कुनै एउटा राजालाई रातमा खसीको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

दुइ धार्नी मासूको आवश्यक परेछ र आफ्नो सेवकलाई तुरुन्त बगरे कहां पठाए छन् । राजाको सेवकले बगरेलाई भन्यो–राजाको हुक्म भएको छ तुरुन्त खसीको आलो मासू दुइ धार्नी दे । रातको समय भएको हुनाले बगरे कहाँ मासू थिएन । राजाको हुक्म त पालन गर्नें पन्यो । उसले विचार गऱ्यो अहिले खसी काटौं भने अरू बडी भएको मासू वासी हुन्छ, भोलि कसैले पनि किनदैनन् । त्यस कारण खसीको पछाडि पट्टीको दुइटा साँप्रा क़ाटनाले दुइ धार्नी पुगिहाल्छ, त्यही दिएर पठाउछु । रातभर कष्टले कराए ता पनि खसोको मृत्यु हुंदैन । यस्तो निश्चय गरी जब बगरेले खसीको साँप्रो काटन तयार भएको थियो; खसी हाँस्यो । बगरेले खसीं संग हाँस्नको कारण सोध्यो ?

खसीले भन्यो—मलाई रात भर कष्ट होला भन्ने कुनै चिन्ता छैन । तिम्रो र मेरो धेरै कालदेखि यस्तो परमयरा चलिआएको थियो कि तिमी खसी हुन्थ्यौ म काट्दथ्ये, म खसी हुन्थ्ये तिमी काट्दथ्यौं यसमा के भो र ? मलाई हाँसो उठनाको कारण त यो भयो कि तिमीले नयाँ रुल चलाउन लाग्यौ, मैले पनि निमी खसी भएको बेलामा त्यही तिमीले चलाएको नियमलाई प्रयोग ग़र्नु पर्ने भो ।

खसोको मुखदेखि यस्तो कुरा सुनेर बगरेलाई आफूले

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

गरेको हिंसा कर्म माथि पश्चत्ताप पऱ्यो । बगरेले विचार गरेर भन्यो–म जन्मनु भन्दा पूर्व नै भगवान्ले मेरो पोषणको लागि मेरी आमाको स्तनमा दूध भरिदिनु भो भने के अहिले मात्र मेरो रक्षा गर्नु हुन्न ? हे भगवन् ! अब आजदेखि म निर्दयी हिंसा कर्म गर्ने छैन । यस्तो भनी त्यो बगरे हिंसा कर्म छोडी अन्य कर्ममा लाग्यो ।

६–दृष्टान्त–भगवान् श्री रामचन्द्रले रावण संग युद्ध गरी विजय प्राप्त गर्नको निमित्त शक्ति (दुर्गा) को आरधना गर्नु भो । भनिन्छ– नौ दिन सम्म अस्त्र शस्त्रको पूजा गरी आश्विनशुक्ल नवमीको दिन त्यही अस्त्र, शस्त्र द्वारा रावणको वध गर्नु भयो । रावणलाई वध गरेकोमा हर्ष भई भोलिपल्ट दशमीमा सबै आफन्त आफ्नो हित चिन्तन गर्नेलाई टीका लगाइदिनु भो । रावण माथि विजय प्राप्त गरेको हुँदा त्यस दशमीको नाम विजयादशमी भएको हो ।

यहाँ भगवान् रामचन्द्रले दुर्गालाई कुनै पशुबलि चढ़ाउनु भयो भन्ने कुरा देखिदैन ।

चतुर्दश हि वर्षाणि वत्स्यामि बिजने वने ।
कन्द मूलफलैर्जीवन् हित्वामुनिवदामिषम् ॥

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भगवान् रामचन्द्रले भन्नु भएको छ–म चौध वर्ष वनमा बस्तछु, फल, कन्द–मूल खाई जीवन धारण गरी मुनिहरूको हित गर्नेछु।

यस्तो वचन बोल्ने र ब्रम्हचारीको जस्तो नियम पालना गरिरहने मर्यादा पुरुषोतम रामले किन पशुको वलि दिनु हुन्थ्यो ।

(मां—मलाई, स—त्यसलाई भन्ने मांसको जस्तो द्वौत अर्थ हुन्छ, अर्को मांसको अर्थ फलको गुदी पनि हुन्छ ।

गोमांसं भक्षयेन्नित्यं पिवेदमरवारुणीम् ।
कुलीनं तमहं मन्ये इतरे कुलघातकाः ॥

जुन मानिस नित्य गोमांस भक्षण गर्छ र अमर वारुणी पिउदछ म त्यसलाई कुलीन मान्दछु र जो यो कर्म गर्दैन त्यो कुलघातक हो ।

बाम मार्गीहरूले यो श्लोकलाई ग्रहण गरेर आफ्नो तात्पर्य सिद्ध गरे । मनुमहाराजले यो श्लोक लेखेको हो ता पनि यसको अर्थ अर्कै छ--(गोमांसं भक्षयेन्नित्यं) नित्य गोमांस भक्षण गरोस् अर्थात् गो भनेको जिब्रो हो र मांस भनेको जिब्रोको मासूलाई उल्टाएर कण्ठ

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भित्र प्रवेश गरिदिनुलाई भनेको हो । अमृतरस खसेर जिब्रोको अग्र भागमा पर्छ, त्यस खसिरहेको अमररसलाई नित्य पान गर्नुको नाम अमर वारूणी पिउनु हो; यसै कर्मको नाम खेचरीमुद्रा हो ।

प्रत्यक्ष्य प्रमाणबाट पनि मानिस तृणाहारी नै हो भन्ने कुरा ज्ञात हुन्छ । मांसाहारी जीवको जन्मदा आँखा बन्द हुन्छ, जिब्रोले पानि चाट्दछन्, नंग्रा र दारा हुन्छ । मांसाहारी जीव–कुकुर, बाघ, भालू, बिरालो आदि हुन् । तृणाहारी र अन्नाहारी जीवको जन्मदा आँखा खुला हुन्छ, पानी ओठले छोएर पिउदछन्, नंग्रा र दारा हुँदैन । तृणाहारी जीव गाई, भैँसी, बोका हात्ती, घोडा इत्यादि हुन् । मानिसको सबै लक्षण तृणाहारी संग मिल्दछ, मांसाहारी संग मिल्दैन ।

गृहस्थले नित्य पालन गर्नु पर्ने पाँच यज्ञ छन् । यिनै पञ्च महायज्ञलाई मूर्खताले पञ्च वलि पूजा भनी उल्टो ईश्वर भक्तिको निमित्त पाँच जीवहरूको हत्या गर्दछन् । यो धेरै दुःख र अनर्थको विषय हो, यस्तो अन्धविश्वासमा लागेर धर्म र पुण्य गर्ने विचारले धेरै जसो मानिसहरू अधर्म र पाप गर्दछन् ।

ऋषियज्ञं देवयज्ञं भूतयज्ञञ्च सर्वदा ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

नृयज्ञं पितृयज्ञञ्च यथाशक्ति न हापयेत् ॥

(मनु ४।२)

वेदहरू पढनु पढाउनु र वेदोक्त सन्ध्योपासना गर्नु ब्रम्हयज्ञ अर्थात् ऋषियज्ञ हो । होम गर्नु देवयज्ञ हो । पशु पक्षीं आदि प्राणीहरूलाई खाने कुराको भाग दिनु भूतयज्ञ हो । अतिथिहरूका सेवा गर्नु नृयज्ञ हो । जीवित माता पिताहरूलाई सेवा सुश्रषा गरी सन्तुष्ट गराउनु र मृत्यु भएपछि तर्पण श्राद्ध गर्नु पितृयज्ञ हो । यिनै पाँच प्रकारका यज्ञहरूमा प्राणीलाई मार्नु भनीकन कुनै सत् शास्त्रले आज्ञा दिएको छैन ।

सर्वेऽस्मै देवा बलिमावहन्ति

(तैत्तिरीय० १।५।३)

सम्पूर्ण देवगण ब्रम्हलाई बलि (उपहार) समर्पण गर्दछन् ।

भोज्य सामग्रीलाई बलि भनिन्छ । बलि-वैश्वदेव कर्ममा सबैदेवतालाई खाने अन्न बलिरूपमा चढाइन्छ । त्यसकारण बलि भनेर बोका मात्र हो भन्नु अज्ञान हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

केवल विश्व शान्तिको नारा लगाएर विश्व शान्ति आकाशवाट झर्दैन । विश्व शान्ति ल्याउन प्राणी मात्रको रक्षाको लागि कटिबद्ध हुनु पर्छ । हाम्रो पूर्वज ऋषि-मुनिको यस्तो भाव थियो :–

द्यौः शान्तिः अन्तरिक्षं शान्तिः पृथिवी शान्ति; आपः शान्तिः ओषधयः शान्तिः वनस्पतयः शान्तिः विश्वे देवाः शान्तिः ब्रह्म शान्तिः सर्वं शान्तिः शान्तिः एव शान्ति सामा शान्ति एधि ।

दया धर्म का मूल है, पाप मूल अभिमान ।
तुलसी दया न छोडिये, जब लगि घटमें प्रान ॥

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

प्रेमको स्वरूप

भावको प्रगाढ स्थितिको नाम हो प्रेम । वास्तविक प्रेम त सर्वथा विशुद्ध माधुर्यमय हुन्छ । आफूलाई र भगवान्‌लाई यथार्थरूले जानेपछि यथार्थ प्रेम हुन्छ । ज्ञान र प्रेममा परस्पर साध्य– साधन सम्बन्ध छ । पहिले केही ज्ञान हुनजानाले प्रेम हुन्छ, प्रेम भएपछि यथार्थ ज्ञान हुन्छ र यथार्थ ज्ञानको अनन्तरको जो परम प्रेम हो त्यही सर्वोच्च प्रेम हो । यही सर्वोच्च प्रेमको स्वरूप हो आफू र भगवान् दुइ मिलेर एक हुन जानु । यसैको अर्को नाम हो परमशान्ति र परमविश्राम । आँफैलाई प्रेम पूर्वक परमात्मालाई समर्पण गरिदिनु आत्मनिवेदन हो यसैलाई परा भक्ति पनि भन्दछन्, किन भने यो भक्तिको पराकाष्ठा हो । कुनै हिन्दी कविले भनेका पनि छन्—

जब मैं था तब हरि नहीं, अब हरि है मैं नाहि ।
प्रेम गली अती सांकरी, तामें दो न समाहि ।
मैं जहाँ मालिक नही, मालिक है मैं नाहि ।
नितानन्द इक महिल में, दोनो कैसे समाहि

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

सजातीय, विजातीय. र स्वगत भेद रहितको त्यही सनातन मूल तत्व नै भक्तको भगवान् हो, योगीको परमात्मा हो र ज्ञानीको ब्रम्ह हो । भक्ति मार्गबाट पराभक्तिमा प्राप्त हुनु, ज्ञान मार्गबाट ब्रम्हज्ञान र कर्म मार्गबाट नैष्कर्म्यसिद्धीमा प्राप्त हुनु एकै हो किन्तु नामै मात्र भिन्न-भिन्न छन्, स्वरूपमा भेद छैन । यसैलाई उपासनाको पराकाष्ठा, ज्ञानको परानिष्ठा र कर्मको नैष्कर्म्य सिद्धी पनि भन्दछन् ।

स य आत्मानमेव प्रियमुपास्ते न हास्य प्रियं प्रमायुकं भवति ।

(वृहदारण्य० १ । ४ । ४)

अतः आत्मा—रूप प्रियको नै उपासना गरोस् । जो आत्मा— रूप प्रियको नै उपासना गर्दछ त्यसको प्रिय अत्यन्त मरणशील हुँदैन ।

भगवान् राम चन्द्र र कृष्ण चन्द्र दुबै आत्म स्वरूप हुनुहुन्छ, उहाँमा प्रेम गर्नु पनि आपनै आत्माको प्रेम गर्नु हो ।

रमन्ते योगिनो यस्मिन् नित्यानन्दे चिदात्मनि इति रामपदेनासौ परं ब्रम्हाभि धीयते ॥

जुन नित्यानन्द चिदात्मामा योगीहरू निरन्तर

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

रमण गर्दछन्, परब्रम्ह (राम) पदले भनिन्छ ।

यच्चापि सर्व भूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥

(गीता० १० । ३९)

हे अर्जुन ! जो सम्पूर्ण प्राणीहरूको कारण हो त्यो पनि मै हुँ । चराचर प्रणीहरू मध्ये यस्तो कुनै छैन जो म विना रहन सकोस् ।

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्व भूतानि यन्त्रारूढानि मायया ॥

(गीता० १८ । ६१)

हे अर्जुन ! मायाले शरीररूपी यन्त्रमा चढ़ेको सब प्राणीलाई घुमाउने ईश्वर सबका घट–घटमा वास गरिरहेछ ।

अहं सर्वेषु भूतेषु भूतात्मावस्थितः सदा ।
(भागवत० ३ । २९ । २१)

म आत्मारूपले सदा सबै जीवहरूमा स्थित छु ।

तारा तब सम्म जगमगाउदछन् जब सम्म सूर्यको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

उउय हुँदैन । यस्तै प्रकार जब सम्म मानिसले प्रेमरसको स्वाद पाएको हुँदैन तब सम्म विषयजन्य क्षणिक र तुच्छ प्रेममा लागिरहेको हुन्छ ।

प्रेम सत्यं तयो रेव ययोर्योग वियोगयोः ।
वत्सरा वासरायान्ति वत्सरीयान्ति वासराः ॥

तिनै दुइ व्यक्तिको प्रेम सत्य भनिन्छ, जसको भेट घाटको अवसरमा वर्ष पनि दिन वीते सरह वीत्तछन् र जसको वियोगमा दिन पनि वर्ष जस्ता लामा हुन्छन् ।

माँस दिवस कर दिवसभा, मरम न जानै कोइ ।
रथ समेत रवि थाकेउ, निसा कवन वीध होइ ॥

(तु० रा० बा० दो० २०५)

प्रेम स्वरूप भगवान् श्री राम चन्द्रको जन्म हुँदा एक महीना ३० दिन १ दिन भयो सबै प्रेममा मस्त भएका हुँदा यो रहस्य कसैले जानेनन् । रथमा वसेका सूर्यनारायण तमाशा हेर्न स्थिर भए, कुन किसिमले रात्रि होस् । महीना दिनसम्म रात्रि नै भएन ।

जुन प्रेमको संयोगमा वर्ष, दिन समान र वियोगमा दिन, वर्ष समान तब हुन्छ । जब यो जीवको आफ्नो नित्य सखा आनन्द स्वरूप, सत् स्वरूप ब्रम्ह संग संयोग हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

वेदान्तमा प्रेमलाई दुइ प्रकारको मानेको छ—निरुपाधिक र सोपाधिक । निरुपाधिक प्रेम आत्मामा नै हुन्छ किन कि आत्मा अत्यन्त प्रिय छ । सोपाधिक प्रेम गौण हो जो आफ्नो पुत्र पौत्रादिमा हुन्छ, यो स्थायी र नित्य होइन ।

वित्तात्पुत्रः प्रियः पुत्रात्पिण्डः पिण्डात्तथेन्द्रियम् ।
इन्द्रियेभ्यः प्रियः प्राणः प्राणादात्मा परः प्रियः ॥

(वार्तिकामृत)

धन भन्दा ज्यादा पुत्र प्रिय हुन्छ, पुत्रको लागि धन खर्च गर्नमा गाह्रो मान्दैन । पुत्र भन्दा प्रिय त आफ्नो शरीर हुन्छ । प्राचीन कालमा अजीगर्तलाई ठूलो संकट पर्न आएकोले शरीर निर्वाहको लागि आफ्नो माहिलो छोरा शुनशेपलाई बलिदिनाको दमित्त राजा हरिश्चन्द्रलाई बेचे । शरीर भन्दा पनि प्रिय इन्द्रिय हुन्छन् । चोट लाग्न लागेको समयमा इन्द्रियलाई बचाउन कोशिश गरेको हुन्छ । इन्द्रिय भन्दा प्रिय प्राण हुन्छ कुनै अपराधीलाई तेरो नाक, कान काटुँ कि घाँटी काटुँ भनी सोधेमा त्यो अपराधी नक, कान आदि इन्द्रिय काटनमा नै मञ्जूर गर्दछ । प्राण भन्दा पनि अत्यन्त प्रिय आत्मा हुन्छ । किन भने आत्मा भनेको आफू हो आफूलाई आफू भन्दा प्रिय के होला ? जीर्णरोगी यही भन्दछ कि

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मेरो प्राण शरीरबाट गयो भने म आफू आत्मालाई सुख हुने थियो ।

यो नियम छ कि जसमाथि विश्वास हुन्छ त्यसै संग सम्बन्ध हुन्छ, जो संग सम्बन्ध हुन्छ त्यही प्रिय हुन्छ, प्रियको नै स्मरण हुन्छ जसको स्मरण हुन्छ, उसैको चिन्तन हुन्छ र यो चिन्तन नैं अगाडि गएर ध्यान, सामाधि बन्न जान्छ । जब साधक समाधिको रसदेखि पनि उपरत हुन जान्छ, त्यसलाई पनि चाहँदैन, तब उसलाई विशुद्ध प्रेमको प्राप्ति हुन्छ ।

हरि ब्यापक सर्वत समाना ।
प्रेमते प्रगट होहिं मैं जाना ॥

(तु० रा० बा० सो० २७ । ५)

हरि सर्वत समान भावले व्यापक हुनुहुन्छ । प्रेमले प्रकट हुनुहुन्छ भन्ने मैले जानेको छु ।

व्यापक ब्रम्ह निरञ्जन, निर्गुन विगत विनोद ।
सो अज प्रेम भक्ति वस, कौसल्याके गोद ॥

(तु० रा० बा० दो० २०८)

जुन ब्रम्ह, व्यापक, निरञ्जन, निर्गुण, निष्क्रिय भएर पनि प्रेम पूर्ण भएको भक्तिको पराधीन भई सो ब्रम्ह कौसल्याको काखमा रहनु भो ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

अगुण अरूप आउ जेही, भक्त प्रेमवस सगुण होही ।

निर्गुण, निराकार, अज भएर पनि भक्त को प्रेमवस भएर सगुण हुन्छ ।

पुतलीले एक पटक बत्तिलाई देखेपछि फेरि अन्धकारमा जाँदैन, कमिला गुलियोमा प्राण दिन्छ, परन्तु त्यहाँबाट फर्किदैन । यस्तै प्रकार भक्त जब एक पटक भगवान्को प्रेमरूपीरसास्वादन गरेर लिन्छ, अनि उसको लागि प्राण दिन्छ; परन्तु त्यहाँबाट विमुख हुँदैन । तीनै लोकको सुखलाई तुच्छ संझिन्छ ।

जीवको स्वभाव त बालक–जस्तै छ र प्रभु को स्वभाव भने आमाको जस्तो छ । जब यो जीव बालकको भाँति प्रभुलाई पाउनाको लागि व्याकुल भएर रुन लाग्छ, तब प्रभुमा करुणा उत्पन्न हुनजान्छ र जीवलाई निहाल गरिदिन्छन् । जगत् खिलौना हो । जबसम्म जीव बालकको भाँति यस जगत्रूप खिलौना संग खेल्दै रहन्छ, प्रभुको प्रेमरसको यसलाई भोक लाग्दैन, उनको लागि यो जीव व्याकुल हुँदैन, तब सम्म भगवान् पनि तमाशा हेरेर रहनु हुन्छ, उसलाई दर्शन दिनु हुन्न । परन्तु जब साधकलाई बालकको भाँति भोक लाग्न जान्छ अर्थात् जस्तो भोक लाग्दा बालक आमाको दूध पीउनको लागि व्याकुल हुन जान्छ, खिलौनादेखि मोह छोडेर त्यसलाई फ्याकेर

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आमालाई पुकारन लाग्छ, त्यस्तै नै जब प्रभुको प्रेमरसको भोक लाग्न जान्छ र यस जगत्रूप खिलौनादेखि विरक्त भएर साधक प्रभुको प्रेमरसको लागि व्याकुल भएर उनलाई पुकारन लाग्छ, तब प्रभु पनि करुण भावले व्याकुल भएर उठनु हुन्छ । अनि विलम्ब गर्नु हुन्न । तत्कालमा नै प्रेमी साधकलाई दर्शन दिई आफ्नो प्रेमरस प्रदान गर्नु हुन्छ ।

दृष्टान्त–एक दिन नारदजी घुमदै–फिर्दै मृत्युलोक (संसारमा) आइपुगे । एउटा गृहस्थले अनेक उपाय गरे तै पनि पुत्र न भएकोमा साह्रै शोकले पीडित थिए । नारदलाई देखी उनले भने–भगवन् ! मलाई यस्तो आशीर्वाद दिनु होस् जसद्वारा पुत्रको जन्म होस् ।नारदले भने–शोक नगर तिमीलाई पुत्र हुनेछ । परन्तु म भगवान् विष्णु सग सोधेर जवाफ दिउला । यं'त भनी नारद विष्णु कहाँ गए र भने मैले एउटा गृहस्थलाई पुत्र हुनेछ भनी आशीर्वाद दिएर आएको छु । यस कारण उनलाई हजूरले पुत्र वक्सियोस् । विष्णुले भन्नु भो– ती गृहस्थलाई सात जन्म सम्म पुत्र हुँदैन भनी लेखेको छ, तब यस जन्ममा पुत्र कसरी हुन्छ ? भगवान् विष्णु-को उत्तर सुनेर नारद त्यहाँबाट फर्की ती गृहस्थ कहाँ आए र विष्णुले भन्नु भएको कुरा सुनाइदिए । यो कुरा सुनी ती गृहस्थ निराश भए ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

नारद त्यहाँबाट अन्यत्र हिडेको केही क्षणपछि एउटा ज्ञानी परम प्रेमी महात्मा आइपुगे । महात्मालाई भोक लागेको हुँदा ती गृहस्थलाई भने–मलाई जतिओटा रोटी दिन्छौ, म तिमीलाई त्यत्ति ओटा पुत्र दिन्छु । ती गृहस्थले उनलाई सातओटा रोटी दिए । केही कालमा नै उनलाई सात पुत्र पनि भए ।

केही बर्ष पछि पुनः नारद तिनै गृहस्थको घरमा आउँदा सात जना बालकलाई खेलिरहेका देखे र नारदले भने–यतिका छोरा कसरी भए । गृहस्थले भने–तपाईं त मिथ्या कुरा गर्नु हुँदो रहेछ । तपाईंले सात जन्म पुत्र हुँदैन भन्नु भएकोमा एउटा ज्ञानी महात्माले मलाई सात पुत्र दिए । यो कुरा सुनी नारद क्रोधित भई विष्णु कहाँ गए । नारद आएको थाहा पाई विष्णुले स्वाङ्ग पारी मुटु दुख्यो म मरन लागे भनी कराइरहनु भएको थियो । नारदले भने–यसको के उपाय छ मलाई आज्ञा होस् म तुरुन्त पूर्ण गर्दछु । भगवान्‌ले भन्नु भयो–प्रेमी भक्तको मुटु दल्नाले मेरो कण्ठ शान्त हुन्छ । नारदले आफूले सुने जानेका सब भक्त कहाँ गई मुटु मागे तर कसैले पनि दिएनन् । अन्त्यमा तिनै पुत्रदाता ज्ञानी महात्मा कहाँ गएर भने कि विष्णुलाई अत्यन्त कण्ठ भइरहेको छ; यदि तिमीले आफ्नो मुटु दियौ भने कण्ठ शान्त हुनेछ । ती महात्माले भने–नारदजी ! म विष्णुको लागि आफ्नो

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मुटू दिन तयार छु लौ जाँऊ, हिड्नु होस् भनी दुबै वैकुण्ठमा गए । ती महात्माले भने–भगवान् ! यदि मेरो मुटू हजूरको काममा आउछ भने तुरुन्त काटी वक्स्योस् । भगवान्ले भन्नु भो—नारद ! जो ज्ञानी छ त्यही नै प्रेमी भक्त हो त्यसले मलाई अभिन्न रूपले जानेको हुन्छ ! यस्ता भक्त नै पुत्र दिनलाई समर्थ हुन्छन् । नारद ! के तिमी संग मुटू थिएन र अरू भक्त संग माग्नु पर्दथ्यो । यो कुरा सुन्दा नारदलाई साह्रै लाज मर्नु भयो ।

तेषां ज्ञानी नित्ययुक्त एकभक्ति विशिष्यते !
प्रियो हि ज्ञानिनो ऽत्यर्थमहं स च मम प्रियः ॥

(गीता० ७ । १७)

भक्तहरू मध्ये सधैं एकनास सित ममा दृढ भक्ति भएको ज्ञानी श्रेष्ठ छ, किन भने ज्ञानीको निमित्त म अत्यन्त प्यारो छु औ त्यो मेरो अत्यन्त प्यारो छ ।

अस्थायी प्रेमको वर्णन–

यथा पुष्करपत्रेषु पतितास्तोयविन्दवः ।
नाश्लेषमभिगच्छन्ति तथाऽनार्येषु सौहृदम् ॥

(वा० रा० युद्ध० १६ । ११)

जसरी कमलको पातमाथि परेको पानीको थोपा त्यहाँ अडि-

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

एर रहन सक्तैन त्यसै गरी अधर्मीहरू संग भएको प्रेम पनि स्थायीरूपले स्थिर रहन सक्तैन ।

सांसारिक प्रेममा स्वार्थ हुन्छ र मिथ्या छ भन्ने कुरा स्पष्ट यहाँ झल्किन्छ–राजा दशरथ सबै रानी भन्दा ज्यादा कैकेयी संग प्रेम गर्दथे । परन्तु तिनै कैकेयी नै राजाको अभिलाषा रामको राज्याभिषेक पूर्ण गर्नमा बाधक र पतिघातको कारण समेत भइन् । यस कुराको पुष्टिमा श्रुतिहरूमा यस प्रकारको उल्लेख पाइन्छ ।

न वा अरे पत्युः कामाय पतिः प्रियो भवत्यात्मनस्तु कामाय पतिः प्रियो भवति । न वा अरे जायायै कामाय जाया प्रिया भवत्यात्मनस्तु कामाय जाया प्रिया भवति ।

(बृ॰ २ । ४ । ५)

यो निश्चय छ कि पतिको प्रयोजनको लागि पति प्रिय हुँदैन, आफ्नै नै प्रयोजनकोलागि पति प्रिय हुन्छ ; स्त्रीको प्रयोजनको लागि स्त्री प्रिय हुन्न, आफ्नै नै प्रयोजनको लागि स्त्री प्रिय हुन्छे; पुत्रको प्रयोजनको लागि पुत्र प्रिय हुँदैन, आफ्नै नै प्रयोजनको लागि पुत्र प्रिय हुन्छ इत्यादि ।

मित्रं च शत्रुतामेति कस्मिंश्चित् कालपर्यये ।
शत्रुश्च मित्रतामेति स्वार्थो हि बलवत्तरः ॥

(मा॰ भा शान्ति. १३८ । १४२)

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

कहिले कहिले समयको फेरले मित्र शत्रु बन्न जान्छ, र शत्रु चाहिं मित्र बन्न जान्छ, किन भने स्वार्थ बडा बलवान् छ ।

दृष्टान्त—कुनै वनमा एउटा अति ठूलो वटको वृक्ष थियो । त्यस वृक्षको फेदमा पलित नाम गरेको मूसा रहन्थ्यो र शाखामा भने लोमश नाम गरेको विरालो रहन्थ्यो । एउटा व्याधा त्यही रुखको तल साझमा जाल हाली सुत्न जान्थ्यो, रातमा अनेक जंगली जनावर आएर पर्दथे । बिहान सवेरै आई ती जंगली जनावर लाई समातेर लैजान्थ्यो । विरालो पनि एक सात त्यही जालमा पर्न गएछ । विरालो जाल भित्र परेको देखी मूसा निर्भय संग जाल भित्र परी मरेका जनावरको मांस खादै आनन्दले रमाएर त्यहीं बसिरहेको रहेछ । मूसालाई देखी मारनको निमित्त एउटा हरिण नाम गरेको न्याउरीमूसाले केही टाढ़ावसी मूसाको प्रतीक्षा गरिरहेको थियो । चन्द्रक नाम गरेको लाटोकोसेराले पनि त्यही वृक्षको शाखामा बसी मूसालाई समात्न प्रतीक्षा गरि-रहेको थियो । मूसाले दुवैले आफूलाई मार्नको लागि प्रतीक्षा गरेर रहेको देखेछ । मूसाले विचार गरेछ कि यदि यहाँ बाट जाऊं भने न्याउरी-मूसाले मलाई खाने छ, यहीं वसिरहुं भने लाटोकोसेराले खानेछ, जाल भित्र जाऊ भने विरालोले खाने छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

त्यस कारण मैले यो आपत् कालमा शत्रु संग पनि प्रेम र मित्रता गर्नु पर्छ । म जस्तो संकटमा परेको छु विरालो पनि उस्तै संकटमा परेको छ । यस उसले विरालो ले म सँग अवश्य पनि मित्रता गर्ला ? यस्तो विचार गरी विरालोलाई भने छ—मित्र ! यदि तपाईंले म संग मित्रता गर्नु भयो भने हामी दुबैको ज्यान बाच्ने छ, किन भने मलाई मारनको लागि लाटोकोसेरा र न्याउरीमूसा दुबैं प्रतीक्षा गरिरहेका छन् । मलाई तिनका हातबाट बचाउनु भो भने म तपाईं लाई व्यधाको हातबाट बचाउने छु । विरालोले पनि आफ्नो ज्यान बाच्ने हुनाले मित्रता गर्न स्वीकार गरेछ अनि मूसा जाल भित्र पसेछ र बिरालो संग बसेछ ।

मूसा विरालो संग बसेको देखी न्याउरीमूसा र लाटोकोसेरा निराश भई फर्केर गएछन् । न्यउरीमूसा र लाटोकोसेरा गइसकेपछि विरालोले मूसालाई जाल काट भनेछ । मूसाले विचार गरेछ यदि अहिले मैले जाल काटें भने त यो विरालोले मलाई अवश्य खान्छ । जब व्याधा आउछ त्यस समयमा जाल काटिदिनाले विरालो भयले आफै दौड्न पट्टी लाग्छ, मलाई मार्न पट्टी लाग्दैन । यस्तो विचार गरी मूसाले भने छ-जब व्याधा यहाँ आइपुग्न लाग्छ अनि मात्र म जालकाट्ने छु, यदि अहिले मैले जाल काटें भने तपाईँबाट मेरो मृत्यु हुन्छ भनी जाल काट्न मानेनछ । विरालोले घेरैं पटक

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आग्रह गर्दा पनि नमानी मूसा भन्छ–तपाईलाई अहिले भय छैन ब्याधा भोलि बिहान मात्र आउछ मैले सबै डोरी काटी सकेको छु केवल एउटा मात्र त्यान्द्रा काट्न बाँकी छ त्यो तुरुन्त ब्यधालाई देख्ना साथ काट्ने छु। कुरा गर्दा –गर्दा रात बितन गएकोले बिहान ब्याधा आएछ, त्यो देखी मूसाले जाल काटिदिएछ। विरालो झट्टपट्ट रुखमा चढ्यो, मूसा पनि आफ्नो प्वालको बाटो लाग्यो। ब्याधा गइसकेपछि वृक्षको शाखाबाट बिरालोले मूसालाई तिमी मेरो मित्र हौ म तिमीलाई मार्ने छैन म देखी भय न मान पहिलेको जस्तै हामी दुवै सग बसौं भनी अनेक प्रकार बाट फसाउने दाऊ गरेछ। परन्तु त्यस्तो बुद्धिमान् मूसा विरालोको जालमा किन पर्दथ्यो। मूसाले उत्तर दिएछ–कहिले–कहिले समय को फेरले मित्र शत्रु बन्न जान्छ र शत्रु चाहि मित्र बन्न जान्छ, किन भने स्वार्थ बडा बलवान् छ। यति भनी मूसा आफ्नो प्वाल भित्र पसेछ।

नित्यानन्द स्वरूप भगवान्को प्रेम मात्र नित्य र परम आनन्दप्रद हुने हुनाले हामीले यसै प्रेमलाई बढाउने कोशिशमा लाग्नु पर्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

जीवनमुक्त पुरुषको स्थिति

आत्म तत्वको वेत्ता नै साक्षात् जोवनमुक्त पुरुष हो। प्रारब्धवश सुख दुःख प्राप्त भएमा पनि उसलाई हर्ष शोक केही हुँदैन ।

(तरति शोकमात्मवित्)

(छा० उ० ७ । १ । ३)

आत्मज्ञानी शोक—मोह देखि पार हुन्छ ।

(ब्रम्हविदाप्नोति परम्)

(तै० २ । १ । १)

ब्रम्हवेत्ता परमात्मामा प्राप्त हुन्छ ।

(ब्रम्हविद् ब्रह्मैव भवति)

(मु० ३ । २ । ९)

म ब्रम्ह नै हुँ भनी जो जान्दछ त्यो ब्रम्ह नै हुन्छ ।

(ब्रम्हैव सन् ब्रम्हाप्येति)

(बृ० ४ । ४ । ६)

ब्रम्ह नै भएर ब्रम्हैमा विलीन हुन जान्छ ।

(स एव तदभवत्)

(बृ० १ । ४ । १०)

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

जसले उसलाई जान्यो, त्यो त्यही नै भयो ।

(जानत तुम्हिंहि तुम्हिंहि होइजाई)

(तु० रा० अयो० दो ३२७ । ३)

जसलाई जान्नाले तिमी त्यही नै हुनछौ ।

(ज्ञानं मोक्षैककारणम्)

(कौलोपनिषद्)

ज्ञान मोक्षको एक कारण हो ।

(आत्मलाभान्नपरंविद्यते)

आत्माको लाभ भन्दा पर अर्को कुनै लाभ छैन ।

(नान्यः पंथा विद्यते अयनाय)

मोक्ष प्राप्तिकोलागि आत्मज्ञान विना दोश्रो कुनै मार्ग नै छैन । म ब्रम्हरूप हुँ यो आत्मज्ञान नै मोक्ष प्राप्तिको मार्ग हो ।

ज्ञानको पाचौं, छैटौं र सातौं भूमिकामा पुगिसकेको जीवनमुक्त पुरुषले दृश्यप्रपञ्चमा पनि एक ब्रम्ह सिवाय अन्य कुनै वस्तु देख्तैन ।

यस्तु सर्वाणि भूतान्यात्मन्येवानुपश्यति ।
सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते ॥

(शु० य० ४० । ६)

जो कोही विचारशील समस्तभूत–प्राणीलाई आत्मा-

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मा नै देख्त छ, र सस्मत–भूतमा आत्मामाई देख्त छ; यस्तो प्रकारको एकत्व दर्शनले गर्दा त्यो कसैको पनि घृणा गर्दैन ।

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥
(गीता० ६ । २१)

जसले योगद्वारा आफ्नो मनलाई युक्त बनाएको छ, त्यो सर्वत्र सम–तत्वको दर्शन गर्ने योगी सम्पूर्ण भूतलाई देख्तछ ।

आत्मानं सर्वभूतेषु भगवन्तमवस्थितम् ।
अपश्यत्सर्वभूतानि भगवत्यपि चात्मनि ॥
(भागवत० ३ । २४ । ४६)

सम्पूर्ण भूतमा आत्मारूप भगवान् अवस्थित छ र भगवान् रूप आत्मामा सर्व भूत अवस्थित छ, यस्तो उसले देख्यो ।

(इदं सर्वं यदयमात्मा) जो यो सबै हो त्यो आत्मा नै हो । (पुरुष एवेदं सर्वम्) पुरुष नै यो समस्त विश्व हो । (विश्वं नारायणं देवं) नारायण देव नै विश्व हुन् । (आत्मैवेदं सर्वम्) आत्मा नै यो विश्व हो । (वासुदेवः सर्वम्) यो सबै वासुदेव मात्र हो । (सर्वं विष्णुमयं जगत्)

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यो जगत् विष्णुमय छ अर्थात् विष्णुदेखि भिन्न छैन। (सर्वं खल्विदं ब्रम्ह) यो सबै विश्व ब्रम्ह मात्र हो (हरि-रेवजगज्जगदेवहरिः) हरि नै जगत् जगतै हरिहो।

यस्तो अवस्थामा त्यस पुरुषको समस्त कर्मबन्धन काटिएको हुन्छ-अगो लाग्न जानाले जस्तो सम्पूर्ण पदाथ जलेर खरानी हुन्छ, त्यस्तै नै जीवनमुक्त पुरुषको ज्ञानाग्नि द्वारा सम्पूर्ण कर्मराशि जलेर भस्म हुन जान्छ।

ज्ञानाग्निः सर्वकर्माणि भस्मसात् कुरुते तथा।
(गीता० ४। ३७)

ज्ञानरूपी अग्निले सम्पूर्ण कर्मलाई भस्म गराइदिन्छ।

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः।
क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टे परावरे॥
मुण्डक० २। २। ८

त्यस परावर परमात्माको साक्षात्कार भएपछि जड चेतनको आत्माभिमान तथा समस्त संशयहरूको नाश हुन जन्छ र सम्पूर्ण कर्म कर्मबीजसहित नष्ट हुन जान्छ। यस श्रुतिवाक्यको अनुसार उसको सम्पूर्ण कर्महरू क्षय हुन जान्छ। सञ्चित कर्म (पूर्वकृत संगृहीत कर्मराशि) गोदाममा आगो लाग्न जानाले गोदाममा संगृहीत वस्तुहरूको भाँति जलेर जान्छ; क्रियमाण (नवीन कर्म) भुटेको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

बीजहरूको समान कर्मसंस्कार उत्पन्नगर्न सक्तैन र प्रारब्ध (यस जीवनमा भोगको लागि आफ्नो कार्यको आरम्भ कर्म पनि शरीरमा अहंता र भोगमा भोक्तापन को सत्ता न रहनाले गरी जीवनमुक्त पुरुषलाई कुनै सुख-दुःख दिलाउन सक्तैन) यस कारण तीनै प्रकारको कर्म-हरूदेखि मुक्त पुरुष नै जीवनमुक्त हो। जीवनमुक्त पुरुष संसारमा सुख-दुःख देखि अलिप्त रहन्छ जस्तै जलमा कमल ।

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च संतुष्टस्तस्य कार्यं न विद्यते ॥

(गीता० ३ । १७)

परन्तु जो मानिस आत्मामा नै प्रेम गर्छ अनि आत्मा-मा तृप्त रहन्छ एवं आत्मैमा सन्तुष्ट रहन्छ भने त्यसले गर्नु पर्ने कार्य केही बाँकी रहँदैन ।

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥

(गीता० ३ । १८)

यस संसारमा त्यसको कर्त्तव्य अथवा अकर्त्तव्यसित पनि केही वास्ता रहँदैन। त्यसको प्राणीमात्र संग केही वास्ता रहँदैन ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

ब्रम्हानन्दरसास्वादासक्तचित्ततया यतेः ।
अन्तर्बहिरविज्ञानं जीवन्मुक्तस्य लक्षणम् ॥

(विवेक-चूडामणि० ४३६)

ब्रम्हानन्दरसास्वादमा चित्तको आसक्ति रहनाको कारण बाह्य र आन्तरिक वस्तुहरूको कुनै ज्ञान नहनु जीवनमुक्त यतिको लक्षण हो ।

दृष्टान्त— एक समय सम्पूर्ण मुनिजन काशीमा जम्मा भई ब्रम्ह चिन्तन गर्न लागेका थिए । त्यसै समयमा भवानी सहित श्रीमहादेव त्यहाँ आउनु भो । भवानी सहित महादेव-लाई देखी सबै मुनिजन आफ्ना आफ्ना आसनबाट उठे । त्यस मध्ये एक सनत्कुमार आफ्नो आसनबाट उठेनन् । किन भने सनत्कुमार सर्वकालमा एक अद्वतीय आत्मालाई अन्तर बाह्य सर्वत्र परिपूर्ण देख्तथे । त्यस समयमा त झन समाधिमा स्थित थिए । यही कारणले गर्दा सनत्कुमारले महादेवको सत्कार गरेनन् र अरू मुनिजनले मात्र गरे ।

मुनिजनहरूको श्रद्धा भक्ति देखेर अत्यन्त प्रसन्न भई ती मुनिहरूलाई शिवजीले मनोवांञ्छित वर दिनु भयो । सनत्कुमारलाई ध्यानमा स्थित भएको देखेर महादेवलाई परमहर्ष भयो । परन्तु सनत्कुमारलाई देखेर भवानीलाई त क्रोध उत्पन्न भो । भवानीले आफ्नो मन मनमा भन्नु भो । महादेव अनादिपुरुष, योगीजनको हृदयविषेश स्थित, सर्व विद्याको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

परम गुरुरूप सर्व विश्वको अधिपति हुनुहुन्छ । यी सनत्कुमारले आफूलाई ब्रम्हचारी मानी गर्वले युक्त भई म स्त्रीको साथ महादेवलाई देखेर नमानेका हुन् । यी अभिमानी सनत्कुमारलाई म दारुण शाप दिन्छु । यो लोक नै दुःखको स्थान हो । यस लोकमा निवास गर्ने अनेक जीव छन् । तथापि ती सर्व जीव मध्ये अश्वको सेवा गरी जीवन निर्वाह गर्ने ज्यादै दुःखी हो । अश्व शाला दुर्गन्धले युक्त हुन्छ । धेरै सेवा गरेर पनि अल्प धन प्राप्त हुन्छ । अश्वको सेवा गर्ने मनुष्य सबै मनुष्यमा नीच हुन्छ । यस्तो विचार गरी अश्वको सेवा गर्ने पुरुषको कुलमा सनत्कुमारको जन्म होस् भनी शाप दिइन् । शाप दिन लागेको बखतमा महादेवले भवानीलाई शाप नदेऊ भनी आज्ञा गर्नु भएको थियो । परन्तु क्रोधले युक्त हुनाको कारण भवानीले शिवको आज्ञा समेत उल्लंघन गरी शाप दिइन् ।

भवानीको शाप पाएपछि सनत्कुमारले पूर्वशरीरलाई त्यागेर घोडाको सेवा गर्ने शरीरमा प्राप्त भए । घोडाको सेवा गर्ने शरीर पाएर पनि सनत्कुमारलाई परम आनन्द नै प्राप्त भयो । केही कालपछि महादेवलाई साथलिएर भवानी अश्वशालामा आइन् । सनत्कुमारलाई घोडाको सेवा गर्ने त्यस नीच मनुष्य शरीर पाएर पनि परमानंदमा प्राप्त भएको देखेर

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भवानी प्रसन्न भइन् भवानीले भनिन्—हे सनत्कुमार ! म तिमीदेखि प्रसन्न भएकी छु। तिमीलाई इच्छा भए वर माग। यो कुरा सुनी सनत्कुमार भन्दछन् —हे देवी ! तपाईंले कृपागरेर मलाई जो यो शरीर दिनु भयो। यो शरीर मेरो लागि पूर्व ब्राम्हण शरीर भन्दा पनि श्रेष्ठ भएको छ। किन भने पूर्व ब्रम्हणशरीरमा नित्य नैमित्तिक कर्महरू गर्दा जुन क्लेश हुन्थ्यो ती सर्व क्लेश यो अश्वसेवीशरीरमा निवृत्त हुन गए। तथापि यो शरीरमा विष्ठामूत्र त्याग गर्नको लागि मलाई अश्वशाला छाडी उठेर केही पर जानु परेकोले क्लेश भएको छ। अब तपाईं मलाई यस्तो शरीर दिनुहोस् कि म बसी-बसी मलमूत्र त्याग गर्न सकौं र त्यो मलमूत्र मेरो शरीरदेखि टाढा गएर खसोस्, मेरो शरीरमा स्पर्श नगरोस्। सनत्कुमारले जब भवानी संग यस्तो वर मागेका थिए। पुनः भवानीले क्रोधित भएर शाप दिइन्। हे सनत्कुमार ! उष्ट्रशरीरमा विष्ठामूत्रादिक मल शरीरदेखि टाढा गएर खस्तछ। तिमीलाई त्यही शरीर प्राप्त होस्।

भवानीको यस्तो शाप पाई सनत्कुमारले अश्वसेवी शरीरलाई परित्याग गरी राजाको दरवारमा उष्ट्रशरीर लिएर जन्मे। उष्ट्रलाई तालिम गर्ने पुरुषले धेरै प्रकारबाट तालिम गर्दा पनि तो उष्ट्रले त्यसको शिक्षालाई कुनै पनि पालन गरेनन्। त्यस पछि त्यो तालिम गर्ने पुरुषले

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

उष्ट्रलाई अत्यन्त अलसी भनी ठानेर वनमा लगेर छोडि-दियो । सनत्कुमारलाई पूर्वको अश्वसेवी शरीर भन्दा पनि ज्यादा मात्रामा उष्ट्रशरीरमा आनन्द प्राप्त भयो । वनमा घाँसपात खाई गंगाको मधुर जल पान गर्न पाए । मलमूत्र गर्नलाई काँही जानु परेन । ब्रम्हाजीले सृष्टि गर्नु भएको पशु शरीरहरू मध्ये उष्ट्रको शरीर सुखरूप छ । उष्ट्रशरीर सबै पशुशरीर मा श्रेष्ठ छ । सबै पशुको शरीर भन्दा पहिले ब्रम्हाजीले उष्ट्रको शरीर उत्पन्न गर्नु भएको हो

केही कालपछि महादेव सहित भवानी, त्यस वनमा आइन् । सनत्कुमारलाई उष्ट्रशरीरमा पनि परम आनन्द प्राप्त भएको देखी भवानी भन्दछिन्—हे सनत्कुमार म तिमी देखि प्रसन्न छ इच्छा भएको वर माग भवानीको यो कुरा सुनी सनत्कुमार भन्दछन्-हे देवी ! तपाईंले कृपागरेर मलाई जो यो उष्ट्रको शरीर दिनु भयो; त्यो भन्दा अरू कुन ठूलो वर म देखतिन । यो उष्ट्रशरीरमा मलाई वेद तथा लोकदेखि भय र लज्जा केही पनि हुँदैन । मैले उष्ट्रशरीरमा परम सुखको अनुभव खरेको छ । कदाचित् परमेश्वरले मलाई अरू शरीरमा प्राप्ति गराउनु भयो भने पनि म परमेश्वर संग यस्तो प्रार्थना गर्दछु कि मलाई बारंबार उष्ट्रको शरीर नै प्राप्त होस् । हे देवी ! मैले पूर्व अनेक प्रकारको उच—नीच शरीरको अनुभव गरें ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

परन्तु यो उष्ट्रशरीरको समान सुखको हेतु यो ब्रम्हाण्डमा कुनै शरीर मैले देखिन । यस कारण मलाई यो उष्ट्रशरीरको अतिरिक्त अन्य कुनै पनि वरको इच्छा छैन ।

सनत्कुमारको यस्तो निष्कामता देखेर शिव संग सल्लाह गरी भवानी भन्दछिन्—हे सनत्कुमार मुनि ! तिमी सर्व कामनाले रहित हुनाको कारण म संग वर माग्दैनौ, त्यस कारण तिमी संग म मेरो मनोवाच्छित वर माग्दछु । सनत्कुमारले भवानीको वचनलाई स्वीकार गरे । भवानीले भनिन्—तिमी मेरो पुत्र हाऊ । सनत्कुमारले भवानीलाई यो वर दिई आफू भवानीको स्कंदनाम गरेको पुत्र भए । स्कंदको अर्को नाम हो स्वामीकार्तिक ।

तदा मुक्ति र्यदा चितं न वाञ्छति न शोचति ।
न मुञ्चति न गृह्णाति न हृष्यति न कुप्यति ॥

(अष्टावक्रगीता ७९)

जब चित्त इच्छा गर्दैन, चिन्ता गर्दैन, छोडदैन, ग्रहण गर्दैन, हर्ष पान गर्दैन अरु क्रोध पनि गर्दैन, तब जीव मुक्ति हुन्छ ।

जीवनमुक्त पुरुषलाई कसैले तपाईं आफ्नो सन्ध्यादि कर्म किन गर्नु हुन्न भनी प्रश्न गऱ्यो भने, उनी भन्दछन्—

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मृता मोहमयी माता जातो बोधमयः सुतः ।
सूतकद्वयसम्प्राप्तौ कथं सन्ध्यामुपास्महे ॥

(त० नि० षष्ठ० प्र० ३४)

मोहरूपी माताको मृत्यु हुन गयो, अर्को बोधरूप पुत्रको जन्म भयो, यस्तो प्रकारले सूतक र जूठो दुवै एकै पल्ट परेको हुँदा सन्ध्यादि उपासनाको क्रिया कुन प्रकारले गरौं ।

हृदाकशे चिदादित्यः सदा भासति भासति ।
नास्तमेति न चोदेति कथं सन्ध्यामुपास्महे ॥

(त० नि० षष्ठ० प्र० ३५)

हृदयरूपी आकाशमा चेतन रूपी सूर्य सदा सर्वदा प्रकाशित भइरहेका छन्, उनको कहिले उदय अस्त हुँदैन, तब म उदयकालीन एवं अस्तकालीन सन्ध्यादि उपासना कसरी सम्पन्न गरूँ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

वेदान्त प्रक्रिया

(१) विद्या, अपरा विद्या —ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष यी अपराविद्या हुन् । यो संसार अपरा विद्याको विषय हो, अपरा विद्या पनि अविद्या नै हो र अखण्ड, अव्यय आदि तत्वहरूको जिज्ञासा गर्ने पुरुषका निमित्त त्याज्य छ । अक्षर परमात्माको ज्ञान साधन परा विद्या हो ।

(२) पुरुष, क्षर–जन्मने मरने, नाशवान् पुरुष जो छ त्यो क्षर हो ।

अक्षर– नित्य, नाश रहित, सदा एक रस, जन्म–मरणदेखि रहित, अखण्ड, सूक्ष्म भन्दा पनि अति सूक्ष्म छ त्यो हो अक्षर ।

(३) सम्बन्ध, सजातीय सम्बन्ध–आफ्नो जात मिलने संग जो सम्बन्ध हुन्छ, त्यो सजातीय सम्बन्ध हो । जस्तै ब्राम्हणको अन्य ब्राम्हणसंग सम्बन्ध हुनुहो ।

विजातीय सम्बन्ध–अन्य जातिसंग जुन सम्बन्ध हुन्छ,

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding.

त्यो विजातीय सम्बन्ध हो । जस्तै ब्राम्हणको शूद्रसंग सम्बन्ध हुनु हो ।

स्वगत सम्बन्ध-आफ्नो अवयवसंग अर्थात् अङ्गसंग जुन सम्बन्ध छ त्यो स्वगत सम्बन्ध हो । जस्तै ब्राम्हणको आफ्नो हस्त, पाद मस्तक आदि अङ्गसंग सम्बन्ध हुनु हो ।

(४) अद्वय, भनेको जीवहरूको परस्पर भेद, जीव ईश्वर दुवैका परस्पर भेद, घटादिक जड पदार्थहरुका परस्पर भेद, ईश्वर तथा जड जगत्को परस्पर भेद र जीव तथा जड जगत्को परस्पर भेद, यस्तो प्रकारले जीव ईश्वरादि प्रतियोगिद्वारा पाँच प्रकारका भेद भएका हुन् ता पनि यी सबै कल्पित हुन् । यसकारण ती पाँच भेददेखि रहित ब्रम्ह छ अथवा सजातीय भेद र स्वगत भेद यी तिन भेदहरुदेखि जो रहित हुन्छ त्यसको नाम अद्वय हो ।

(५) आत्मालाई तीन प्रकारको मानिएको छ-गौण आत्मा, मिथ्या आत्मा र मुख्य आत्मा ।

गौण आत्मा—पुत्र, स्त्री आदिलाई गौण आत्मा भनेको छ ।

मिथ्या आत्मा—अन्नमयादि पञ्चकोशलाई मिथ्या आत्मा भनेको छ ।

मुख्य आत्मा—पंचकोशहरूको अधिष्ठानरूप जो सत्-

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

चित्–आनन्द एकरस आत्मा छ त्यसलाई मुख्य आत्मा भनेको छ ।

(६) शुभ वासना चार प्रकारका छन्—मैत्री करुणा, मुदिता र उपेक्षा ।

मैत्री—अरूको सुखलाई आफूलाई नै सुख भए झैं मान्नुको नाम मैत्री हो । अर्थात् सबैको हितमा आफ्ना हित मान्नु हो ।

करुणा—प्रणीहरूको दुःखलाई देखेर खिन्न हुनु अर्थात् त्यो दुःख आफूलाई नै परेको झैं पिर मान्नुको नाम करुणा हो ।

मुदिता—धर्मात्मा ज्ञानी मानिसहरूलाई देखेर खुसी हुनुको नाम मुदिता हो ।

उपेक्षा—पापी पुरुषहरूलाई देखेर उदासीनता हुनुको नाम उपेक्षा हो ।

(७) जीवात्माको र परमात्माको अवस्था विश्व, तैजस र प्राज्ञ यी तीन एकै जीवात्माको अवस्थाहरू हुन् । वैश्वानर हिरण्यगर्भ र ईश्वर यी तीन एकै परमात्माको अवस्थाहरू हुन् ।

विश्व—स्थूल देहको र त्यसको जाग्रत अवस्थाको अभिमान गर्दछ ।

तैजस—सूक्ष्म देहको र त्यसको स्वप्न अवस्थाको अभिमान गर्दछ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

प्राज्ञ--कारण देहको र त्यसको सुषुप्ति अवस्थाको अभिमान गर्दछ ।

वैश्वानर--समष्टि स्थूल शरीर तथा सूक्ष्म शरीर यी दुबैका कारण माया यी तिनैमा उपहित भएको वैश्वानर हो ।

हिरण्य गर्भ--समष्टि सूक्ष्म शरीर र त्यसको कारण माया यी दुवैमा उपहित भएको हिरण्यगर्भ हो ।

ईश्वर--केवल एक मायामा मात्र उपहित भएको ईश्वर हो ।

(८) संशय, दुइ प्रकारका छन्--प्रमाणगत सशय र प्रमेयगत संशय ।

प्रमाणगत संशय-श्रुतिहरूले जीवात्मा र ब्रम्हको अभेद प्रतिपादन गरेको छ कि, भेद यस्तो चित्त वृत्ति हुनाको नाम प्रमाणगत संशय हो ।

प्रमेयगत संशय-ब्रम्ह जगत्को कारण हुन् अथवा माया आदि जगत्को कारण हुन् यस्तो चित्तवृत्ति हुनु प्रमेयगत संशय हो ।

(९) चैतन्य, सात प्रकारका छन्-शुद्ध चैतन्य, ईश्वर चैतन्य, जीव चैतन्य, प्रमाता, प्रमाण, प्रमेय, फल ।

शुद्ध चैतन्य--भनेको मायाको उपाधिदेखि रहित भएको छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

ईश्वर चैतन्य–भनेको मायाको संवन्धमा रहेको छ ।

जीव चैतन्य–भनेको अविद्याको वशमा रहेको छ ।

प्रमाता–अन्तः करणको साथ चैतन्यको सम्वन्ध हुनुको नाम हो ।

प्रमाण–अन्तः करणको वृत्तिको साथ चैतन्यको सम्बन्ध हुनुकोनाम हो

प्रमेय—नजानिएको चैतन्यको नाम हो ।

फल—जानिएको चैतन्यको नाम हो ।

(१०) बोध, चार प्रकारका छन्—वाक्, अनुवाक, निषद् र उपनिषद् ।

वाक्—सामान्यतः कर्म मात्रलाई प्रकाशित गर्ने भएको मन्त्रको नाम वाक् हो ।

अनुवाक—मन्त्रको अर्थलाई खोलेर बताउने ब्राम्हण-ग्रन्थको जो वाक्य हो, त्यसको नाम अनुवाक ।

निषद्—कर्मको अङ्ग आदिमा सम्बन्ध राखने देवता आदिको ज्ञान गराउने बचनको नाम निषद् हो ।

उपनिषद्—विशुद्ध आत्मा एवं परमात्माको ज्ञान गराउने वचनको नाम उपनिषद् हो ।

(११) भ्रम, (विपर्यरूप) भ्रम भनेको वस्तुको उल्टो ज्ञान हुनु हो । यसका पनि दुइ भेद छन्—निरुपाधिक भ्रम र सोपाधिक भ्रम ।

निरुपाधिक भ्रम—जुन भ्रम अधिष्ठानको ज्ञानले

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

निवृत्त हुन जान्छ त्यो भ्रम निरुपाधिक भ्रम हो । जस्तै डोरीको ज्ञानले सर्पको भ्रम नष्ट हुन्छ ।

सोपाधिक भ्रम—जुन भ्रम अधिष्ठानको ज्ञान भएर पनि निवृत्त हुंदैन त्यो भ्रम सोपाधिक भ्रम हो । जस्तै ब्रम्हलाई साक्षात्कार गरेपछि अज्ञानको निवृत्ति भएर पनि अज्ञानको कार्यभूत अन्तः करणको प्रारब्ध कर्म नाश न हुउन्जेल निवृत्ति हुंदैन ।

(१२) दशांगुल न्याय, पृथ्वी भन्दा दशगुना सूक्ष्म जल छ, जल भन्दा दशगुना अग्नि, अग्नि भन्दा दशगुना वायु, वायु भन्दा दशगुना आकाश, आकाश भन्दा दशगुना मन, मन भन्दा दशगुना अहंकार, अहंकार भन्दा दशगुना महतत्व, महतत्व भन्दा दशगुना अव्यक्त—प्रकृति, अव्यक्त–प्रकृति परब्रम्हको एक पाद हो ।

(१३) वाद, तीन प्रकारका छन्–जल्प, वितण्डा र वाद यी तीन कथाहरू हुन्छन् ।

जल्प—अर्काको पक्षलाई खण्डन गरी आफ्नो पक्ष स्थापन गर्नु जल्पकथा हो । यसमा वादी–प्रतिवादी दुवैले अर्काको पक्षलाई खण्डन गरी आफ्नो पक्ष स्थापना गर्न खोजेका हुन्छन् ।

वितण्डा–आफ्नू कुनै पक्ष नराखी केवल परपक्ष खण्डन गर्नु वितण्डा कथा हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

वाद–केवल सिद्धान्त निर्णयको निमित्त गुरु–शिष्य भावले प्रश्नोत्तर गर्नु वाद कथा हो

(१४) बिघ्न, चार प्रकारका छन्–विक्षेप, लय, कषाय र रसास्वाद ।

विक्षेप–चित्त विषयतिर लागिरहनुको नाम विक्षेप हो ।

लय–विक्षेपलाई हटाएर निद्रामा प्राप्त हुनुको नाम निद्रा लय हो ।

कषाय–चित्तलाई विषयमा जान न दिएर निद्रा लयबाट जाग्रत भएपछि पनि चित्तमा रागद्वेषको सूक्ष्म अंश हुनाले आत्मातिर प्रवेश न भएको चित्तको त्यो अवस्थाको नाम कषाय हो ।

रसास्वाद—कषायलाई मार्जन गरेपछि निर्मल चित्तमा सविकल्प आनन्द प्राप्त हुन्छ, यसैको नाम रसास्वाद हो ।

(१५) जीव चार प्रकारमा बाँडिएका छन्–बुभुक्षु, मुमुक्षु, नित्यमुक्त र मुक्त ।

बुभुक्षु–भनेको विषयानदन्को इच्छुक, मुमुक्षु–भनेको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मुक्तिको इच्छुक, नित्यमुक्त-भनेको अनन्त आदि भगवान्को पार्षद र मुक्त-भगवत् कृपा प्राप्त गरी मुक्त भएको । यिनमा प्रथम दुइ बद्ध जीव र अन्तिम दुइलाई मुक्त जीव मानिएको छ ।

(१६) अभाव, चार प्रकारका छन्-प्रागभाव, ध्वंसा भाव, अत्यन्ताभाव र अन्योन्याभाव ।

प्रागभाव—उत्पत्ति हुनु भन्दा पहिले घट आदि कार्यको अभाव । ध्वंसाभाव-घट आदि कार्यको विनाश । अत्यन्ताभाव—मानिसमा सिङको अभाव । आन्योन्या भाव-कुनै एक वस्तुमा अर्को वस्तुको भेद । यिनीहरूमा प्राग भाव नजन्मने नाश हुने र ध्वंस जन्मने नाश नहुने छ, अरू अभवा नित्य छन् ।

(१७) संन्यासी चार प्रकारका हुन्छन्—कुटीचक्र, बहूदक, हंस र परहंस ।

(१८) धर्मका पाँच शाखा छन्—विधर्म, परधर्म, आभास, उपमा र छल ।

विधर्म—जुन कार्यलाई धर्मबुद्धिले गर्दाखेरी पनि आफ्नो धर्ममा बाधा पर्न जान्छ ।

परधर्म—अरू द्वारा अन्य पुरुषको लागि उपदेश गरिएको धर्म ।

आभास—आफ्नो वर्ण आश्रमको विपरीत स्वेच्छाले

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

जसलाई धर्म मान्दछ।

उपमा–पाखण्ड अथवा दम्भको नाम उपमा हो।

छल–शास्त्रको वचनलाई अर्कै प्रकारको अर्थ गरिदिनुको नाम छल हो।

(१९) वाणी, चार प्रकारका छन्—परा, पश्यन्ती, मध्यमा र वैखरी।

परावाणी—अनाहत नादस्वरूप छ प्राणको साथ मूलाधारचक्रमा प्रवेश गर्दछ।

पश्यन्ती–मूलाधारचक्रबाट मणिपूरचक्र अथवा नाभिस्थानमा आएर मनोमय सूक्ष्मरूप धारण गर्दछ।

मध्यमा—नाभिस्थानबाट कण्ठ स्थित विशुद्ध चक्रमा आएर त्यही मध्यमा वाणीकोरूपमा व्यक्त हुन्छ।

वैखरी कण्ठबाट मुखमा आएर ह्रस्व–दीर्घादि मात्रा, उदात्त–अनुदात्त आदि स्वर तथा ककारादि स्थूल वैखरी वाणीको रूप ग्रहण गर्दछ।

(२०) एषणा, तीन प्रकारका छन्–लोकैषणा, दारैषणा र वित्तैषणा।

लौकैषणा–दुनियाँ संगको मतलब, दारैषणा–स्वास्नी संगको मतलब, वित्तैषणा–अर्थादि संगको मतलब। ज्ञानीको लागि तीनै एषणा तुच्छ छन्।

(२१) त्रिपुटी—प्रमाता, (अन्तः करण विशिष्ट जी–

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

वात्मा) अन्तः करणको साथ जीवात्माको सम्बन्ध हुनु। प्रमाण—(प्रत्यक्षादि) अन्तः करणको वृत्तिको सम्बन्ध हुनु । प्रमेय–(घटपटादि) न जानियको चैतन्यको नाम ।

ज्ञाता–जान्नेवालाको नाम । ज्ञान-जसकोद्वारा जान्न सकिन्छ । ज्ञेय–जान्नमा आउने वस्तुको नाम ।

ध्याता–साधक, ध्यान–बुद्धिको वृत्ति, ध्येय–ब्रम्ह ।

कर्ता-काम गर्नेवाला, कर्म–गरिने काम, करण क्रियाको साधक।

द्रष्टा–देख्नेवाला, दर्शन–देख्नु, दृश्य–देखिने ।

(२२) जीव—सूक्ष्म र कारण शरीरको अधिष्ठान सूक्ष्म देहमा स्थित चैतन्यको छायाँ तीनैको समूहलाई जीव भनिन्छ।

(२३) प्राण—पुरुष, प्रकृति, बुद्धि, पञ्च विषय, दश इन्द्रिय, अहङ्कार, मन र पञ्चमहाभूत यी सबैका समूहलाई प्राण भनिन्छ ।

(२४) प्रकृति—अव्यक्त, अहङ्कार, महत्तत्व, आकाश वायु, तेज, जल र पृथ्वी यी सबैका समूहलाई प्रकृति भनिन्छ ।

(२५) पुर्यष्टक–मन, बुद्धि, अहंकार तथा पञ्चतन्मात्र, शब्द, स्पर्श, रूप, रस र गन्ध यी आठका समूहलाई पुर्यष्टक र आतिवाहिक देह भनिन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

(२६) लिङ्गशरीर—मन, अहंकार, इन्द्रिय र प्राण यी सबैका समूहलाई लिङ्गशरीर भन्दछन् र यसैलाई आध्यात्मिक शरीर पनि भन्दछन् ।

(२७) साध्य वस्तु तीन प्रकारका छन्–उपादेय, हेय र उपेक्ष्य । उपादेय–भनेको ग्रहण गर्न योग्य वस्तु साक्षात् अथवा परम्परादेखि सुखदायक हुन्छ । हेय–भनेको त्याग्न योग्य वस्तु जो दुःखदायक छ । उपेक्ष्य–भनेको बीचको हुन्छ, ग्रहण र त्याग देखि रहित । ऐश्वर्यादि एकै वस्तु ज्ञानीको दृष्टिमा उपेक्षाको योग्य, मूढको दृष्टिमा उपादेय र उत्तम वैराग्यसम्पन्न पुरुषको दृष्टिमा हेय हुन्छ ।

(२८) भावी शरीरलाई प्राप्त गराउने चार दोष छन्–संवेदन, भावना, बासना र कलना । संवेदन-सर्व प्रथम इन्द्रियहरू देखि जो विषयहरूको उपभोग हुन्छ । भावना—विषयहरू नष्ट भए पछि पनि विषयलाई बारंबार चिन्तन गर्नु । वासना—बारंबार विषय चिन्तनबाट जो चित्तमा विषयहरूको दृढ संस्कार जम्न जानु । कलना —त्यस वासनाको कारण मृत्युकालमा भावी शरीरको लागि जुन स्मृति हुन जान्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आत्मा-सम्बन्धी-प्रश्नोत्तर

(१) प्र०-दर्शन शास्त्रहरूमा कुन चाही दर्शन सर्व श्रेष्ठ छ ?

उ०-मैले धेरै दर्शन शास्त्रहरू पढ्न रा्मो सकेको छैन, केबल वेदान्तदर्शनको भने केही पुस्तक पढ़ेको छु। ब्रम्हलाई प्रतिपादन गर्ने शास्त्रको नाम वेदान्तदर्शन हो अर्थात् वेदको शीर्षस्थानीय भाग वेदान्त हो । वेदान्तदर्शन नै सर्वश्रेष्ठ शास्त्र र ब्रम्ह विद्या हो । ब्रम्हविद्या नै सर्वत्र समत्वहरूको दर्शन गराउछ, ब्रम्हविद्याले नै अज्ञानको ग्रन्थिहरूलाई काटी जन्म —मरणरूपी दुःखलाई हटाउछ। ब्रम्हविद्याले नै चित्तलाई अन्तर्मुख तुल्याउछ र मिथ्या अनुभूतिको विनाश पारी परम सत्यको उपलब्धि गराउछ।

(२) प्र०-मरणमा र सुषुप्तिमा फरक के छ ?

उ०-सुषुप्ति कालमा सूक्ष्म शरीर संस्काररूपले यही रहन्छ, मरेको चाहिने लोकान्तरमा जान्छ। अथवा अन्तः

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

करणको ज्ञानशक्ति र क्रियाशक्ति, मध्ये सुषुप्तिकालमा ज्ञानशक्ति युक्त अन्तः करणको विनाश भए ता पनि क्रियाशक्ति युक्त अन्तः करणको नाश न भएको हुनाले प्राणादि क्रिया रहेमा केही विरोध छैन ।

(३) प्र०–सबै दर्शन शास्त्रमा जीवलाई एकै प्रकारको वर्णन गरेको छ कि भिन्न–भिन्न प्रकारको ?

उ०–भिन्न–भिन्न प्रकारको, जस्तै-चार्वाक दर्शनमा जीवात्मालाई देहरूप, जैन दर्शनमा अव्यापक, वैष्णव दर्शनमा भिन्न रूप, मीमांस दर्शनमा शरीर पिच्छे भिन्न –भिन्न रूप न्याय वैशेषिक दर्शनमा कर्ता भोक्ता प्रकाश्य रूप, सांख्य दर्शनमा भोक्ता रूप, योग दर्शनमा कर्ता भोक्ता रूप मानेको छ । किन्तु वेदान्त दर्शनले त जीवात्माको स्वरूप न कर्ता, न भोक्ता, न भिन्न, केवल एक चिन्मात्र रूप स्वप्रकाश ज्ञान रूप असङ्ग शुद्ध नित्य अविनाशी मानेको छ ।

(४) प्र०–को देखि डर मान्नु पर्छ र यस संसारमा श्रेष्ठ को छ ?

उ०–ईश्वर र परलोक यी दुवैको भय मान्ने पुरुष ले कहिल्यै पनि पाप कर्म गर्दैन, यस संसारमा सर्व श्रेष्ठ पुरुष विरक्त महात्मा नै हुन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

(५) प्र०–पारमार्थिक तत्व के हो ।

उ०–अद्वैत–ब्रम्ह ।

(६) प्र०–अविद्या को देखि भयो ?

उ०–कसैदेखि पनि होइन, किन भने त्यो अनादि छ, त्यसको आदि (कारण) कोही पनि बताउन सक्दैनन्, परन्तु त्यसको अनादि–कल्पनाको अधिष्ठान ब्रम्ह हो ।

(७) प्र०–मनुष्यको जन्म किन हुन्छ र त्यसबाट मुक्त हुने कुनै उपाय छ ?

उ०–मनुष्य विषयमा ज्यादा आसक्त हुन्छन्, विषय नै जन्मको हेतु हो । त्यसबाट छुटने एउटै मात्र उपाय छ, त्यो हो निज स्वरूपको बोध; जसलाई ब्रम्हज्ञान भन्दछन् ।

(८) प्र०–भगवान् त सबैको आत्मा हुनुहुन्छ, परन्तु ज्ञानी पुरुषहरूको आत्मा भनेर किन भनेको ?

उ०–भगवान् सबैको आत्मा भएर पनि उहाँलाई ज्ञानी पुरुषहरू नै आफ्नो आत्मारूपमा अनुभव गर्दछन् । भगवान् श्रीकृष्णले गीतामा भन्नु भएको छ कि ज्ञानी भक्त त मेरै आत्मास्वरूप हुन् ।

(९) प्र०–सुषुप्ति र तुरीया केलाई भन्दछन् ?

उ०–जसमा वासानाहरू सुप्त अथवा विलीन हुन जान्छन्, त्यस मस्त निद्राको नाम सुषुप्ति हो । जुन अवस्थामा वासनाहरूको सर्वथा क्षय भएको हुन्छ, त्यस अवस्थालाई तुरीया भनिन्छ । यदि जागृत् अवस्थामा पनि परम पदको अनुभव हुनगयो भने वासनाहरू नाश

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

हुन्छन् र तुर्यावस्था हुन्छ । वासाना को क्षय हुनु नैं जीवन्मुक्ति हुनु हो ।

(१०) प्र०–तुरीयातीत पदमा प्राप्त भएका मनुष्यहरूलाई शोक र मोह हुन्छ कि हुँदैन ?

उ०–अत्यन्त शुद्ध सच्चिदानन्दघन परमात्मा जो अविचल स्थिति हो, त्यही नै विकार रहित तुरीयातीत पद हो । त्यस पदमा पुगेका मनुष्यहरूलाई कहिले पनि शोक, मोह हुँदैन । त्यो स्थितिमा शोकको सर्वथा अभाव हुन्छ ।

(११) प्र०–अहंकार गर्न हुँदैन, अहंकार गर्नाले सबैको नाश हुन्छ भन्दछन् के यो कुरा सत्य हो ?

उ०–शास्त्रले तीन प्रकारको अहंकार बताएको छ । त्यस मध्ये दुइ प्रकारको अहंकारले त मानिसलाई कल्याण नै गर्दछ, तेश्रो अहंकारलाई त्याग नै पछ । मै नै यो सम्पूर्ण विश्व हुँ । म देखि अतिरिक्त अर्को केही छैन । अविनाशी सच्चिदानन्दघन ब्रम्ह भनेको मेरो आत्मा हो र म त्यही हुँ, भन्ने यस्तो अहंकारलाई अति उत्तम मान्नु पर्छ । यही अहंकारले मोक्ष प्राप्ति गराउछ । म जीवात्माको सूक्ष्म स्वरूप छु अर्थात् मेरो अवयव, जाती–पाती, लिङ्ग आदि कुनै छैन , अतएव म जीवात्मा यी सबै देखि भिन्न छ । यस्तो प्रकारको जो अनुभव हो, त्यो शुभ अहंकार हो । यसले पनि

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

साधकलाई मोक्ष प्राप्तिमा अग्रसर गराउछ । यो शरीर नै मैं हुँ भन्ने जुन मिथ्या अभिमान हो, त्यही तेश्रो अहंकार हो । यो लौकिक एवं तुच्छ छ । यो दुष्ट अहंकारलाई त्यागनु पर्छ ; किन भने यो सब भन्दा ठूलो नाशकारक शत्रु हो ।

(१२) प्र०–एकै ब्रम्हलाई किंचित् र न किंचित् भन्दछन् यसको के मतलब हो ?

उ०–आदि र अन्तदेखि रहित, स्वतः प्रकाशस्वरूप जो सत् वस्तु आफ्नो महिमाले आफसे–आफ विद्यामान छ, त्यही नै किंचित् शब्दले कहिन्छ; र त्यो इन्द्रियहरू द्वारा जान्नमा आउदैन, यस कारण न किंचित्, भनिन्छ ।

(१३) प्र०--तुर्यावस्थाको तपाईंले वर्णन गर्नु भो तै पनि त्यो अवस्थाको विशेष मलाई जान्न इच्छा भएकोले मलाई बोध गराउनको लागि पुःन वर्णन गरिदिनु हुन्छ कि ?

उ०–हुन्छ लौ ! जो असक्त, सम र स्वच्छ स्वरूप-स्थिति हो त्यही तुर्य हो । जसमा जीवन्मुक्त पुरुषहरूको स्थिति हुन्छ, जो स्वच्छ र शान्त छ तथा जो व्यव-हारकालमा साक्षीरूप छ, त्यसैलाई तुर्यावस्था भनेको छ । संकल्पहरूको अभाव रहनको कारण यो अवस्था न जाग्रत् हो, न स्वप्न हो र अज्ञानको अभाव हुनाले यो न सुषुप्ति नै हो अर्थात् यो यी तीनै अवस्थाहरूदेखि

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

अतीत छ । जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्था त चित्तको नै विकार हुनाले उसको स्वरूप हो । जाग्रत् अवस्थाको चित्त घोर हो, स्वप्न अवस्थाको चित्त शान्त हो र सुषुप्ति अवस्थाको चित्त मूढ हो । जाग्रत्, स्वप्न र सुषुप्ति यी तीनै अवस्थाहरू देखि रहित भएको चित्त मृत हो । जो मृत चित्त हो; त्यसमा एकमात्र सत्व नै समरूपले स्थित रहन्छ । परमात्मामा स्थित भएको ज्ञानीको अवस्थालाई तुर्यपद भन्दछन् । अहंकारको त्याग भएपछि र चित्तको विलीन भएपछि जब समताको उत्पत्ति हुन जान्छ, तब त्यसलाई तुर्यावस्था भन्दछन् ।

(१४) प्र०—गीतामा बताएको सङ्ग-त्याग, ब्रम्हार्पण, ईश्वरार्पण, सर्वथा संन्यास तथा ज्ञान र योगको विभाग गरेर मेरो मनको शंकालाई समाधान गर्नु होस् ।

उ०—सम्पूर्ण संकल्पहरू रामो प्रकारले शान्त भए पछि सम्पूर्ण वासानाहरूको र भावनाहरूदेखि रहित जो विशुद्ध केवल चेतनतत्व हो, त्यही नै परब्रम्ह परमात्मा हो । त्यस परब्रम्ह परमात्मालाई प्राप्त गर्ने ज्ञान हो र त्यसैलाई योग भन्दछन् तथा सम्पूर्ण संसार ब्रम्ह नै हो र म ब्रम्हरूप हुँ, यस्तो प्रकारले आफूलाई आफैले ब्रम्हमा अर्पण गर्नु ब्रम्हार्पण हो, सम्पूर्ण कर्मफलको त्यागको नाम संन्यास हो । सम्पूर्ण संकल्पको त्याग नै असङ्ग हो । आसक्तिको अभावको नाम नै सङ्गत्याग हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

(१५) प्र०–ब्रम्ह अचिन्त्य, अगम्य अनादि छ भनी शास्त्रमा वर्णन गरेको छ । फेरि ब्रम्हको चिन्तन, ध्यान आदि नगरी जीवन् मुक्त हुन्न भनी त्यसै शास्त्रमा वर्णन गरेको पनि छ । अब त्यस ब्रम्हको चिन्तन कसरी हुन सक्छ ?

उ० निश्चय ब्रम्ह अचिन्त्य, अगम्य आदि हो परन्तु यस्तो प्रकारको अनुभव गर्नुलाई ब्रम्ह चिन्तन भन्दछन् । नेत्र आदि इन्द्रियहरूद्वारा जो जति अनुभव गरिन्छ, ती अनुभव र चिन्तन गर्ने भएका इन्द्रियहरू र मन सहित ती सम्पूर्ण दृश्यहरूलाई नाशवान्, क्षणभंगुर र स्वप्नवत् समझेर तिनको अभाव गर्नु अर्थात् ती अनित्यलाई असत् समझेर ती देखि रहित हुन जानु र जुन बुद्धि वृत्तिले सबलाई अभाव गरिन्छ त्यस वृत्तिलाई पनि त्याग गरी त्यस देखि रहित हुन जानाले द्रष्टाको जो केवल चिन्मय स्वरूप बाँकी रहन्छ । दृश्यको अभाव हुनजानाले जिन्तन गर्ने वाला जो द्रष्टा शेष बाँकी रहन्छ उसैमा स्थित भएर रहनु नै अचिन्त्य ब्रम्हको उपासना गर्नु हो । यस अभेद उपासनारूप साधनाले दृश्य, दर्शनको वाध हुंन जान्छ र द्रष्टाको परब्रम्ह परमात्माको साथ तादात्म्य हुन्छ । यही परमात्माको प्राप्ति हो ।

(१६) प्र० जीवले एक शरीर छोडेर अर्को शरीरमा

apal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

प्रवेश गर्नमा केही समय लाग्छ कि तुरुन्त उसलाई अर्को योनि प्राप्त हुन्छ ? यदि समय लाग्छ भने कत्ति समय लाग्छ, त्यति समय सम्म जीव कहाँ रहन्छ ? सूक्ष्म शरीर देखि जीव कुनै अर्कै स्थूल शरीरमा प्रवेश गर्न सक्छ कि सक्दैन ?

उ० प्राणको जुन समय शरीरदेखि वियोग हुन्छ, जीवको सूक्ष्य शरीर त त्यसै क्षणमा बदलिन्छ । जीवलाई अन्तिम समयमा जुन प्रकारको भाव स्मृति हुन्छ, त्यस्तै आकारको उसको सूक्ष्म शरीर तुरुन्त बन्न जान्छ, जुन प्रकार केमरामा जुन वस्तुको प्रतिबिम्ब पर्छ त्यसको लेंस (ऐना) मा उस्तै नै चित्र अङ्कित हुन जान्छ र उसको सूक्ष्म शरीर उस्तै आकारको बन्न जान्छ ।

जुका एउटा खुट्टा ठीक संग अडेपछि अर्को खुट्टा पहिलेको ठाऊबाट छोड्दछ, खुट्टा उठाउनमा जति समय लाग्छ यति नै समय जोवलाई पूर्व शरीर छोडी नयाँ शरीर ग्रहण गर्नमा समय लाग्छ । त्यसै समय भित्र जीव सुख दुःख भोग गर्दछ । उसको पाप पुण्यको फल स्वरूप उसलाई त्रिविध योनि प्राप्त हुन जान्छ । अर्थात् ऊर्ध्व, मध्य र अधम गति प्राप्त हुन्छ । पुण्यात्मा र पापात्मा शरीरलाई छोडी कसरी कहाँ जान्छन् र फेरी कसरी नयाँ शरीर ग्रहण गर्दछन् भन्ने कुरा यसै पुस्तकको द्वितीय भागमा लेखिएको छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

जुन योगीलाई परकाय—प्रवेशको सिद्धि प्राप्त हुन्छ, ती आफ्नो स्थूल शरीर देखि इच्छानुसार निक्लेर अर्कै कुनै मृतशरीरमा प्रवेश गर्न सक्दछन् । यस्तो उदहारण धेरै शास्त्रहरूमा पाइन्छन् । यसको अतिरिक्त योगबलले एक शरीर छोडेर अर्कै जीवित शरीरमा पनि सूक्ष्म शरीर प्रवेश गर्ने शक्ति प्राप्त गरेका हुन्छन् । महाभारत, शान्तिपर्वको ३२० अध्यायमा सुलभा नामकी एक संन्यासिनीको उल्लेख आउँदछ, उनीले आफ्नो योगबलले राजा जनककको शरीरमा प्रवेश गरेकी थिइन् ।

(१७) प्र०बौद्ध मतमा आत्मालाई अनित्य र क्षणिक मानेको छ, तपाईंको विचारमा कस्तो लाग्यो ?

उ० शास्त्रको कुरा त परै जाओस् यो सबैलाई अनुभब भएकै कुरा हो कि सबै मानिस आफूले पहिले गरेको अनुभबको बारम्बार स्मरण गर्दछन् । मले आफ्नो बालक कालमा खेलेको खेल र देखेको चीजको स्मरण मलाई आज सम्म पनि छदैछ भनी सबै भन्दछन् । बीस वर्ष पहिले आफूले देखेको मानिसलाई पनि चिन्दछन्, ९० सालको भूकम्प त सबैले सम्झेकै हुनुपर्छ । यस्तै प्रकार पूर्व अनुभब गरेको बारम्बार स्मरण हुन्छ, त्यसलाई अनुस्मृति भन्दछन् । यदि अनुभव गर्ने आत्मा

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

नित्य न भएको भए यस्तो स्मरण हुन असंभव हुन्थ्यो । आत्मा क्षणिक भएको भए एक क्षण पहिले अनुभव गरेको केही क्षणपछि रहँदैनथ्यो र आत्मामाई क्षण क्षणमा परिवर्तन हुने मान्नु पर्ने हुन्थ्यो । अतः पूर्वको कुरा अनुस्मृति हुनाको कारण आत्मा नित्य छ भन्ने कुरा सिद्ध हुन्छ ।

(१८) प्र०बौद्धहरूको यस्तो भनाई छ कि जब रोपेको बीज स्वयं नष्ट हुन्छ, अनि मात्र त्यसबाट अंकुर उत्पन्न हुन्छ । दूध नष्ट भएर जसरी दही बन्दछ, त्यस्तै प्रकार कारण स्वयं नष्ट भएर नै कार्य उत्पन्न गराउछ । यस किसिमले अभावबाट भावको उत्पत्ति हुन्छ । यो सिद्धान्तलाई त तपाई ठीक मान्नु हुन्छ कि ?

उ० आकाशको फूल, खरायोको सिग र बन्ध्यापुत्र आदि केवल वाणीले मात्र भनिन्छ, वास्तवमा छदैं छैन तथा आकाशमा नीलोपना र छिरविरे आदि नभए पनि प्रतीत हुन्छ; यस्तै असत् पदार्थहरू देखि कुनै कार्यको उत्पत्ति तथा सिद्धि भएथो देखिदैन । त्यसदेखि विपरीत माटो, जल आदि जो सत् पदार्थ छन्, तिनै बाट घट र बर्फ आदि कार्यहरूको उत्पत्ति भएको प्रत्यक्ष देखिन्छन् । यसबाट यो सिद्ध हुन्छ कि जो वास्तवमा छैन, केवल वाणीले त्यसको कथन मात्र हुन्छ, अथवा जो नभईकन पनि प्रतीत हुन्छ, त्यसबाट कार्यको उत्पत्ति हुनसक्तैन ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

बीज र दूधको अभाव हुँदैन; परन्तु रूपान्तर मात्र हुन्छ । दूधबाट दही, घिउ र पानीबाट बर्फ र बाफमा रूपान्तर भएको वखतमा पनि जल र दूधको अस्तित्व कायम नै रहन्छ । कार्यको उत्पत्ति हुँदामा कारणको नाश हुँदैन, छोरा जन्मना साथ बाबुको मृत्यु हुँदैन । अतः जगत्को कारण सत् हो र त्यो सर्वथा सत्य नै छ ।

(१९) प्र० रूप रहित चैतन्यको आभास कसरी हुन सक्छ ?

उ० यो कुनै नियम छैन कि रूपवान्को नै आभास हुनु पर्छ भन्ने, हेर निरूप आकाश पनि स्वच्छ जलमा देख्नमा आउछ र श्रुति वाक्य पनि यसै कुरालाई लिएर भन्दछन् (रूपं रूपं प्रतिरूपो बभूव) त्यो उपाधि, उपाधिको प्रति, प्रति भास रूप हुन्छ । यस्तै प्रकार (इदं सर्व यदयमात्मा) यस शास्त्रको सर्वशब्दवाच्य जो अज्ञान र अज्ञानको कार्य जसमा वाध हुन जानाले केवल आनन्दस्वरूप परमात्मा नै अपवर्ग—मोक्ष दशामा शेष रहन्छ, यसमा कुनै अनुपपत्ति छैन ।

(२०) प्र० मुक्त हुनलाई के गर्नु पर्छ ?

उ० पापलाई त्याग गरी पुण्योपार्जन गर्नु पर्छ, त्यस पछि पाप पुण्य दुवैलाई छोड्नु पर्छ । पहिले रजो

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

गुणद्वारा तमोगुणलाई जीत्नु पर्छ, पछि दुवैलाई सत्त्वगुणमा विलीन गर्नु पर्छ, अनि अन्तमा तीनैं गुणदेखि पार हुनु पर्छ । साधनावस्थामा शास्त्र र गुरुको अत्यावश्यक पर्छ, ज्ञान प्राप्त भइसकेपछि दुवैलाई त्याग्नु पर्छ नदी पार जान नाऊ र माझी दुवै नै आवश्यक छन् परन्तु ती दुवैलाई न त्यागीकन पनि पारी जान सकिदैन । त्यस्तै मुक्ति हुनलाई नाऊ रूपी वेद, शास्त्रादि र माझीरूपी गुरुको आवश्यक पर्छ र साथै त्याग्नु पनि पर्छ ।

यत्कृतं यत्करिष्यामि तत्सर्वं न मया कृतम् ।
त्वया कृतं तु फलभुक् त्वमेव मधुसूदन ॥

मैले (यस शरीरद्वारा) जो जति गरें, अथवा भविष्यमा जो जति गरुला, त्यो सब मैले गरेको केही पनि होइन, यो सबै तपाईंले नै गर्नु भएको हो र त्यसको फल भोगनेवाला पनि हे मधुसूदन ! तपाईं नै हुनुहुन्छ ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ॥

समाप्त

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

४६४२

AUTHOR ગૌતમે, રામવકાપુર

TITLE વેદાન્ત - સંગ્રહ

DATE DUE	BORROWER'S NAME

R66
RAM
२०२४

४६४२

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

प्रस्तुत 'वेदान्त-संग्रह'
पुस्तकका अरू भागहरू पनि छन् ।
ती पनि प्रकाशि हुने नै छन् ।

पुस्तक पाइने ठेगाना:-

महावीरसिंह चिनियामान मखनटोल काठमाडौं
रत्न पुस्तक भंडार भोटाहिटि काठमाडौं
हरेक पुस्तक भंडार ,, ,, ,,
श्री रत्नदास श्रेष्ठ ,, ,, ,,

लेखकको घर:— लाजिम्पाट काठमाडौं

मूल्य:- ने. रु. ४।-

होस् ।



मुद्रक:- भद्रकाली प्रिन्टिङ्ग प्रेस, लाजिम्पाट काठमाडौं ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand